सृष्टि गरे । यसरी अतृप्ति नै सृष्टिको कारण हो ।[१८७] यसबाट सृष्टिका लागि उन्मुखीभूत प्राणीहरूका कर्महरूका आकारमा माया नै परिणत हुन्छ । त्यस माया विशिष्ट सच्चिदानन्दस्वरूप ब्रह्म नै बिन्दु शब्द वाच्य हुन्छ । यही बिन्दु अविभागावस्थामा रहन्छ, त्यसलाई अव्यक्त भनिन्छ । सत्त्वादि त्यस ब्रह्मका उपाधि हैनन्, ती त अव्यक्तका गुण हुन् । अव्यक्त सत्त्वादि तीन गुणहरूको सामूहिक स्वरूप हो ।[१८८] यसै अविभागावस्थापन्न बिन्दुलाई महाभारतमा अव्यक्तशब्दबाट आभिहित गरिएको छ ।[१८९] यसमा प्रयुक्त उत्पन्न शब्द यस अव्यक्तको उत्पत्तिलाई सूचित गर्दछ र यो अव्यक्त सकल सृष्टिको उपादानभूत मूलप्रकृति, प्रधान आदि नामबाट साङ्ख्यशास्त्रमा वर्णन गरिएको छ ।[१९०] अव्यक्त वाणीबाट परमेष्ठीको उत्पन्न भएको प्रसङ्ग उल्लेख गर्दै अव्यक्तोपनिषद्मा अव्यक्तलाई अविज्ञेय भनिएको छ र त्यसलाई तपद्वारा नै जान्न सकिन्छ ।[१९१] शिवको कथन छ – ब्रह्माण्ड र वेदकी जननी सरस्वती नै मूल प्रकृति हुन् । त्यसको कुनै जननी छैन । त्यसैबाट महदादि तत्त्वका साथै म पनि उत्पन्न भएको हुँ ।[१९२] अर्को शब्दमा भन्दा कुण्डलिनी नै मूल प्रकृति हो । महदादि सात त्यसैका उत्पादन हुन्।[१९३] त्यसैले ललितासहस्रनाममा आद्या भगवतीलाई मूल प्रकृति, अव्यक्ता आदि नाममले अभिहित गरिएको छ ।[१९४] प्रकृतिमा रहेको प्रशब्द प्रकृष्टवाचक छ र कृति सृष्टिको वाचक हो । त्यसैले सृष्टिमा जुन देवी प्रकृष्ट छन् तिनैको नाम प्रकृति हो ।[१९५] यस्तै यसलाई सृष्टिका सन्दर्भमा अपरिहार्य शक्तिस्वरूपिणीका रूपमा पनि उल्लेख गरिएको छ ।[१९६] त्यसैले गीतामा श्रीकृष्णले कार्यसम्पन्न गर्नमा प्रकृतिलाई हेतु मानेका छन् ।[१९७] तीन गुणको

---

१८७. स वै नैव रेमे तस्मादेकाकी नैव रमते, स द्वितीयमैच्छत् । – बृहदारण्यक उपनिषद्

१८८. सत्वादीनामतद्धर्मत्वं तद्रूपत्वात् । – सांख्यसूत्र ६/३९

१८९. क) तस्मादव्यक्तमुत्पन्नं त्रिगुणं द्विजसत्तम । – महाभारत

ख) तदव्यक्तमाह हि । – वेदान्त ३/२/२३ ।

ग) अव्यक्तकारणं यत्तु नित्यं सदसदात्मकम् । प्रधानं प्रकृतिश्चैव यामाहुस्तत्त्वचिन्तकाः ॥
गन्धवर्णरसैर्हीनं शब्दस्पर्शविवर्जितम् । अजातं ध्रुवमक्षय्यं नित्यं स्वात्मान्यवस्थितम् ॥
जगद्योनिं महद्भूतं परं ब्रह्म सनातनम् । विग्रहं सर्वभूतानामव्यक्तमभवत् किल ॥ – वायुपुराण पूर्वार्द्ध ४/१७–१९

घ) मूलप्रकृतिरव्यक्ता व्यक्ताव्यक्त स्वरूपिणी । – ललितासहस्रनाम, १३७ श्लोक

१९०. मूलप्रकृतिरविकृतिर्महदाद्याः प्रकृतिविकृतयः सप्त । षोडकस्तु विकारो न प्रकृतिर्नविकृतिः पुरुषः ॥ – सांख्यकारिका ३।

१९१. (क) पुरा किलेदं न किञ्चनासीत्र द्यौर्नान्तरिक्षं न पृथिवी केवलं ज्योतीरूपमनाद्यनन्तमनण्वस्थूलरूपमरूपं रूपवदविज्ञेयं ज्ञानरूपमानन्दमयमासीत् । .... ततः परमेष्ठी व्यजायत ॥ – अव्यक्तोपनिषद्, १ ।

ख) यदविज्ञेयं तदव्यक्तम् । स होवाच कैसा त्वं ब्रह्मवाग्यदसि शंसात्मानमिति सा तु अब्रवीत्तपसा मां विजिज्ञासस्वेति। – अव्यक्तोपनिषद्, १ ।

१९२. प्रादुरासीज्जगन्माता वेदमाता सरस्वती । यस्याः न प्रकृतिः सेयं मूलप्रकृतिसंज्ञिता ॥ तस्याहं समुत्पन्नस्तत्त्वैस्तैर्महदाहिभिः। – पञ्चरात्र ।

१९३. महदादिसप्तकरूपसुषुम्णावेष्टिता कुण्डलिन्येवाष्टप्रकृतिरूपा मूलप्रकृतिरुच्यते । – मृगेन्द्रसंहिता

१९४. मूलप्रकृतिरव्यक्ता व्यक्ताव्यक्तस्वरूपिणी – ललितासहस्रनाम, १३७ श्लोक

१९५. प्रकृष्टवाचकः प्रश्च कृतिश्च सृष्टिवाचकः । सृष्टौ प्रकृष्टा या देवी प्रकृतिः सा प्रकीर्तिता ॥ – देवीभागवत ९/१/६

१९६. विना स्वर्णं स्वर्णकारः कुण्डलं कर्तुमक्षमः । विना मृदा कुलालो हि घटं कर्तुं न ईश्वरः ॥ न हि क्षमस्तथा ब्रह्मा सृष्टिं स्रष्टुं त्वया विना । सर्वशक्तिस्वरूपा सा तथा च शक्तिमान् सदा ॥ – ब्रह्मवैवर्तपुराण २/२/८–९ ।

१९७. कार्यकरणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते । – गीता १३/२० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनक यो प्रकृति सबैको प्रकृति हो ।[१९८] यसैको नाम अजा, माया आदि पनि हो ।[१९९] यसको प्रकारान्तरले वर्णन गर्दै यस सनातन अविनाशी परमात्माका दुई स्वरूपको वर्णन सगुण र निर्गुण रूपमा गरेको पनि पाइन्छ। प्रकृतिसँग असम्बद्ध परमात्मा निर्गुण र प्रकृतिसँग सम्बद्धलाई सगुण भनिएको छ । यसै प्रकृतिले युक्त सच्चिदानन्द सगुण परमात्माबाट शक्तिको आविर्भाव हुन्छ र शक्तिबाट नाद र नादबाट बिन्दुको उत्पत्ति हुन्छ।[२००] यहाँ नाद पदबाट सृष्टिका लागि उन्मुख घनीभूत अवस्थाको नै बोध हुन्छ । यही बिन्दुको जनक हुन्छ। जगत्को अङ्कुराकार यसै बिन्दुबाट (जसको अर्को नाम अव्यक्त या मूल प्रकृति[२०१] हो) नाम र रूपात्मक दुवै प्रकारका जगत्को उद्गम हुन्छ । यही सच्चिदानन्दवैभव, प्रकृतिपुरुषमय, अव्यक्त नामको बिन्दु 'नामरूपे व्याकरवाणि' (छान्दोग्य ६/३/२) यस्तो ईश्वरेच्छाको बलबाट जब नामात्मक सृष्टि गर्न चिदानन्दमय शक्तिप्रधान हुन्छ, त्यस अवस्थामा वाङ्मय (शब्दमय) सृष्टिको उपादानभूत शक्ति, कुण्डलिनी आदि नामहरूबाट शैवागमतन्त्रमा व्यवहृत हुन्छ । यसैबाट सम्पूर्ण वर्णहरूको उत्पत्ति हुन्छ ।[२०२] भनिएको छ – त्यस प्रकृतिसम्बद्ध परमात्माबाट उनैको इच्छाशक्तिले पराशक्तिको प्रादुर्भाव भयो, त्यसैको अर्को नाम कुण्डलिनी पनि हो । जुन शिवतत्त्वसँग संगत, नित्य र जगत्को कारण हो । यसैबाट समस्त शब्दमय जगत्को प्रादुर्भाव हुन्छ, जसरी तिलबाट तेल उत्पन्न हुन्छ ।[२०३] भागवतमा पनि यसको निर्देशन गरिएको छ । जसलाई जानेर मनुष्य मुक्त हुन्छ ।[२०४] जुन बिन्दुबाट शब्दको उपादानभूत कुण्डलिनी शक्ति उत्पन्न हुन्छ । त्यसै अव्यक्तापरपर्याय बिन्दुबाट कालक्रमले रूपसृष्टिको उपादानभूत सदाशिव (ईश्वर) चैतन्यप्रधान भएर मायाको आश्रय लिएर रूपात्मक जगत् उत्पन्न हुन्छ । यसैलाई अर्थपरक सृष्टि पनि भनिन्छ ।[२०५]

---

१९८. *प्रकृतिस्त्वं च सर्वस्य गुणत्रयविभाविनी ।* – रात्रिसूक्त ७ ।

१९९. *शुद्धसत्त्वप्रधानायां मायायां बिम्बितो ह्यजः । सत्त्वप्रधाना प्रकृतिर्मायेति प्रतिपाद्यते ।।* – सरस्वतीरहस्योपनिषद् १४

२००. *निर्गुणः सगुणश्चेति शिवो ज्ञेयः सनातनः ।*
निर्गुणः प्रकृतेरन्यः सगुणः सकलः स्मृतः ।।
सच्चिदानन्दविभवात् सकलात् परमेश्वरात् ।
आसीच्छक्तिस्ततो नादः नादात् बिन्दुसमुद्भवः ।। – शारदातिलक, श्लो. १/६–७ ।

२०१. क) *मूलप्रकृतिरविकृति .... ।* – सा.का. ३
ख) *त्रिगुणमविवेकिविषयः सामान्यमचेतनं प्रसवधर्मि । व्यक्तं तथा प्रधानं तद्विपरीतस्तथा च पुमान् ।* – सां.का. ११।
ग) *अव्यक्तकारणं यत्तु नित्यं सदसदात्मकम् । प्रधानं प्रकृतिश्चैव यामाहुस्तत्त्वचिन्तकाः ।।* – वायुपु. १/४/१७ ।
घ) *मायां तु प्रकृतिं विद्यात् .... ।* – श्वेताश्वेत. ४/१०
ङ) *अजामेकां लोहितकृष्णशुक्लां बह्वीः ।* – श्वेताश्वेत. ४/५

२०२. *सा प्रसूते कुण्डलिनी शब्दब्रह्ममयी विभुः । शक्तिं ततो ध्वनिस्तस्मान् नादस्तस्मान् निरोधिका । ततोऽर्द्धेन्दुस्ततो बिन्दुस्तस्मादासीत्परा ततः । पश्यन्ती मध्यमा वाचि वैखरी शब्दजन्मभूः ।। इच्छाज्ञानक्रियात्मासौ तेजोरूपा गुणात्मिका । क्रमेणानेन सृजति कुण्डलीवर्णमालिकाम् ।।* – शारदातिलक, प्रथमपटल, ११०–११२ ।

२०३. *तस्माद्विनिर्गता नित्या सर्वगा विश्वसम्भवा ।* – प्रयोगसार ।
शिवेच्छया पराशक्तिः शिवतत्त्वैकसङ्गता ।। ततः परिस्फुरत्यादौ सर्गः तैलं तिलादिव । – शैवागमतन्त्र, वायवीयसंहिता।

२०४. *शक्तिः कुण्डलिनीति विश्वजननव्यापारबद्धोद्यमाम् । ज्ञात्वेत्थं न पुनर्विशन्ति जननीगर्भेऽर्भकत्वं नराः ।।* – भागवत ।

२०५. क) *अथ बिन्द्वात्मनः शम्भोः कालबन्धोः कलात्मनः ।*
अजायत जगत्साक्षी सर्वव्यापी सदाशिवः ।। – शारदातिलक १/१५ ।
ख) *बिन्दुः शिवो रजः शक्तिरुभयोर्मिलनात्स्वयम् । स्वप्नभूतानि जायन्ते स्वशक्त्या जडरूपया ।* – शिवसंहिता १/९५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDP

यसैले शब्दसृष्टिको उपदानकारणभूत शब्दकी अधिष्ठात्री देवीमा शक्त्यंश अधिक भएकोले स्त्रीरूपत्व र रूप (अर्थ) सृष्टिको उपादानभूत अर्थका अधिष्ठाता देवमा चैतन्यांश अधिक भएकोले पुरुषरूपत्व सिद्ध हुन्छ। श्रुति, स्मृति, आगम आदिको यही निष्कर्ष छ । त्यसैले शारदा तिलकमा भनिएको छ – समस्त शब्दमय शरीर पार्वतीले धारण गर्दछिन् र समस्त अर्थरूपलाई स्वयं महेश्वरले धारण गर्दछन् ।[२०६] यसैले शास्त्रहरूमा शब्दलाई प्रायः गिर्, वाक्, वाणी, सरस्वती आदि स्त्रीत्व विशिष्ट नामले अभिहित गरेको पाइन्छ ।[२०७] शब्दकी अधिष्ठात्री देवी सरस्वती हुन् भने अर्थका अधिष्ठाता स्वयं महेश्वर हुन् । यही अर्धनारीश्वरको उपासनाको रहस्य र निहितार्थ हो ।[२०८] यसै आशयलाई व्यक्त गर्दै वायवीय संहितामा सबै पुरुषलाई शङ्कर र सबै स्त्रीलाई माहेश्वरी भनिएको छ ।[२०९] जसरी स्त्री तथा पुरुषहरूको उपादानभूत एउटै बिन्दु कालको महिमाले माताको अंश अधिक भएमा स्त्री र पिताको अंश अधिक भएमा पुरुष उत्पन्न गर्दछ[२१०], त्यसैगरी एउटै अव्यक्त नामको बिन्दु कालको महिमाले शक्ति अंशको अधिक हुँदा वाङ्मय र चैतन्य अंशको अधिकता हुँदा अर्थमय जगत्लाई उत्पन्न गर्दछ ।

व्याकरण शास्त्रमा वाणीविषयक चिन्तनमा आगमशास्त्रको प्रशस्त प्रभाव परेको देखिन्छ । संस्कृत व्याकरणका सूत्रकार महर्षि पाणिनिको व्याकरण प्रणयनमा शिवतत्त्वको महत्त्वपूर्ण योगदान रहेको तथ्यले पनि यसमा प्रभाव पुऱ्याएको हुनुपर्दछ । शब्दब्रह्मका उपासक वैयाकरणहरूले शक्ति र शक्त (शब्द र अर्थ) मा भेद मान्दछन् । यसै आधारमा शक्ति र शक्तिमान्मा अभेद मात्रे तार्किकहरूले शब्दमा पृथक् शक्ति स्वीकार गर्दछन्। यो शक्ति र शक्तको भेद पनि तत्त्वतः काल्पनिक र अनिर्वचनीय नै हो । परस्पर अभिन्न ब्रह्म र शक्तिमा दृश्यमान भेद नरहँदा पनि नामरूपात्मक भेदबाट दुई प्रकारको सृष्टिको उपादानत्व विवेचनका लागि यो कल्पना उचित हुन आउँछ । वस्तुतः शक्तिले रहित शिवले केही गर्न सक्दैनन् र शक्ति पनि आश्रयविना रहन सक्दैन ।[२११] त्यसैले शक्ति र शक्तिमान्मा कुनै भेद छैन, यही नै परमार्थतः यथार्थ हो । नाम सृष्टिको उपादानभूत चिदानन्दमय अव्यक्तरूप शक्ति अधिकांश हुँदा (विशिष्ट) त्यस चैतन्यमा प्रतिविम्बित मायारूप बिन्दुलाई शक्ति, कुण्डलिनी, आधारशक्ति आदि नामले तन्त्रमा वर्णन गरिन्छ । रूप सृष्टिको उपादानभूत सच्चिदानन्दरूप

---

२०६. क) शब्दरूपमशेषन्तु धत्ते शङ्करवल्लभा । अर्थस्वरूपमखिलं धत्ते मुग्धेन्दुशेखरः ।। –शारदातिलक
ख) वागर्थाविव संपृक्तौ वागर्थप्रतिपत्तये । जगतःपितरौ वन्दे पार्वतीपरमेश्वरौ ।। – रघुवंश १/१

२०७. ब्राह्मी तु भारती भाषा गीर्वाग्वाणी सरस्वती । – अमरकोश, प्रथमकाण्ड, शब्दादिवर्ग १ ।

२०८. सा च ब्रह्मस्वरूपा च नित्या सा च सनातनी । यथाऽऽत्मा च तथा शक्तिर्यथाग्नौ दाहिका स्थिता ।। अत एव योगीन्द्रैः स्त्रीपुम्भेदो न मन्यते । – देवीभागवत ९/१/१०–११

२०९. शङ्करः पुरुषाः सर्वे स्त्रियः सर्वा महेश्वरी । वायवीयसंहिता, पू.अ. ४/५५

२१०. क) उद्भवः पुंस्त्रियोर्योगात् शुक्रशोणितसंयुतात् । बिन्दुरेको विशेद् गर्भमुभयात्माक्रमादसौ ।। रजोधिके भवेन्नारी भवेद्रेतोधिकः पुमान् । उभयोः समतायां तु नपुंसकमिति स्थितिः ।। – शारदातिलक १/२९–३१
ख) पितू रेतोऽतिरिक्तत्वात् पुरुषाः संभवन्ति हि । मातुस्तदाधिक्यवशात् स्त्रिय एव भवन्ति हि ।। उभयोस्तुल्यबीजत्वे जायन्ते हि नपुंसकाः । – महाकालसंहिता, गुह्यकालीखण्ड, ११/५१८–१९

२११. क) शक्त्या विरहितः शक्तः शिवः कर्ता न किञ्चन ।
ख) शिवः शक्त्यायुक्तो यदि भवति शक्तः प्रभवितुम् । न चेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि ।। – सौन्दर्यलहरी
ग) जगत्कारणमापन्नः शिवो यो मुनिसत्तमाः । तस्यापि साऽभवत्शक्तिस्तया हीनो निरर्थकः ।। – स्कन्दपुराण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्ध स्वरूप चैतन्य अंश अधिक हुँदा चित्रूप बिन्दुबाट पुंस्त्व विशिष्ट ईश्वर सदाशिव आदि नामबाट व्यवहृत हुन्छ ।[२१२] एकै अव्यक्त रूप प्रकृतिले पदोन्मुखी र शिवमुखी भएर नामात्मक र रूपात्मक जगत्को सृष्टि गर्दछ। यसै कुरालाई पुराणले पनि व्यक्त गरेको छ ।[२१३] यहाँ प्रधान शब्दबाट नाम सर्गको उपादानभूत बिन्दु र पुरुष शब्दबाट रूपसर्गको उपादानभूत बिन्दुलाई सम्झनुपर्छ । ईश्वरको इच्छा र कालवश प्रधान बिन्दुमा क्षोभ हुन्छ। त्यसबाट ज्ञान, इच्छा र क्रिया यी तीन शक्तिले सम्पन्न बिन्दु, नाद र बीजको प्रादुर्भाव हुन्छ । पुरुष बिन्दुबाट पनि ब्रह्मा, विष्णु र महेश्वररूप सृष्टि, स्थिति, प्रलय आदि कार्यकर्तृत्व विशिष्ट महद् बीज प्रादुर्भाव हुन्छ । यसैलाई तन्त्रले पनि समर्थन गरेको छ । जब अव्यक्त संज्ञक प्रधान बिन्दुमा क्षोभ (ईक्षण) हुन्छ, त्यसबाट तीन देवताहरू उत्पन्न हुन्छन् । यी तीनै देव एक मूर्ति, परस्पर अनुरक्त र अनुजीवी एवं लीलाले परम्परमा नम्र पनि छन् ।[२१४] यसरी त्यस अन्तर्यामी ईश्वरले आफ्नो देहलाई तीन भागमा विभक्त गरेर रहेको छ ।[२१५]

सत्त्व, रज र तमो गुणको साम्यावस्था नै प्रकृति हो ।[२१६] यही प्रकृति सृष्टिको मूल कारण हो । गुणहरूको वैषम्यमा नै सृष्टि हुन्छ भन्ने सांख्य मत छ । शक्तिले युक्त शिव शक्तिमय परमात्मा हुन् । तिनै परमात्मा शक्ति अंशबाट शब्दमय जगत् र शिव अंशबाट अर्थमय जगत्मा व्यापक भएर रहेका छन् । त्यसैले पुराणहरूमा भगवतीलाई शब्दात्मक भएकोले शब्द भनिएको छ ।[२१७] यसमा भगवतीका वाङ्मय स्वरूपको स्पष्ट रूपमा वर्णन गरिएको छ । त्यसैले शक्तिप्रधान परमात्मा नै शब्दमय जगत्का मूल कारण हुन् ।

शक्तिमय प्रधान बिन्दु शब्दब्रह्मलाई प्रकट गर्न ईश्वरको इच्छा र काललाई निमित्त बनाएर तीन भागमा विभक्त हुन्छ । विभागविना शब्दको उत्पत्ति नहुने हुँदा विभाग मात्रु आवश्यक हुन जान्छ । यो बिन्दु तीन प्रकारले विभक्त हुँदा शब्दको उत्पत्तिमा कारणभूत तीन शक्तिहरूको प्रादुर्भाव पनि त्यसै बिन्दुबाट हुन्छ ।[२१८] यो कुरा शैवागमतन्त्रमा जस्तै अन्य तन्त्रमा उल्लेख गरेको पाइन्छ ।[२१९] नामसृष्टिको उपादानभूत प्रकृति बिन्दुले

---

२१२. नादात्मना प्रबुद्धा सा निरामयपदोन्मुखी । शिवोन्मुखी यदा शक्तिः पुंरूपा सा तदा स्मृता ।। – प्रयोगसार ।

२१३. प्रधानं पुरुषञ्चैव प्रविश्य तु महेश्वरः । क्षोभयामास योगेन परेण परमेश्वरः ।।
प्रधानात् क्षोभ्यमाणाच्च तथा पुंसः पुरातनात्। प्रादुरासीन्महद् बीजं प्रधानपुरुषात्मकम् ।। – कूर्मपुराण

२१४. गुणेभ्यः क्षोभ्यमाणेभ्यस्त्रयो देवा विजज्ञिरे । एकमूर्तिस्त्रयो देवा ब्रह्मविष्णुमहेश्वराः ।।
अन्योन्यमनुरक्तास्ते अन्योन्यमनुजीविनः। अन्योन्यप्रणताश्चैव लीलया परमेश्वराः ।। – तन्त्रशास्त्र ।

२१५. त्रिधा कृत्वात्मनो देहं सोऽन्तर्यामीश्वरः स्थितः ।। – तन्त्रशास्त्र

२१६. मूलप्रकृतिरविकृतिः ... । – सांख्यकारिका ३ ।

२१७. शब्दात्मिका सुविमलर्ग्यजुषां निधानम् । उद्गीथरम्यपदपाठवतां च साम्नाम् ।।
देवी त्रयी भगवती भवभावनाय । वार्ता च सर्वजगतां परमार्तिहन्त्री ।। – मार्कण्डेयपुराण/ दुर्गासप्तशती ४/१० ।

२१८. परशक्तिमयः साक्षात् त्रिधासौ भिद्यते पुनः । बिन्दुर्नादो बीजमिति तस्य भेदाः समीरिताः ।। बिन्दुः शिवात्मको बीजं शक्तिर्नादस्तयोर्मिथः। समवायः स विज्ञेयः सर्वागमविशारदैः ।। रौद्री बिन्दोस्तत नादाज्येष्ठा बीजादजायत । वामा ताभ्यः समुत्पन्ना रुद्रब्रह्मरमाधिपाः ।। संज्ञानेच्छा क्रियात्मानो वह्नीन्द्वर्कस्वरूपिणः । भिद्यमाना परा बिन्दोरव्यक्तात्मा रवोऽभवत् ।। शब्दब्रह्मेति तं प्राहुः सर्वागमविशारदाः । शब्दब्रह्मेति शब्दार्थं शब्दमित्यपरे जगुः ।। न हि तेषां तयोः सिद्धिः जडत्वादुभयोरपि। चैतन्यं सर्वभूतानां शब्दब्रह्मेति मे मतिः ।। – शारदातिलक १/८-१३ ।

२१९. कालेन भिद्यमानोऽपि स बिन्दुर्भवति त्रिधा । स्थूलसूक्ष्मपरत्वेन तस्य त्रैविध्यमिष्यते ।। स बिन्दुर्नादबीजत्वभेदेनापि निगद्यते । बिन्दोस्तस्माद् भिद्यमानादव्यक्तात्मा रवोऽभवत् । स रवः श्रुतिसम्पन्नैः शब्दब्रह्मेति गीयते । – प्रपञ्चसार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिद्, अचिद् र चिदचिद् गरी तीन रूप धारण गर्दछ । त्यस अवस्थामा शिवांशको नाम बिन्दु हो, शक्तिअंशको नाम बीज हो र यी दुवैको परस्पर समवायरूप सम्बन्धको नाम नाद हो । त्यसपछि शब्दको कारणभूत ज्ञान, इच्छा र क्रियालाई उत्पन्न गर्न उक्त तीन अंशहरूबाट क्रमशः बिन्दुबाट रौद्रीशक्ति, नादबाट ज्येष्ठाशक्ति र बीजबाट वामाशक्ति उत्पन्न हुन्छन् । यिनै तीन शक्तिहरूबाट क्रमशः ज्ञान, इच्छा र क्रियाको उत्पत्ति हुन्छ । यसरी ज्ञान, इच्छा र क्रिया त्यसै चेतन तत्त्वका धर्म हुन् । यिनै शक्तिहरूबाट ज्ञान, इच्छा र क्रियाका आश्रयीभूत रुद्र, ब्रह्मा र विष्णु तीन देवताको प्रादुर्भाव हुन्छ । यी तीन देवता शब्दसृष्टिअन्तर्गत अग्नि, चन्द्र र सूर्यरूप ज्ञान, इच्छा र क्रियात्मक छन् । यिनीहरूको निर्देशन आगमशास्त्रहरूमा निरोधिका, अर्द्धेन्दु र बिन्दु नामले पनि गरिएको छ । यी शक्तिका नै कल्पित अवस्था विशेषका नाम हुन् । यी देव शब्दसृष्टिका उत्पत्ति, स्थिति र प्रलयका कारण हुन् ।[२२०] यिनै शक्तित्रयको नाम गौरी, ब्राह्मी र वैष्णवी पनि हो । यी परम ज्योतिस्वरूप ॐ मा आश्रित छन् ।[२२१] क्रियात्मक अचिदंश स्थूलबीज र वैखरी शब्दको कारण हो । चिदचिद् अंश सूक्ष्मरूप नाद हो । त्यो पुरुषरूप हुनुका साथै इच्छात्मक र मध्यमानादको कारण पनि हो । चित् रूप सूक्ष्मतर बिन्दु ज्ञान र परब्रह्मस्वरूप हुनुका साथै परा एवं पश्यन्तीको कारण पनि हो । यसमा पनि सविकल्पज्ञानात्मक बिन्दु पश्यन्तीको कारण हो भने निर्विकल्पात्मक बिन्दु पराको कारण मानिएको छ । यसरी अखण्ड नादलाई शब्दब्रह्म भनिन्छ । अर्को शब्दमा भन्दा सृष्टि उन्मुख जुन परब्रह्म छ, त्यसबाट जुन चिन्मय श्रोत्रोपलब्धि रूप व्यापक अखण्डस्वरूप नाद उत्पन्न हुन्छ, त्यही नै शब्दात्मक ब्रह्म या शब्दब्रह्म भनिन्छ ।[२२२] त्यही बिन्दुरूप रव नै सबैको शरीरमा उद्भूत हुन्छ ।[२२३] क्रियाशक्ति प्रधान बिन्दुरूपिणी प्रकृति नै शब्दशब्दार्थ (वाङ्मय सृष्टि)को कारण हो । ध्वनिरूप शब्दलाई नै शब्दब्रह्म मात्र उचित हुन्न किनभने त्यो जडरूप हुन्छ । यसको विपरीत ब्रह्म चैतन्यस्वरूप छ । त्यसैले भर्तृहरिको कथन छ – आदि अन्तरहित अविनाशी शब्दतत्त्व नै शब्दब्रह्म हो ।[२२४]

पर र अपर गरी प्रकृति दुई प्रकारको मानिएको छ ।[२२५] लिङ्गपुराणमा पराशक्तिको वर्णन गर्दै विद्याऽविद्यास्वरूपिणी जगत्को स्रष्टा भनिएको छ ।[२२६] तमोगुणप्रधान प्रकृतिबाट नै स्थावर जङ्गमात्मक रूप

---

२२०. बिन्दुः शिवात्मकस्तत्र बीजं शक्त्यात्मकं स्मृतम् । तयोर्योगे भवेन्नादः तेभ्यो जातास्त्रिशक्तयः ।। रौद्री बिन्दोः समुद्भूता ज्येष्ठा नादादजायत । वामा बीजादभूच्छक्तिस्ताभ्यो देवा स्त्रयोऽभवन् । – शारदातिलक १/९-१० ।

२२१. इच्छा क्रिया तथा ज्ञानं गौरी ब्राह्मी तु वैष्णवी । त्रिधा शक्तिः स्थिता यत्र तत् परञ्ज्योतिरोमिति ।। – गोरक्षसंहिता

२२२. क्रियाशक्तिप्रधानायाः शब्दशब्दार्थकारणम् । प्रकृतेर्बिन्दुरूपिण्याः शब्दब्रह्माऽभवत्परम् ।। – शारदातिलकको राघवभट्टी टीकाबाट।

२२३. सोऽन्तरात्मा तदा देवी नादात्मा नदते स्वयम् । यथा संस्थानभेदेन संभूयो वर्णतां गतः ।। वायुना प्रेर्यमाणोऽसौ पिण्डाद् व्यक्तिं प्रयास्यति । – प्रयोगसार

२२४. अनादिनिधनं ब्रह्म शब्दतत्त्वं यदक्षरम् । विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः ।। – वाक्यपदीय १/१ ।

२२५. भूमिरापोऽनलो वायुः खं मनोबुद्धिरेव च । अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ।। अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम् । जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ।। – गीता ७/४-५

२२६. तस्य शक्तिः परा विष्णोर्जगत् कार्य परिक्षमा । भावाऽभावस्वरूपा सा विद्याऽविद्येति गीयते ।। भ्रान्तिर्विद्या परज्योतिः शिवरूपमिदं त्रयम् । अर्थेषु भिन्नरूपेषु विज्ञानं भ्रान्तिरूच्यते ।। आत्माकारेण संवित्तिर्बुधैर्विद्येति गीयते । विकल्परहितं तत्त्वं परमित्यभिधीयते ।। – लिङ्गपुराण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अर्थ) सृष्टिको उपादान हुन्छ र सत्त्वप्रधान प्रकृति शब्दसृष्टि (वाङ्मय जगत्) को उपादान हुन्छ । यी दुई प्रकारका प्रकृति सत्त्वको शुद्धि र अविशुद्धि भेदले माया र अविद्या वाच्य हुन्छन् । जसरी भौतिक सृष्टिको उपादानभूत तमोगुणप्रधान प्रकृतिका शुद्धसत्त्वप्रधान र मलिनसत्त्वप्रधान गरी दुई भेद छन् । जसलाई क्रमशः माया र अविद्या भनिन्छ । माया ईश्वरको उपाधि हो भने अविद्या जीवको उपाधि हो ।[२२७] त्यसैगरी वाङ्मय जगत्को उपाधिभूत प्रकृति पनि शब्दब्रह्मको उपाधिभूत विशुद्धसत्त्वप्रधान परारूप कुण्डलिनी र तमोगुणप्रधान अर्थसृष्टिको उपादानभूत अपराशक्ति गरी दुई प्रकारको मानिएको छ ।[२२८] यो कुण्डलिनी शक्ति शिवको सन्निधि प्राप्त गरेर रहेको हुन्छ । आगमशास्त्रमा कुण्डलिनीलाई शक्तिशब्दले पनि अभिहित गरिएको छ । शक्ति र शक्तिमान्लाई अभेद मानिएको छ । शिवशक्ति एउटै स्वरूप हो ।[२२९]त्यही शक्ति तमोगुणप्रधान हुँदा जगत्रूप अर्थसृष्टिको उपादान हुन्छ । सत्त्वप्रधान पराशक्ति वाङ्मयजगत्को उपादान कारण हुन्छ।[२३०]

कुण्डलिनीबाट शक्ति, त्यसबाट ध्वनि, ध्वनिबाट नाद र नादबाट निरोधिका उत्पन्न हुन्छ । त्यही सत्त्व प्रतिष्ठित हुँदा चित्शक्तिको परमाकाशावस्थामा शब्द (पद) को वाच्य हुन्छ । त्यही सत्त्व प्रविष्ट चित्शक्ति रजोगुणले अनुविद्ध हुँदा ध्वनिशब्दवाच्य अक्षरावस्था र त्यही तमोनुविद्ध हुँदा नाद शब्दवाच्य भएर अव्यक्तावस्थामा रहन्छ । त्यसैमा तमोगुणको प्राचुर्य भएमा निरोधिका शब्द वाच्य र सत्त्वगुणको प्राचुर्य भएमा अर्द्धेन्दुको वाच्य एवं सत्त्व र तमको संयोग हुँदा बिन्दु शब्द वाच्य हुन्छ, त्यही बिन्दु नै विशेष स्थानान्तर्गत हुँदा परावाणी भनिन्छ। यो प्रकाशस्वरूप छ । यसैबाट स्वाधिष्ठानमा पश्यन्ती, हृदयमा मध्यमा र मुखमा वैखरी उत्पन्न हुन्छन्। प्रकाशरूप परावाक् निष्पन्द हुन्छ र पश्यन्ती सस्पन्द हुन्छ । यो बाह्य अन्तःकरणरूपी एवं हिरण्यगर्भरूपिणी वाणीलाई मध्यमा नाद भनिन्छ । यस बिन्दुमयी नादमा नाभिदेखि हृदयप्रदेशसम्म विशेष सङ्कल्प रहने हुँदा बुद्धितत्त्वयुक्त मध्यमा नाद भनिएको हो । यो मध्यमा नाद विराट्स्वरूपिणी, बीजात्मक र हृदयदेखि आस्यपर्यन्त अभिव्यक्त हुने शब्दरूप वैखरीको उत्पादक हो ।[२३१] यही समस्त शब्दको जननी हो । बिन्दु शब्दवाच्य

---

२२७. *चिदानन्दमयब्रह्मप्रतिबिम्बसमन्विता । तमोरजःसत्त्वगुणा प्रकृतिर्द्विविधा च सा । सत्त्वशुद्ध्यविशुद्धिभ्यां मायाऽविद्ये च ते मते । मायाबिम्बो वशीकृत्य तां स्यात्सर्वज्ञ ईश्वरः ।। अविद्यावशगस्त्वन्यः तद्वैचित्र्यादनेकधा । – पञ्चदशी १/१५-१६।*

२२८. *तत्राप्य कुण्डलीरूपं प्राणिनां देहमध्यगम् । वर्णात्मनाऽऽविर्भवति गद्यपद्यादिभेदतः ।। ततश्चैतन्यरूपा सा सर्वगा विश्वरूपिणी। शिवसन्निधिमासाद्य नित्यानन्दगुणोदया ।। दिक्कालाद्यनवच्छिन्ना सर्वदेहानुगा शुभा । ... येन सम्भवमापन्नाः सोमसूर्याग्निरूपिणः।। – योगकुण्डलिनी उपनिषद् ।*

२२९. *शक्तिश्च शक्तिमद्रूपाद् व्यतिरेकं न गच्छति ।*
तादात्म्यमनयोर्नित्यं वह्निदाहकयोरिव ।। – आचार्य अभिनवगुप्त

२३०. *विश्वात्मा प्रबुद्धा सा सूते मन्त्रमयञ्जगत् । – शारदातिलक १/५७ ।*

२३१. (क) *सूक्ष्मा कुण्डलिनीमध्ये ज्योतिर्मात्रात्मरूपिणी । अश्रोत्रविषया तस्मादुद्गच्छत्यूर्धगामिनी ।। एवं प्रकाशा पश्यन्ती सुषुम्णामाश्रिता भवेत् । सैव हृत्पङ्कजं प्राप्य मध्यमा नादरूपिणी ।। ततः सञ्जल्पमात्रा स्यात् अविभक्तोर्ध्वगामिनी। सैवोरः कण्ठतालुस्था शिरोघ्राणरदस्थिता ।। जिह्वामूलोष्ठनिस्यूतसर्ववर्णपरिग्रहा । शब्दप्रपञ्चजननी श्रोत्रग्राह्या तु वैखरी ।। – तन्त्रशास्त्र।*

(ख) *स्वात्मेच्छा शक्तिघातेन प्राणवायुस्वरूपतः । मूलाधारे समुत्पन्नः पराख्यो नाद उत्तमः ।। स एवोर्ध्वं तथा नीतः स्वाधिष्ठाने विजृंभितः । पश्यन्त्याख्यामवाप्नोति तथैवोर्ध्वं शनैः शनैः ।। अनाहते बुद्धितत्त्वसमवेतो मध्यमाभिधः। तथा तयोर्ध्वं नुन्नः सन् विशुद्धौ कण्ठदेशतः । वैखर्याख्यस्ततः शीर्षकण्ठताल्वोष्ठदन्तगः ।। जिह्वामूलाग्रपृष्ठस्थ-स्तथानासागतः क्रमात् । ... समुत्पन्नान्यक्षराणि क्रमादादिसकावधिः ।। – तन्त्रशास्त्र (कादिमतमा)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(पुंरूपिणी) यही शक्ति ज्ञानशक्तिले विशिष्ट हुँदा आफ्नो क्रियात्मक शक्तिद्वारा समस्त शब्दात्मक जगत्लाई आविर्भाव गर्दछ।[२३२] त्यही बिन्दु मूलाधार आदि स्थानमा अभिव्यक्त हुँदा परा, पश्यन्ती, मध्यमा र वैखरी नामले विख्यात हुन्छ ।[२३३] यहाँ शब्दहरूको संज्ञान, इच्छा र क्रियात्मिकाको जुन निर्देशन गरिएको छ त्यसमा परा र पश्यन्ती ज्ञानात्मिका हुन् र यी निर्विकल्प एवं सविकल्पक गरी दुई प्रकारका छन् । मध्यमा इच्छात्मिका र वैखरी क्रियात्मिका हो। यसरी समस्त वाक् कुण्डलिनी स्वरूप छ । यसबाट वर्णात्मक शब्दहरूको सृष्टि पछि तिनै वर्णहरूबाट अभिन्न निरोधिका, अर्द्धेन्दु र बिन्दुरूप तीन कलाहरू तथा तिनका अभिमानी रुद्र, ब्रह्मा र विष्णुरूप तीन देवताहरू आविर्भूत हुन्छन् । निरोधिका अग्निरूप भएकोले शिवरूप, अर्द्धेन्दु सोमरूप हुनाले शक्तिरूप र बिन्दु उभयरूप भएकाले विष्णुरूप हो । शिवशक्तिमय रविबाट वर्णहरूको उत्पत्ति भएकोले वर्णहरू सोम, सूर्य र अग्निस्वरूप मानिएका छन् ।[२३४]यसरी दृश्यमान चराचर जगत्भन्दा भिन्न वाङ्मय जगत्को सत्ता सिद्ध हुन्छ । श्रुतिले पनि यसैलाई उल्लेख गरेको छ ।[२३५] ब्रह्मलाई नै वाङ्मय जगत्को उपादानभूत नामात्मक र रूपात्मक जगत्को उपादान कारणको रूपमा ग्रहण गरिएको छ । जब उपादानभूत ब्रह्मले रूपात्मक र नामात्मक दुई रूप धारण गर्दछ, त्यस अवस्थामा जीवात्माका पनि एक प्रत्यक्ष रूपात्मक र अर्को अप्रत्यक्ष नामात्मक गरी दुई रूप स्वतः सिद्ध हुन जान्छन्। यसरी एउटै ब्रह्मले भौतिक शरीर-रूपबाट भूतसाध्य कार्य गर्दछ र रूपरहित नामात्मक शरीरबाट शब्दसाध्य कार्य गर्दछ ।

प्राणमय आत्मा स्थूलरूप, मनोमय सूक्ष्मरूप र वाङ्मय सूक्ष्मतर रूप गरी चिदात्माका तीन स्वरूपको उल्लेख गरिएको छ । प्राणमयले स्थूल शरीरको रक्षा गर्दछ, मनोमयले सूक्ष्म शरीरको र वाङ्मयले कारण शरीरको रक्षा गर्दछ । यो स्वरूप सदैव निश्चयात्मक बुद्धिसँग संयुक्त भएर रहन्छ । यसै स्वरूपबाट निश्चित गरेर प्रकाशित गर्दछ र अर्काको प्रकाशित हुने कुरालाई निश्चय गर्दछ । प्राणमय रूप अचिरविनाशी, मनोमय प्रलय पर्यन्त स्थायी र वाङ्मय महाप्रलयपर्यन्त स्थायी मानिएको छ । परमात्माका पनि यस्तै तीन शरीर छन् । परमात्माको प्राणमय शरीर प्रलयपर्यन्त रहन्छ, मनोमय महाप्रलयपर्यन्त र वाङ्मय स्वरूप शरीर नित्य र अविनाशी छ । यसरी ब्रह्मको अंशभूत आत्मा मनोमयरूप मानिएको छ । जीवात्माको वाङ्मयस्वरूप स्फोट शब्दबाट बोधित हुन्छ । यही स्फोट शब्दको वाच्य हो । यही लौकिक शब्दहरूका रूपमा परिणत या भासित हुन्छ । परमात्माको वाङ्मय स्वरूप वैदिक शब्दहरूका रूपमा परिणत भएर वेद शब्दको वाच्य हुन जान्छ । यही वाङ्मय ब्रह्मको शरीर स्फोट शब्दको वाच्य हो । यही वाङ्मय शरीर मूलाधार आदि तत् तत् स्थानमा

---

२३२. *इच्छाशक्तिबलोत्कृष्टो ज्ञानशक्तिप्रदीपकः ।*
पुंरूपिणी च सा शक्तिः क्रियाख्यां सृजति प्रभुः ॥ – शारदातिलकको टीकाबाट
शक्तिमद्भेदयोगेन यामलत्वं प्रपद्यते ॥

२३३. (क) *एषा वस्तुत एकैव परा कालस्य कर्षिणी । शक्तिमद्भेदयोगेन यामलत्वं प्रपद्यते ॥*
विभागाभासने चास्य त्रिधा वपुरुदाहृतम् । पश्यन्ती मध्यमा स्थूला वैखरीत्यभिशब्दितम् ॥ – तन्त्रालोक ३/३४, ३६

(ख) *परा मध्या च पश्यन्ती नाड्योऽहं विविधाश्च याः । – देवीभागवत ३/६/१० ।*

२३४. *निरोधिका भवेत् ... । – शारदा तिलक १/११४ ।*

२३५. *इदं तर्हि अव्याकृतमासीत् ततो नामरूपाभ्यामेव व्याक्रियत असौ नामेदरूपमिति । – श्रुति*
सेयं देवतैक्षत हन्ताहमिमास्तिस्रो देवता अनेन जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरवाणि । – छान्दग्योपनिषद् ६/३/२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिव्यक्त भएर परा, पश्यन्ती, मध्यमा र वैखरीका रूपमा व्यवहृत हुन्छ । वास्तवमा स्फोट एक छ र उपाधि भेदले अनेक प्रतीत हुन्छ ।

यसरी शब्दब्रह्मात्मक रव सच्चिदानन्द स्वरूप छ । त्यही पाञ्चभौतिक शरीरमा सर्वत्र अनुस्यूत हुँदै संस्कारयुक्त वायुको वशमा रहेर मूलाधारमा अभिव्यक्त हुन्छ ।[२३६] मूलाधारबाट वायुको उत्पत्ति बताइएको छ।[२३७] त्यही मूलाधारमा रहेको शब्दब्रह्म (परा वाक्) नाभिपर्यन्त आएर अभिव्यक्त हुँदा प्रकाशात्मक स्पन्दरूप पश्यन्ती शब्द वाच्य हुन्छ । त्यही संस्कृत वायु हृदयप्रदेशमा अभिव्यक्त हुँदा हिरण्यगर्भ शब्द वाच्य र निश्चयात्मक बुद्धिद्वारा ग्राह्य मध्यमा प ग्राच्य हुन्छ । त्यही मुखकण्ठ आदि स्थानमा अभिव्यक्त हुँदा वैखरी शब्द वाच्य हुन्छ ।[२३८] स्थूल, सूक्ष्म र परा गरी पश्यन्ती, मध्यमा र वैखरी वाणीहरू नौ प्रकारका हुन जान्छन् । वर्णविभागरहित स्वरप्रधान सङ्गीतरूप वाणी स्थूलपश्यन्ती, त्यही जिज्ञासासहित हुँदा सूक्ष्मा पश्यन्ती र त्यही जिज्ञासारहित संविद्रूप परा पश्यन्ती भनिन्छ । मृदङ्ग आदि जनित ध्वनिरूप स्थूल, मध्यमा, त्यही बजाउने इच्छारूपा सूक्ष्ममध्यमा र त्यही वादन इच्छारहित निरूपाधिक परा मध्यमा हो । स्पष्ट व्यक्त वर्णरूप स्थूल वैखरी, त्यही विवक्षा हुँदा सूक्ष्म वैखरी र विवक्षारहित परसंविद् रूप परा वैखरी भनिन्छ । यसरी केही वैयाकरणका मतमा पश्यन्ती नै सूक्ष्मतरावस्थामा परावाक् भनिन्छ । यी नौमा पश्यन्ती, मध्यमा र वैखरीलाई मिलाउँदा वाणी बाह्र प्रकारका हुन जान्छन् । त्यसैलाई द्वादशरश्मि या रवि पनि भनिन्छ । त्यसैबाट समस्त प्राणीहरूको हृदयमा रहने शब्दब्रह्मरूप सूर्य नै बोधरूप खड्गले भिन्न भएर प्रकाशित हुन्छ ।[२३९] आत्मशक्तिहरूलाई नै चिन्मरीची या सूर्य रश्मि भनिन्छ । षोडश कलायुक्त पुरुषमा पन्ध्र कला परिणामशालिनी छन् भने षोडशी चित्कला परिणामको साक्षीभूत परम अमृत रूप मानिन्छ ।

जसरी ब्रह्मका निष्कल, ईश्वर – सकल, हिरण्यगर्भ र विराट् गरी चार स्वरूप छन्, त्यसैगरी शब्दब्रह्मका पनि निर्विकल्प ज्ञानरूप परा, सविकल्प ज्ञानस्वरूप पश्यन्ती, स्फोटरूप मध्यमा र कार्यरूप वैखरी गरी चार स्वरूप मानिएका छन् । परा र पश्यन्ती योगीगम्य हुन् र साधारण मनुष्यका बुद्धिगम्य छैनन् । मध्यमा नादद्वारा नै अभिव्यक्त भएर वाणी साधारण मनुष्यको बुद्धिको विषय हुन्छ । जसरी एकै आत्मा उपाधि भेदले कर्ता, कर्म र करण हुन्छ, त्यसैगरी स्फोटात्मा वस्तुत एक हुँदाहुँदै पनि मूलाधार आदि स्थान रूप उपाधिभेदले अनेक हुन जान्छ । तत्त्वत यो एउटै छ ।

मध्यमा नादबाट अभिव्यक्त शब्दलाई नै स्फोटको अभिव्यञ्जक भनिएको छ ।[२४०] सबै नाद एकै स्फोट

२३६. स तु सर्वत्र संस्यूतो जाते भूताङ्कुरे पुनः । आविर्भवति देहेषु प्राणिनामर्थाविस्तृते ।। – तन्त्रशास्त्र
२३७. देहेऽपि मूलाधारेऽस्मिन् समुद्याति समीरणः ।। – श्रुति ।
२३८. (क) मूलाधारात् प्रथममुदितो यस्तु भावः पराख्यः । पश्चात्पश्यन्त्यथ हृदयगो बुद्धियुङ्मध्यमाख्यः ।।
वक्त्रे वैखर्यथ रुरुदितोरस्य जन्तोः सुषुम्णा । बद्धस्तस्मात् प्रभवति तदा प्रेरितो वर्णसंज्ञः ।। – तन्त्रशास्त्र
(ख) परावाङ्मूलचक्रस्था पश्यन्ती नाभिसंस्थिता ।
हृदिस्था मध्यमा ज्ञेया वैखरी कण्ठदेशगा ।। – परमलघुमञ्जूषा, स्फोटनिरूपण
२३९. सर्वभूतान्तरचरः शब्दब्रह्मात्मको रविः । भित्त्वायं बोधखड्गेन निर्गच्छत्यविशङ्कितः ।।
२४०. वैखर्या हि कृतो नादः परश्रवणगोचरः । मध्यमया कृतो नादः स्फोटव्यञ्जक उच्यते ।। – परमलघुमञ्जूषा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्त्वका अभिव्यञ्जक हुन्छन् । वैखरी शब्द स्थूलरूप, मध्यमा सूक्ष्मरूप एवं पश्यन्ती सूक्ष्मतर रूप र परा सूक्ष्मतम रूप हो । त्यही परा नामको वाणी नादवान् वायुका साथ आधार आदि चक्रमा प्रविष्ट भएर क्रमशः स्वाधिष्ठान, मणिपूरक चक्रहरूमा जान्छ, त्यस अवस्थामा मनोमय एवं बुद्धियुक्त सूक्ष्मरूपलाई प्राप्त गरेर पश्यन्ती र मध्यमा शब्दको वाच्य हुन्छ । पछि कण्ठदेशमा पुगेर मात्रा – ह्रस्व आदि, स्वर – उदात्त आदि र वर्ण– अकार आदि स्वरूपमा परिणत भएर अत्यन्त स्थूलरूपमा वैखरी नामबाट प्रसिद्ध हुन्छ ।[२४१] यही श्रुतिको पनि कथन छ ।[२४२]

वैयाकरणहरूले शब्दतत्त्वलाई अक्षररूप ब्रह्मतत्त्वबाट अभिन्न मानेका छन् । समाधिस्थ ब्रह्मका हृदयमा सर्वप्रथम प्रणवको उदय भएको हो । त्यसै ओङ्कारलाई शब्दब्रह्मरूपमा स्वीकार गरेका छन् । ओंको अभिव्यक्ति गायत्रीका रूपमा भयो र त्यसैबाट वेदहरूको उत्पत्ति मानिएको छ ।[२४३] प्रणवका पर र अपर गरी दुई भेद मानिएका छन् । पर ब्रह्मात्मक हुन्छ भने अपर शब्दात्मक । परब्रह्म जस्तै शब्दब्रह्म पनि नित्य मानिएको छ । आचार्य भर्तृहरिले आफ्नो ग्रन्थको प्रारम्भमा नै शब्दब्रह्मको स्वरूप निरूपण गर्दै आदि–अन्तरहित अक्षर स्वरूप मानेका छन् । यसको अर्थरूपमा विवर्त भएर यस जगत्को कार्य चल्दछ ।[२४४] यसरी उनले अर्थलाई शब्दको विवर्त मानेका छन् । विवर्त भनेको अतात्त्विक ज्ञान हो । उनले अन्यत्र विवर्तका स्थानमा परिणाम शब्द पनि प्रयोग गरेका छन् । वाक्यपदीयका टीकाकार पुण्यराजले अर्थलाई शब्दको विवर्त भन्दै एकै वस्तुको आफ्नो स्वरूपबाट च्यूत नभई भिन्न रूपमा असत्य ज्ञान विवर्त हो ।[२४५] यहाँ विवर्तलाई अतात्विक रूपमा मात्र सीमित गर्न सकिंदैन । यसलाई आचार्य भर्तृहरिले परिणाम या विकार अर्थमा पनि प्रयोग गरेका छन् ।[२४६]

यसरी उनले विवर्तका स्थानमा परिणाम शब्दलाई प्रयोग गरेर अतात्त्विक रूपमा मात्र ग्रहण गरेका छैनन्। उनको दृष्टिमा अर्थ शब्दको परिणाम हो । यो शब्दको तात्त्विक विकार हो, जसरी दही र दूधको परिणाम हो । अर्थलाई अतात्त्विक मानेमा अर्थको सत्ता अवास्तविक सिद्ध हुनजान्छ । उनका अनुसार शास्त्रज्ञहरूको मत छ – यो संसार शब्दको नै परिणाम हो । सृष्टिको आदिमा यो विश्व छन्दोमयी वाणीबाट नै उत्पन्न भएको हो ।[२४७] यसै सन्दर्भमा ऋग्वेदको कथन छ – सर्वप्रथम इन्द्र (परमात्मा)बाट छन्द(त्रयीविद्या) अभिव्यक्त भयो, त्यसबाट अन्न या प्राणात्मक भोग्य पदार्थ र त्यसबाट विविध गतियुक्त नाम र रूप उत्पन्न भए । यसरी एकै

---

२४१. *स एष जीवो विवरप्रसूतिः प्राणेन घोषेण गुहां प्रविष्टः ।*
मनोमयं सूक्ष्ममुपेत्य रूपं मात्रा स्वरो वर्ण इति स्थविष्ठः ।। – भागवत ११/१२/१७

२४२. *चत्वारि वाक् परिमिता पदानि, तानि विदुर्ब्राह्मणा ये मनीषिणः ।*
गुहा त्रीणि निहिता नेङ्गयन्ति तुरीयं वाचो मनुष्या वदन्ति।। – ऋग्वेद १/१६४/४५ ।

२४३. *आयातु वरदा देवी अक्षरं ब्रह्मसंमतम् ।*
गायत्री छन्दसां मातरिदं ब्रह्म जुषस्व मे ।। – देवीभागवत ११/१६/६८ ।

२४४. *वाक्यपदीय १/१ ।*

२४५. *वाक्यपदीय, तृतीय काण्ड, दिक्समुद्देश ४ श्लोक, हेलाराजको टीका ।*

२४६. *शब्दस्य परिणामोऽयमित्याम्नायविदो विदुः ।। वा.प. १/१११*

२४७. *छन्दोभ्य एव प्रथममेतद् विश्वं व्यवर्तत । – वा.प. १/१११ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्द वा वागात्मा अनेकधा प्रकाशित हुन्छ ।[२४८] यस्तै ऋग्वेदको अर्को मन्त्रमा पनि भनिएको छ – वाक्तत्त्व नै सम्पूर्ण भुवनका रूपमा उत्पन्न हुन्छ, यसैबाट नित्य र अनित्य पदार्थहरू उत्पन्न हुन्छन् । वाणी नै भोक्त्री हो, वाणीले नै अनेक अर्थलाई भन्दछ अर्थात् वाणीले नै अनन्त प्राणीहरूमा उपस्थित भएर बोल्दछ । वाणीभन्दा पर केही अरू अभिधेय छैन ।[२४९] त्यसैले भनिएको छ – वाणी नै सबैको कारण हो ।[२५०]

वाणीका प्रकार

भर्तृहरिले पश्यन्ती, मध्यमा र वैखरी गरी शब्दका तीन अवस्था मानेका छन् । पश्यन्ती अवस्थाबाट नै सृष्टि हुन्छ ।[२५१] नागेशले पश्यन्तीभन्दा पर परा अवस्था पनि स्वीकार गरेका छन् । उनका अनुसार परमेश्वरको सिसृक्षात्मक मायावृत्तिबाट बिन्दुरूप त्रिगुणात्मक अव्यक्त रूप उत्पन्न हुन्छ । त्यसै बिन्दुको अचिदंशलाई बीज, चिदचिद्मिश्र अंशलाई नाद र चिदंशको नाम बिन्दु हो । यसै कार्यरूप बिन्दुबाट वर्णरहित ज्ञानप्रधान सृष्टिको लागि उपयोगी चैतन्य मिश्रित नाद उन्पन्न हुन्छ, त्यसैको अर्को नाम शब्दब्रह्म हो । यो जगत्को उपादान कारण हो र यसैलाई रव र परा आदि शब्दबाट पनि व्यवहार गरिन्छ । यसैलाई प्रपञ्चसारका शब्दमा भन्दा स्थूलरूप द्वितीय बिन्दु फुट्दा अव्यक्त रव (ध्वनि) भयो, त्यसै ध्वनिलाई शब्दब्रह्म नामले सङ्केत गरिएको छ । यो शब्दब्रह्म सर्वत्र व्याप्त हुँदाहुँदै पनि प्राणीहरूको मूलाधारमा (गुदा चक्रको माथिल्लो भागमा) संस्कारयुक्त वायु चल्दा अभिव्यक्त हुन्छ ।[२५२] यही परा नाभि चक्रमा आएर मनको विषय हुँदा (मानसिक प्रत्यक्ष हुँदा) त्यसको नाम पश्यन्ती हो ।[२५३] परा र पश्यन्ती शब्दब्रह्मका सूक्ष्मतम र सूक्ष्मतर रूप हुन् । यी दुवैका अधिष्ठाता देवता ईश्वर हुन् । यही पश्यन्ती वाणी समस्त प्रपञ्चको मूलमा छ र यो परावाणीको प्रथम विवर्त हो । सृष्टिको प्रारम्भमा परावाणीका दुई तरङ्ग प्रस्फुटित भए । संविदंशप्रधान तरङ्ग पश्यन्ती नामले प्रसिद्ध भयो र यो

---

२४८. इन्द्राच्छन्दः प्रथमं प्रास्यदन्नं तस्मादिमे नामरूपे विषूची ।
नाम प्राणच्छन्दसो रूपमुत्पन्नमेकं छन्दो बहुधा चाकशीति ।। – ऋग्वेद (यो मन्त्र ऋग्वेदको शाकल या बाष्कल शाखामा अहिले मिल्दैन । सम्भवतः वर्तमान समयमा अनुपलब्ध कुनै शाखामा रहेको थियो होला ।) 'काव्यं कवेः परमात्मन इदं काव्यं वेदत्रयी रूपः छन्दः ।' – यजुर्वेद १५/ को भाष्य र 'बहुलं छन्दसि' (पा.सू. ७/१/१०) ले पनि छन्दशब्दबाट वेदत्रयीलाई निर्दिष्ट गरेको छ ।

२४९. वागेव विश्वा भुवनानि जज्ञे वाच इत्सर्वममृतं यच्च मर्त्यम् ।
अथेद्वाग् बुभुजे वागुवाच पुरुत्रा वाचो न पदं यच्च नाह ।। – ऋग्वेद (यो मन्त्र अहिले प्रकाशित ऋग्वेदमा उपलब्ध छैन)

२५०. वाङ्मयानीह शास्त्राणि वाङ्निष्ठानि तथैव च ।
तस्माद् वाचः परं नास्ति वाग् हि सर्वस्य कारणम् ।। – नाट्यशास्त्र, अध्याय १४, श्लोक ३।

२५१. वैखर्या मध्यमायाश्च पश्यन्त्याश्चैतदद्भुतम् ।
अनेकतीर्थभेदायास्त्रय्या वाचः परं पदम् ।। वा. १/१३३

२५२. बिन्दोस्तस्माद्भिद्यमानाद्रवोऽव्यक्तात्मकोऽभवत् ।
स एव श्रुतिसम्पन्नैः शब्दब्रह्मेति गीयते ।। – प्रपञ्चसार

२५३. पश्यन्ति सर्वं प्रपञ्चं यस्मिन् या सा पश्यन्ती – यो शब्द दृश् धातुबाट कर्ता अर्थमा शतृप्रत्यय भएर सम्पन्न हुन्छ । अथवा परया दृश्यते या सा पश्यन्ती – पराद्वारा जुन देखिन्छ त्यसैको नाम पश्यन्ती हो । दृश् धातुबाट कर्म अर्थमा बाहुलकात् शतृप्रत्यय गरेर यो शब्द निष्पन्न हुन्छ । यसरी पश्यन्ती शब्दमा दुई प्रकारको व्युत्पत्ति देखाइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संवित्प्रधान हुनाले प्रकाशत्व शक्तिसम्पन्न छ । अर्को अंश आनन्दांश प्रधान भएकोले यसलाई परमेश्वर भनिन्छ। यसैबाट आकाशादि अर्थसृष्टि भयो । प्रथम तरङ्ग पश्यन्तीबाट मध्यमा आदि शब्दसृष्टि हुन गयो । 'तदैक्षत' यस श्रुतिबाट ब्रह्माले ईक्षण गरेकोले प्रपञ्च उत्पन्न गर्नमा यो निमित्तकारण भयो भने 'बहुस्याम् प्रजायेय' (छान्दोग्य ६/२/३) को आधारमा विवर्तको उपादान कारण सिद्ध हुन आउँछ ।

यसरी वेदान्त दर्शनमा जस्तै व्याकरण दर्शनमा पनि शब्दब्रह्मलाई प्रपञ्चको निमित्त र उपादान कारण मानिएको छ । नाभिचक्रबाट उठेको संस्कारयुक्त वायु हृदय देशमा पुगेर अर्थविशेष र शब्दविशेषलाई अलग–अलग रूपमा प्रकाश गर्ने बुद्धिगृहीत वाणीलाई मध्यमा भनिन्छ । यसका अधिष्ठाता देवता हिरण्यगर्भ हुन् । अर्काले नसुन्ने र जसको हृदयमा अभिव्यक्त हुन्छ, त्यसैले मात्र सुन्ने हुँदा यसलाई सूक्ष्मा भनिन्छ । यही वाणी मुखप्रदेशमा आउँदा मूर्धा आदि स्थानमा आहत भएर माथि जाने ठाउँ नपाई पछाडि फर्किई मुखअन्तर्गतका तालु, मूर्धा आदि स्थानहरूबाट त्यसै मध्यमा वाणीलाई अभिव्यक्त गर्दछ। यस अवस्थामा अरूलाई पनि सुनाइदिने हुँदा यसलाई वैखरी भनिन्छ । यसका अधिष्ठाता देवता विराट् हुन्। व्यान र उदान वायुका साथ प्रणव नै वैखरी रूपमा प्रकाशित हुन्छ । त्यसैले आचार्य भर्तृहरिले पश्यन्ती, मध्यमा र वैखरी यी तीन वाणीलाई मात्र व्याकरणशास्त्रद्वारा संस्कार्य मानेका छन् । परावाणी सूक्ष्मतम प्रणवस्वरूप 'स्वज्योति' हो र त्यसमा संस्कार योग्यता छैन ।

सोमानन्दनाथ[२५४]विरचित शिवदृष्टि नामक ग्रन्थमा व्याकरणको मत उपस्थापित गरेर खण्डन गर्ने सन्दर्भमा पश्यन्तीलाई नै शब्दब्रह्म र परावाणी पनि भनिएको छ । त्यो क्रमरहित अनादि र अक्षय हुनुका साथै सर्वदेहव्यापी आत्मा एवं ब्रह्मतत्त्व पनि हो ।[२५५] यिनले वाणीका तीन भेदको मात्र उल्लेख गरेका छन् ।[२५६] यसबाट त्यस समयमा व्याकरणशास्त्रमा तीन वाणीका बारेमा मात्र विवेचना गरिने परम्परा रहेको कुरातर्फ सङ्केत गर्दछ । यसको विपरीत शैवपरिभाषा आदि ग्रन्थमा चार प्रकारका वाणीको विवेचना गरिएको पाइन्छ । त्यसमा परालाई सूक्ष्म भनिएको छ, सूक्ष्मलाई पश्यन्तीको, पश्यन्तीलाई मध्यमा र मध्यमालाई वैखरीको कारण मानिएको छ । सूक्ष्मादि तीनलाई आन्तरिक र वैखरीलाई बाह्य भनिएको छ ।[२५७] यस्तै विचार पौष्करागममा पनि प्रस्तुत

---

२५४. इतिहासकारहरूले यिनको समय ई. नवौं शताब्दीको अन्त्यतिर स्वीकार गरेका छन् ।

२५५. इत्याहुस्ते परं ब्रह्म यदनादि तथाऽक्षयम् । यदक्षरं शब्दरूपं सा पश्यन्ती परा हि वाक् ॥ स एवात्मा सर्वदेहव्यापकत्वेन वर्तते । अन्तःपश्यदवस्थैव चिद्रूपत्वमरूपकम् ॥ तावद्यावत्पराकाष्ठा यावत्पश्यन्त्यनन्तकम् । अक्षादिवृत्तिभिर्हीनं देशकालादिशून्यकम् ॥ सर्वतः क्रमसंहारमात्रमाकारविवर्जितम् । ब्रह्मतत्त्वं पराकाष्ठा परमार्थस्तदेव सः ॥ – शिवदृष्टि, द्वितीय आह्निक १–४

२५६. आस्ते विज्ञानरूपत्वे स शब्दोऽर्थविवक्षया । मध्यमा चोच्यते सैव बिन्दुनादमरुत्क्रमात् ॥ संप्राप्ता वक्त्रकुहरं कण्ठादिस्थान-भागशः ॥ वैखरी कथ्यते सैव बहिर्वासनया क्रमात् ॥ – शिवदृष्टि, २/५–६ ।

२५७. अत्र शब्दवृत्तिश्चतुर्धा सूक्ष्मा पश्यन्ती मध्यमा वैखरी चेति । तत्र ज्ञानैकाश्रया अर्थसामान्यप्रकाशिका वाणी सूक्ष्मा । मयूराण्डरसवदविभक्तवर्णार्थविशेषबोधनाक्षमा वाणी पश्यन्ती । बुद्ध्युपारुढवर्णा तत्क्रमविशेषोपेता प्राणवृत्त्यगोचरीभूता सैव मध्यमा । प्राणवृत्यभिव्यक्ता श्रोत्रग्राह्यार्थविशेषबोधनक्षमा सैव वैखरी । तत्र सूक्ष्मा पश्यन्त्याः, पश्यन्ती मध्यमायाः, मध्यमा वैखर्याश्च कारणं द्रष्टव्यम् । एताश्च वृत्तयोऽणूनां प्रत्यात्मिकाः । तत्र तिस्रोऽन्तरेऽवस्थिताः । अन्या बहिःस्थिता । एते च शब्दाः शुद्धध्वनिः सूक्ष्माः, मिश्रध्वनिः स्थूलाः, अशुद्धध्वनिः स्थूलतराः । – शैवपरिभाषा, चतुर्थ भाग, २०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको छ ।[२५८] यसैगरी नन्दिकेश्वरकाशिकामा पनि चार वाणीको विवेचना गरिएको छ ।[२५९] देवीभागवतमा पनि परा, पश्यन्ती र मध्यमाको उल्लेख पाइन्छ ।[२६०] पश्यन्तीमा पनि चिज्ज्योतिप्रधान रूपले र सूक्ष्म प्राण गौण रूपले रहन्छ । यस अवस्थामा पनि वर्णहरू उत्पन्न हुन्छन् । मध्यमामा चिज्ज्योति गौण र सूक्ष्म प्राणप्रधान रहन्छ भने वैखरीमा स्थूलप्राणप्रधान हुन जान्छ ।[२६१]यसै कुरालाई दृष्टिगत गरेर साम्बपञ्चाशिकाको टीकामा क्षेमराजले 'प्राणसङ्गात् प्रसूतान्' को व्याख्यामा प्राणका तीन प्रकारका स्थिति मानेका छन् । यो परा अवस्था भर्तृहरिको पश्यन्ती अवस्थामा नै अन्तर्निहित हुन जान्छ । उनले वाणीत्रयको मात्र विवेचना गर्नुमा वैखरी, मध्यमा र पश्यन्तीसम्म मात्र वाणीतत्त्वको विवेचन सम्भव छ । परा अवस्थामा द्वैत बुद्धिको सर्वथा अभाव रहन्छ । यसमा वाणीतत्त्वको साक्षात्कार हुने हुँदा यो षोडशकलापूर्ण पुरुषलाई अमृत, अक्षय, अक्षर एवं अविनाशी कला भनिन्छ ।[२६२] सम्पूर्ण वाणीको वास्तविक स्थान मस्तिष्क नै हो । त्यहींबाट आविर्भूत भएर अधस्तन स्थानहरूमा जान्छ अर्थात् सहस्रारबाट उत्पन्न भएर पिङ्गलाद्वारा मूलाधार त्यहाँबाट इडाद्वारा मणिपुर, अनाहत, विशुद्धमा आएर तत् तत् नाम धारण गर्दै पुनः सहस्रारमा इडाका साथ विलीन हुन जान्छ । यद्यपि महाभाष्य र वार्तिक आदिमा परादिवाणीको चर्चा नभए पनि शिष्टहरूद्वारा समाधिमा पश्यन्तीको साक्षात्कार हुने कुरा स्पष्ट उल्लेख हुनुका साथै वैयाकरणलाई पश्यन्तीको समानार्थक मानेको सन्दर्भ र व्याकरण अध्ययनद्वारा परब्रह्म प्राप्तिको प्रसङ्गलाई समेत विचार गर्दा[२६३] ती ती स्थानहरूमा आएर परा पश्यन्तीको रूपमा परिणत हुने कुरा निर्विवाद सिद्ध हुन्छ । यस्तै ऋक्प्रातिशाख्यको भाष्यमा[२६४] उल्लिखित श्रुतिवाक्य र शब्दब्रह्मको ज्ञानान्तर परब्रह्मको साक्षात्कार हुन्छ भन्नेवचनले पनि यसै आशयलाई पुष्टि गर्दछ ।[२६५] भर्तृहरिले शब्दब्रह्म र परब्रह्मलाई एकै मानेका छन् । उनका अनुसार शब्दको प्रवृत्ति तत्त्वलाई जान्नेले ब्रह्मतत्त्व प्राप्त गर्दछ ।[२६६] शब्द त्यो शक्ति

२५८. शब्दाश्चतुर्विधास्तेऽपि वैखर्यादिविभेदतः । वैखरीमध्यमाख्या च पश्यन्ती सूक्ष्मसंज्ञिता ॥
वैखरीश्रोत्रविषया स्थूलवर्णपरिग्रहा । स्थानेष्वपि धृते वायौ प्रयोक्तुरुपकारिणी ॥
बुद्ध्या वर्णानुसन्धानपूर्वमर्थस्य वाचिका । प्राणवृत्तिमतिक्रान्ता वागेषा मध्यमाह्वया ॥
वर्णरूपानुसन्धानविरहान्तःसमुज्ज्वला । मयूराण्डरसो यद्वन्निर्विशेषार्थधारिका ॥
पश्यन्ती वागियं ज्ञेया तृतीया शिवशासने । सूक्ष्मा चिदेकशरणा निवृत्ताशेषशक्तिका ॥ – पौष्करागम, बिन्दुपटल, २०–२४

२५९. सर्वं परात्मकं पूर्वं ज्ञप्तिमात्रमिदं जगत् । ज्ञप्तेर्बभूव पश्यन्ती मध्यमा वाक् ततः स्मृता ॥ वक्त्रे विशुद्धचक्राख्ये वैखरी सा मता ततः । सृष्ट्याविर्भावमाद्यात्ममध्यमा वाक् समायुता ॥ – नन्दिकेश्वरकाशिका ५–६

२६०. परा मध्या च पश्यन्ती नाड्योऽहं विविधाश्च याः । – देवीभागवत ३/६/१०

२६१. या सा मित्रवरुणसदनादुच्चरन्ती त्रिषष्टिं, वर्णानन्तः(वर्णानत्र) प्रकटकरणैः प्राणसङ्गात् प्रसूते ।
तां पश्यन्तीं प्रथममुदितां मध्यमां बुद्धिसंस्थां वाचं वक्त्रे करणविशदां वैखरीं च प्रपद्ये ॥ – साम्बपञ्चाशिका, ४

२६२. तस्यां दृष्टस्वरूपायामधिकारो निवर्तते । पुरुषे षोडशकले तामाहुरमृतां कलाम् ॥ – महाभारत, अश्वमेधपर्व, ब्राह्मणगीता।

२६३. क) पृषोदरादीनि यथोपदिष्टम् । (पा.सू. ६/३/९) को भाष्य ।
ख) तद् व्याकरणमागम्य परं ब्रह्माधिगम्यते । वा.प. १/२२ ।
ग) अतीन्द्रियानसंवेद्यान् पश्यन्त्यार्षेण चक्षुषा ।
ये भावान् वचनं तेषां नानुमानेन बाध्यते ॥ – वाक्यपदीय १/३८

२६४. परापरे ब्रह्मणि यं सदाहुर्वेदात्मानं वेदनिधिं मुनीन्द्राः ।
तं पद्मगर्भं परमं त्वादिदेवं प्रणम्यार्चां लक्षणमाह शौनकः ॥ – ऋक्प्रातिशाख्य १/१ को भाष्य

२६५. शब्दब्रह्मणि निष्णातः परं ब्रह्माधिगच्छति । – मैत्रायण्युपनिषद्

२६६. तस्माद् यः शब्दसंस्कारः सा सिद्धिः परमात्मनः । तस्य प्रवृत्तितत्त्वज्ञस्तद् ब्रह्मामृतमश्नुते ॥ वा.प. १/१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो जसले संसारलाई एक सूत्रमा बाँधेको छ । शब्द नै नेत्र हो अर्थात् समस्त वस्तुहरूको प्रकाशक हो । शब्द प्रतिभात्म छ र समस्त अर्थ प्रतिभारूप छन् । यो शब्दात्मा एक हुँदाहुँदै पनि वाच्यवाचक रूपमा भिन्न-भिन्न प्रतीत हुन जान्छ ।[२६७] भर्तृहरिका अनुसार शब्दब्रह्म एक छ र त्यो संसारको बीजरूप हो । यसैबाट संसारको उत्पत्ति हुन्छ र यही तत्त्व नै स्थितिमा भोक्ता, भोक्तव्य र भोग रूपमा परिणत हुन्छ । यसको अतिरिक्त केही पनि छैन ।[२६८] शब्द नै सबै प्रकारको अर्थको आधार हो । अर्थ समाख्येय होस् या असमाख्येय दुवैको बोध शब्दबाट नै हुन्छ । षड्ज, ऋषभ, गान्धार आदि असमाख्येय अर्थको शब्दद्वारा नै विवेचना गरिन्छ । त्यसै गरी 'गौ' आदि समाख्येय शब्दहरूको पनि यसैले विवेचना गर्दछ । अतः समस्त अर्थहरूको आधार शब्द नै हो ।[२६९]

शब्दार्थसम्बन्ध

हाम्रो परम्पराअनुसार शब्दको अर्थ हुन्छ । हामीलाई त्यसको ज्ञान मातापिता, श्रेष्ठजन, व्याकरण, कोष आदिबाट हुन्छ । शब्द अर्थ संपृक्त हुन्छन् । शब्द स्फोट रूप भएकोले नित्य मानिएको छ । शब्द, अर्थ र यी दुवैको सम्बन्ध पनि नित्य मानिएको छ ।[२७०] भर्तृहरिका अनुसार शब्द र अर्थ एकै आत्मा 'स्फोट'का दुई स्वरूप हुन् । दुवैको स्थिति पृथक् – पृथक् छैन । शब्द र अर्थ अभिन्न रूपले सम्बद्ध छन् । यिनमा कुनै वास्तविक भेद छैन । बाह्य जगत्मा जुन भेद ज्ञात हुन्छ, त्यो तात्त्विक होइन ।[२७१] उनले शब्द र अर्थको वाच्यवाचक सम्बन्धलाई नस्वीकारेर प्रकाश्यप्रकाशक या कार्यकारण सम्बन्धलाई स्वीकार गरेका छन् ।[२७२] शब्दका अर्थमा परिवर्तन भइरहन्छ। कहिले कुनै शब्दको अर्थमा विस्तार हुन्छ, कहीं सङ्कोच हुन्छ र कहीं शब्द अन्य अर्थमा प्रवृत्त हुन्छ । यसरी विचार गर्दा अर्थको नित्यता देखिंदैन। त्यसैले कैयटको कथन छ – जब शब्दको उच्चारण हुन्छ त्यस अवस्थामा बुद्धि अर्थाकारमा परिणत हुन्छ ।यो प्रवाह नित्यता हो । प्रवाह नित्यताका आधारमा अर्थलाई नित्य मानिएको हो ।[२७३] जब शब्दको उच्चारण हुन्छ, त्यसबाट कुनै अर्थको बोध हुन्छ । त्यसैले शब्दको अर्थका साथ हुने सम्बन्धलाई पनि नित्य मानिएको छ । जुन शब्दको उच्चारणबाट जुन अर्थको प्रतीति हुन्छ, त्यही त्यस शब्दको अर्थ हो । अर्थको अन्य कुनै लक्षण छैन ।[२७४] पाश्चात्य विचारकका दृष्टिमा शब्दको त्यस अवस्थामा अर्थ हुन्छ, जब कुनैद्वारा त्यसको प्रयोग गरिन्छ । यसको तात्पर्य हो प्रयुक्त शब्दको मात्र अर्थ हुन्छ, न कि अप्रयुक्त को ।[२७५]

---

२६७. *शब्देष्वेवाश्रिता शक्तिर्विश्वस्यास्य निबन्धनी । यन्नेत्रः प्रतिभात्मायं भेदरूपः प्रतीयते । वा. १/१०९*

२६८. *वाक्यपदीय १/४ ।*

२६९. *षड्जादिभेदः शब्देन व्याख्यातो रूप्यते यतः । तस्मादर्थविधाः सर्वाः शब्दमात्रासु निश्रिताः ॥ – वाक्यपदीय १/११९ ।*

२७०. *नित्याः शब्दार्थसम्बन्धाः समाम्नाता महर्षिभिः । सूत्राणां सानुतन्त्राणां भाष्याणाञ्च प्रणेतृभिः ॥ वा.प. १/२३*

२७१. *अर्थभागैस्तथा तेषामन्तरोऽर्थः प्रकाश्यते । एकस्यैवात्मनो भेदौ शब्दार्थावपृथक्स्थितौ ॥ – वाक्यपदीय २/३१*

२७२. *प्रकाशकः प्रकाश्यत्वं कार्यकारणरूपता । अन्तर्मात्रात्मनस्तस्य शब्दतत्त्वस्य सर्वदा ॥ वाक्यपदीय २/३२*

२७३. *बुद्धिप्रतिभासः शब्दार्थः । यदा यदा शब्द उच्चारितस्तदा अर्थाकारा बुद्धिरुपजायते – इति प्रवाहनित्यत्वादर्थस्य नित्यत्वमित्यर्थः। – महाभाष्य १/१/१ को प्रदीप*

२७४. *यस्मिंस्तूच्चरिते शब्दे यदा योऽर्थः प्रतीयते । तमाहुरर्थं तस्यैव नान्यदर्थस्य लक्षणम् ॥ – वा.प. २/३२८*

२७५. *Words as every one knows, mean nothing by them selves ..... It is only when a thinker makes use of them that they stand for anything, or in one sense, have meaning . – Ogden and Richards : The Meaning of Meaning, pp. 9-10.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ विचारणीय कुरा के छ भने वैयाकरणहरूले शब्द र अर्थमा तादाम्यसम्बन्ध अर्थात् भेदाभेदसम्बन्ध मान्दछन् भने तान्त्रिकहरूले प्रकाश र त्यसको स्वभावभूत विमर्शमा ऐकात्म्य मान्दछन् अर्थात् शिव र शिवा (प्रकाश र विमर्श) को नित्य अविनाभाव सम्बन्ध छ ।[२७६] शाङ्करवेदान्तले पनि ब्रह्म र जगत्‌मा आध्यासिक तादात्म्य मान्दछ । अनन्यत्वाधिकरणको शाङ्करभाष्यमा अनत्यत्वरूप तादात्म्यको स्थापना गर्दै भेद कल्पित र अभेदलाई वास्तविक मानिएको छ । त्यहाँ अभेदको पारिभाषिक अर्थ हो उपादान सत्ता अतिरिक्त सत्ता शून्य हुनु।[२७७] ठीक यसको विपरीत एउटा मत वैयाकरणहरूको छ । जसअनुसार शब्द र अर्थको अभेद आरोपित हो र भेद नै सत्य हो ।[२७८]अर्कोतर्फ तन्त्रमा शब्द र अर्थको ऐकात्म्य स्थापित गरिएको छ ।[२७९] यथार्थमा शब्द र अर्थ, अभिधान र अभिधेय, प्रकाश र विमर्श, माया र ब्रह्म, शक्ति र शक्तिमान् यी सबै युग्मक अभिन्न नै हुन्छन् ।[२८०] प्रकाश विमर्श पर्याय शिव र शक्तिको अभेदकै कारण ललितासहस्रनाममा देवीको नाम शिवमूर्ति पनि भनिएको छ । त्यसैले शिव र देवीको अभेद ज्ञानबाट नै मोक्ष प्राप्त हुने कुरामा शास्त्रहरूको सहमति छ ।[२८१]

शब्दको स्वरूप

पतञ्जलिले शब्दको परिभाषा गर्दै भनेका छन् – गो शब्द त्यो हो जसको उच्चारणले सास्ना लाङ्गूल आदिले युक्त गो वस्तुको ज्ञान हुन्छ ।[२८२] त्यो सत्ता जसलाई शब्द भन्दछन् र जसका द्वारा अर्थको बोध हुन्छ त्यो 'स्फोट' हो । स्फोट नित्य छ । नाद (ध्वनि)बाट त्यसको अभिव्यक्ति हुन्छ । पतञ्जलिले स्फोटका अतिरिक्त लोकमा प्रचलित ध्वनिलाई पनि शब्द मानेका छन् । जसबाट अर्थको प्रतीति हुन्छ ।[२८३] उनका अनुसार स्फोट र ध्वनिमा अन्तर छ । स्फोट नै वस्तुतः शब्द हो । स्फोट नित्य छ, त्यसमा अल्पता, महत्ता आदिको स्थिति छैन। ध्वनि शब्दको गुण हो । यो शब्दको व्यञ्जक हो । ध्वनिद्वारा शब्दको अभिव्यक्ति हुन्छ । अन्तःस्फोट व्यंग्य हो र ध्वनि व्यञ्जक । व्यञ्जक ध्वनिविना स्फोटको अभिव्यक्ति हुन सक्दैन । शब्द नष्ट हुन्छ, शब्द उच्च या निम्न हुन्छ । यी सबै ध्वनिका विशेषता हुन् । लघुता, वृद्धि, अल्पता र महत्ता ध्वनिकै कारण हुन्छ ।[२८४] यसरी शब्दका दुई स्वरूप छन् – स्फोट र ध्वनि । यिनीमध्ये ध्वनिकै अल्प या महान् रूपका देखिन्छ। मनुष्यहरूमा स्फोट र ध्वनि दुवै लक्षित हुन्छन् – मनुष्यको वाणीद्वारा उच्चरित शब्द स्फोट र ध्वनि दुवै रूप हुन्छन् । यसको विपरीत पशुपक्षी आदिमा केवल ध्वनिको ग्रहण हुन्छ ।

यसैगरी शास्त्रकारहरूले शब्दको बारेमा प्रकारान्तरबाट पनि विचार गर्दै शब्दलाई नित्य र कार्य गरी दुई

---

२७६. *तल्लीनमस्त्वविरहः शिवयोः स्वभावः । – मातृका चक्रविवेक*

२७७. *उपादानसत्तातिरिक्तसत्ताशून्यत्वम् । – ब्रह्मसूत्र अनन्यत्वाधिकरण शाङ्करभाष्य*

२७८. *तादात्म्यञ्च तद्भिन्नत्वे सति तदभेदेन प्रतीयमानत्वम् । अभेदस्याध्यासत्वान् न तयोर्विरोधः । – नागेश, वैयाकरणलघुमञ्जूषा।*

२७९. *न हि प्रकाशैकात्मकबोधैकरूपत्वादृते किमप्येषा–(भावना)मप्रकाशनं वपुरुपपद्यते । – परात्रिंशिका, अभिनवगुप्ताचार्य*

२८०. *वृत्तिवृत्तिमतोरत्र भेदलेशो न विद्यते । चन्द्रचन्द्रिकयोर्यद्वत् यथा वागर्थयोरिव ।। – नन्दिकेश्वरकाशिका ११*

२८१. *एको रुद्रः सर्वभूतेषु गूढो मायारुद्रः सकलो निष्कलश्च । सा एव देवी न च तद्विभिन्ना एतज्ज्ञात्वामृतत्वं व्रजन्ति ।। – ललितासहस्रनामको टीकाबाट ।*

२८२. *येनोच्चारितेन सास्नालाङ्गूलककूदखुरविषाणिनां संप्रत्ययो भवति स शब्दः । – महाभाष्य १/१/१*

२८३. *प्रतीतपदार्थको लोके ध्वनिः शब्द इत्युच्यते । – महाभाष्य १/१/१*

२८४. *स्फोटः शब्दः । ध्वनिः शब्दगुणः । स्फोटस्तावानेव भवति । ध्वनिकृता वृद्धिः । ध्वनिः स्फोटश्च शब्दानां ध्वनिस्तु खलु लक्ष्यते । अल्पो महांश्च केषाञ्चिदुभयं तत् स्वभावतः ।। – महाभाष्य १/१/७०*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकारका मानेका छन् । निरुक्तमा शब्दलाई व्यापक भनिएको छ ।[२८५] महाभाष्यकार पतञ्जलिले शब्दलाई ज्ञानरूप मानेका छन् ।[२८६] शब्दलाई अणु र वायु परिणाम मात्रै मत पनि शास्त्रमा उपलब्ध हुन्छ ।[२८७]शब्दको नित्यत्वबारे श्लोकवार्तिक टीकामा पार्थसारथि मिश्रले अन्य प्रतिस्पर्धीहरूका भावहरू उपस्थापित गरेर शब्दका बारेमा विशेष विचारहरू प्रस्तुत गरेका छन् ।[२८८] वायु शब्द भनेर शिक्षाकारहरूले उल्लेख गरेका छन् । शुक्ल यजुर्वेद प्रातिशाख्यमा पनि शब्दलाई वायवीय मानिएको छ ।[२८९] तैत्तरीयप्रातिशाख्यमा अनादिनिधन विभुरूप शब्द, जसलाई ब्रह्म भनिएको छ, त्यही नै सम्पूर्ण वर्णहरूको प्रकृति अर्थात् उपादान कारण हो । वर्णहरूको उत्पत्तिमा वायुलाई निमित्तकारण मानिएको छ ।[२९०] त्यसैगरी अर्को सूत्रमा वायुलाई करणको रूपमा मानेर शब्दलाई वायवीय नभएको कुरा प्रस्तुत गरिएको छ ।[२९१] यसको विपरीत ऋक्प्रातिशाख्यमा शब्दलाई वायुरूप र नित्य दुवै मानिएको छ ।[२९२] यसरी वायु शब्द भनेर शिक्षाविद्ले भनेको कुरालाई शुक्लयजुः प्रातिशाख्यका अनुयायीहरूले समर्थन गर्दछन् भने ऋक्प्रातिशाख्यमा वायवीय र तद्विपरीत मत उपलब्ध हुन्छन् । तैत्तरीय प्रातिशाख्यले शब्दलाई नित्य ब्रह्मस्वरूप भन्दै अणु शब्दबाट तन्मात्राको उत्पत्ति मानेको छ । वैयाकरणहरूले शब्दलाई ज्ञानस्वरूप मानेका छन्। यसै ज्ञानबाट पश्यन्ती स्वरूप भएर शिष्ट पद प्राप्त हुन्छ। यसैद्वारा नै परम ज्योतिलाई प्राप्त गर्न सकिन्छ ।[२९३]

सारांशमा भन्दा यो शब्दरूप वाणीसँग सख्यभाव प्राप्त गर्नेले स्थिर आनन्द प्राप्त गर्दछ । यसको विपरीत जो यसको मायाजालमा नै विचरण गर्दछ, त्यसको समस्त अध्ययन र श्रवण निष्फल हुन्छ । अर्थतत्त्व नै वाणीको फलफूल हो । अर्थज्ञान वञ्चित सदैव निष्फल हुन्छ ।[२९४] अक्षर तत्त्वबाट नै वाणीत्रयीको विकास भएको हो । त्यही वैखरी, मध्यमा र पश्यन्तीको प्रेरक हो ।[२९५] यो विरूप र नित्य छ ।[२९६] विरूपको अर्थ हो – यो आकार आदिबाट अलग भएकोले निराकार र अमूर्त छ । अर्कोतर्फ निराकार हुँदाहुँदै पनि यो अनेक रूप र आकारले युक्त छ । यही यस वाणीको स्वरूप हो । वाणीबाट नै अर्थतत्त्वको विकास भएको हो । अर्को शब्दमा सम्पूर्ण रूपात्मक जगत् सृष्टिको आदिकारण पनि यही हो । यसैले नै अर्थहरूलाई प्रकाशित गर्दछ।[२९७]

---

२८५. *व्याप्तिमत्त्वात्तु शब्दस्य । – निरुक्त १/२/४*

२८६. *ज्योतिर्वज्ज्ञानानि भवन्ति । – महाभाष्य १/२/४*

२८७. *वायोरणूनाम् । – वा.प. १/१०८ र अणवः सर्वशक्तित्वात् भेदसंसर्गवृत्तयः ।*
अभ्राणीव प्रचीयन्ते शब्दाऽख्याः परमाणवः।। – वा.प. १/१११-१२

२८८. *वक्तव्यश्चैष कः शब्दो नाशित्वेन प्रसाध्यते । त्रिगुणः पौद्गलो वायमाकाशस्याथवा गुणः ।।*
वर्णादन्योऽथ नादात्मा वायुरूपोऽर्थवाचकः । पदवाक्यात्मकः स्फोटः सारूप्यान्यनिर्वर्तने ।।
एतेषामस्त्वनित्यत्वं नास्माकं तेषु नित्यता ।। – श्लोकवार्तिक ३१८-२० ।

२८९. *वायुः खात् । – अ. १ सू ६, शब्दस्तत् । – अ. १ सू. ७*

२९०. *शब्दः प्रकृतिः सर्ववर्णानाम् । – तै. अ. २ सू. २*

२९१. *वायुशरीरसमीरणात् कण्ठोरसोः सन्निधाने । –तै.अ. २ सू. २*

२९२. *प्राणो वायु, । ऋक्प्रा. १३/१,ये के वर्णान् शाश्वतीकान् न कार्यान् । – ऋक्प्रा. १३-१४*

२९३. *स ब्रह्मामृतमत्यन्तं योनिं सदसतोध्रुवम् । महच्चाणु च विश्वेशं विशति ज्योतिरुत्तमम् ।। – बृ. दे. ७/१०९*

२९४. *निरुक्त १/२०*

२९५. *तिस्रो वाचः ईरयति प्र वह्निर्ऋतस्य धीतिं ब्रह्मणो मनीषाम् । – ऋ. १०/९७/३४, निरुक्त १३/२७*

२९६. *वाचा विरूपा नित्यया । ऋ. ८/७५/६*

२९७. *वाक् पुनः प्रकाशयत्यर्थान् । – निरुक्त ९/१९*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थतत्त्वको दर्शनबाट नै ऋषित्व प्राप्ति र आनन्द लाभ हुन्छ ।[२९८] त्यसैले यसलाई सर्वज्ञ मानिन्छ ।[२९९] रूपरहित ब्रह्मतत्त्व नै यसको आधार र परम तत्त्व हो ।[३००] यस एकात्मक अक्षररूप वाणीलाई विद्वान् र कविहरूले अनेक रूपमा प्रस्तुत गर्दै सहस्रधारा बनाए । तिनीहरूले यसैको आश्रय लिएर सात स्वर र सात छन्दको रचना गरे ।[३०१] जसले यसका अन्तर्निहित तीन पाद (परा, पश्यन्ती र मध्यमा)लाई साक्षात्कार गर्दछ, त्यो पिताको पनि पिता हुन जान्छ अर्थात् परमतत्त्वज्ञ एवं शब्दतत्त्वज्ञ हुन जान्छ ।[३०२] यो सच्चिदानन्द स्वरूप छ । यही सृष्टि, स्थिति र प्रलयको कारण एवं आदिकारण हो । यही ब्रह्मस्वरूप अक्षररूपी वाणी उपनिषद्को ओङ्कार, योगको प्रणव, तन्त्रको विमर्शस्वरूपिणी पराशक्ति र वैयाकरणको शब्दब्रह्म हो । यसैको उपासनाद्वारा परमज्योति प्राप्त गर्न सकिन्छ ।[३०३] शास्त्रहरूमा तम र ज्योति शब्दको प्रयोग भएको छ ।[३०४] तम प्रस्फुटित हुँदा स्वतः प्रकाश प्राप्त हुन्छ । त्यहाँ अनाहत नाद श्रवण हुन्छ । यसैको माध्यमबाट उत्तम ज्योति प्राप्त हुन्छ । यो भौतिक ज्योति नभएर विशुद्ध ज्ञानरूप चित् पद वाच्य ज्योति हो । योगद्वारा नै योगलाई प्राप्त गर्न सकिन्छ ।[३०५] यसै वाणीको साधनारत शिष्टयोगीहरूले प्रातिभ ज्ञानद्वारा अतीन्द्रिय एवं मनसा अगम्य भावहरू देख्दछन्।[३०६] वाणीले ज्ञानरूपले पदार्थहरू देख्छ, वक्ताका रूपले स्थूलशब्दहरू बोल्दछ, आफूमा निहित शक्तिले समग्र अर्थ (विषय)हरूलाई उत्पन्न गर्दछ, यसैमा विविधतायुक्त विश्व स्थित छ र यसैले आफूलाई भोक्ता र भोग्य रूपमा विभक्त गरेर उपभोग गर्दछ।[३०७] यस्तो विविध शक्ति र महिमायुक्त नित्य ज्योतिस्वरूपिणी वाणीका बारेमा आचार्य शङ्करद्वारा व्यक्त भावमा आफ्नो भावलाई अन्तनिर्हित गर्दै यो लेख यहीं टुङ्ग्याउँछु –

शब्दब्रह्ममयी चराचरमयी ज्योतिर्मयी वाङ्मयी
नित्यानन्दमयी निरञ्जनमयी तत्त्वन्मयी चिन्मयी ।
तत्त्वातीतमयी परात्परमयी मायामयी श्रीमयी
सर्वैश्वर्यमयी सदाशिवमयी मां पाहि मीनाम्बिके ।।

– मीनाक्षीस्तोत्र

---

२९८. *ऋषेर्दृष्टार्थस्य प्रीतिर्भवत्याख्यानसंयुक्ता । – निरुक्त १०/१०*
२९९. *विश्वमिदं वाचम् । ऋ. १/१६४/१०*
३००. *पृच्छामि वाचः परमं व्योम । ब्रह्मायं वाचः परमं व्योम । –ऋ. १/१६४/३४–३५*
३०१. *अक्षरेण मिमते सप्तवाणीः । – ऋ. १/१६४/४४, सुपर्णं विप्राः कवयो वचोभिरेकं सन्तं बहुधा कल्पयन्ति । तं धीरा वाचा प्रणयन्ति सप्त । ऋ. १०/११४/५–७ ।*
३०२. *त्रीणि पदानि निहिता गुहास्य यस्तानि वेद स पितुः पितासत् । – यजुर्वेद ३२/९*
३०३. *ज्योतिरजरं ब्रह्म तद्योगात् समुपाश्नुते । – बृ.दे. ७/१०९*
३०४. *(क) आसीदिदं तमोभूतमप्रज्ञातमलक्षणम् । – मनु. १/५,*
(ख) तमसो मा ज्योतिर्गमय । बृ.उ. १/३/२८
३०५. *योगेन योगो ज्ञातव्यो योगो योगात् प्रवर्तते । यो नियुक्तो हि योगेन स योगे रमते चिरम् ।। वायुपुराण ५/३४–३५*
३०६. *अतीन्द्रियानसंवेद्यान् पश्यन्त्यार्षेण चक्षुषा । ये भावान् वचनं तेषां नानुमानेन बाध्यते ।। वा.प. १/३८*
३०७. *वागेवार्थं पश्यति वागेव ब्रवीति वागेवार्थं निहितं सन्तनोति ।*
वाच्येव विश्वं बहुरूपं निबद्धं तदेतदेकं प्रविभज्योपभुङ्क्ते ।। वा.प. १/१०९ को टीकाबाट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्भाव्य र उपलब्धिमूलक अनुसन्धान-कार्यक्रमहरूको योजना*

- प्रा. दिनेशराज पन्त

अभिलेखको आधारमा ठोकेर भन्न सकिने नेपालको पहिलो प्रामाणिककाल लिच्छविकाल हो । लिच्छविकालका २०० वटाभन्दा केही बढी अभिलेख पाइएका छन् । लिच्छविकालका ती सबै अभिलेख संस्कृत भाषामा छन् । यसबाट नेपालको इतिहासको शुरूदेखि नै संस्कृतको अत्यन्त महत्त्व रहेको कुरा स्पष्ट हुन्छ ।

प्राचीन कालमा गुरुकुलमा बसी शिक्षा लिनेदिने पद्धति भएकोमा श्री ५ सुरेन्द्रविक्रम शाहको पालामा श्री ३ जङ्गबहादुरको शासनकालदेखि संस्थागत रूपमा संस्कृतविद्यालयहरूको स्थापना हुनथाल्यो । शुरूमा ग्रन्थ कण्ठस्थ गर्ने पद्धतिबाट पढाइ हुने संस्कृतविद्यालयहरूमा क्रमशः परीक्षापद्धतिको माध्यमबाट पढाइ हुन थाल्यो र त्यसैको आधारमा उपाधि प्राप्त गरेका विद्वान्हरू निस्कन थाले । संस्कृतका शास्त्रीय विषयहरूको अध्ययन-अध्यापन मात्र हुने गरेकोमा वि.सं. २००४ को **जयतु संस्कृतम्** आन्दोलनको फलस्वरूप आधुनिक विषयहरू पनि क्रमशः संस्कृत शिक्षामा प्रवेश गराइए । धेरै कालसम्म पाठशालाको तहमा चलेर आइरहेको संस्कृत शिक्षा वि.सं. २००८ देखि महाविद्यालयको रूपमा अघि बढ्यो । संस्कृतको छुट्टै विश्वविद्यालय हुनुपर्छ भन्ने जोडदार माग उठिरहेकै बेलामा र त्यसमा पनि वि.सं. २०२४ मा संस्कृतविश्वविद्यालयको स्थापनाको लागि दाङमा सम्मेलन भइसकेको अवस्थामा नयाँ शिक्षायोजना लागू भएपछि त्रिभुवनविश्वविद्यालयअन्तर्गत रहने गरी वि.सं. २०३० मा **संस्कृतअध्ययनसंस्थान**को स्थापना भयो । संस्कृतअध्ययनसंस्थानको स्थापना भएको १४ वर्षपछि वि.सं. २०४३ मा **महेन्द्रसंस्कृतविश्वविद्यालय**को स्थापना भयो ।

हाम्रा प्राचीन ग्रन्थमा पाइने टीका; भाष्य आदि सबै अनुसन्धानका रूप हुन् भन्ने स्पष्ट भए तापनि आधुनिक परिभाषाअनुसारको अनुसन्धान भने संस्थागत रूपमा संस्कृतअध्ययनसंस्थानको स्थापना भएपछि नै भएको हो । ग्रन्थसम्पादन, लघुअनुसन्धानपरियोजना, विद्यावारिधिकार्यक्रम आदिबाट अघि बढिरहेको यो कार्यक्रम महेन्द्रसंस्कृत- विश्वविद्यालयको स्थापनापश्चात् पनि त्यही रूपमा अघि बढिरहेको छ ।

संस्कृत वाङ्मयको क्षेत्र ज्यादै विशाल छ । वेद, वेदाङ्ग, उपनिषद्, स्मृति, आयुर्वेद, व्याकरण, न्याय, ज्यौतिष, साहित्य आदि विषयहरूका असङ्ख्य ग्रन्थहरूले अनुसन्धानका लागि हामीलाई आह्वान गरिरहेका छन्। यस अवस्थामा हामीहरूका अगाडि निकै काम बाँकी छन् । सबै क्षेत्रमा एकैपल्ट हात हाल्दा काम त्यति राम्रो हुन सक्दैन । त्यसैले शुरूको १० वर्षमा हामीहरूले आफ्नो कार्यक्रम मुख्यतया तल उल्लिखित ढङ्गमा अघि बढाउनु उपयुक्त हुनेछ ।

१. राष्ट्रिय अभिलेखालयमा असङ्ख्य ग्रन्थराशि रहेको कुरा सबैलाई विदितै भएको कुरा हो । ती

* *वि.सं. २०६२ मा विश्वविद्यालय विद्यापीठ, प्राध्यापक सङ्घ एकाईद्वारा आयोजित गोष्ठीमा प्रस्तुत विचारपत्र ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैजसो ग्रन्थको एकसरो सूचीपत्र बाहिर आइसकेको छ भने पनि हुन्छ । त्यसैगरी विश्वका विभिन्न सङ्ग्रहालयमा पनि संस्कृतका अमूल्य ग्रन्थ छन् । तिनको सूची पनि प्रकाशमा आइसकेका छन् । वैद्युत सञ्चारमाध्यमले गर्दा ती सबै अब पहिले जस्तो दुर्लभ पनि छैनन् । ती सबैको अनुगमन गरी अप्रकाशित, तर ज्यादै महत्त्वपूर्ण ग्रन्थहरूको सूची पहिले तयार गर्ने र क्रमशः तिनको सम्पादन गराउँदै जाने गर्नुपर्छ ।

क) हामीकहाँ अक्सर कुनै काम गराउँदा कुनै विद्वान्ले कुनै कुराको प्रस्ताव पेश गरेपछि त्यसलाई स्वीकृत गर्ने वा अस्वीकृत गर्ने ढङ्गले काम गर्ने चलन छ । यसले गर्दा स्वीकृत भई काम भएको खण्डमा पनि एउटा विद्वान्ले आफ्नो ज्ञानको आधारमा त्यो काम गरेको हुनाले त्यसमा निकै सीमितता हुनसक्छ । यस दोषको निराकरणका लागि म.सं.वि.मा पढाइ हुने तथा नहुने आवश्यक विषयका विशेषज्ञसम्मिलित स्थायी प्रकृतिको समिति बनाई त्यस समितिले निर्धारण गरेको सूचीभित्रका ग्रन्थलाई प्राथमिकता दिई सम्पादन गराउन लगाउने ।

ख) सम्पादन गर्न ग्रन्थ छान्दा आफ्नो-आफ्नो विषयका महत्त्वपूर्ण ग्रन्थ छान्ने । यसो गर्दा कुनै कुनै विषयका महत्त्वपूर्ण ग्रन्थ निकै बाँकी रहने तथा सबै विषयको कोटा पुऱ्याउने विचार गर्दा अपेक्षाकृत कम महत्त्वका ग्रन्थको पनि सम्पादन गर्नुपर्ने स्थिति आउन सक्छ । यथाशक्य यस्तो स्थिति आउन नदिनेतिर त्यस समितिले विचार गर्ने ।

ग) सम्पादन गर्ने ग्रन्थ छान्दा मुख्यतया आफ्नो-आफ्नो विषयका महत्त्वपूर्ण ग्रन्थ छान्ने, यसो गर्दा नेपालमा बनेका, तर त्यति महत्त्वपूर्ण नठहरिने ग्रन्थलाई पनि देशको नाताले केही महत्त्व त दिने, तर पूर्ण महत्त्व भने नदिने ।

२. नेपालमा बोलिने धेरै भाषा संस्कृत भाषाको नजीकका भाषा हुन् भन्ने कुरा सबैलाई थाहै छ । तर संस्कृतको नाम भनेपछि तर्सिने वा विरोध देखाउने ठूलो जमात नेपालमा क्रमशः खडा हुँदै गएको छ । यस परिप्रेक्ष्यमा सबै भाषाको संस्कृतसँगको सामीप्यको बारेमा प्रामाणिक रूपमा अनुसन्धान गराउनुपर्ने टड्कारो आवश्यकता छ । यसले गर्दा एकातिर संस्कृतको महत्त्व बढ्छ भने अर्कोतिर राष्ट्रिय एकतालाई पनि बल पुग्छ ।

३. हाम्रो देशमा प्रतिवर्ष पञ्चाङ्गको प्रकाशन हुन्छ, तर ती पञ्चाङ्ग कति प्रामाणिक छन्, यो विचारणीय छ । महेन्द्रसंस्कृतविश्वविद्यालयमा सिद्धान्त ज्यौतिष, फलित ज्यौतिष, धर्मशास्त्र आदिको पढाइ हुन्छ। म.सं.वि.बाट आफ्नै जनशक्ति र नपुगे बाहिरको जनशक्तिको मद्दत लिएर पनि प्रतिवर्ष प्रामाणिक पञ्चाङ्ग प्रकाशन गर्नुपर्छ । यसो गर्दा दुनियाँले प्रामाणिक पञ्चाङ्गको प्रयोग गर्न पाउने र त्यसबाट संस्कृतको महत्त्व बढ्छ । यसका साथै यी विषयका अध्यापकहरूले आफूले पढेको विषयको प्रयोगात्मक अभ्यासको मौका पाउँछन् भने विद्यार्थीहरूले पनि प्रयोगात्मक पढाइको मौका पाउँछन्।

४. हामी नेपाली गरिब छौँ र यसका विभिन्न कारणमध्ये नेपालीको स्वास्थ्य त्यति ठीक नहुनु पनि प्रमुख कारण हो भन्ने कुरा सबैलाई थाहै छ । जबसम्म हामीले आयुर्वेदको राम्रो अध्ययन गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीलाई निरोगी बनाउन सक्दैनौं, तबसम्म हाम्रो उन्नति हुँदैन भन्ने स्पष्ट छ । आयुर्वेदका प्राचीन ग्रन्थको राम्रो अनुशीलन संस्कृतको सामान्यज्ञानले मात्र हुन सक्दैन । आयुर्वेदको समुचित विकासका लागि संस्कृतको गहन अध्ययन–अनुसन्धानको आवश्यकता पर्दछ । आधुनिक चिकित्सा पद्धतिबाट सफल नभएका वा आंशिकरूपमा मात्र सफल भएका एक दुई रोगलाई छानी आयुर्वेदको माध्यमद्वारा त्यसको अनुसन्धान गरी पूर्णरूपमा रोगलाई निर्मूल पार्ने ढङ्गले काम गर्नुपर्छ । यसबाट संस्कृतलाई जनमुखी बनाउन मद्दत मिल्छ ।

५. आजकाल हामीकहाँ सिमेन्टद्वारा बनेका घरहरू बन्न थालेका छन् र तिनले हाम्रो पुरानो पद्धतिबाट बनेका घरहरूलाई क्रमशः विस्थापित गर्दैछन् । सिमेन्टद्वारा बनेका घरहरूमा जाडोमा ज्यादै चीसो र गर्मीमा ज्यादै गरम हुने कुरा पनि सबैले अनुभव गरेकै हो । पाश्चात्त्य प्रविधिबाट बनेका घरहरूभन्दा हाम्रो प्राचीन पद्धतिबाट बनेका घरहरू ठूलठूला भूकम्पबाट पनि त्यति क्षतिग्रस्त नभएका उदाहरण इतिहासमा निकै पाइएका छन् । यसैले हामीले आफ्नो प्राचीन पद्धतिलाई पुनरुद्धार गर्नुपरेको छ । यसको लागि राष्ट्रिय अभिलेखालयमा रहेका यस विषयका पुस्तकहरूमध्ये महत्त्वपूर्ण केही पुस्तकको सम्पादन गरी प्रकाश गर्नुको साथै यस पद्धतिलाई सबैले बुझ्ने ढङ्गले प्रचार गर्न सकियो भने त्यसबाट संस्कृतको प्रभाव निकै बढ्छ ।

यसरी १० वर्षभित्रमा मुख्यतया माथि उल्लिखित कुरालाई ध्यान दिई कार्यक्रम अघि बढाउने र सामान्य अनुसन्धानलाई यस अवधिमा खास महत्त्व नदिने गरी कार्यक्रम सञ्चालन गर्ने । तर सामान्य ज्ञानको आधारमा मात्र यी कार्यक्रम सुचारुरूपले चल्न सक्दैनन् । यी कार्यक्रम सुचारुरूपले सञ्चालन गर्न ध्यान दिनुपर्ने केही कुराको उल्लेख तल गरिन्छ ।

१) संस्कृतभाषाका निकै ग्रन्थ प्रकाशित भइसकेका छन् र यो क्रम प्रतिवर्ष बढ्दो छ । त्यसैगरी संस्कृतको विषयलाई लिएर गरिएका अनुसन्धानात्मक ग्रन्थको सङ्ख्या पनि निकै ठूलो छ । फाट्टफुट्ट रूपमा विभिन्न सङ्ग्रहालयगा यस्ता पुस्तक भए पनि तिनको सङ्ग्रह नेपालमा अहिलेसम्म राम्ररी हुनसकेको छैन । सुचारुरूपमा अनुसन्धान चलाउन यस्ता पुस्तक–पत्रिकाको सङ्ग्रह गरी एउटा गतिलो पुस्तकालय खडा गर्नुपर्छ । म.सं.वि. अनुसन्धानकेन्द्रअन्तर्गत रहने यस्तो पुस्तकालय काठमाडौँमा हुनुपर्छ ।

२) संस्कृत विषयका अतिरिक्त संस्कृतेतर विषयका विषयमा पनि सोपाधिक वा निरुपाधिक अनुसन्धान गराउने प्रवृत्ति हामीकहाँ रहिआएको छ । संस्कृतमा गहनगति नभएका विद्वान्हरूलाई पनि संलग्न गराउने दृष्टिकोणले शीर्षकमा संस्कृतको नाम जोडिदिएर अनुसन्धान गराउने प्रवृत्ति पनि हामीकहाँ छ । यस्ता कामले संस्कृतमा चञ्चुप्रवेश भएका र संस्कृतप्रति सामान्य श्रद्धा राख्ने जमात तयार गर्न त सजिलो होला, तर त्यसले संस्कृतको महत्त्व बढ्न सक्दैन । यसैले यस्ता अनुसन्धानलाई निरुत्साहित गर्नुपर्छ ।

३) विक्रमको पन्ध्रौं शताब्दीमा शुरूभएको पुनर्जागरणबाट अघि बढेका पाश्चात्यहरूले ग्रीक, ल्याटिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि भाषाको अध्ययनबाट प्राचीन ग्रन्थको गुण-दोषको परीक्षा गर्ने पद्धति चलाए । विस्तारै संस्कृतपट्टि पनि उनीहरूको चाख बढ्दै गयो र त्यतातिर उनीहरूले काम गर्न थाले । ग्रीक, ल्याटिन आदि भाषा जसरी पाश्चात्यहरूले पढे, त्यसरी संस्कृत पढ्न उनीहरूले नसकेकाले वा नखोजेकाले संस्कृत भाषाको उच्च ज्ञान उनीहरूमा आएन । प्रसिद्ध विद्वान् म्याक्समूलरले "हामीहरूलाई संस्कृत पढ्नु भने पर्छ, लेख्नु भने कहिले पनि पर्दैन । खासगरी भारतवर्ष के हो र भारतवर्ष कस्तो भएको छ भनी जान्न हामी खोज्छौँ । हामी यसको वाङ्मय, यसको दर्शन आदि बुझ्न खोज्छौँ र त्यही कामले प्रशस्त समय लिन्छ । त्यसैले संस्कृत लेख्ने अभ्यास गर्ने कुरा हामी कहिल्यै पनि सोच्दैनौँ " भनी लेखेजस्तै संस्कृतमा भएका कुराको अध्ययन- अनुसन्धानमा पाश्चात्यहरूले जो परिश्रम गर्दै आएका छन्, त्यो स्तुत्य छ । तर संस्कृतका महत्त्वपूर्ण ग्रन्थहरूलाई प्रामाणिक ढङ्गमा सम्पादन गर्नको लागि जुन तहको शास्त्रीय ज्ञानको आवश्यकता हुन्छ, त्योचाहिँ त्यस पद्धतिबाट पढेका व्यक्तिमा कमै हुन्छ । पाश्चात्यहरूले निरन्तर अनुसन्धानमा संलग्न रही संस्कृतको बारेमा निकै महत्त्वपूर्ण काम गरिसकेका छन् । ती सबैको सङ्कलन, अनुगमन निश्चय नै हुनुपर्छ । त्यसको साथै उनीहरूले निकालेका प्रविधिको अनुशीलनबाट ग्रन्थसम्पादन आदिमा पनि निकै मद्दत मिल्छ । यसको लागि बाह्य शैक्षिक प्रतिष्ठानहरूसँग सहयोगको आदान-प्रदानका कुरामा हामीले ध्यान दिनुपर्छ । तर संस्कृतका शास्त्रीय विषयमा आधिकारिक विद्वान्हरू तयार पारी त्यसको माध्यमद्वारा प्रामाणिक ग्रन्थसम्पादन आदिको लागि भने हामीले आफ्नै पद्धतिको पुनरुद्धार गर्नुबाहेक अर्को विकल्प छैन भन्ने कुरा यस प्रसङ्गमा सम्झनुपर्छ ।

संस्कृतको पढाइमा ह्रास आयो, आचार्य पास भएका मानिस पनि संस्कृत बोल्न लेख्न नसक्ने अवस्थामा पुगे, यसकारण संस्कृतमा विशिष्ट धार र सामान्य धार चलाउनुपर्छ भन्ने कुरा आइरहेको छ । संस्कृतलाई विशिष्ट धार वा सामान्य धार केमा चलाउनुपर्छ, अथवा दुवै धारमा चलाउनुपर्छ, परम्परागत ढङ्गले चलेर आइरहेको हाम्रो पद्धतिमा यसको प्रभाव के पर्छ भन्ने कुरा बढी अध्ययन, छलफलको विषय हुनसक्छ । तर जहाँसम्म अनुसन्धानको कुरा छ ः आफ्नो शास्त्रमा वैशिष्ट्य हासिल गरेका व्यक्तिले नै राम्रो अनुसन्धान गर्नसक्ने र त्यस्तो अनुसन्धान नै काम लाग्ने भएकोले अनुसन्धानकै दृष्टिले मात्र भए पनि संस्कृतका सबै विषयमा विशिष्ट धार चलाउनुपर्दछ । सामान्यतया त्यस्तो धार चलाउँदा यस्तो गर्नु वाञ्छनीय हुन्छ -

क) पाठशालाको तहदेखि नै केही विद्यार्थीलाई छानी विशेषरूपमा संस्कृत पढाउन शुरू गर्ने ।

ख) यसरी पढाउँदा अहिलेको सामान्य पढाइमा जस्तो धेरै ग्रन्थ नराख्ने, अत्यन्त महत्त्वपूर्ण यथाशक्य पुराना ग्रन्थ पाठ्यपुस्तकको रूपमा राख्ने र ती ग्रन्थ सम्पूर्ण कण्ठस्थ गराउने ।

ग) एक जना अध्यापकलाई बढीमा २ जना विद्यार्थीको मात्र भार बोकाउने, छात्र तथा अध्यापक दुवैलाई प्रतिदिन कमसेकम १२ घण्टा अध्ययनअध्यापनको लागि एकै ठाउँमा राख्ने व्यवस्था मिलाउने ।

घ) यस पद्धतिबाट पढाइने विद्यार्थीलाई अङ्ग्रेजी भाषाबाहेक अरू आधुनिक विषयको भार नबोकाउने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ङ) यस पद्धतिबाट आचार्य तहसम्म अध्ययन गरी आफ्नो पढाइ पूरा गर्ने विद्यार्थीलाई निजले चाहेमा महेन्द्रसंस्कृतविश्वविद्यालयभित्रै अध्यापन वा अनुसन्धानकार्यक्रममा संलग्न हुने मौका दिने ।

माथिका यी कुराहरूमा विशेष ध्यान दिई तथा अरू पनि आवश्यक सुधार गरी कार्य सञ्चालन गर्दै जानुपर्छ । काम गर्दै जाँदा आइपरेका अप्ठ्याराको आधारमा आफ्नो नीतिमा आवश्यक परिमार्जन गर्दै काम अघि बढाउन सकियो भने केही कालमा नेपालमा आफ्नो-आफ्नो विषयमा आधिकारिक विद्वान्‌हरूको समूह तयार हुनेछ र त्यसैको आधारमा सुचारुरूपमा अनुसन्धानकार्यक्रम पनि चल्नेछ । म.सं.वि.का संस्थापक कुलपति श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट प्राप्त "देशमा आज विभिन्न शास्त्रीय विषयहरूमा आधिकारिक विद्वान्‌हरूको खाँचो छ। महेन्द्रसंस्कृतविश्वविद्यालयले हाल प्रचलित संस्कृतको अध्ययन-अध्यापनलाई सुव्यवस्थित गरी एक निश्चित समयभित्र देशको आवश्यकतानुसार विशिष्ट शास्त्रीय विद्वान् तयार पार्ने काममा अगाडि बढ्नुपर्छ ।" भन्ने यो निर्देशन पनि यस अवसरमा मननीय छ । यस्तै काम गरी हामी अघि बढ्न सक्यौँ भने निश्चय नै केही वर्षभित्रमा नेपाल संस्कृत विद्याको प्रामाणिक केन्द्र बन्नेछ र संस्कृतविद्याको पुनरुद्धारको श्रेय विश्वले नेपाललाई दिनेछ ।

यो केवल एउटा सामान्य विचारपत्र हो । यस विचारपत्रमा विद्वान् टिप्पणीकारहरू र यस सभामा उपस्थित अरू विद्वान् सहभागीहरूद्वारा यथोचित परिष्कार, संशोधन हुनेछ भन्ने मैले आशा लिएको छु । विद्वज्जनबाट प्राप्त सुझाव मेरो लागि स्वीकार्य छ र त्यसपछि यसले एउटा आकार लिनेछ भन्ने विश्वास मैले लिएको छु ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतमहाकवि सुकृतिदत्तको नेपाली कृति - 'रसमञ्जरी-व्याख्या'

- प्रा.डा. माधवशरण उपाध्याय

नेपालको पर्वतराज्यअन्तर्गत (हालको वाग्लुङको ओखलेमा) जन्मेका संस्कृतवाङ्मयका ख्यातिप्राप्त विद्वान् सुकृतिदत्त पन्तले भानुदत्तरचित रसमञ्जरीको व्याख्या गरेको तथ्य हालसालैको अध्ययनबाट उद्घाटित हुन पुगेको छ । उक्त व्याख्याग्रन्थ राष्ट्रिय अभिलेखालयको लगत नं. ४/२३७६ साहित्य विषय सं. १८० मा उपलब्ध छ । यस ग्रन्थमा संस्कृत मूल ग्रन्थका साथै सुकृतिदत्तद्वारा गरिएको नेपाली पद्यात्मक र गद्यात्मक व्याख्या देख्न सकिन्छ । संस्कृतका विविध विधामा अनेकौँ ग्रन्थरचना गरेका ख्यातिप्राप्त विद्वान्ले नेपाली भाषाको श्रीवृद्धिमा पुऱ्याएको योगदानको चर्चा नहुनु आफैमा न्यूनजस्तो लागेर उक्त व्याख्याको परिचयका रूपमा केही विवरण प्रकाशमा ल्याउने प्रयासस्वरूप यो छोटो चर्चा गरिएको छ ।

ग्रन्थ र ग्रन्थकारपरिचय

रसमञ्जरी ग्रन्थ साहित्य विषयको लक्षणग्रन्थअन्तर्गत पर्दछ । अभिलेखालयमा नेपाली भाषाव्याख्यासहितको यो ग्रन्थ ३२ पानाको रहेको छ र यसका प्रत्येक पृष्ठमा १२-१३ पङ्क्ति रहेका छन् । संस्कृत मूल ग्रन्थमा १४० श्लोक र नेपाली भाषा श्लोकतर्फ ४५५ श्लोक रहेको तथ्य उक्त ग्रन्थको सरसर्ती अवलोकनबाट ज्ञात हुन्छ । कलेवरमा रसमञ्जरी सानो भए पनि संस्कृत साहित्यका फाँटमा यसको गरिमा ठूलो छ । यस ग्रन्थमा अनन्तपण्डित, आनन्द शर्मा, गोपाल भट्ट, शेष चिन्तामणि, नागोजी भट्ट (नागेश), हरिवंश भट्टप्रभृति विद्वान्हरूले व्याख्या गरेर यसको महत्त्व प्रकाशित गर्न योगदान पुऱ्याएको पाइन्छ । इतिहासकारहरूले यस ग्रन्थका एघारवटा टीका उपलब्ध रहेको चर्चा गरेबाट यसको महत्त्व स्वतः स्पष्ट हुन आएको छ ।[१] मङ्गलाचरणपश्चात् ग्रन्थको प्रारम्भ गर्दै भानुदत्तले विद्वान्हरूका मनरूपी भ्रमरहरूलाई रसमञ्जरीका माध्यमबाट अल्झाई राख्ने प्रयासस्वरूप यस ग्रन्थको प्रणयन भएको तथ्य यसरी उद्घाटन गरेका छन् -

विद्वज्जनमनोभृङ्गरसव्यासङ्गहेतवे ।
एषा प्रकाश्यते श्रीमद्भानुना रसमञ्जरी ।।[२]

यस ग्रन्थको प्रतिपाद्य विषयवस्तुको निरूपण गर्ने प्रसङ्गमा भानुदत्तले तत्र रसेषु शृङ्गारस्याभ्यर्हितत्वेन

---

१. *द्रष्टव्य - कैटलग्स कैटलोगोरम्, भाग १/४९५ ।*

२. *द्र. हस्तलिखित रसमञ्जरी, पृ.सं. १ 'ख' ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदालम्बनविभावत्वेन नायिका तावन्निरूप्यते भनेर स्पष्ट्याउने प्रयास गरेका छन् ।[३]

ग्रन्थकार भानुदत्त

ग्रन्थसमाप्ति पद्यका माध्यमबाट भानुदत्तले आफ्नो परिचय प्रस्तुत गरेका छन् । उक्त पद्य यस प्रकार छ–

तातो यस्य गणेश्वरः कविकुलालङ्कारचूडामणिर्
देशो यस्य विदेहभूः सुरसरित् कल्लोलकिर्मीरिता ।
पद्येन स्वकृतेन तेन कविना श्रीभानुना योजिता
वाग्देवीश्रुतिपारिजातकुसुमस्पर्द्धाकरी मञ्जरी ।।१४०।।

उपर्युक्त पद्यद्वारा भानुदत्तका पिताको नाम गणेश्वर रहेको पनि कविहरूमा श्रेष्ठ रहेका र विदेहभूमि अथवा मिथिलाञ्चल भानुदत्तको देश थियो भन्ने कुरा प्रकाशित हुन्छ । आफ्नो स्थितिकालका विषयमा कविले केही उल्लेख गरेका छैनन् । इतिहासविद्हरूले १३५० ई. देखि १४५० ई. को लगभग भानुदत्तको समय निर्धारण गरेको पाइन्छ । ग्रन्थरचना–समय १४२८ ई. निर्धारण गरेका छन् ।[४] डा. स्वामी प्रपन्नाचार्यजीले देवीदत्त पन्तले **रसमञ्जरी**को व्याख्या गरेको कुरा उल्लेख गर्नुभएको छ । प्रमाणका रूपमा दिइएको पद्यबाट लिपिकरका रूपमा देवीदत्तको स्थिति स्पष्ट भएको छ ।[५] छुट्टै प्रतिमा पाइएको व्याख्या देवीदत्तको हो भन्ने जिकिर स्वामी प्रपन्नाचार्यजीको छ। **रसमञ्जरी**माथि धेरै विद्वान्हरूले आ–आफ्नो कलम चलाउनुभएको सङ्केत इतिहासको अध्ययनबाट पाइएकाले स्वामीजीले छुट्टै प्रतिहरूका अवलोकन गरेको भनेको व्याख्या यहाँ चर्चित विद्वान्हरूमध्येकै कसैको हो अथवा देवीदत्त पन्तको हो, उहाँको लेखाइबाट स्पष्ट हुन सकेको छैन । स्वामीज्यूले प्रस्तुत गरेको पद्यको पाठ पनि पुनरवलोकनीय प्रतीत हुन्छ ।[६] यस सन्दर्भको टुङ्गोमा पुग्न प्राप्त प्रमाणको समीक्षण र थप प्रमाण जुटाउनेतर्फ अग्रेसर हुनु मनासिब देखिन्छ । भानुदत्तकै रचनाका रूपमा **रसतरङ्गिणी** ग्रन्थ राष्ट्रिय अभिलेखालयमा रहेको प्रारम्भिक सूचना प्राप्त छ । अन्य कुराको खोजी आवश्यक छ ।[७]

नेपाली भाषा-व्याख्या र व्याख्याकार

रसमञ्जरी ग्रन्थको नेपाली पद्यमय र गद्यमय व्याख्या अनुवादमात्र नभएर विवेचनात्मक व्याख्याका

---

३. *द्र. हस्तलिखित ग्रन्थ, पृ.सं. २ 'क' ।*

४. *द्र. हिष्ट्री अफ क्लासिकल संस्कृत लिट्रेचर सं. कृष्णामाचारी, पृ. ७७३–७४, प्रकाशक– मोतीलाल बनारसीदास, सं. १९७४।*

५. *त्यहाँ दिइएको पद्य यस प्रकार छ – चतुस्त्रिसप्तभू शाके १७३४ तुलार्के गुरुवासरे । देवीप्रसादपन्तेन लिखिता रसमञ्जरी ।। यस पद्यबाट रसमञ्जरीको लिपिकर देवीदत्त पन्त हुन् भन्ने स्पष्ट हुन्छ । व्याख्याकारका रूपमा उनको स्थिति स्पष्ट्याउने प्रमाण खोजीको विषय छ । यस सम्बन्धमा प्रपन्नाचार्यको मत जान्न हेर्नुहोस् – कार्तवीर्योदय महाकाव्यको भूमिका, पृ. ४०–४१ ।*

६. *पूर्ववत्,*

७. *द्र. रील नं 'ए' ३७१/२७, ३७२/१ आदि ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा रहेको छ भन्ने तथ्य आपाततः अवलोकन गर्दा पनि प्रतीत हुन्छ । १४० संस्कृत पद्यको ४५५ जति नेपाली पद्यबाट व्याख्या गरिनुले पनि यो व्याख्या अनुवाद मात्र नभएर विद्वत्तापूर्ण व्याख्या हो भन्ने सङ्केत प्राप्त हुन्छ । यसमा व्याख्याताले एउटै पद्यको विभिन्न कोणबाट व्याख्या प्रस्तुत गरेर यस कुराको पुष्टि गरेका छन् । उदाहरणका रूपमा भानुदत्तको दोस्रो पद्यलाई लिन सकिन्छ –

विद्वज्जनमनोभृङ्गरसव्यासङ्गहेतवे ।
एषा प्रकाश्यते श्रीमद्भानुना रसमञ्जरी ।।[८]

यस पद्यको व्याख्या गर्ने क्रममा व्याख्याकारले विद्वदिति प्रतीक उल्लेख गरेर पहिले यस्तो व्याख्या प्रस्तुत गरेका छन् –

रस् जान्या जनका भ्रमर्झैञि मनै एता उता सर्वदा
रस् षोज्दा थकितै न हुन् ञिहि रहुन् भन्ना निमित्तै गरे ।
यों ग्रन्थै रसमञ्जरी त कविता सामग्रिवान् भानुले
सो जानि रसशास्त्र हेरु अरुको सारै ञिही हेरनु ।।६।।[९]

यस प्रकार उपर्युक्त पद्यको कविपक्षमा अर्थ प्रस्तुत गरेर भानु शब्दले सूर्यलाई पनि बुझाउने हुँदा सूर्यपक्षमा पनि यस पद्यको अर्को व्याख्या यसरी गरेको पाइन्छ –

श्रीसूर्यले और पनी त मञ्जरी
पुष्पैहरूको त विकाश् गरेकी ।
भ्रमर्हरूलाय् रसदीय् राष्छे
यस्तो पनि अर्थ ञिहीं विचार्नु ।।७।।[१०]

यस प्रकारको वैदुष्यपूर्ण अर्थ गराइ व्याख्याताको जतातत्तै देख्न पाइन्छ । रसनिरूपण गर्न प्रवृत्त ग्रन्थमा पहिले नायिकाको विचार किन आवश्यक पऱ्यो भन्ने जिज्ञासा समाधान गर्दै सुकृतिले यस्तो युक्ति दिएका छन्–

शृङ्गारका कारण मुख्य नायिका–
नायक् कहिन्छन् पहिली विचार्नु ।
कारण पछी कार्य यही रितीले
रस् देषि पैल्हि दुइको विचार ।।[११]

उक्त पद्यमा कारणबाट कार्य उत्पन्न हुने भएबाट शृङ्गाररसका कारणस्वरूप नायिका र नायकको

८. द्र. हस्तलिखित ग्रन्थ, १ ख पृष्ठ ।
९. पूर्ववत्, श्लोक ६ ।
१०. पूर्ववत्, श्लोक ७ ।
११. पूर्ववत्, श्लोक ९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथमतः निरूपण गर्नु युक्तिसङ्गत छ भनी ग्रन्थको सङ्गति लगाउने शास्त्रीय परम्पराको निर्वाह व्याख्याकारबाट भएको पाइन्छ । व्याख्याको समग्र पर्यालोचनबाट विद्वत्तापूर्ण विशेषताहरूको ज्ञान हुने हुँदा सम्बद्ध अध्येताहरूको यसतर्फ प्रवृत्ति अपेक्षित छ ।

व्याख्याताको परिचय

नेपाली भाषाको व्याख्या गर्ने संस्कृतवाङ्मयका प्रख्यात विद्वान् सुकृतिदत्त पन्त हुन् भन्ने कुरा व्याख्याको पहिलो श्लोकबाट ज्ञात हुन्छ । उक्त पद्य यस प्रकार छ –

कहीं श्लोक भाषा कहीं मात्र भाषा
गरी चित्तमाथि रहोस् यो रसिक्का ।
भनी मैथिलैको कवीको कवीता
प्रकाशै गरिन्छे सुकीर्त्ती कवीले ।।१।।

उक्त पद्यमा सुकीर्त्ती नाउँको उल्लेख छ । सुकृतिदत्तका विभिन्न रचनाहरूको पर्यालोचन गर्दा सुकृति र सुकीर्त्ति दुवै पर्यायका रूपमा रचनाकारबाटै प्रयोग भएको तथ्य खुल्न आएको छ । व्याकरण विषयक लघुशब्देन्दुशेखरका अतिदेशसूत्रव्याख्या–प्रसङ्गमा मङ्गलाचरण गर्दै रचनाकारले सुकृतिनाम यसरी उल्लेख गरेका छन् –

श्रीमत्पतञ्जलिपदाम्बुजमादरेण
चित्ते विचिन्त्य सुकृतिः कृतिनां कृतेऽद्य ।
किञ्चिद् विचारमतिदेशविधौ विधत्ते
दृष्टिं क्षिपन्तु विबुधा दययात्र सन्तः ।।

व्याकरणविषयक वृद्ध्यादिसूत्राष्टकविवृत्तिमा मङ्गलाचरण गर्दै सुकीर्ति नाउँ यसरी उल्लिखित पाइन्छ–

नत्वा मुकुन्दचरणाम्बुजमादरेण
गोनर्दजातभगवद्वचनानुसारात् ।
प्राचीननव्यपथपान्थ इमां सुकीर्तिः
सूत्रेऽष्टको मुनिकृते विवृत्तिं करोति ।।२।।

यी दुई उदाहरणमात्र हुन् । कविद्वारा दुवै नामको उपयोग समानरूपमा भएको पाइन्छ । उपर्युक्त उदाहरणबाट रसमञ्जरीको नेपाली व्याख्याकार विद्वान् सुकृतिदत्त नै सुकीर्त्तिनाउँबाट उल्लिखित हुन् भन्ने कुरामा कसैमा विमति नहोला । दुःखको कुरा के हो भने यस रचनामा तिथि–मिति, पुष्पिका आदि कुनै माध्यमबाट पनि अन्य तथ्यको उल्लेख भएको छैन । भानुदत्तले मूल ग्रन्थ–समाप्तिमा आफ्नो परिचय दर्साएका छन् । पुष्पिकामा पनि इति **श्रीभानुदत्तकविकृता रसमञ्जरी शुभम्** उल्लेख छ, तर व्याख्याकारले त्यस प्रकारको सङ्केत नगरी ग्रन्थका अन्त्यमा मङ्गलाचरण गर्नुपर्ने शिष्टाचारमात्र निर्वाह गरेका छन् । व्याख्याकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तिम श्लोक यस प्रकार छ –

श्रीकृष्णको दर्शन राधिकालाय्
विस्तार् गरी ग्रन्थ समाप्ति माथी ।
श्रीभाष्यकार्का मतले गरीयो
मङ्गल् स्वरूप् यो हरिनाम कीर्तन् ।।

संस्कृतवाङ्मयका ख्यातिप्राप्त साधक सुकृतिदत्त पन्तद्वारा नेपाली भाषाका माध्यमबाट पनि आफ्नो विद्वत्तापूर्ण कृति दिने प्रयास भएको र त्यसको प्रचारप्रसार हुन नसकेका सन्दर्भमा साहित्यानुरागी विद्वान्हरूको अध्ययनक्षेत्र विस्तार होस् भन्ने आशय र साहित्यिक इतिहासवेत्ताहरू यसतर्फ थप चिन्तन गर्न अभिप्रेरित होऊन् भन्ने आशयले यो सानो परिचयात्मक लेख प्रस्तुत गरिएको हो । यस क्षेत्रमा थप शोध अपेक्षित छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवकोटाका दृष्टिमा शिक्षा

– सहप्रा. डा. दुर्गाप्रसाद अर्याल
हाल – काशी हिन्दू विश्वविद्यालय, वाराणसी

नेपाली भाषासाहित्यका सेवामा समर्पित देवकोटाको बलबुता शिक्षाका क्षेत्रमा पनि लागेको छ । विभिन्न महाविद्यालयमा पढाएर, ट्युसन गरेर, विश्वविद्यालयको संस्थापनमा सक्रिय भएर शिक्षासम्बन्धी लेख रचना गरेर उनले यस सम्बन्धमा अर्थपूर्ण एवं व्यवहारयोग्य चेतना प्रदान गरेको पाइन्छ । **प्रसिद्ध प्रबन्ध-सङ्ग्रह**को 'पढाइ' निबन्धमा देवकोटाको मौलिक दृष्टिकोण झल्किन्छ । यद्यपि यो 'पढाइ' अङ्ग्रेजी निबन्धकार फ्रान्सिस बेकनको **'अफ स्टडी'** को नेपाली रूपान्तर हो, तर पनि यसमा देवकोटेली शैक्षिक अभिप्रायको मौलिक द्योतन भएको छ। देवकोटा जुन-कुनै पठितका निम्ति सौन्दर्य अपेक्षा गर्ने व्यक्ति हुन् । देवकोटा पढेर राम्रो मान्छे बन्नुपर्दछ भन्दछन् । पढाइ सुख-सन्तोषका लागि पनि हो भन्ने मान्यतामा पनि उनी विश्वस्त देखिन्छन् । त्यसै गरी पढाइका माध्यमले मान्छेमा खास सीप वा प्रविधिको आर्जन हुनुपर्दछ भन्ने अभिप्राय पनि यस प्रसङ्गमा उल्लेख्य हुन आउँछ।

शिक्षा के हो ? यसको उपयोग कसरी गर्ने ? शिक्षाको योजना र उद्देश्य कस्तो हुनुपर्दछ ? भन्ने कुराको चित्तबुझ्दो उत्तर उनको 'शिक्षा' निबन्धका माध्यमबाट प्राप्त गर्न सकिन्छ । शिक्षालाई कृषिप्रणालीसँग दाँज्ने देवकोटा जाँगरिलो कृषकको गुण शिक्षकमा हुनुपर्दछ र उसले कृषकले जस्तै विद्यार्थीको मन-मस्तिष्कलाई शिक्षाको बाली लाग्न सक्ने मलिलो र उर्वर बनाउनुपर्दछ भन्ने ठान्दछन् । विद्यार्थीका लागि दिइने ज्ञान वास्तवमा शिक्षारूपी सिङ्गो बालीको बीज वा बिउ हो; यो जति राम्रो हुन्छ उत्ति लाभदायी हुन्छ । मानिस कस्तो बन्नुपर्दछ र जीवन कसरी चलाउनुपर्दछ भन्ने वास्तविकतामा केन्द्रित शिक्षाका पक्षमा आफ्नो अभिमत अग्रसारित गर्ने देवकोटाले आफ्नै ढङ्गको शैक्षिक दृष्टिकोण प्रस्तुत गरेका छन् । 'हाइ ! हाइ ! अङ्ग्रेजी'मा उनी भन्छन् –

'पठित भनेका ती हुँदा रहेछन्, जो जीवनको जादूको सट्टा किताबको यान्त्रिकता साट्ता रहेछन्, जो स्वजातिलाई विदेशी ढङ्गमा हाल्न चाहँदा रहेछन् र आँखा छोपेर सुधार गर्न चाहँदा रहेछन् । पढ्नुमा खालि विदेशी जाली बुन्नु रहेछ, खालि उल्थाउनु र उल्था हुनु ।' मेकाले प्रणालीको विदेशमुखी पढाइका प्रति उपेक्षा जाहेर गर्ने यस अभिव्यक्तिबाट पढाइ भनेको स्वयं विद्यार्थीमा अन्तर्निहित विलक्षणता वा जीवन-जादुलाई उद्घाटन गर्ने, स्वदेश र स्वजातिको गौरव बढाउने खालको हुनुपर्ने सङ्केत हुन्छ ।

आज विश्वव्यापीरूपमा शिक्षाप्रणाली र यसका योजनावलीहरू दिनहुँ विकसित र व्यवहृत भइरहेका छन्। शिक्षाको उज्यालो चारैतिर छरिएको छ । शिक्षा केवल ज्ञानार्जन र आत्मोत्थानको साधन मात्र नभएर जीवन-जगत्को समग्र विकासको सशक्त साधन भएको छ । शैक्षिक योग्यता हासिल गर्ने अनेक विधि-प्रविधिहरूको विकास भएको छ । पढाइका निम्ति नाना प्रकारका उपाय र साधनहरू प्रशस्त मात्रामा विकसित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएका छन् । शिक्षाले गर्दा अनेक अज्ञात रहस्यको उद्घाटन भएको छ, आधुनिक प्रौद्योगिक समाजको विकास र विस्तार भएको छ । ज्ञानविज्ञानका उपयोगी कुराहरू समाजका अगाडि छरपस्ट भएका छन् । साँच्चै भन्ने हो भने देवकोटाले आफ्ना समयमा कल्पनासम्म गर्न नसकेका कुराहरू शिक्षाको चेतनाका कारण अहिलेका समाजमा छर्लङ्ग भएका छन् । यति हुँदाहुँदै पनि देवकोटाले सङ्केत गरेका शिक्षासम्बन्धी केही कुरा वर्तमानमा प्रचलित नेपाली शिक्षा-प्रणालीका लागि सुधार गर्न सहायक हुने खालका छन् । प्रौद्योगिक सभ्यताका वर्तमान युगमा मानवमा निहित मौलिक र नैसर्गिक गुण ओझेल पर्दै गएको छ । आज एकथरी समाजशास्त्री र शिक्षाविद्हरूले पुराना शोषणका ढाँचाहरू रूपान्तरण भएर शैक्षिक शोषणमा परिणत भएको कुरा दर्साएका छन् । उनीहरूका विचारमा शैक्षिक योग्यता र उपाधिलाई माध्यम बनाएर यसकै आडमा अनेक अशिक्षितलाई ठगेर आफ्नो हैकम कायम गरेको समाज नै शैक्षिक शोषणको नमुना भएको समाज हो । आफ्ना विशिष्ट ज्ञान र सीपलाई आफ्ना देश र समाजका सेवा र सहयोगमा लगाउनुभन्दा अधिकतम मोलतोलमा त्यसलाई विक्री-वितरण गर्न चाहने आजका विद्वान्हरूमा व्यापारी मनोवृत्ति तीव्र छ । यही मनोवृत्तिले गर्दा आफ्नो देश, समाज र घर-परिवारलाई चटक्क बिर्सने र उच्च आर्जनका लागि जहाँ जान र जे गर्न पनि चाहने तिनीहरूको प्रवृत्ति हुन्छ । यसप्रकारका लालबुझक्कड विद्वान्हरू उत्पादन गरेर देशमा बौद्धिक दरिद्रता निम्त्याउने शिक्षाप्रक्रियामा देवकोटाले ज्यादै वितृष्णा र विद्रोह गरेका छन् । मानवतावादी लक्ष्मीप्रसाद देवकोटाले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा शिक्षालाई वाङ्मयको तपस्या ठानेको अवगत हुन्छ । सर्वभूत हितैषितामा विश्वास गर्ने देवकोटाले उकेल्ने विरोध र विद्रोहको स्वरमा पनि रुक्षता र उद्वेगिता पाइँदैन । एक प्रकारले भन्ने हो उनी आफैलाई उपमा बनाएर भाषा-साहित्य र शिक्षाका उन्नयनमा क्रियाशील भएका व्यक्ति हुन् । यसरी विचार गर्दा उनमा गीताले सङ्केत गरेको वाङ्मयको तपस्या चरितार्थ भएको अनुभव हुन्छ । वाङ्मयको तपस्या भनेर गीतामा यसरी उल्लेख गरिएको छ :-

अनुद्वेगकरं वाक्यं सत्यं सर्वहितञ्च यत् ।
स्वाध्यायाभ्यसनञ्चैव वाङ्मयं तप उच्यते ।।

अर्थात् घोचपेच नगर्ने र सबैको हित हुने साँचो बोली-वचन गरेर आफ्नो पढाइ गरी त्यसको अभ्यास गर्नु नै वाङ्मयको तपस्या हो । यस्तै तपस्वी शिक्षकबाट नै विद्यार्थीले उचित प्रोत्साहनका साथ सही शिक्षा प्राप्त गर्न सक्छ ।

औपचारिक शिक्षाले विद्यार्थीको समय र नैसर्गिक शक्तिको सत्यानास गरेको भनेर चुकचुकाउने देवकोटामा डाँट्ने र ढाँट्ने शिक्षकप्रति पनि उत्तिकै उपेक्षाभाव छ । छात्रछात्राको वैयक्तिक गुणको विकास गर्नुभन्दा आफ्नै रबाफले बलात् असत्य कुरा लाद्ने Master, Teacher र Professor भन्दा शान्त, सरल र सुशील गुरुका प्रेरणाले विद्यार्थी बढी लाभान्वित बन्न सक्ने सम्भावनालाई पनि देवकोटाले साङ्केतिक रूपमा औँल्याएका छन् । यस सन्दर्भमा सत्यवादी सुकरात पनि स्मरणीय हुन आउँछन् । सुकरातले शिक्षाका सम्बन्धमा के भनेका छन् भने "Education means the bringing out of the ideas of universal validity which are atent in the mind of every man." अर्थात् शिक्षाको मतलब मनुष्यको मस्तिष्कमा अन्तर्निहित सर्वमान्य वैध विचारलाई अगाडि बढाउनु हो । गहिरिएर विचार गर्ने हो भने सुकरात र देवकोटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य–भावनाका पारखी र पौरखी हुन् । यी दुवैको शैक्षिक दृष्टिकोण मिल्दोजुल्दो देखिन्छ।

शिक्षाले मानवको चौतर्फी विकास गर्नुपर्दछ भन्ने अधिकांश शिक्षाशास्त्रीको दृष्टिकोण रहेको पाइन्छ । देवकोटा पनि यस्तै खाले शिक्षाको आवश्यकता अनुभव गर्ने प्रकृतिवादी र अध्यात्मवादी शिक्षाका पक्षपाती व्यक्ति हुन् । यस्तै कुरा प्रसिद्ध पश्चिमी शिक्षाशास्त्री रेमन्टले पनि व्यक्त गरेका छन् । उनका अनुसार – "Education defined as a process of the development by which a human being adapts himself gradually in various ways to his physical, social and spiritual environment. अर्थात् शिक्षा विकासको यस्तो क्रम हो, जसबाट व्यक्ति विभिन्न उपायका माध्यमद्वारा भौतिक, सामाजिक र आध्यात्मिक वातावरणका साथ समायोजन गर्दछ ।

देवकोटाको अध्ययन पाश्चात्य ढाँचाको शिक्षाको माध्यमबाट भएको हो । बि.ए.,बि.एल्. सम्म औपचारिक शिक्षा आर्जन गरेर उनले प्रशस्त मात्रामा स्वाध्यायन गरेका हुन् । उनले आफ्ना 'शिक्षा' निबन्धमा मात्र होइन, 'श्रीगणेशाय नमः', 'हाइ ! हाइ ! अङ्ग्रेजी', 'पहाडी जीवन', र 'सुकुलमाथि' जस्ता निबन्धहरूमा पनि शिक्षासम्बन्धी दृष्टिकोण प्रस्तुत गरेका छन् । ज्ञान, चेतना, अध्ययन, पढाइ, बोध, विद्या, जानकारी आदि शब्दहरूका माध्यमले जानकारी हुने शिक्षा एउटा प्रणाली र पद्धति, व्यवस्था र प्रविधि तथा माध्यम र प्रकार्य पनि हो । सिकाइबुझाइका आधारमा भन्ने हो भने यो साधनमात्र नभएर साध्य तत्त्व पनि हो । संस्कृत वाङ्मयमा पनि यसका योजना र पद्धतिका सूत्र, वृत्ति र भाष्यहरू स्थूल, साङ्केतिक र सूक्ष्म रूपमा श्रुति, स्मृति, पुराण, साहित्य, सङ्गीत र कलाका क्षेत्रमा विकीर्ण र व्याप्त छन् । षट्शास्त्रमध्ये शिक्षा सिङ्गै शास्त्रका रूपमा प्रतिष्ठित छ भने चौध विद्यामा शिक्षालाई स्वतन्त्र रूपमा गणना गरिएको छ । नैषधीयचरितमा श्रीहर्षले अत्यन्त महत्त्वका साथ शिक्षाप्रक्रियालाई सङ्केत गरेका छन् । श्रीहर्षका अनुसार **अधीतिबोधाचरणप्रसारणैः** .... अर्थात् पहिले पढाइ अनि बुझाइ त्यसपछि आचरण र सबैभन्दा पछि प्रचार–प्रसारबाट शिक्षाको सार्थकता रहन्छ । यस प्रकारको गम्भीर दृष्टिकोणप्रति आधुनिक विद्वान्को दृष्टि जाँदैन । हामीलाई कथनी र करणी, सिकाइ र बुझाइ तथा ज्ञान र आचरणमा आएको अन्तर्विरोधले सताएको छ । आज ज्ञानविज्ञानका लाखौँ ढोकाहरू खुलेका छन्। शिक्षा निश्चित वर्ग, जातिगत सीमा र सङ्कीर्णताबाट माथि उठेर सर्वदेशीय र सर्ववर्गीय बनिरहेको छ । यति भएर पनि मानवताको ह्रास भएको छ, पारस्परिक सद्भाव र सहयोगको उपहास भएको छ र यान्त्रिक साम्राज्यको प्रचुरता भएको छ। यसैमा योगवादी, भाववादी र करुणावादी साहित्यकार देवकोटा चिन्तातुर छन्।

खास गरी विभिन्न निबन्धमा छरिएका शिक्षासम्बन्धी देवकोटाका चेतना र चिन्तनको अध्ययनबाट उनी नेपालको शिक्षा–प्रणालीप्रति असन्तुष्ट हुनाका साथै आवश्यक सुधार सङ्केत गर्ने आफ्नो केही व्यावहारिक, केही स्वतन्त्र योजना वा पद्धतिको दिग्दर्शन गराउने लेखकका रूपमा परिचित हुन आउँछन् । उनी शिक्षक–प्राध्यापकका रूपमा प्रिय र प्रसिद्ध भएर आफ्नो अध्यापन अनुभवको पक्षलाई आत्मगत गरेर बनेका अनौपचारिक केही व्यावहारिक र केही मात्रामा लहडी एवं आदर्शवादी शिक्षाशास्त्री पनि हुन् । आधुनिक शिक्षा हासिल गरेका स्नातक खास गरी बि.ए. उपाधिधारी नेपालीहरूबाट आफ्ना अगाडि आर्यसभ्यता र संस्कारको उपेक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएकामा कटु अनुभव गर्ने देवकोटाले आफूले पढेको र पढाएको त्रिचन्द्र कलेजलाई औँल्याउँदै 'विकासमान आङ्ग्ल-भाषा विद्यालयले नेपाल संसारलाई के-कति हित गरिरहेछ वा आर्यसभ्यता र संस्कारबाट वञ्चित गराउने तालिम दिइरहेछ, भविष्यको समालोचनाले निरूपण गर्ला' भनेका छन् । 'श्रीगणेशाय नमः' निबन्धमा व्यक्त यस विचारले आज साठी वर्षपछि पनि नेपाली माटो, मुटु र स्वभावअनुसार प्रचलित शिक्षाप्रणाली एवं महाविद्यालयमा सङ्गति नमिलेको सन्देह जगाउँछ ।

'पहाडी जीवन' निबन्धमा देवकोटाले आधुनिक ढाँचाको शिक्षाका माध्यमबाट बि.ए. पास गरेका शिक्षितहरूमा आत्मविज्ञापन ज्यादा भएको र तात्त्विक गुण कत्ति नभएको सन्दर्भ औँल्याएका छन् । पढाइ भन्ने कुरा पढ्ने-पढाउने दुवैमा छर्लङ्ग हुनुपर्दछ । ज्ञान भन्ने कुरा घाम लागेझैँ छर्लङ्ग होस् । यही कुरा कालिदासले रघुवंशमा यसरी सङ्केत गरेका छन् :-

> अप्यग्रणीर्मन्त्रभृतामृषीणां कुशाग्रबुद्धे कुशली गुरुस्ते
> येन त्वया ज्ञानमशेषमाप्तं लोकेन चैतन्यमिवोष्णरश्मेः ।।

अर्थात् मन्त्रद्रष्टा ऋषिहरूमा अगुवा भएका, कुशाग्र बुद्धि भएका तिम्रा कुशल गुरुबाट तिमीले (कौत्स) दुनियाँले सूर्यबाट छर्लङ्ग हुने गरी चेतना पाएझैँ ज्ञान पायौ । यसबाट पढाइ घँटामा घाम लागेजस्तै हुनुपर्दछ भन्ने तात्पर्यबोध हुन्छ ।

पन्ध्र वर्षसम्मको अध्ययनकालको ज्ञान आफूले तीनै वर्षमा गराउन सक्ने आत्मविश्वास गर्ने देवकोटाले शिक्षामा अधिकतर शिक्षार्थीको समय दुरुपयोग भएको बताएका छन् । शिक्षा राष्ट्रिय जीवनको मेरुदण्ड भएकाले यसको अभिप्राय आ-आफ्नो राष्ट्रिय जीवनको सांस्कृतिक मूल्य र विश्वजनीन प्रवाहअनुरूप निर्धारण हुनुपर्ने कुरामा देवकोटेली शिक्षा केन्द्रित भएको अवगत हुन्छ ।

शिक्षालाई सुलभ र व्यापक बनाउनु पर्छ भन्ने देवकोटाले Education For all people भन्ने मान्यताको पुष्टि गरेको पाइन्छ । यस प्रकारको मान्यतालाई भरणपोषण गर्ने उनको आत्मकथन यसप्रकार 'शिक्षा' निबन्धमा व्यक्त भएको छ - 'हामीले शिक्षालाई जीवनमा लगेर घरघरमै घुसाउनुपर्दछ .... ।'

सङ्क्षेपमा भन्ने हो भने शिक्षा मानिसलाई पूर्णतामा लैजाने हुनुपर्दछ । शिक्षाले समयको हिसाब उपयोग गर्न सिकाउने गर्नुपर्दछ । यसले मनुष्यको अन्तरशक्ति पत्ता लगाई चेतनाको विकास गराउनु आवश्यक हुन्छ । आधुनिक शिक्षामा अध्यात्ममूलक र आत्मबोधक शिक्षाको पनि अध्ययन भएर आत्मोत्तरदायी प्रवृत्तिको विकास हुनुपर्ने कुरामा जोड दिइएको पाइन्छ । आज शिक्षाशास्त्र दर्शनका रूपमा विश्वव्यापी भएको छ । यसका विधि, प्रविधि, नीति, रीति र प्रकृतिहरू पनि व्यापक बनेका छन् । खास गरी अनौपचारिक र औपचारिक रूपमा शिक्षाका दुई धारा बगिरहेका छन् । शिक्षाकै माध्यमबाट विश्वकै मानवसमुदायले ठूलो फड्को मारेको छ । यस्तो अभूतपूर्व शैक्षिक उन्नतिका समयमा मानवलाई खास गरी शिक्षित मनुष्यलाई विवेकसम्मत निर्णय गरेर आत्मसम्मानपूर्वक सन्तोषका साथ स्वतन्त्ररूपमा जीवनयापन गर्ने अवसरको न्यूनता छ । देवकोटाको यही न्यूनताप्रति गुनासो रहेको पाइन्छ भने भौतिक गुण र आध्यात्मिक मूल्यको संयोग गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवस्था गरिएको शिक्षाप्रणालीप्रति यथेष्ट अपेक्षा रहेको पाइन्छ ।

सन्दर्भसामग्री

१. अर्याल, दुर्गाप्रसाद, **देवकोटाका निबन्धमा निहित दार्शनिक चिन्तन**, अप्रकाशित विद्यावारिधि शोध-प्रबन्ध, काठमाडौँ, २०५७ ।

२. देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबधसङ्ग्रह** (तेह्रौँ संस्करण), साझा प्रकाशन, काठमाडौँ, २०५९।

३. रेमन्ट **एजुकेसन**, अक्सफोर्ड युनिभर्सिटी प्रेस, इन्डियन एडिसन, न्यु दिल्ली, सन् १९८७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कवि युद्धप्रसाद मिश्रका काव्यकृतिमा छन्द, अलङ्कार तथा रसविधान

– *सहप्रा. जगत् उपाध्याय 'प्रेक्षित'*

१. पृष्ठभूमि

वि.सं. १९६४ सालमा भक्तपुरको सोमलिङ्टार, चरखण्डीमा जन्मिएर चौरासी वसन्त–यापन गरी २०४७ फागुन ६ गतेका दिन भौतिक शरीर समाप्त गर्ने आजन्म क्रान्तिकारी कविको नाम हो, युद्धप्रसाद मिश्र। कलिलो बाल्यवयदेखि नै निरङ्कुश राणाशाहीको जर्जर यातनाबाट आहत देश र देशवासीको अन्तर्वेदनालाई आत्मसात् गरी अन्याय, अत्याचार र शोषणको पराकाष्ठालाई सहन नसकेर प्रकृतिको शान्त, सुन्दर र स्वच्छन्द मनोरमताको वर्णन गरी मानसिक शान्तिको स्वच्छ वाटिकामा रमाउने प्रवृत्ति कवि मिश्रका प्रारम्भकालीन कविताबाट झल्किन्छ। २००७ सालको बहुदलीय प्रजातन्त्रको आगमनपश्चात् शान्तिको उच्छ्वास फेर्न पाइएको आभास तत्काल भए पनि देश र जनताप्रतिको अनुत्तरदायीपन र निरङ्कुश मानसिकताको अवशेषको छनक नेतृत्वमा देखिएपछि उदासीन र मौन रहेका मिश्र २०१७ को परिवर्तनपछि फेरि जुर्मुराएर उठ्छन् र देशको माटोलाई समेत छाड्न बाध्य हुँदै बनारसको प्रवासी जीवन बिताउन पुग्छन्। बनारस–प्रवासले कवि मिश्रमा २००७ पूर्वदेखि नै अन्तर्गर्भित विद्रोह र क्रान्तिको चेतलाई विस्फोट गर्छ र कवि कहिल्यै बाढी त कहिल्यै ज्वालामुखीका शिखा बन्न पुग्छन्। सुरुमा निरङ्कुश राणाशासनबाट मुक्तिको चाहना व्यक्त गर्ने कवि मिश्र स्वच्छन्दतावाद हुँदै क्रमशः प्रगतिवादी साहित्यफाँटमा पुगेर आफ्नो काव्यात्मक प्रवाहलाई पूर्णता दिन्छन्। वर्गचेतनाले अभिप्रेरित भएर सामन्तवादी शोषण, उत्पीडन, अन्याय, अत्याचार र दमनबाट आम जनताका मुक्तिका गीतहरू आफ्ना कविताद्वारा गाउन रुचाउनु कवि मिश्रको महत्त्वपूर्ण विशेषता हो । 'सङ्घर्ष नै जीवनको महत्तम प्राप्ति' मात्रै र त्यसैमा रमाउने कवि मिश्रका जीवनको पर्याय नै क्रान्ति, विद्रोह र सङ्घर्ष हो भन्दा अत्युक्ति हुँदैन। प्रारम्भमा भावुक कविव्यक्तित्वका रूपमा उदाएका कवि मिश्रको विलक्षण प्रतिभा कविताको तरलताभित्र मात्रै अटाउन सक्तैन र उनी राणाशासनलाई पल्टाउने राजनीतिक मैदानमा उत्रन पुग्छन्। राणाशासनको पतनपश्चात् नेपाली काङ्ग्रेससँग सम्बद्ध हुँदै कालक्रमेण आफ्ना विशाल, व्यापक र राष्ट्रिय प्रेमले पूर्ण प्रगतिशील भावनाहरूलाई त्यहाँ अट्न नसक्ने देखेर नेपाली जनताको मुक्तिका निम्ति शोषणका जालहरूलाई डढाउन विद्रोहको राँको बनेर कवि मिश्र नेपाल कम्युनिस्ट पार्टीसँग आबद्ध हुन्छन्। यहीँ नै उनको विद्रोही कविव्यक्तित्व प्रखर र सशक्त ढङ्गले प्रस्फुटित हुँदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनको अवसानसम्म यही वैचारिक अटलता र सुदृढतामा झन् परिपाक भएर लहराउन पुग्दछ।

२. काव्यकृति र समीक्षकको दृष्टि

वि.सं. १९७७/७८ तिरदेखि काव्यफाँटमा जुर्मुराउन थालेका कवि युद्धप्रसाद मिश्रको औपचारिक काव्ययात्रा भने १९८८ वैशाख ८ गतेको गोर्खापत्रमा प्रकाशित **विद्यार्थी शिक्षा** कविताबाट नै प्रारम्भ हुन्छ। त्यसपछि पुस्तकाकार कृतिका रूपमा **अहिंसा-प्रार्थना** (१९८६) लघु खण्डकाव्य लेखिएको भए पनि त्यो अप्रकाशित अवस्थामै निरङ्कुश राणाशासक भीम शमशेरको क्रोधका आगामा जल्न पुग्छ, त्यसैले उनको पहिलो प्रकाशित काव्यकृति हुने सौभाग्य **चरा** कवितासङ्ग्रह (१९९४) लाई नै प्राप्त हुन्छ। त्यस्तै अन्य प्रकाशित रचनाहरूमा सातवटा लघु आकारका कथाको सँगालो **अमर कथा** (२०१५), **मुक्ति-रामायण अरण्यकाण्ड** खण्डकाव्य (२०२७), **बाढी-कवितासङ्ग्रह** (२०२८), **मुक्त सुदामा**, लघुकाव्य (२०२९), **युद्धप्रसाद मिश्रका कविताहरू** (वासुदेव अधिकारीद्वारा सम्पादित, २०४८), **वेनवध** खण्डकाव्य (अप्रकाशित) र अन्य थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका तथा केही अझै पनि शोधखोज गरेमा प्राप्त हुन सकिने देखिन्छन्।

जनताको आवाजलाई घन्काउने जनकवि मिश्रका कृतित्वका बारेमा पर्याप्त र पूर्ण शोध गरी न्याय दिन नसकिएको भए पनि नेपाली साहित्यफाँटको सिङ्गो प्रगतिवादी आन्दोलनमा काव्यात्मक नेतृत्व प्रदान गर्ने उनको कवि-व्यक्तित्वलाई नियाल्ने काम भने धेर-थोर मात्रामा भएको छ, भइरहेकै छ र विविध खाले विश्लेषण र मूल्याङ्कन प्रस्तुत भएका छन्। मिश्रका कृतित्वमाथि स्नातकोत्तर तहमा शोध कार्य गर्ने पशुपति तिमल्सिनाले उनको ७ दशकको काव्ययात्राका समग्र पक्षहरूलाई सुधारवादी, आदर्शवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, प्रगतिवादी, क्रान्तिकारी र मानवतावादी भनेर विश्लेषण गरेका छन् भने ताना शर्माले **भानुभक्तदेखि तेस्रो आयामसम्म** र **नेपाली साहित्यको इतिहास**मा मिश्रको कवित्वबारे चर्चा गर्दै सिद्धिचरण श्रेष्ठको **वखलढुङ्गा** र मिश्रको **चरखण्डीको खोँच**को तुलनात्मक विवेचना गरेर **वखलढुङ्गा**मा भन्दा **चरखण्डीको खोँच**मा राम्रो शैली र छोटो वर्णनमा प्रकृतिको सौन्दर्यलाई पाठकसमक्ष उपस्थित गरेको, भनाइमा सरसता, लयमा मधुरता, शैलीमा सुन्दरता, प्रकृति-चित्रणमा मानविकता आदि विशेषता भएको दर्साएर सिद्धिचरणभन्दा उच्चस्तरका कवि प्रमाणित गरेका छन्। मोदनाथ प्रश्रित कवि मिश्रको कवित्वलाई निहुरन नजान्ने (**बाढी कवितासङ्ग्रहः** २०२८) भन्छन् भने जीवेन्द्रदेव गिरी **जनढुकढुकीमा जीवित कवि** (रातो थुँगा २०४८, वर्ष १, अङ्क १, प्रलेस, सुर्खेत) भनेर मिश्रको वास्तविक पहिचान दिन खोज्दछन्। यस्तै मधुसूदन गिरीचाहिँ कवि मिश्रलाई विचारका **अटल ध्रुवतारा** (**मिर्मिरे** २०५२, भाद्र) मात्र पुग्छन्। नेपाली साहित्यका अन्य समालोचकहरूले भने **चरा** कवितासङ्ग्रहमा प्रकाशित कविताहरूका आधारमा नै चित्रात्मक शैलीमा प्रकृतिको रूप उतार्ने स्वच्छन्दतावादी कवि (**नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**- मोहनराज शर्मा र दयाराम श्रेष्ठ) र शैलीमा माधुर्य गुणको प्रधानता र प्रकृतिप्रति विस्मय भावना भएका कवि (**नेपाली साहित्यका इतिहास** - डा. दीनानाथ शरण, बिहार हिन्दी ग्रन्थ अकादमी) भनेर युद्धप्रसाद मिश्रलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वच्छन्दतावादी कवि नै भएको उल्लेख गरेका छन् ।

यसरी कवि मिश्रको कवित्वका विषयमा जसले जस्तोसुकै चर्चा गरे पनि उनका कविताशिल्पका समग्र पक्षहरूलाई भने राम्रोसँग केलाइएको पाइँदैन। हो, युद्धप्रसाद साँच्ची नै युद्धकै प्रसाद भएर नेपाली काव्यमैदानमा स्वाभिमानी शिरलाई ठाडो पार्दै प्रतिक्रियावादी शोषण, दमन, उत्पीडन, अन्याय र अत्याचारका विरुद्ध युद्धको हुङ्कार गरी बाँचे, बाँचेका छन् र बाँचिरहेका छन् पनि । यसमा कसैको दुई मत हुन सक्तैन । उनका विषयमा कलम चलाउनेहरूले आजसम्म यिनै वैचारिक उचाइ, सैद्धान्तिक अडान, क्रान्ति, विद्रोह र सङ्घर्षका छालहरूलाई लिएर मात्र मूल्याङ्कन गर्ने गरेका छन्, परन्तु कवि युद्धप्रसाद क्रान्ति र विद्रोहका नारा मात्र फलाक्ने खोक्रा भाषणवादी कवि होइनन्। उनी त क्रान्ति र सङ्घर्षका चेतहरूलाई छन्दको लयात्मकताभित्र मनोरम ढङ्गले बाँधेर अलङ्काररूपी गहनाले सिँगार्ने र रसरूपी प्राण भर्ने नयाँ प्रयोगशिल्पी कविव्यक्तित्व पनि हुन्, जसका कवितामा सहज र स्वाभाविक ढङ्गको छन्दको बन्धन छ, अलङ्कारको सिँगार छ र रसको परिपुष्टि छ । कवि मिश्रका काव्यकृतिमा पाइने यिनै छन्द, अलङ्कार र रसको विधानसम्बन्धी चर्चा गर्नु नै प्रस्तुत लेखनको विवेच्य पक्ष रहेको छ। यहाँ कवि मिश्रका **अरण्यकाण्ड, मुक्त सुदामा, चरा** (उपलब्ध केही कविता मात्र) **बाढी** र **युद्धप्रसाद मिश्रका कविताहरू** कवितासङ्ग्रहमा उल्लिखित कविताहरूका आधारमा उनका काव्यकृतिमा पाइने छन्द, अलङ्कार तथा रसका विषयमा चर्चा गर्ने जमर्को गरिएको छ।

३. मिश्रका काव्यकृतिमा छन्द

३.१ छन्दपरिचय

संस्कृतको छन्द धातुमा 'घञ्' प्रत्यय लागेर निष्पन्न भएको 'छन्द' शब्दको अर्थ गति, यति र लय मिलेको वर्ण, मात्रा आदिको गणनाअनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूप भन्ने बुझिन्छ। **छन्दः पादौ तु वेदस्य** भनेर पूर्वीय वाङ्मयमा ज्ञानको आकरका रूपमा प्रसिद्ध वेदको पाउका रूपमा छन्दलाई उल्लेख गरिएको छ। जसरी खुट्टा नभएको मान्छे हिँड्न सक्दैन; त्यस्तै गरी छन्दज्ञानविना वेदाध्ययन पनि हुन सक्दैन, अथवा गति, यति मिलाई पढ्न सकिँदैन भनेर शास्त्रहरूमा उल्लेख हुनुले छन्दको महत्ता स्वतः स्पष्ट हुन जान्छ। छन्द कविको काव्यात्मक गति हो भन्दा कुनै पनि समीक्षकको असहमति हुन नसक्ला। संस्कृत वाङ्मयमा छन्दलाई दुई किसिमले वर्गीकरण गरिएको छ– १. वैदिक र २. लौकिक। वैदिक छन्दलाई वैदिक युगमा शास्त्रीय छन्द मानिन्थ्यो। वैदिक छन्दहरूमा गायत्री, त्रिष्टुप्, जगती, अनुष्टुप्, पङ्क्ति, बृहती आदि प्रचलित थिए। लौकिक संस्कृतमा लौकिक छन्दको प्रचलन आयो । वैदिक कालमा अहिले हाम्रो काव्यजगत्मा शास्त्रीय मानिने वार्णिक छन्दलाई लौकिक छन्दका रूपमा स्वीकार गरिन्थ्यो। तत्कालीन परिवेशमा लोकसंस्कृतमा लौकिक छन्दको प्रयोग गरेर काव्यलेखनको प्रवर्तन गरेकाले वाल्मीकिलाई लौकिक संस्कृतका आदिकवि भनिएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्दशास्त्रका आदिप्रवर्तक पिङ्गलमुनि भएको कुरा शास्त्रप्रमाणबाट ज्ञात हुन्छ। पिङ्गलद्वारा प्रवर्तन र वाल्मीकिद्वारा प्रयुक्त संस्कृतका शार्दूलविक्रीडित, अनुष्टुप्, स्रग्धरा, स्रग्विणी, भुजङ्गप्रयात आदि लौकिक छन्दहरूलाई आज हामी नेपाली शास्त्रीय छन्द मानिरहेका छौँ। नेपाली साहित्यमा यस्ता छन्दहरूको प्रथम सफल प्रयोग आदिकवि भानुभक्त आचार्यबाटै भएको पाइन्छ। पछि उत्तरवर्ती मोतीराम, शम्भुप्रसाद, लेखनाथ, लक्ष्मीप्रसाद, सम, सिद्धिचरण आदिले भानुभक्तीय परम्पराको निर्वाह गरे। अहिले माधव घिमिरेको उत्कर्षता छन्दकवितामै रहेको छ भने अन्य नवप्रतिभाहरूले पनि छान्दिक परम्परालाई कायमै राखेर काव्यसाधनालाई निरन्तरता प्रदान गरिरहेका छन्। जनकवि युद्धप्रसाद मिश्रले आफ्ना कवितामा 'चाहे ती स्वच्छन्दतावादी भावउडानका कविता होऊन्, चाहे क्रान्तिकारी विद्रोही चेतना र जागरणको शङ्खघोष गर्ने कविता होऊन्' शिल्पगत परिष्कार नगर्दा नगर्दै पनि छन्दको सफल निर्वाह गरेका छन्। कवि मिश्रको छन्दप्रयोगमा विविधता पाइन्छ। कवितायात्राका क्रममा उनले प्रयोग गरेका छन्दहरूमा शास्त्रीय वार्णिक छन्द, शास्त्रीय मात्रा छन्द र लोक छन्द पर्दछन् ।

३.१.१ वार्णिक छन्द

दीर्घ, ह्रस्व मिलाएर वर्ण वा अक्षरअनुसार गण हुने छन्दलाई वार्णिक छन्द भनिन्छ। गण आठवटा मानिएका छन्। ती यस प्रकार छन्– यगण, मगण, तगण, रगण, जगण, भगण, नगण, सगण। यीमध्ये भगण– ऽ।। अगाडि दीर्घ, जगण– ।ऽ। बीचमा दीर्घ र सगण – ।।ऽ अन्तिममा दीर्घ हुन्छ। यस्तै यगण – ।ऽऽ अगाडि ह्रस्व, रगण – ऽ।ऽ बीचमा ह्रस्व र तगण– ऽऽ। अन्तिममा ह्रस्व हुन्छ। मगण ऽऽऽ दीर्घै दीर्घ र नगण ।।। ह्रस्वै ह्रस्व हुन्छन्।

वार्णिक छन्दमा तीन वर्ण वा अक्षरको एक गण हुन्छ। युद्धप्रसाद मिश्रका कवितामा प्रयुक्त वार्णिक छन्दहरूमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, स्रग्धरा, पञ्चचामर, इन्द्रबज्रा, द्रुतविलम्बित, वसन्ततिलका, वंशस्थ, मालिनी, इन्द्रवंशा, भुजङ्गप्रयात र अनुष्टुप् पर्दछन्। हेरौँ यी छन्दहरूको स्वरूपसहित प्रयुक्ति –

० शार्दूलविक्रीडित – जुन छन्दमा क्रमशः मगण – ऽऽऽ, सगण – ।।ऽ, जगण ।ऽ।, सगण– ।।ऽ अनि दुई तगण – ऽऽ। र अन्तिममा एक अक्षर दीर्घ हुन्छन्, त्यसलाई शार्दूलविक्रीडित छन्द भन्दछन्। मिश्रको कलम यस छन्दमा निर्झरझैँ प्रवाहित छ; जस्तै –

बिर्सी वैभव त्यागको मनविषे लिन्छू महत्ताकन
सम्झिन्छू म क्षमा, दया, विनयता सौजन्यता नै धन
मर्यादा छ मलाई आत्मबलको राख्छु महत्ताकन
खोज्छू अन्तर दृष्टिमा उदयका राम्रा उज्याला क्षण ।।

अरण्यकाण्ड – १ सर्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भै उत्तीर्ण अजेय जन्मभरको झोँकेर आफ्नो बल
छातीबाट गराउ दूर जनको दारिद्र्य-दावानल
के ज्यूँनू छ यहाँ भएर हतश्री निर्बोध निर्गौरव
आऊ पार लगाउँ देशकन यो तीतो-पिरो रौरव ।।

'सामर्थ्य' बाढी कवितासङ्ग्रह

ढुङ्गा शौनक आदि भक्तहरू छन् विश्रामको बालुवा
खोला गान गरी चली छलछली सारा हरा पालुवा
नाचेका चिडिया घना गिरिमहाँ वारी र पारी गरी
कैले मारुत मन्द-मन्द बहने कैले भने बेसरी ।।

'सूर्यघाटमा'

० मन्दाक्रान्ता - मगण, भगण, नगण, दुई तगण र अन्तिमका दुई अक्षर दीर्घ भएमा मन्दाक्रान्ता छन्द हुन्छ। यो सत्र अक्षरको हुन्छ । हेरौँ मिश्रका कवितामा यसको प्रयोग -

हर्दम् दैलो उरमहलको भैरहेको उघारो
सेरोफेरो ग्रहण गरने कामना उठ्छ सारो ।। 'बाढी' बाढी कवितासङ्ग्रह

हाम्ले ठाडो गरन अरूकै आजसम्मन् पताका
पोख्यौँ धेरै रगत अब ता खुल्न गो बल्ल आँखा ।।

'प्रवासी आवाज' युद्धप्रसाद मिश्रका कविताहरू

वीणा-वाणी विमल सलिला पुण्यशीला विनीता
छायाझैँ छन् नजिक पतिको पुञ्ज कारुण्य सीता ।। अरण्यकाण्ड - ५ सर्ग

०स्रग्धरा - जुन छन्दमा क्रमिक रूपले मगण, रगण, भगण, नगण र तीनवटा यगण मिलेका हुन्छन्, त्यो स्रग्धरा छन्द हो। मिश्रले स्रग्धरा छन्दको प्रयोग मनोरम ढङ्गले गरेका छन्-

धेरै बेला बिते छन् रविचरण पुगे पश्चिमी फाँटमाथि
फर्के सारा अघाई चरि-चरि वनमा गाइका दीर्घ ताँती
गोठाला हो मलाई कुन नगर छ त्यो गाउँ के यो बताओ
आएको आज मात्रै पथिक छु म नयाँ कृष्णको घर् कता हो ।।

'मुक्तसुदामा' २ उडान

को राजा, रङ्क हो को, मनुज-मतिधरी सत्यको पक्ष गर्ने ?
प्राणीको उन्नतिमा रगत शरीरको पोखने लक्ष्य गर्ने ।।

'जन्म साफल्य गर्छु' बाढी कवितासङ्ग्रह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कायामा स्पर्श गर्दै अविचलित शिलामाथि उद्दीप्ति बाल
बन्दै आक्रान्त हाम्रा हृदय-हृदयका कुण्डमा फाल हाल ।।
'सन्देशप्रति' बाढी कवितासङ्ग्रह

० पञ्चचामर - जगण, रगण, जगण, रगण अनि जगण र अन्तिममा एउटा अक्षर दीर्घ भयो भने पञ्चचामर छन्द हुन्छ। सङ्गीत्मकताले युक्त श्रुतिमधुर यस छन्दको प्रयोग कवि मिश्रले धेरै ठाउँमा गरेका छन्। उदाहरणका निम्ति -

प्रचण्ड निम्नवर्गमा उठी-उठी बहादुरी
विपन्न पूँजिवादिता छ भत्कँदै गयो धुरी ।।
'उखाडिँदैछ' युद्धप्रसाद मिश्रका कविताहरू

मिटाउने गरिबका रगत् निचोरने प्रथा
उदीयमान छन् हुँदै मनुष्यमा मनुष्यता ।। 'महोत्सव' युद्धपसाद मिश्रका कविताहरू

जमीनमा जहाँ-जहाँ किसानको छ पाइलो
त्यहाँ दिशा-दिशा सबै रमाइलो-रमाइलो ।। 'किसान हुँ' बाढी कवितासङ्ग्रह

विपन्न हुन् विभावरी दिशा दमक्-दमक् गरी
चलून् हला मुसल्हरू तमक् गरी तमक् गरी ।। 'महारथ' बाढी कवितासङ्ग्रह

० इन्द्रवज्रा - दुई तगण, एउटा जगण र अन्त्यका दुई अक्षर दीर्घ हुने इन्द्रवज्रा छन्द हुन्छ। इन्द्रवज्राको प्रयोग पनि मिश्रका कवितामा पाइन्छ। जस्तै-

सङ्कीर्णताको परखाल नाघी
यथार्थ वैज्ञानिक पन्थ लागी
पीडितमा जागृति बत्ती बाल
भगाइद्यौ भारतका दलाल ।। 'सही बाटो' युद्धप्रसाद मिश्रका कविताहरू

० वसन्ततिलका - तगण, भगण, दुई जगण र अन्तिम दुई अक्षर दीर्घ हुने छन्द वसन्ततिलका मानिन्छ। कवि मिश्रका काव्यकृतिभित्र वसन्ततिलका छन्दको प्रयोग यसरी भएको छ -

मेरो वसन्त वन-जीवनको बहार
पारेर यो हृदयभित्र ठूलो प्रहार
ज्यूँदै चिताबिच मलाइ दिई खसाली
छाडी गयौ कुन दिशातिर फाल हाली ।। अरण्यकाण्ड - ८ सर्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो छिन्नभिन्न उरले कुन गीत गाऊँ ?
यी भावभग्नहरू कुन् रितले सजाऊँ ?
पारौँ म कोमल कसोरि कठोरलाई
उद्दीप्त भै रगतका सरिता बगाई ।। 'कुन गीत गाऊँ' बाढी कवितासङ्ग्रह

०वंशस्थ – जुन छन्दमा जगण, तगण, जगण तथा रगण हुन्छन्, त्यसलाई वंशस्थ छन्द भन्दछन्। हेरौँ मिश्रका कवितामा यसको प्रयोग –

प्रदानता नूतन रश्मिको गरी
हटाउँदै मानिसको विभावरी
सुस्पष्ट नैर्मल्य मनोदशा गर
मनुष्यमा मानवता सदा भर ।। 'रविप्रति' बाढी कवितासङ्ग्रह

० द्रुतविलम्बित – एउटा नगण, दुईवटा भगण र एउटा रगण हुने छन्द द्रुतविलम्बित छन्द हुन्छ। मिश्रको कविताधारा द्रुतविलम्बित छन्दमा पनि प्रवाहित भएको छ । जस्तै –

प्रगति भो अब व्यापक जाज्वल
परिसके प्रतिगामिहरू तल
उठिसक्यो भई व्यापक जागृति
उदित भै जनमानसको स्थिति ।। 'सही बाटो' युद्धप्रसाद मिश्रका कविताहरू

० मालिनी – दुई नगण, मगण र दुई यगण भएको छन्द मालिनी हुन्छ। मालिनी छन्दमा पनि मिश्रले सहज ढङ्गले कवितात्मक अभिव्यक्ति दिएका छन् –

अतिशय हतभागी भै म अत्यन्त पापी
दिन अरुकन धोखा बस्दथैं जाल थापी
हृदयबिच सबैको त्रासको मूर्ति बन्थैं
हरबखत म वृद्धी पापको मात्र गर्थें ।। अरण्यकाण्ड–१ सर्ग

सफल मनुजयोनी गर्न होऊ तयार
विकसित हुनलाई नेत्र भित्री उघार
उदित विदित होऊ जिन्दगानी नहार
प्रगतिपथ उज्यालो झल्मलाकार पार ।। 'विनयाञ्जली' बाढी कवितासङ्ग्रह

० भुजङ्गप्रयात – चारैवटा यगण भएको छन्द भुजङ्गप्रयात हुन्छ। साङ्गीतिक लयमा गाउन मिल्ने यस छन्दको प्रयोग कवि मिश्रले धेरै ठाउँमा गरेको पाइन्छ; उदाहरणका लागि–

फुटी मूल हर्दम् बगी प्रेमधारा
म लागी रहेकी हजुर्को किनारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

हजुर्को छ इच्छा जता हुन्छ राज
उतै भाग्यको चल्छ मेरो जहाज ।। अरण्यकाण्ड-२ सर्ग

तगारो खुली दुर्दशा छुट्नलाई
नजीकै-नजीकै किरण् फुट्नलाई
सुकेका नशामा रगत् जम्जमायो
परिश्रम् हतियारमा चम्चमायो ।। 'मरणको शान' बाढी कवितासङ्ग्रह

० इन्द्रवंशा - दुई तगण, जगण र रगण हुने छन्दलाई इन्द्रवंशा भनिन्छ। यसको पनि फाटफुट प्रयोग कवि मिश्रले गरेका छन्, जस्तै -

उद्यानका कोमल कोपिला फुटी
उद्भव्य हुन् आत्मशिखा उठी-उठी
सम्पर्क तिम्रो प्रतिप्राण प्रोज्ज्वल
हुँदै जगाओस् सबको मनोबल ।। 'रविप्रति' बाढी कवितासङ्ग्रह

० अनुष्टुप् - यस छन्दमा आठ अक्षरको एक पाउ हुन्छ, अनि विषम पाउको सातौँ अक्षर दीर्घ र सम पाउको सातौँ अक्षर ह्रस्व हुन्छ तथा चोरै पाउका पाँचौँ अक्षर ह्रस्व र छैटौँ अक्षर दीर्घ हुन्छन् । मिश्रका कवितामा अनुष्टुप्को प्रयोग हेरौँ -

उच्च आदर्शका मूर्ति भाइ लक्ष्मण हुन् तिनी
सीता नाम यिनी मेरी भार्या जनकनन्दिनी ।। अरण्यकाण्ड-५ सर्ग

३.१.२ मात्रिक छन्द

मात्राको गणना हुने छन्द मात्रिक छन्द हुन्छ अथवा मात्राका आधारमा चल्ने छन्द मात्रिक हो। यसमा लघु (ह्रस्व) एक मात्रा र गुरु (दीर्घ) दुई मात्रा गनिन्छन् । जस्तै :-

१११ १ २ २ ११२ ११ १२
रगत चुसेको बदला लिन भनी = १७

२ २ ११२ २१
लागे जनता लाम = ११

यसरी नै मात्राको गणना गरिन्छ। कवि मिश्रका कवितामा प्रयुक्त केही मात्रिक छन्दका उदाहरणहरू यहाँ दिइन्छन्।

० चौपाई - प्रत्येक पाउमा सोह्र मात्रा हुने र पाउका अन्त्यमा दुई अक्षर दीर्घ हुने छन्द चौपाई हुन्छ। यसको प्रयोग पनि मिश्रका कवितामा सफल रूपले भएको छ, जस्तै :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तरुण रगतले आँखा हेऱ्यो
युगले आफ्नो कोल्टो फेऱ्यो
वचन नपाई आत्तिन थाले
देश चुसाहा नृपका टोली ।।

'दुश्मनहरूको लाश निकाल' युद्धप्रसाद मिश्रका कविताहरू

कहिले व ‍ी कहिले पारी
फरफर उठ्दै पङ्ख फिँजारी
बन न विहङ्गम बारम्बार
निर्मल जलको रङ्गित अपार ।। 'चरखण्डीको खोँच'

० ललित – पहिलो र तेस्रो पाउमा १६ मात्रा अनि दोस्रो र चौथो पाउमा १२ मात्रा भएको 'ललित' मात्रा छन्द पनि मिश्रका कवितामा प्रयोग भएको छ –

लुटिएका छौँ पिटिएका छौँ
खै हाम्रो घरवास
प्रतिहत्याका वीर सिपाही
छौँ हामी बदमास ।। 'छौँ हामी बदमास' युद्धप्रसाद मिश्रका कविताहरू

यस्तै गीतिलगायत अन्य कतिपय मात्रिक छन्दको प्रयोग मिश्रका कवितामा पाइन्छ, जसको व्यापक अध्ययनको खाँचो टड्कारो देखिन्छ।

३.१.३ लोक-छन्द

जनसमाजमा परम्परादेखि नै गीतका लयमा गाइँदै आएको लोकजीवनमा प्रचलित जातीय छन्दलाई लोक–छन्द भनिन्छ । नेपाली लोक–व्यवहारमा प्रचलित लोक–छन्दहरूमा झ्याउरे, सवाई, कर्खा, असारे, चुड्के आदि पर्दछन् । हेरौँ मिश्रका कवितामा प्रयुक्त लोक–छन्दका केही उदाहरण :

उम्लिसक्यो हृदयमा प्रतिक्रिया चर्को
बदलाको भावनामा जनताको लर्को
सङ्घर्षको मैदानमा नबलेका ज्योति
सहरिया साहित्यको निस्किसक्यो धोती ।। 'मुठभेड' युद्धप्रसाद मिश्रका कविताहरू

एकै हुन दाजुभाइ यौटा बोको भाक
राख्नुपर्ला पिर्थिविमा नेपालीको नाक ।। 'लोकगीत' बाढी कवितासङ्ग्रह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDF

४. मिश्रका काव्यकृतिमा अलङ्कार

४.१ अलङ्कारपरिचय

अलंपूर्वक 'कृ' धातुमा 'घञ्' प्रत्यय लागेर निष्पन्न हुने अलङ्कार शब्दको व्युत्पत्ति 'अलङ्क्रियतेऽनेनेति अलङ्कारः' हुन जान्छ । अथवा जसद्वारा अलङ्कृत गरिन्छ, त्यसलाई अलङ्कार भनिन्छ। काव्यको गहना वा आभूषण मानिएको अलङ्कारको कार्य नै काव्यलाई सिँगार्नु वा सजाउनु हो। वैदिककालदेखि नै अलङ्कारको प्रयोग पाइएको कुरालाई विद्वान्हरूले पुष्टि गरिसकेका छन्। भामहदेखि जगन्नाथसम्मका सबै मनीषीहरूले काव्यको शोभा र चमत्कारवृद्धिका लागि अलङ्कारको अपरिहार्यतालाई कुनै न कुनै रूपमा अङ्गीकार गरेकै छन्। जसरी कुनै निर्दुष्ट रूप-लावण्यवती तरुणीका शरीरमा गहना आदि भएमा झन् बढी सौन्दर्यको वृद्धि हुन्छ, त्यस्तै काव्यमा पनि भावलाई सुन्दर र लयलाई मधुर बनाएर शोभावृद्धि गर्ने काम अलङ्कारले गरेको हुन्छ। त्यसैले अलङ्कारको निकै ठूलो महत्त्व भएको कुरा निर्विवाद छ। नितान्त आधुनिक कवि / काव्यकारहरूले पनि आफ्ना कवितामा बिम्बका प्रयोगद्वारा अलङ्कार-परम्परालाई नै निरन्तरता दिइरहेका छन् । बिम्ब भनेकै अलङ्कारको पर्याय आधुनिक प्रयोग हो। पूर्वीय काव्यशास्त्रीहरूले मुख्यतः अलङ्कार दुई किसिमका मानेका छन्- १. शब्दालङ्कार र २. अर्थालङ्कार । जनकवि युद्धप्रसाद मिश्रका कवितामा शब्दालङ्कार र अर्थालङ्कार दुवैको निर्वाह भएको पाइन्छ। यहाँ दुवै थरी अलङ्कारको प्रयोगका दृष्टिले मिश्रका कविताको चर्चा गरिन्छ।

४.१.१ शब्दालङ्कार

सुन्दैमा रमणीय लाग्ने किसिमका शब्दहरूको विचित्र प्रयोगद्वारा काव्यको शोभा बढाउने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ। शब्दालङ्कार काव्यको शब्दचित्र वा रूपतत्त्व हो भन्दा पनि हुन्छ । शब्दालङ्कारभित्र अनुप्रास, यमक, श्लेष र वक्रोक्ति परे पनि कवि मिश्रका कवितामा भने अनुप्रास र यमकको नै बेजोड प्रयोग भएको पाइन्छ।

० **अनुप्रास** : उस्तै खाले वर्णहरू एक वा अनेक चोटि दोहोरिएमा अनुप्रास अलङ्कार हुन्छ । यसका पनि छेकानुप्रास, लाटानुप्रास, वृत्त्यनुप्रास, श्रुत्यनुप्रास र अन्त्यानुप्रास गरी पाँच उपभेद छन् ।

(क) **छेकानुप्रास** : धेरै व्यञ्जन वर्णहरू उसै क्रममा एकपटक मात्र दोहोरिएमा छेकानुप्रास हुन्छ । मिश्रका कवितामा यसको प्रयोग :-

सामन्तीले सङ्गीन रोप्यो
जनजागृतिले दुनियाँ छोप्यो
झुपडी भन्दछ सहरै घेर्छु
धरती भन्छिन् काया फेर्छु । 'पर जा, पर जा' युद्धप्रसाद मिश्रका कविताहरू

यहाँ स, प, ज, भ, न र छ एकपटक मात्र.दोहोरिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) **वृत्त्यनुप्रास :** एक व्यञ्जनको एकपल्ट वा अनेकपल्ट आवृत्ति तथा अनेक व्यञ्जनहरूको एउटै क्रममा वा भिन्न क्रममा आवृत्ति भयो भने वृत्त्यनुप्रास अलङ्कार हुन्छ। कवि मिश्रका कवितामा वृत्त्यनुप्रासका थुप्रै प्रयोगहरू पाइन्छन् । उदाहरणका लागि –

जस्को अभिन्तरविषे पुरुषत्व छैन
जस्को विचारबिच जीवनतत्त्व छैन
जस्को कतै रगतमा अमरत्व छैन
त्यस्को कुनै धरतिमाथि महत्त्व छैन ।। अरण्यकाण्ड – ४ सर्ग

यहाँ जस्को, त्व र छैन व्यञ्जनहरूको अनेकपल्ट आवृत्ति भएको छ । यस्तै-

नाच्छन् डाँडा र काँडा नजरवरिपरी वाटिका चौर खोला
उठ्थ्यो शोकी र भोकी गृहिणि झुपडिकी सम्झी मन्भित्र पोला ।
भन्दै मेरो तपस्या उपर सफलता एक दिन् के नहोला
बाटो-घाटो उकालो डगर-बगरमा हिँड्छ तङ्गीन चोला ।। मुक्त सुदामा- २, उडान

(ग) **अन्त्यानुप्रास :** श्लोकका बिसाउनीमा वा पाउ-पाउका अन्त्यमा वर्ण दोहोरिएमा अन्त्यानुप्रास अलङ्कार हुन्छ । अन्त्यानुप्रासयुक्त मिश्रका कविताका केही अंश –

दारिद्र्य, दुःख भयको मनमा पहाड
कर्जा बिखालु छ पुनः गरने दहाड
स्वप्नासरी हुन गए सब चाडबाड
मारे पनी शरीर यो जुटदैन माड ।। मुक्त सुदामा- १ उडान

माला पनी यि करका अब फालिदिन्छु
छाला कुशासनहरू सब बालिदिन्छु
चाला सबै तिलक भस्म पखालिदिन्छु
तिम्रै विचारबिचमा मन ढालिदिन्छु ।। अरण्यकाण्ड – ५ सर्ग

यहाँ एक पाउको अन्तिम अक्षर अर्को पाउका अन्तिम अक्षरका साथ ठ्याम्मै मिलेको छ।

० **यमक** – भिन्न-भिन्नै अर्थ भएका अथवा निरर्थक शब्द वा शब्दांश पहिलेकै क्रमानुसार दोहोरिएमा यमक अलङ्कार हुन्छ। यसमा कतै दुवै पद सार्थक हुन्छन्, कतै एउटा सार्थक अनि अर्को निरर्थक र कतै दुवै निरर्थक हुन्छन्। कवि युद्धप्रसाद मिश्रले आफ्ना कवितामा यमक अलङ्कारको प्रयोग सशक्त ढङ्गले गरेका छन्। श्रुतिमधुरता प्रदान गर्ने यमक अलङ्कार मिश्रका कवितामा यसरी प्रयुक्त भएको छ –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गिरिको गहिरो अन्तर तट छ
जल यो छलबल छलबल चल्छ
यो छलबलमा रुखको हरियो
छाया तिरिमिरि तिरिमिरि छरियो । 'चरखण्डीको खोँच'

यहाँ छलबल, तिरिमिरिजस्ता पदहरू पहिलेकै क्रमानुसार दोहोरिएका छन् । यस्तै :

कदम्-कदम् गरी-गरी धरित्रिमा समर्पण
सजीवता गराउँदै मनुष्यको प्रयोजन ।। 'समर्थ होऊ' बढी कवितासङ्ग्रह

४.१.२ अर्थालङ्कार

अर्थको चमत्कारका माध्यमबाट काव्यात्मक सौन्दर्य बढाउने कला नै अर्थालङ्कार हो। भावलाई सशक्त तुल्याउँदै मानसचक्षुका सामुन्ने बिम्बविधानको रूप प्रस्तुत गर्ने काम अर्थालङ्कारले गर्दछ। कवि मिश्रका कवितामा प्रयुक्त अर्थालङ्कारका केही भेदहरूको चर्चा यहाँ गरिन्छ ।

० उपमा – उपमेय र उपमानका बीच रूप, गुण, क्रिया आदिको समानता देखाई 'फलानोजस्तै फलानो' भनी तुलना गरिन्छ वा दाँजिन्छ भने त्यो उपमा अलङ्कार हुन्छ। उपमा अलङ्कारका चार पक्ष हुन्छन् – (१) उपमेय (उपमा = समानता दिइने वस्तु), (२) उपमान (उपमा = समता गरिने वस्तु), (३) वाचक शब्द (उपमा दिइने शब्द), (४) साधारण धर्म (उपमा दिइने आधार वा गुण)। 'सीताको मुख चन्द्रमासमान सुन्दर छ।' यहाँ मुख उपमेय, चन्द्रमा उपमान, समान वाचक र सुन्दर साधारण धर्म हो। कवि मिश्रले थुप्रै ठाउँमा उपमाको प्रयोग मार्मिक ढङ्गले गरेका छन्। जसमध्ये केही उदाहरण –

होलान् कुनै विजनमा फिरने भिखारी
आए भनी ललितपर्ण कुटी उघारी
सीता सहस्त्र शशिषोडशझैँ उदाइन्
भिक्षा लिएर शुभ स्वागत गर्न आइन् ।। अरण्यकाण्ड – ५ सर्ग

यहाँ सीताको तुलना सहस्त्रशशिसँग गरिएको छ। यस्तै –

आला बिहानीपखका रविझैँ उज्याला
सौन्दर्यको फुरणले परिपूर्ण गाला
देख्छु म सिर्जन अरू धमिला र काला
आरण्य निर्झर सरोवर कूप नाला ।। अरण्यकाण्ड – ५ सर्ग

सोपानझैँ झलकिँदै सुनका खुलेका
तिम्रा गए हुन विलाप मलाई टेका ।। मुक्त सुदामा – १ उडान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

० **रूपक** – उपमेय र उपमानलाई भिन्नता नराखी एउटै रूपमा वर्णन गरियो अथवा उपमेयमा उपमानका स्वरूपको आरोप गरेर 'फलानू नै फलानो' भनियो भने रूपक अलङ्कार हुन्छ। कवि मिश्रका कवितामा रूपक अलङ्कार पनि यत्रतत्र सुमधुर शैलीमा अभिव्यञ्जित पाइन्छ।

राजा पनी हृदय नै हृदयै छ रङ्क
नैर्मल्य हो हृदय नै हृदयै कलङ्क
जस्ले सक्यो विजय हृत्तल गर्न आज
त्यस्को छ पार भवसागरमा जहाज ।। अरण्यकाण्ड – ४ सर्ग

यहाँ भवमा सागरको आरोप गरिएको छ र भव नै सागर भन्ने अर्थ प्रकाशन हुन्छ। यस्तै –

दुर्ग भ्रष्टाचारिताका प्रबलतम संहार हो।
क्रान्ति– सागरमा उठेका विकट भाटाज्वार हो ।।

'सत्यका अवतार हो' बाढी कवितासङ्ग्रह

० **उत्प्रेक्षा** – सम्भव वर्णनीय वस्तुको असम्भव अवर्णनीय रूपमा अथवा उपमेयमा उपमानका सम्भावनाको कल्पना गरिएमा उत्प्रेक्षा अलङ्कार हुन्छ। मिश्रका कवितामा उत्प्रेक्षा अलङ्कार यसरी प्रयुक्त छ –

सक्तैनन् कि भनेझैं प्रमुदित हुन गै कोपिला फुल्नलाई
बाँकी हर्दम् भएझैं मनुजमहलको दिक्प्रभा खुल्नलाई
... 'जनविपरीक्षा' बाढी कवितासङ्ग्रह

यहाँ कोपिला फुल्नु सम्भव वर्णनीय वस्तुलाई फुल्न सक्तैन कि भनेर असम्भावनाको कल्पना गएिको छ।

० **सम्भावना** – यसो भए यसो हुने थियो भनेर कल्पना गर्दा सम्भावना अलङ्कार हुन्छ। हेरौँ मिश्रका कवितामा यसको प्रयोग –

जपेको भए प्रेमको शुद्ध माला
खुलेको भए भित्रको बन्द ताला
न हुन्थ्यो कसैको दुराचार चाला
कुराले भने ठिक्क मन्भित्र काला ।। अरण्यकाण्ड–२ सर्ग

मीठो शैलीमा सृजित प्रस्तुत कविता सम्भावना अलङ्कारले अलङ्कृत देखिन्छ ।

० **विषम** – दुईवटा साह्रै नमिल्दाको मिलन भयो भने अथवा केही काम गर्न थाल्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झन् अर्कातिर बिग्रो भने विषम अलङ्कार हुन्छ । मिश्रले विषम अलङ्कारलाई यसरी प्रयोग गरेका छन् –

देशचाहिँ यो कृषि प्रधान
किसान पाउँदैनन् खान
सहनशक्तिको परिधि टुट्नु
स्वाभाविक हो मैले उठ्नु ।। 'विद्यार्थी आवाज' युद्धप्रसाद मिश्रका कविताहरू

यहाँ देश कृषिप्रधान हुनु तर किसानले नै खान नपाउनुजस्ता अत्यन्त नमिल्दाको मिलन भएको छ। यस्तै –

खिड्को सिसाहरूमा ताते समान छाती
जप्नु छ मेघमाला आतप्त खेतमाथि
माटो तथा परिश्रम छन् मुख्य तत्त्व किन्तु
रोदन छ झोपडीमा दरबारमा प्रभाती ।। 'खेतमा' बाढी कवितासङ्ग्रह

० **अतिशयोक्ति** – अभिव्यक्तिलाई प्रभावशाली पार्न बढाईचढाईकन कुनै विषयको वर्णन गरिएमा अतिशयोक्ति अलङ्कार हुन्छ। हेरौँ मिश्रका कवितामा यसको प्रयोग :-

हुन् शार्दूल, हुँडार, सिंह चितुवा मार्जारका शावक
छैनन् लोचन दाइका वरिपरी कोही कहीँ बाधक ।।

....

दाईका पदका प्रतापबिचमा बिच्छी पनि माकुरा
हामीले भयभीत बन्नु मनमा अत्यन्त छोटो कुरा ।।

....

लागछन् वीर वराहका मुख झुकी साना छुचुन्द्रा हुन
हामीमाथि गरेर अर्पण जिऊ को सक्छ ऐले छुन
छेपारो हुन जान्छ ग्राह जलको छाया हजूर्को परी
दाईका बलमा छ औधि महिमा सक्तिन वर्णन् गरी ।। अरण्यकाण्ड– ३ सर्ग

यी कवितापङ्क्तिमा कवि मिश्रले भाइ लक्ष्मणका माध्यमबाट दाजु रामचन्द्रको वीरतालाई बढाईचढाईकन अतिशयोक्तिपूर्ण ढङ्गले वर्णन गरिएको छ।

० **काव्यलिङ्ग** – कुनै पदार्थ वा वाक्यार्थ कुनै कुरो सिद्ध गर्ने हेतु वा कारण भएमा काव्यलिङ्ग अलङ्कार हुन्छ। मिश्रका कवितामा यसको प्रयोग मार्मिक ढङ्गले भएको छ –

आशा सुके हृदयमा नभएर पानी
आगो हुनाकन गई दुःखको कहानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नूहओस् न पतिदेव कुनै विचार
जस्बाट यो हुन सकोस् अभिशाप पार ।। मुक्तसुदामा – १ उडान

हामी जुट्यौँ अब भने पृथिवी उचाल्छौँ
दारिद्र्य, दुःख, भय, सङ्कटलाई फाल्छौँ
शान्ति समृद्ध हुन मौलिक बत्ति बाल्छौँ
जान्नौँ हटी अनलका बिच फाल हाल्छौँ ।। 'अनिवार्य क्रान्ति' बाढी कवितासङ्ग्रह

माथिका यी कवितांशमध्ये पहिलामा हृदयमा पानी नभएर आशा सुकेको भन्ने कुरालाई दुःखको कहानी आगो हुन र दोस्रामा पृथिवी उचाल्ने आदि कर्मका निम्ति जुट्नुपर्ने कुरो हेतु भएकाले काव्यलिङ्ग अलङ्कार छ।

० अर्थान्तरन्यास – सामान्यलाई विशेषद्वारा र विशेषलाई सामान्य कथनद्वारा समर्थन जनाइएको भएमा अर्थान्तरन्यास अलङ्कार हुन जान्छ। क्रान्तिकारी कवि मिश्रका कवितामा यस अलङ्कारको पनि समुचित प्रयोग भएको छ, जस्तै –

छोटो छ डोरि करमा गहिरो छ पानी
के साध्य हुन्छ र कुराहरू यी बखानी
कस्तो म आज कुन नाटक बन्न आएँ
खै ! धैर्यको गठरि लौ न कहाँ हराएँ ।। मुक्त सुदामा – १ उडान

सक्छू टिक्न म सैन्यका बलविषे भन्नू महामूर्खता
आत्माका बिच लोकको लुकिरहेको हुन्छ सामर्थ्यता
कुल्ची नित्य विवेकका उपरमा भै भ्रष्ट टिक्छस् कति
घेरेको चउतर्फबाट छ तँमा काला दशाले अति ।। अरण्यकाण्ड – ५ सर्ग

यहाँ पहिलामा हातमा रहेको छोटो डोरीले गहिरो पानी तान्न सकिँदैन भन्ने विशेष कथनलाई थोरै समयमा यावत् कुराहरू बखान गरेर साध्य नहुने सामान्य कथनले समर्थन गरेको छ भने दोस्रामा सैनिक बलका भरमा टिक्न सक्छु भन्नु महामूर्खता हो भन्ने सामान्य कथनलाई मानवीय आत्माको पवित्रता र निष्कपटताबीच सामर्थ्य लुकिरहेको हुन्छ भन्ने विशेष कथनले समर्थन जनाएको छ।

० सन्देह – चमत्कारपूर्ण रूपमा यसो हो कि यसो हो भनेर सन्देह गर्दा सन्देह नै अलङ्कार हुन्छ। मिश्रका कवितामा सन्देह अलङ्कारको विधान यस्तो छ –

सम्पन्न हूँ कि अहिले अथवा निराला
क्यै भन्न सक्तिनँ म छू बिचको हवाला
मेरा बिहाल उठदै तिमिलाई खाला
एक्लै नसम्झ अब रावण फर्किजाला ।। अरण्यकाण्ड – ५ सर्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रो म छू पछि-पछि प्रतिमा नछाडी
छाडेर द्वार घर जीवन धैर्य छाडी
राख्यो कि वा असुरले तिमीलाई छेकी
यद्वा गयौ कि यमका पुरि आजदेखि ।। अरण्यकाण्ड – ६ सर्ग

माथिका पङ्क्तिहरूमा पहिलामा सम्पन्न र निरालामा सन्देह र दोस्रामा रामचन्द्रमा आफ्नी पत्नी सीतालाई असुर रावणले छेकेर राख्यो अथवा यमपुरी नै पो गइन् कि भन्ने सन्देह भएको देखाइएको छ।

५. मिश्रका काव्यकृतिमा रस

५.१ रसपचिय

रस्यते आस्वाद्यते इति रसः अर्थात् हृदयले जुन कुराको आस्वादन गर्दछ; त्यो नै रस हो। साहित्यमा रसको सम्बन्ध आनन्दसँग छ। त्यसैले पाठकले कुनै पनि काव्यलाई पढेर जुन रमणीय र आह्लादकारी अनुभूति अन्तर्हृदयमा प्राप्त गर्दछ; त्यस्तो काव्यानन्द नै रस हो।

साहित्यमा रसको इतिहास श्रुतिकालदेखि नै प्रारम्भ भएको कुरा 'तैत्तिरीयोपनिषद्' मा उल्लिखित **रसो वै सः, रसं ह्येवायं लब्ध्वानन्दी भवति** अथवा 'रस नै ब्रह्म हो' 'रसलाई प्राप्त गरेर ब्रह्म आनन्दित हुन्छ' भन्ने कथनबाट प्रमाणित हुन्छ । यसरी श्रुतिअनुसार ब्रह्म र रसमा अभिन्नता पाइन्छ। रससिद्धान्तका प्रवर्तक आचार्य भरत मुनि मानिन्छन्। उनले बीज वृक्ष, पुष्प आदिका प्रति मूल मानिएझैँ रस पनि सबै भावका प्रति मूल हुन्छ भन्नाका साथै 'रसविना कुनै पनि अर्थ प्रवर्तन हुँदैन' भन्ने ठोकुवा पनि आफ्नो नाट्यशास्त्रमा गरेका छन्। भरतले रसलाई दिएको महत्त्व उत्तरवर्ती सिद्धान्तकारहरूले पनि अङ्गीकार गरेको पाइन्छ। तिनमा सबैभन्दा बढी विश्वनाथको **वाक्यं रसात्मकं काव्यम्** (रसात्मक वाक्य नै काव्य हो) भन्ने उक्ति चर्चित देखिन्छ। उनले त अझ रसलाई **ब्रह्मास्वाद सहोदरः** भनेर काव्यमा यसको महत्त्वलाई झन् बढाउने काम गरेका छन्।

भावलाई रसको मुख्य आश्रयस्थल मानिन्छ। भाव भन्नेबित्तिकै मनका विभिन्न स्थिति र तरङ्ग भन्ने बुझिन्छ। भरत मुनिको **विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः** भन्ने रससूत्रअनुसार काव्यमा कारणरूप विभाव, कार्यरूप अनुभाव र सहकारी रूप व्यभिचारी वा सञ्चारी भावको संयोगबाट रसको उत्पत्ति हुन्छ। यसरी काव्यमा विभाव, अनुभाव र सञ्चारी भाव यी तीन अवयवको संयोगबाट व्यञ्जित वा निष्पन्न हुने स्थायीभाव नै रस हो। पूर्वीय वाङ्मयमा मुख्यतः नौवटा रसहरूको विधान गरिएको पाइन्छ, जो शृङ्गार (संयोग र विप्रलम्भ), हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भुत र शान्त हुन्। यी रसहरूका स्थायीभाव क्रमशः रति, हास, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा, विस्मय र निर्वेद मानिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै विभावद्वारा रसको उत्पत्ति हुन्छ अर्थात् यसले स्थायी भावलाई जागृत पार्ने काम गर्छ। विभाव पनि दुई किसिमका छन् –

१. **आलम्बन विभाव :** स्थायीभाव जागृत गर्ने वस्तु वा व्यक्ति जस्तै – नायिका, प्रेमी-प्रेमिका।

२. **उद्दीपन विभाव :** जागृत भावलाई प्रकट गरेर तीव्र पार्ने अवस्था जस्तै – एकान्त स्थान, वसन्त ऋतु आदि ।

रस बुझाउने शारीरिक चेष्टाहरू अनुभाव कहिन्छन् र अनुभावद्वारा नै हृदयगत भावको व्यञ्जना हुन्छ। मानसिक चेष्टाहरूलाई सञ्चारी वा व्यभिचारी भाव भनिन्छ। यी उत्पन्न र नाश भइरहन्छन् । यसरी यी स्थायीभाव, विभाव, अनुभाव र सञ्चारी वा व्यभिचारी भावलाई रससामग्री मानिएको छ।

५.२ रस-विविधता

कवि युद्धप्रसाद मिश्रका कविताहरूमा उपर्युक्त नौवटा रसहरूमध्ये प्रायः सबै रसहरूको सुमधुर विधान पाइन्छ। तर पनि मिश्रका कवितामा जसरी वीर रसको प्रवाह छताछुल्ल भएर पोखिएको छ; त्यति अरू पाइँदैन। साँच्चै उनका कविता पढ्दाखेरि एकछिन पाठकको हृदयसमेत उत्साहले भरिपूर्ण भएर युद्धमैदानमा उत्रेर शत्रुलाई धावा बोलिरहेजस्तो अनुभूति गर्न बाध्य हुन्छ। यो काव्यात्मक प्रवृत्तिगत वैशिष्ट्य हो मिश्रको। त्यसैले कवि मिश्र वीररसका कवि हुन् र यसैमा उनको रससिद्धि पनि सार्थक, सबल एवं परिपुष्ट भएको पाइन्छ। यहाँ रसहरूको प्रयोगका दृष्टिले मिश्रका कविताको चर्चा गरिन्छ –

○ **शृङ्गार रस** – परस्पर अनुरागमा बाँधिएका नायक-नायिकाको एकअर्काप्रतिको प्रेमको वर्णन गरिएमा शृङ्गार रस हुन्छ। यस रसका आलम्बन परस्पर प्रेममा आसक्त नरनारी हुन्छन् र उद्दीपन एकान्त, उद्यान, चन्द्रमा, भ्रमर, फूल आदि हुन्छन्। यसका अनुभाव कटाक्षपात, मुस्कान, लज्जा आदि मानिन्छन् भने सञ्चारी (व्यभिचारी) भाव निर्वेद, ग्लानि, दीनता, मलिनता, पीर आदि हुन् । यसको स्थायी भाव रति हुन्छ।

शृङ्गार रस दुई प्रकारको हुन्छ – संयोग वा सम्भोग शृङ्गार र विप्रलम्भ वा वियोग शृङ्गार। कवि मिश्रका कवितामा दुवै शृङ्गारको प्रयोग पाइन्छ ।

१. **सम्भोग शृङ्गार** – नायक-नायिकाको संयोगात्मक प्रेमको वर्णन भएको शृङ्गार सम्भोग वा संयोग शृङ्गार हुन्छ । मिश्रका कवितामा यसको प्रयोग कम मात्र पाइन्छ। हेरौँ केही उदाहरण –

प्रभा चन्द्रमःको फुटेझैं गगन्‌मा
तिमी मुस्कुराए खुसी लाग्छ मन्‌मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समुत्साह वन्मा गमन् गर्न सक्छु
म सन्ताप लाखौँ दमन् गर्न सक्छु ।। अरण्यकाण्ड - २ सर्ग

यहाँ सीता आलम्बन, चन्द्रमा, प्रभा उद्दीपन, मुस्कुराउनु, खुसी लाग्नु अनुभाव र उत्साह आदि व्यभिचारी भावले परिपुष्ट नायकरूप राममा रति स्थायीभाव सम्भोग शृङ्गार भएर अभिव्यक्त भएको छ। यस्तै –

म तिम्रो हुँ मेरो तिमी कण्ठहार
महल प्रेमकोमा खुलेको दिवार
तिमीमाथि यो भित्रको बारबार
त्यसै पोखिएको छ उन्मुक्त प्यार ।। अरण्यकाण्ड - २ सर्ग

२. विप्रलम्भ शृङ्गार – नायक-नायिकाबीच उत्पन्न प्रेमको वियोगात्मक अवस्थाको वर्णन गरिन्छ भने त्यो विप्रलम्भ शृङ्गार हुन्छ । युद्धप्रसाद मिश्रका कवितामा मुख्य रूपले अरण्यकाण्डमा विप्रलम्भ शृङ्गारको प्रचुर प्रयोग पाइन्छ । जस्तै –

आँखा ठुला विमल केश घना-घना ख्वै
फुट्दो प्रभा वदनकी नवयौवना ख्वै
ख्वै चन्द्रहास मुख हे गिरि कन्दरा हो
पाषाण हो विटप पल्लव हो चरा हो ।। अरण्यकाण्ड - ८ सर्ग

यहाँ नायक राम आलम्बन, एकान्त वन, गिरि, कन्दरा, विमल केश उद्दीपन, यताउति हेर्नु अनुभाव र आत्तिनु, छटपटाउनु आदि व्यभिचारी भावले पुष्ट भएर नायकगत रति स्थायीभाव भएको विप्रलम्भ शृङ्गार रसरूपमा प्रकट भएको छ । यसमा मिलन नभएर विरहको वर्णन भएकाले अभिव्यक्ति वेदनामय हुन पुगेको छ ।

० करुण – आफ्ना नजिकका प्रियजनसितको वियोग वा तिनको विपत्ति अथवा मरण देखेर या सुनेर वा प्यारो वस्तुको विनाश देखेर तथा सुनेर मनमा उत्पन्न हुने विकलताबाट जन्मिने रस नै करुण रस हो । वियुक्त, विपत्तिग्रस्त वा मृत प्रियजन अथवा विनष्ट वस्तु यसको आलम्बन हुन्छ भने तद्व्यक्ति वा वस्तुको सम्झना आदि उद्दीपन मानिन्छ । दैव सराप्नु, गुहार माग्नु, भुइँमा पछारिनु, कपाल लुछ्नु, रुनु, कराउनु आदि यसका अनुभाव हुन् र विवर्णता, सास बढ्नु, मूर्च्छा पर्नु आदि व्यभिचारी भाव हुन्। शोक यस रसको स्थायी भाव हो । कवि मिश्रका कवितामा करुण रसको मार्मिक प्रयोग पाइन्छ –

फरफर गरि खस्छन् भोकले वृक्षदेखी
सुत मम कलिला ती हा ! मलाई नदेखी
कसरी सहनु मैले आज यो बज्रपात
गरदछु शत बिन्ति छाडिद्यौ हे निषाद ।। 'जाबीको चरा'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोडासमेत ठमिँदैन दरो भएर
हा ! गैसक्यो तन लुलो लथरो भएर
वैरिन्छ केवल व्यथा छहरो भएर
उड्दैन प्राण किन झट्ट चरो भएर ।। अरण्यकाण्ड – ६ सर्ग

यहाँ पहिलामा बचरा आलम्बन (विषय), चरो (आश्रय), भोकाउनु, रूखदेखि खस्नु उद्दीपन, निषादसँग बिन्ती गर्नु अनुभाव र असह्य हुनु, बज्रपात भएझैँ अनुभव हुनु व्यभिचारी भाव छ भने दोस्रामा सीता आलम्बन, गोडा दरो भएर नठमिनु, शरीर लुलो हुनु अनुभाव, व्यथा बढ्नु, प्राणदेखि वाक्क लाग्नु, ग्लानि र विषाद हुनु व्यभिचारी भाव भई शोक स्थायी भाव करुण रस बनेर अभिव्यक्त भएको छ।

० रौद्र – पूज्य वा आत्मीय जनको अपमान वा वध आदि अनिष्ट कार्य भएमा यस रसको उत्पत्ति हुन्छ। अपराधी (शत्रु) व्यक्ति यसको आलम्बन (विषय) हुन्छ र प्रतिशोध लिने व्यक्ति आलम्बन (आश्रय) । बल–प्रयोग, हत्या, अपमान आदि यसका उद्दीपन हुन्। कठोरवचन आदि अनुभाव र घमण्ड, क्रूरता, उग्रता आदि व्यभिचारी भाव हुन् भने क्रोध यसको स्थायी भाव हो। मूलतः शोषण, उत्पीडन गरेर समाजलाई पुनरुत्थानतिर लानं खोज्ने सामन्तवर्गप्रति क्रोध वा क्रूरता व्यक्त गर्ने क्रममा मिश्रका कवितामा रौद्र रसको प्रयोग भएको छ । जस्तै :-

नारी न सारि म त अङ्ग न भङ्ग पारी
छाड्दीन दिन्छु यसको स्वरूपै बिगारी
निम्तो दिनू छ अब रावणलाई भन्दै
दौडे उठाइ असि लक्ष्मण क्रुद्ध बन्दै ।। अरण्यकाण्ड – ५ सर्ग

यहाँ शूपर्णखा आलम्बन (विषय), लक्ष्मण आश्रय, शूपर्णखाद्वारा सीताको अपमान गर्नु, झम्टनु, घिसार्नु उद्दीपन, लक्ष्मणद्वारा गरिएको कठोर वचन अनुभाव, लक्ष्मणको उग्रता वा क्रूरता व्यभिचारी भाव भएर क्रोध स्थायीभाव रौद्र रस बनी अभिव्यञ्जित छ। यस्तै : -

ऐलेको यो युग बदलने एक औतार हूँ म
भोका नाङ्गा दलित जनको प्रस्ट उद्धार हूँ म
आँधी–व्याधी हनन गरने खड्गको धार हूँ म
दावानल्को मुख उदधिको ज्वार हूँ ज्वार हूँ म ।। 'आबारा' बाढी कवितासङ्ग्रह

० वीर – शत्रु वा प्रतिद्वन्द्वीको प्रशंसा सुनेर वा उनीहरूलाई देखेर विजयकामनाले जुन उत्साह मनमा जाग्दछ; त्यसैबाट वीररसको उत्पत्ति हुन्छ। यस रसको आलम्बन विषय शत्रु वा प्रतिद्वन्द्वी हुन्छ भने नायक आश्रय । रणदर्शन, वीरता, हाँक, बाजा, जोश, पराक्रम, शक्तिप्रदर्शन आदि उद्दीपन हुन्छन् भने शत्रुको तिरस्कार, अस्त्रप्रहार, आक्रमण, पराक्रमको कथन आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

अनुभाव र गर्व, हर्ष, धैर्य, रोमाञ्च आदि व्यभिचारी भाव हुन् र उत्साह वीर रसको स्थायीभाव हो।

८३ वर्षको वृद्धावस्थासम्म पनि नेपाली जनता र राष्ट्रको मुक्तिका निम्ति लड्नैपर्दछ भनेर क्रान्तिको आह्वान गर्ने कवि मिश्रका कवितामा वीर रसको अभिव्यक्ति सबैभन्दा बढी भएको छ। उनका कविताहरू पढ्दै जाँदा पाठकहरूका हृदयमा पनि साधारणीकरणका माध्यमबाट पराक्रम, जोश, उमङ्ग र क्रान्तिका भावहरू स्वतःस्फूर्त रूपमा जागृत हुन थाल्छन् र पाठक रणसङ्ग्राममा युद्धदुन्दुभि बजाइरहेको अनुभव गर्न विवश बन्छ। यो कवि मिश्रको विशेषता हो। त्यसैले नै कवि मिश्र वीर रसका कवि हुन् भन्ने कुरा माथि नै उल्लेख भइसकेको छ। हेरौँ वीररसले सिक्त मिश्रका केही कवितांश –

गर्दै शस्त्रप्रहार राक्षसहरू लागे खूबै बम्कन
थाल्यो राघवको पनी हुन धनु चौतर्फी सञ्चालन
लागे ढल्न गडेर तीर तनमा राक्षस्हरूका गण
मारी दिन्छु म झट्ट यस्कन भनी आयो उठी दूषण ।। अरण्यकाण्ड – ५ सर्ग

आयो क्रान्ती जन हृदयको पूर्ण दैलो उघारी
पर्ने भो यो धरतितलमा वर्गसङ्घर्ष भारी
लागेका छन् द्रुत कदम भै एकतातर्फ सारा
जागेका छन् सजग युगका जोशिला सर्वहारा ।।
'मिर्मिरे भो उज्यालो' युद्धप्रसाद मिश्रका कविताहरू

माथिका कवितांशमध्ये पहिलामा राम आलम्बन (विषय), दूषण आश्रय, रामद्वारा वीरताप्रदर्शन उद्दीपन, राक्षसवीरहरूको वध अनुभाव, खरदूषणको धैर्य व्यभिचारी भाव र खरदूषणमा उत्पन्न उत्साह स्थायीभाव हो भने दोस्रामा शोषक र सामन्तवर्ग आलम्बन (विषय), शोषित-पीडित सर्वहारा वर्ग आश्रय, जोश, एकता, हाँक, उद्दीपन, सङ्घर्ष र पराक्रमको कथन अनुभाव, हर्ष, जागृति, धैर्य आदि व्यभिचारी भाव भएर उत्पन्न स्थायीभाव उत्साह नै वीर रस बनेर अभिव्यक्त भएको छ। यस्तै –

कालो बेला प्रमथित गरी देशमा बत्ती बाल्छु
मान्छेलाई विविध दुःखका गर्तदेखि उचाल्छु
जस्को दुःखीबिच छ प्रभुता गर्छु त्यस्को दिवाला
एकाकी भैकन पनि म छु विघ्न सामर्थ्यवाला ।। 'आबारा' बाढी कवितासङ्ग्रह

नूतन वयका नूतन खून, नूतन बाजा नूतन धून
नव-गति-विधि आक्रमण नवीन, विजय छ हाम्रो एक दुई तीन ।।
'को हुन् ठूला, को हुन् साना' बाढी कवितासङ्ग्रह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोषीतमाथि अब मानवता जगाऊ
आत्मा बनी झुपडिको रणगीत गाऊ
छोरा तिमी धरतिको बलवान छाती
झल्काइदेऊ युग पाइन अस्त्रमाथि ।।

'क्रान्तिकारीको नाउँमा एउटा तार' युद्धप्रसाद मिश्रका कविताहरू

० **भयानक** – भयदायक जन्तु, घटना वा दृश्य देखेर मनमा जुन भययुक्त चित्तवृत्ति उत्पन्न हुन्छ, त्यसबाट अभिव्यक्त हुने रस नै भयानक रस हो। भयानक जन्तु आदि यसको आलम्बन (विषय) हुन्छ र भयभीत हुने व्यक्ति आश्रय । भयङ्कर जन्तुका भयप्रद चेष्टा, शून्य स्थान, अरण्यगमन, स्वजनवध आदि उद्दीपन, आकार बिग्रनु, भकभके स्वर गर्नु, पसिना काढ्नु, काम्नु आदि अनुभाव र शङ्का, मूर्च्छा, आवेग, जडता, त्रास, मृत्यु आदि व्यभिचारी भाव अनि भय स्थायी भाव यस रसका सामग्री हुन् ।

कवि मिश्रले आफ्ना कविताहरूमा भयानक रसको प्रयोग यसरी गरेका छन् –

रुन्थिन् जान्न भनी ठुलो हठ गरी काँपी बरा थर्थरी
घिच्चिन्थिन् नभकञ्ज बाहुबलले पक्री बुटा वल्लरी
रावण्चाहिँ घिसार्दथ्यो घरि-घरी उत्तप्त आँखा तरी
ढल्थिन् हा ! मिथिलासुता मरिमरी हृद्भेद डाँको गरी ।। अरण्यकाण्ड-६ सर्ग

यहाँ रावण आलम्बन (विषय), त्रस्त वा भयभीत सीता आश्रय, सुनसान जङ्गल, रावणद्वारा प्रदर्शित क्रूर र भयभीत चेष्टा उद्दीपन, घिसार्नु, आँखा तर्नु, डराउनु, काम्नु, डाको छोड्नु अनुभाव र शङ्का, त्रास, आवेग व्यभिचारी भाव भएर सीतामा उत्पन्न भएको जुन स्थायीभाव भय हो, त्यही नै भयानक रस बनेर अभिव्यक्त भएको छ । यस्तै –

भूत आयो भूत आयो, भीतिकारी एक कालो
रातको करतुत आयो, भूत आयो भूत आयो ।। 'भूत आयो' बाढी कवितासङ्ग्रह

आकाङ्क्षाले नृपतिहरूका लाउने मुण्डमाला
ऐलेलाई बुझ अभयको हूँ म यौटो दिवाला
धावा बोल्दै असह गतिले ढाल्न चट्टान आएँ
देख्यौ ऐले उपकरणको उग्र बेला उदाएँ ।। 'आएँ बाढी कवितासङ्ग्रह

० **वीभत्स** – घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्तवृत्ति नै वीभत्स रस हो। यसको आलम्बन दुर्गन्धित वा घृणित वस्तु या व्यक्ति हुन्छ भने उद्दीपन घृणालाई बढाउने तत्त्व मानिन्छन् । थुक्नु, आँखा चिम्लनु, आङ खुम्च्याउनु, मुख बङ्ग्याउनु, नाक थुन्नु, छिःछिः गर्नु आदि यसका अनुभाव र आवेग, घिन, व्याधि आदि यसका व्यभिचारी भाव हुन्छन् अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

जुगुप्सा वा घृणा स्थायी भाव हुन्छ।

कवि मिश्रका कविताहरू वीभत्स रसले पनि सिक्त छन्। हेरौँ केही उदाहरण -

चाहे रावण अङ्ग-अङ्ग चिथरी मेरो सबै मासु खा
चाहे तिर्षित रक्त भै जतिसुकै मेरो कलेजा दुखा
मेरो आत्म रहन्छ राम पदको आराधनामा झुकी
तेरो पाप जघन्यलाई मनले दिन्छू म ऐले थुकी ।। अरण्यकाण्ड - ६ सर्ग

हे सङ्कीर्ण विचारले हृदयमा जालो बुनेका जन
सक्तैनौ अब यो विशाल दुनियाँदेखि त्यसै उम्कन
रोएको जनजीवनीतिर नभै अन्यत्र धस्छौ घुँडा
छि: ! साहित्यिक बन्न आँट गरने तिम्रा कलम्‌का ठुँडा ।।

'पर्दा छिटै खोलिद्यौ' युद्धप्रसाद मिश्रका कविताहरू

यहाँ पहिलामा रावण आलम्बन (विषय) र सीता आश्रय छन् । रावणले गरेका घृणात्मक जघन्य अपराध उद्दीपन, अपराधी रावणलाई थुक्नु अनुभाव, सीतामा उत्पन्न अधैर्य, उद्वेग व्यभिचारी भाव भई जुगुप्सा स्थायी भाव वीभत्सरसस्वरूप बनेर अभिव्यक्त भएको छ भने दोस्रामा जनजीवनलाई विषय बनाएर साहित्य नलेख्ने व्यक्तिहरू आलम्बन, फोहोरी सङ्कीर्ण विचार लिनु, हृदय पवित्र नराख्नु आदि उद्दीपन, छि: छि: गर्नु अनुभाव, घृणा, रोष आदि व्यभिचारी भाव हुँदै जुगुप्सा स्थायी भाव भएर वीभत्सरस अभिव्यञ्जित छ ।

० **अद्‌भुत** - अलौकिक अथवा विचित्र वस्तु, दृश्य या घटना देखेर वा सुनेर उत्पन्न हुने विस्मयपूर्ण चित्तवृत्ति नै अद्भुत रस मानिन्छ। अनौठो विषय वा वस्तु यसको आलम्बन हुन्छ र त्यस अनौठो विषय वा वस्तुको महिमा, चमत्कार या विशेषता यसको उद्दीपन। पसिना, रोमाञ्च, आँलो टोक्नु, मुख बाउनु आदि अनुभाव हुन्छन् भने अचम्म, मोह, जडता आदि व्यभिचारी भाव । यस रसको स्थायी भाव विस्मय वा आश्चर्य हो।

कवि मिश्रका कवितामा अद्भुत रस मनोरस ढङ्गले अभिव्यक्त भएको देखिन्छ । जस्तै -

उँचा सुशोभ मणिको सिँगको छ ताज
झल्किन्छ चार खुरका बिच पुष्पराज
थोप्लाहरू शरिरका झलमल्ल तारा
चैतन्य जान्छ किन भक्तिन आज सारा ।। अरण्यकाण्ड - ५ सर्ग

वैदिक् वेदान्ति, न्यायिक् गणित प्रपठिता ज्योतिषी ब्रह्मचारी
संन्यासी, तन्त्रवादी, तरह-तरहका सन्त साधु भिखारी
सिद्धीको टाकुरामा उदित अरुणश्री कृष्णको हेर्न साथी
लागेका छन् सबैमा कुतुहल हुन गै ताँतिका माथि ताँती ।। मुक्तसुदामा-३ उडान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ पहिलो कवितांशमा सुनको मृग आलम्बन (विषय) र सीता आश्रय छन् । शरीरभरि झलमल्ल ताराहरू टल्किनु, खुरका बीचमा पुष्प झल्किनु, मणिका सिँग देखिनु उद्दीपन, नरोकिएर हेरिरहनु, रोमाञ्चित हुनु, मुख बाउनु अनुभाव र अचम्म मान्नु, मोह जाग्नु, चेतना हराउनु आदि व्यभिचारी भाव अनि दोस्रामा सुदामा आलम्बन (विषय), कृष्णका नगरवासीहरू आश्रय, सिद्धिका टाकुरामा उदित हुनु, कृष्णका साथी हुनु उद्दीपन, सबैमा कुतूहल हुनु अनुभाव र नगरवासीमा उत्पन्न मोह व्यभिचारी भाव भएर विस्मय वा आश्चर्यस्वरूप अद्भुत रस अभिव्यक्त भएको छ।

० **शान्त** – संसारको अनित्यता र निस्सारताको बोधबाट उत्पन्न हुने वैराग्यात्मक चित्तवृत्ति शान्त रस हो। समस्त अनित्य र दुःखद सांसारिक प्रपञ्च यसका आलम्बन र पुण्याश्रम, तीर्थ, सत्सङ्ग आदि उद्दीपन हुन्छन् । विषयमा अरुचि, गृहत्याग, समता आदि अनुभाव र धैर्य, स्मृति, हर्ष आदि व्यभिचारी भाव हुन्छन् भने निर्वेद या शान्ति यसको स्थायी भाव मानिन्छ।

मिश्रका कवितामा शान्त रसको विधान यस्तो रहेको छ –

अन्तर्दृष्टी अगमतिरको खोलिएको छ बाटो
सम्झी सारा धन र धरती राज्य निर्जीव माटो
आकाङ्क्षाका बीच विबुधता सूर्यले भै प्रकाश
पाएका छन् सम दम क्षमाशीलका सद्‌मिठास ।। अरण्यकाण्ड – ५ सर्ग

यहाँ निर्जीव धन, धर्ती, राज्य आदि अनित्य संसार, वैराग्य आलम्बन (विषय), राम, सीता र लक्ष्मण आश्रय, एकान्त पुण्य तपोवन, सत्सङ्ग, चिन्तन, उद्दीपन, विषयमा अरुचि, समता, क्षमाशीलता आदि अनुभाव र स्मृति, धैर्य, निर्वेद आदि व्यभिचारी भावले परिपुष्ट भएर शान्ति स्थायीभावस्वरूप शान्त रस अभिव्यञ्जित छ। यस्तै –

शोभा उठाइ वन नन्दनबाट ल्याई
झैं अप्सरादिहरूले छ दिए खन्याई
गर्दा प्रवेश दृग त्यो वनको छरामा
वर्षिन्छ स्वर्गिक सुधा मनको घटामा ।। अरण्यकाण्ड – ४ सर्ग

६. उपसंहार

यसरी कवि युद्धप्रसाद मिश्रका कवितामा जनताका पीडा, चीत्कार र विद्रोहका स्वरहरू अभिव्यक्त हुनाका साथै ती शास्त्रीय दृष्टिले पनि परिपुष्ट देखिन्छन् । उनका काव्यकृतिमा वार्णिक, मात्रिक र लोक छन्द, शब्दालङ्कार र अर्थालङ्कार तथा प्रायः सबै रसको सफल प्रयोग भएको पाइन्छ। 'छि ! साहित्यिक बन्न आँट गरने तिम्रा कलम्का ठुटा' भन्ने एउटा पङ्क्तिमा हास्य रससमेत देखा परेको छ । श्लीलता, क्रान्तिकारिता र परिवर्तनमुखी चाहनाभित्र पनि मिश्रका काव्यकृतिमा जुन छन्द, अलङ्कार र रसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri and...

विधान मार्मिक ढङ्गले भएको छ; त्यसबाट उनको अद्वितीय र विलक्षण कवि-प्रतिभाको द्योतन हुन्छ । अझै पनि शास्त्रीय कोणबाट व्यापक अध्ययन र अनुसन्धान हुन सकेमा कवि मिश्रको कवि-व्यक्तित्व र कृतित्व निकै फराकिलो हुने कुरामा दुई मत छैन ।

सन्दर्भ-कृति-सूची

१. अधिकारी, वासुदेव (सम्पा.)- **युद्धप्रसाद मिश्रका कविताहरू**, युद्धप्रसाद मिश्र पुरस्कार तथा प्रकाशन गुठी, भक्तपुर, २०४८ ।

२. उपाध्याय, केशवप्रसाद - **पूर्वीय साहित्य सिद्धान्त** (द्वितीय संस्करण), साझा प्रकाशन, २०४८।

३. गिरी, जीवेन्द्रदेव - 'जन ढुकढुकीमा जीवितकवि युद्धप्रसाद मिश्र' **रातो थुँगा**, वर्ष १, अङ्क १, पृष्ठ १ प्र.ले.सं., सुर्खेत २०४८ ।

४. गिरी, मधुसूदन - 'विचारका अटल ध्रुवतारा: युद्धप्रसाद मिश्र' **मिर्मिरे**, वर्ष २४, अङ्क ५, पृष्ठ ९७, नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, २०५२ ।

५. तिमल्सिना, पशुपति - **कवि युद्धप्रसाद मिश्रको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०४१ ।

६. तिमसिना, डिल्लीराम र माधव भण्डारी - **छन्द र अलङ्कार**, प्रेमजनक पुस्तकालय, पाँचथर, २०१८ ।

७. भट्ट, केदार - **वृत्तरत्नाकरम्** (तृतीय संस्करण) मोतीलाल बनारसीदास, दिल्ली, १९७२ई.।

८. भट्टराई, गोविन्दप्रसाद - **पूर्वीय काव्यसिद्धान्त**, ने.रा.प्र.प्र. काठमाडौं, २०३१ ।

९. मिश्र, युद्धप्रसाद - **मुक्त सुदामा**, मुक्ति प्रकाशन, अस्सी, वाराणसी, १९७२ ई.।

१०. __________ **अरण्यकाण्ड**, मुक्ति प्रकाशन, अस्सी, वाराणसी २०२७ ।

११. __________ **बाढी कवितासङ्ग्रह** (द्वितीय संस्करण), लालिमा प्रकाशन, काठमाडौँ, २०४० ।

१२. विश्वनाथ - **साहित्यदर्पण** (नवम संस्करण), चौखम्बा विद्याभवन, वाराणसी, १९९४ई.।

१३. शरण, दीनानाथ - **नेपाली साहित्यका इतिहास**, बिहार हिन्दीग्रन्थ अकादमी, पटना, १९४७ ई.।

१४. शर्मा, तारानाथ - **नेपाली साहित्यको इतिहास** (तृतीय संस्करण), नवीन प्रकाशन, काठमाडौँ, २०५१ वि.सं.।

१५. श्रेष्ठ, दयाराम र मोहनराज शर्मा - **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (द्वितीय संस्करण) साझा प्रकाशन, २०४० वि.सं.।

१६. हुमागाईं, जनकप्रसाद - (सम्पा.) **शृङ्खला**, वर्ष ७, अङ्क १-१२, कवि मिश्रविशेषाङ्क, शृङ्खलापरिवार, २०४१ ।

* *२०५२/११/०६ मा कवि मिश्रको पाँचौँ स्मृति दिवसका अवसरमा आयोजित गोष्ठीमा कार्यपत्रका रूपमा प्रस्तुत ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. पशुपति झा : व्यक्तित्व र कृतित्व

– उपप्रा. डा. नुरापति पोखरेल

१. वंशपरम्परा/जन्म

पं. पशुपति झाको जन्म जनकपुर अञ्चलअन्तर्गतको महोत्तरी जिल्लाको साँढा गाउँमा भएको हो। काश्यप गोत्रीय[१] ब्राह्मण–परिवारमा जन्मिएका पं. इन्द्रपति झाले श्री ५ गीर्वाणयुद्धवीरविक्रम शाहदेवबाट वि.सं. १८६२ मा सूर्यग्रहणका समयमा महोत्तरी जिल्लाको साँढा भन्ने गाउँमा १०१ बिघा जमिन बिर्ताका रूपमा प्राप्त गरेका थिए । नेपालमा यति धेरै भूमि बिर्ताका रूपमा पाउनुमा उनको विद्वत्ताले नै महत्त्वपूर्ण भूमिका खेलेको हुनुपर्दछ । यिनै इन्द्रपति नै भारतको विहार प्रान्तमा पर्ने गजहडा भन्ने गाउँबाट सपरिवार नेपाल आई बसोबास गर्ने पशुपति झाका आद्य पूर्वज हुन् ।[२] साँढामा १०१ बिघा जमिन बिर्ताका रूपमा प्राप्त गर्नुभन्दा केही पहिले पनि उनले बहादुरपुरमा २०१ बिघा जमिन बिर्ताका रूपमा पाएको पाइन्छ, तर मूल वंशज अझै पनि साँढामा नै बस्छन् ।[३] इन्द्रपतिका सुपुत्रका रूपमा नैयायिक विद्वान् स्पर्शमणि जन्मे ।[४] व्याकरणशास्त्रका धुरन्धर विद्वान् मनोहर झा यिनै स्पर्शमणिका सुपुत्र हुन् ।[५] यिनको तन्त्रप्रति पनि अभिरुचि देखापर्छ ।[६] मनोहर झाले अनेक ग्रन्थहरू लेखी नेपाली–संस्कृतवाङ्मयको ठूलो सेवा गरेको पाइन्छ ।[७] मनोहर झाका पाँच पुत्रहरूमध्ये कनिष्ठ सुपुत्रका रूपमा कृष्णानन्दको जन्म भयो ।[८] यिनै कृष्णानन्द र मुन्नइदेवीका माहिला छोराका रूपमा[९] वि.सं. १९८४ श्रावणशुक्ल पञ्चमीका दिन कविवर पशुपति झा जन्मे ।[१०] यसरी सर्सर्ती हेर्दा पशुपति झाको जन्म एउटा

१. मैथिल झा ब्राह्मणका धेरै गोत्र छन् र पशुपति झाहरू काश्यप गोत्रीय हुन् ।

२. आसीदिन्द्रपतिर्बुधो दरिहरेवंशाम्बुजाहस्करो यद्वैदुष्यमवेक्ष्य भूपतिमणिर्नेपालपालो नृपः ।
साँढाख्यालसितं मनोहरपुरं प्रादात्प्रमोदान्विते यत्रागत्य निजान्ववायसहितश्चक्रे स वासं मुदा ॥
(नेपालसाम्राज्योदये ग्रन्थकर्तुः परिचये १ पद्यम्)

३. पशुपति झाका अनुसार बहादुरपुरमा १८६० मा बिर्ता प्राप्त भएको हो र साँढामा १८६२ मा प्राप्त भएको हो । बिर्ता नेपालमहाराजबाट प्राप्त भएता पनि बहादुरपुरमा कोही बसेनन् ।

४. तत्पुत्रो करुणालयो बुधवरोविद्वज्जनैर्मानितः, श्रीमान् स्पर्शमणिः प्रमाणनिपुणः निष्कैतवोधार्मिकः । (पूर्ववत् २ पद्यम्)

५. तस्माल्लब्धजनिर्मनोहर–सुधीः शब्दज्ञपञ्चाननः, पाण्डित्येन निजेन तत्र विषये ख्यातिं जगाम द्रुतम् । (पूर्ववत्)

६. पशुपति झाबाट प्राप्त जानकारीअनुसार

७. मनोहर झाका निम्न ग्रन्थहरू पाइन्छन् – १. शौचाशौचविवेचनम् (अप्रकाशित), २. शृङ्गारहारावली (अप्रकाशित), ३. वाताह्वानम् २ (एउटा वाताह्वानम् टीकासहित प्रकाशित छ । केदारनाथद्वारा निर्मित 'वाताह्वानम्' मा संस्कृतटीका लेखिएको पाइन्छ), ४. कूटदर्पणमा संस्कृत टीका लेखेका छन् । यो पुस्तक प्रकाशित छ ।

८. तज्जातेषु सुतेषु पञ्चसु लघू रामादिदेवप्रियः, कृष्णानन्दबुधः परोपकरणे नक्तं दिवं तत्परः ॥ (पूर्ववत् ३ पद्यम्)

९. जातास्तस्य सुतास्त्रयः सुमतयस्तन्मध्यमोऽहं सुतः । (पूर्ववत्)

१०. प्रमाणपत्रअनुसार २७–४–१९३० ईसी जन्म समय छ, जुन विक्रममा परिणत गर्दा पनि वास्तविक समयभन्दा केही फरक पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

विद्वत्परिवारमा भएको थियो भन्ने प्रमाणित हुन्छ । पशुपति झाको वंशपरम्परामात्र नभई सम्पूर्ण साँढा नै विद्वत्परम्परामय रहेको देखा पर्दछ । सुरेश झाजस्ता वैयाकरणलाई पनि साँढाले नै जन्माएको हो ।[११] झाको जन्म विद्वत्परम्परामा भएको हो भन्ने कुरा उनका पितृव्यपुत्रका घरमा रहेका पाण्डुलिपि, पुस्तक, ताडपत्र तथा भूर्जपत्रहरूले प्रमाणित गर्दछन् ।[१२] यसरी पशुपति झाको वंशपरम्परा विद्याप्रति पूर्णतः सचेत पाइन्छ । यिनीहरू दरिहरे बराह मूलग्रामअन्तर्गत पर्दछन् ।[१३] यसरी हेर्दा नेपालमा इन्द्रपतिको वंशपरम्परा स्पर्शमणि–मनोहर–कृष्णानन्द हुँदै पशुपति झासम्म आएको पाइन्छ ।

पं. पशुपति झाका दाजुको नाम वाचस्पति र भाइको नाम गणपति हो । उनकी एक पत्नी (सीतादेवी) र एक पुत्र (डा. विजयकान्त झा, एम्.ए., पीएच्डी, एमफिल्, पञ्जाव विश्वविद्यालय) छन् । साथै दुई नातिहरू मुनीश झा (बी.एस्सी, कम्प्युटर साइन्स) र रजनीश झा (बी.एस्सी) आफ्ना–आफ्ना विभागमा कार्यरत छन् । अवकाश प्राप्त वृद्धजीवन आफ्नी धर्मपत्नीका साथ शान्त वातावरणमा साँढामा नै बिताइरहेका झाको निधन वि.सं. २०६२ साल पौष २८ गते भएको छ ।

२. अध्ययन

पशुपति झाको प्रारम्भिक अध्ययन घरैमा दाइ (पितृव्यपुत्र) विष्णुदेवबाट[१४] र माध्यमिक तहको अध्ययन नेपाल राजकीय महाविद्यालय जनकपुर (कुवा) मा जीवनाथ झाबाट भयो ।[१५] पछि बनारसमा

---

११. *सुरेश झाले लेखेको 'श्लोक सिद्धान्त कौमुदी' सम्पूर्णानन्द विश्वविद्यालयबाट प्रकाशित भएको छ र यसमा लेखकको मौलिकता झल्किएको छ ।*

१२. क) *केही समय पहिले एक जना जर्मन विद्वान् अन्वेषक साँढामा गएर ४० हजार दिएर उक्त पाण्डुलिपिहरू लैजान चाहेका थिए र उनलाई ती पुस्तकहरू दिने निश्चय पनि भएको थियो तर पैतृक सम्पत्तिका रूपमा रहेका ग्रन्थहरू बेच्न हुन्न भन्ने भनाइ कतैबाट आएकाले २० हजार दिई उक्त ग्रन्थहरू फोटोकपी गरी उनले लगेका थिए ।*

ख) *यी ग्रन्थहरूमा ३०० वर्ष पुरानो ताडपत्रमा लेखिएको गीता पनि छ ।*

ग) *यहाँ भएका पुस्तकहरूमा वैयाकरण भूषणसारको टीका महत्त्वपूर्ण छ ।*

घ) *अधिकांश ग्रन्थहरू जीर्ण बन्दैछन् र मैथिली लिपिमा लेखिएका छन् । अहिले मैथिली लिपि राम्ररी पढ्न सक्ने मानिसहरू साह्रै कम छन् । (सम्पूर्ण जानकारी पारिवारिक स्रोतबाट प्राप्त)*

१३. *मैथिलहरूमा मूल पुरुष + ग्रामको पनि ग्रहण हुन्छ । मूल पुरुषमा उनीहरूको आदिपुरुषको ग्रहण हुन्छ भने ग्राममा सम्बन्धित गाउँ रहन्छ । गोत्रको भन्दा मूल ग्रामको महत्त्व हुन्छ । त्यसैले नै पशुपतिले आफ्ना पूर्वजको परिचय दिने क्रममा 'दरिहरेवंशाम्बुजाहस्करः' (टि. २) भनेका छन् ।*

१४. क) *बाल्येऽपाठि जनैः सुगीतयशसः श्रीविष्णुदेवाद् गृहे । (पूर्ववत् ४ पद्यम्)*

ख) *परम्परित सारस्वत् सम्पत्ति यिनै विष्णुदेवसँग छ ।*

१५. क) *तारुण्यं जनकाधिकारनगरे श्री जीवनाथान्तिके*
नीतं साधुतया .... (पूर्ववत्)

ख) *कूवाको विद्यालयं नै पछि ज्ञानकूपमा सरी याज्ञवल्क्य मा.वि.को रूपमा परिणत भएको हो ।*

ग) *पशुपतिको माध्यमिक अध्ययन ईश्वी १९४४ मा पूर्व भएको हो ।*

घ) *जीवनाथ झा अध्यापनको लागि भारतबाट ल्याइएका अध्यापकमध्ये एक हुन् । उनी हेडगुरु हेमराजका गुरुपुत्र पनि हुन् । यिनको कवित्वशक्ति प्रखर भएको चर्चा पाइन्छ । यिनले 'महेन्द्र प्रतापोदय' भन्ने लघुकाव्य लेखेका छन् । नेपालदेशीय संस्कृत साहित्यका इतिहासकारहरूले जीवनाथ र उनको उपर्युक्त ग्रन्थको चर्चा गरेको पाइन्छ। यिनले 'रावणवध ?' नामक संस्कृत महाकाव्यको रचना गरेको चर्चा पाइन्छ तर प्रकाशित छ छैन थाहा छैन ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गई उनले बालबोधनामक गुरुका सान्निध्यमा रही १९५२ ईशवीय संवत्‌मा हरिवन राजकीय संस्कृत महाविद्यालयबाट व्याकरणाचार्य परीक्षा उत्तीर्ण गरे ।[१६] एकातिर उच्च शिक्षा, विशेषतः व्याकरणशास्त्रको अध्ययन, बनारसमा षड्‌शास्त्राऽभिज्ञ बालबोधबाट[१७] र अर्कातर्फ साँढामै स्थापित विद्यालयका अध्यापक कार्तिकेय झाबाट यिनले प्राप्त गरे ।[१८] ई.सं. १९५२ मा यिनले वृजविहार संस्कृत समिति पटनाबाट साहित्याचार्य पदवी पनि प्राप्त गरेको पाइन्छ।[१९] ई.सं. १९५२ जुलाई महिनादेखि दरभङ्गास्थित मिथिला विद्यापीठबाट विश्वविद्यालयद्वारा निर्धारित (व्याकरण, साहित्य, दर्शन, अङ्ग्रेजी) विषय लिई एम्.ए. को अध्ययन प्रारम्भ गरे तापनि विभिन्न विघ्नहरूले गर्दा उनको उक्त अध्ययन पूर्ण हुन सकेन । पशुपतिलाई अध्ययनका निम्ति उनका दाजुले नै विभिन्न प्रकारले सहयोग गरी प्रेरणा दिएको पाइन्छ ।[२०] विद्वान् पशुपतिले अध्यापनका क्रममा मूलतः व्याकरणका माध्यमबाटै सरस्वतीको सेवा गरेको देखिन्छ।

३. अध्यापन

१९५२ ई.सं.मा उच्च शिक्षा हासिल गरेका श्री झाले १९५६ देखि मात्र अध्यापन आरम्भ गरेको देखिन्छ। भारतका विभिन्न स्थानमा अध्यापन गर्दै झाले सम्पूर्ण जीवन विद्यादानमै व्यतीत गरेको पाइन्छ, जसको विवरण निम्नलिखित छ –

क) वाराणसेय संस्कृत विश्वविद्यालयबाट मान्यताप्राप्त रघुवर संस्कृत महाविद्यालय, सिङ्गडा (गुजरात) बाट झाको अध्यापकीय जीवन प्रारम्भ हुन्छ । यहाँ उनी ई. १९५६ देखि १९५९ सम्म शास्त्री र आचार्य तहमा अध्यापन गर्दछन् ।

ख) ई. १९५९–६३ सम्म सोही विश्वविद्यालयबाट मान्यता प्राप्त ब्रह्मकर्मसंवर्धिनी संस्कृत महाविद्यालय, नागपुर (महाराष्ट्र) मा शास्त्री र आचार्य स्तरको अध्यापन कार्यमा संलग्न रहन्छन् ।

ग) ई. १९६३ देखि १९८७ सम्म पञ्जाब विश्वविद्यालयअन्तर्गतको 'पञ्जाब विश्वबन्धु शोध संस्थान, साधु आश्रम, होशियारपुर (पञ्जाब)' मा शास्त्री र आचार्य स्तरमा नै अध्यापन गर्दछन् । यसै संस्थामा नै झाले सबैभन्दा बढी अध्यापन गरी अवकाश पनि प्राप्त गर्दछन् ।

यसरी सर्सर्ती हेर्दा ३१ वर्षसम्मको औपचारिक अध्यापनको दीर्घ अनुभव पशुपति झामा पाइन्छ। मृदुभाषी, सरल स्वभाव भएकाले उनका घरमा जिज्ञासुहरूको सत्सङ्ग र अनौपचारिक विद्यादान गर्ने काम उनको जीवनकालसम्म निरन्तर चलिरहेकै थियो । झाले आफ्नो अध्यापनकै क्रममा विभिन्न साहित्यिक कृतिहरूको लेखन सम्पादन तथा प्रकाशन गरेका छन् । झाको हिन्दी भाषामा लेखिएको

---

१६. क) *पछि यही महाविद्यालय नै वाराणसेय संस्कृत विश्वविद्यालयमा परिणत भयो ।*
ख) *पशुपति ईस्वी १९४४ मा अध्ययनका लागि काशी गएका हुन् ।*

१७. *.................... ततः शिवपुरीमासाद्य वाराणसी*
शास्त्रं व्याकरणं गुरोरधिगतं श्रीबालबोधान्मया ।। (पूर्ववत् ४ पद्यम्)

१८. पूर्ववत्, ५ पद्यम् ।

१९. *पछि यही समिति नै कामेश्वर सिंह संस्कृत विश्वविद्यालयका रूपमा प्रतिष्ठित भयो ।*

२०. पूर्ववत्, ६ पद्यम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटामात्र लेख रामतत्त्वम् प्रकाशित छ भने अन्य रचनाहरू संस्कृतमा लेखिएका पाइन्छन् । माध्यमिक तहको अध्ययनका क्रममा नै काव्ययात्राको आरम्भ गरे तापनि ती आरम्भिक लेखनका साक्ष्यहरू अहिले नष्ट भइसकेका छन् ।

४. मौलिक तथा सम्पादित ग्रन्थहरू

४.१ कूटदर्पणम् (वि.सं. २००८)

कूटदर्पण संस्कृतमा लेखिएको प्रहेलिकाप्रधान ग्रन्थ हो । यसका टीकाकार पशुपतिका पितामह मनोहर झा र सम्पादक स्वयं पशुपति झा हुन् । पशुपति झा र अन्य विद्वान्हरूका अनुसार **कूटदर्पण**का पद्यहरू प्राचीन लेखकका हुन् । त्यसमा लेखिएका प्रतिश्लोक एक डेढ पृष्ठसम्मको विस्तृत व्याख्या मनोहर झाले लेखेका हुन् । कूटदर्पणका ४ वटा पद्यहरूमात्र प्रसिद्ध र प्राचीन छन् भन्ने विद्वान्हरूको भनाइ पाइन्छ ।[२१] उदाहरणका लागि **कूटदर्पण**का दुई पद्य यहाँ दिइएका छन् –

सा ते भवतु सुप्रीता मधुवाता ऋतायते ।
पुत्रप्रयोजना भार्या तस्माद् यज्ञे वधो वधः ।।
टानीटुकमुकशब्दं कृत्वा टानीटेन वटेन वटा ।
हेवट हेवट सर्पट सर्पट कर्ण विकर्ण वटे न वटा ।।

४.२ नेपालसाम्राज्योदयम्

२०३७ सालमा प्रकाशित **नेपालसाम्राज्योदयम्**' आजसम्म लेखकलाई चर्चित गराउने महत्त्वपूर्ण महाकाव्य हो । १५ सर्ग भएको मूलतः शाहवंशीय इतिहासलाई विषयवस्तु बनाइएको, वि.सं. २०३६ सालको जनमतसङ्ग्रहसम्मको विषयवस्तुलाई समेटिएको, सरल र सरस पद्यहरू भएको काव्यकलाका दृष्टिले पनि उत्कृष्ट मानिएको प्रस्तुत महाकाव्य कालिदासीय काव्यकलालाई प्रेरणास्रोतका रूपमा प्रयोग गर्दै निर्माण गरिएको रचना हो । प्रस्तुत महाकाव्यलाई उत्तर प्रदेश (भारत) सरकारले नगद रु. ५०० र प्रमाणपत्रसहित **कालिदास पुरस्कार**ले पुरस्कृत गरेको छ।

विदेशमा बसिरहेका अवस्थामा राष्ट्रभक्तिद्वारा अभिप्रेरित भई निर्माण गरिएको प्रस्तुत महाकाव्यलाई राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित गराउन आफू असफल भएको, राजाको दर्शन गर्ने इच्छा पनि अपूर्ण नै रहेको भन्ने कुरा लेखकले महाकाव्यका भूमिकामा व्यक्त गरेका छन् ।

नेपालवर्णनबाट प्रारम्भ गरिएको प्रस्तुत महाकाव्यमा लेखकले भगवान् पशुपतिनाथप्रति आफ्नो दृढ भक्ति देखाएका छन् । आफू स्वयं मधेशवासी भएकाले पर्वतवासीहरूको चरित्रलाई कुतूहलताका साथ प्रस्तुत गरेका छन् । रघुवंशमहाकाव्यमा झैँ अनेक राजाहरूको उत्थान र

---

२१. *डा. माधव भट्टराई, पृ. ३६५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतन नाटकीय ढङ्गमा प्रस्तुत गरिएको छ । ऐतिहासिक घटनावलीका लागि हिन्दीमा प्रकाशित एउटामात्र ग्रन्थलाई आधार बनाइएकाले कतै–कतै उक्त घटनावलीहरू पूर्ण रूपमा मेल खाँदैनन्। तिथि–मितिलाई ज्योतिषीय पद्धतिद्वारा प्रदर्शन गरिएकाले केही कठिनाइ अनुभव हुन्छ । समग्रमा भन्नुपर्दा वीररसप्रधान प्रस्तुत महाकाव्य अलङ्कार, गुण आदि काव्यशास्त्रीय तत्त्वको समुचित सन्निवेश र काव्यकलाका दृष्टिकोणले उत्कृष्ट ठहर्छ ।

४.३ वाताह्वानम्[२२]

वाताह्वानम् 'विश्वसंस्कृतम्' पत्रिकाको वर्ष २६ अङ्क ३ (सितम्बर १९८९ तदनुसार आश्विन २०४६) मा प्रकाशित भिन्नै शैलीमा वसन्ततिलका छन्दमा लेखिएको ककारादि पद्यबाट प्रारम्भ भई हकारादिमा समाप्त हुने ३३ पद्य भएको स्वल्प खण्डकाव्य वा अक्षरमालिका–काव्य हो । हावालाई सम्बोधन गरी लेखिएको प्रस्तुत काव्यका कतिपय पद्यमा आदिका प्रथम पदहरू कठिन भए तापनि समग्रमा पशुपतिका काव्यकलामा पाइने सरलता र कलात्मकता झल्किएको छ । उदाहरणका रूपमा गकारादि एक पद्य प्रस्तुत गरिन्छ –

गाढोष्मबिन्दुमिलितोदररोमराजी राजीवसुन्दरदृशो नवयौवनायाः ।
नैषा सितेतरतनुर्भुजगी कराला कस्माद् बिभेषि मलयानल ! नैव विद्मः ।।३३।।

४.४ राधाविरहगीतिः

राधाविरहगीति मन्दाक्रान्ता छन्दमा रचिएको १०१ पद्य भएको खण्डकाव्य हो । विश्वेश्वरानन्द वैदिक शोध संस्थान, साधु आश्रम, होशियारपुरबाट प्रकाशित हुने **विश्वसंस्कृत पत्रिका** वर्ष ३०, अङ्क १ (मार्च, १९९३ तदनुसार चैत्र, २०५०) मा ५५ पद्य र उक्त पत्रिकाकै वर्ष ३०, अङ्क २ (जून, १९९३ तदनुसार आषाढ, २०५०) मा अवशिष्ट पद्यहरू प्रकाशित भएका पाइन्छन् । श्रीकृष्ण मथुरा गएपछि उनकै विरहमा विह्वल भएकी राधाको विरहगानको यसमा वर्णन गरिएको छ । खण्डकाव्यको लगभग आधा भागमा राधाले कृष्णविरहमा गरेको विप्रलापको वर्णन गरिएको छ भने अवशिष्टभागमा राधाले पवनलाई दूत बनाई बाटाको परिचय गराएको, कृष्णको

---

२२. *'वाताह्वानम्' काव्य अन्वेषणीय छ । प्रस्तुत 'वाताह्वानम्' पशुपतिद्वारा रचना गरिएको हो । यसको प्रेरणास्रोत उनका पितामह मनोहर झाद्वारा प्रणीत वाताह्वानलाई मात्र सकिन्छ । मनोहर झाले दुई वटा 'वाताह्वानम्' को रचना गरेका छन्। त्यसमध्ये एउटा प्रकाशित छ र एउटा सोपज्ञाटीकासहित अप्रकाशित छ । विनही निवारी केदारनाथ झाद्वारा लेखिएको 'वाताह्वानम्' पनि छ । प्रस्तुत काव्य यमकालङ्कार र अनुप्रास अलङ्कारले पूर्ण छ । यस वाताह्वानम्मा मनोहर झाले संस्कृत टीका लेखेका छन् । प्रस्तुत काव्यं पनि अप्रकाशित अवस्थामा पशुपतिझासँग छ । 'रुक्मिणी पत्रं' काव्यको –*
'का वा बाला काञ्चनमाला कस्याः पुत्री काञ्चनवत्याः
कस्मिन् लिखते काञ्चनपत्रे किं किं लिखति क ख ग घ ।।'
पद्य सुनेको थिएँ । यही काव्यको प्रश्नोत्तरका सन्दर्भमा 'वाताह्वानम्' जन्मिएको हुन सक्छ, तर अनुसन्धान गर्नुपर्ने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुलिया बताएको र उसको कर्तव्यको शिक्षा दिएको पाइन्छ । यसको रचनामा मेघदूतलाई प्रेरणास्रोत बनाइएको छ तापनि मेघलाई झैँ वाचिक सन्देश नदिई अभीष्टको सङ्केत गर्ने चेष्टाहरू गर्न अन्त्यतिरका पद्यहरूमा अनुरोध गरिएको छ । जस्तै –

तस्मिन् गेहे किमपि कुसुमं मूर्च्छितं संस्थितं चेत्
तच्चादाय प्रियतमपदे स्थापयित्वा सभावम् ।
सङ्केतव्यं कुसुमसदृशी कान्तिहीना विवर्णा
वाञ्छत्येका चरणयुगलं चुम्बितुं प्रेयसी ते ।। (रा.वि.गी. ८९)

४.५ वाताह्वानम् (सं.)

वाताह्वानम् 'विश्वसंस्कृतम्' पत्रिकाको वर्ष ३३, अङ्क ३ (सितम्बर, १९९६ तदनुसार आश्विन, २०५३) र वर्ष ३३, अङ्क ४ (दिसम्बर, १९९६ तदनुसार पौष, २०५३) मा प्रकाशित विद्वद्वरेण्य मनोहर झाद्वारा लिखित सोपज्ञटीकासम्बलित पशुपति झाद्वारा सम्पादित खण्डकाव्य वा अक्षर-मालिका काव्य हो । ग्रन्थारम्भभन्दा पहिले मङ्गलाचरण गरेर थालिएको प्रस्तुत काव्यमा गीतिछन्दमा रचिएका ककारादि पद्यबाट प्रारम्भ भई क्षकारादि पद्यमा समाप्त हुने ३४ पद्य रहेका छन् । पशुपति झाको **वाताऽऽह्वानम्** वसन्ततिलका छन्दमा रचिएको छ भने प्रस्तुत **वाताह्वानम्** गीतिछन्दमा रचिएको छ । पहिलो **वाताह्वानम्** मा 'क' देखि 'ह' सम्मका ३३ पद्य छन् भने प्रस्तुत **वाताह्वानम्**मा 'क्ष' समेत गरी ३४ पद्य रहेका छन् । कविप्रौढोक्तिद्वारा संरचित प्रथम वाताह्वानमा सरलता पाइन्छ भने कविनिबद्धवक्तृप्रौढोक्तिद्वारा संरचित प्रस्तुत **वाताह्वानम्**मा चित्रकाव्यात्मकता र कठोरता पाइन्छ । प्रस्तुत काव्यमा ग्रन्थारम्भ र ग्रन्थसमाप्तिमा अनुष्टुप् छन्दमा रचिएका दुई अतिरिक्त पद्यसमेत छन् ।

प्रौढ काव्यात्मक शैलीमा रचिएको प्रस्तुत काव्यमा अधिकांश ठाउँमा मेदिनी कोशका आधारमा अर्थ स्पष्ट्याइएको छ । यमकालङ्कार सम्बलित अनुप्रास अलङ्कारको छटा सर्वत्र देख्न पाइन्छ । मङ्गलाचरणको **सोम सोमखण्डान्वितं भजे** पद्यांशले नै प्रस्तुत काव्यको स्वरूप स्पष्ट गर्दछ । एउटा उदाहरण –

टुण्टुकमुक्तपटश्रीः टुण्टुकभुक्तकुचश्रीः स्पृश वामाः ।
टुण्टुकदष्टमुखश्रीः टुण्टुक-कष्ट-वशश्रीः क ! श्यामाः ।।

४.६ कृष्णविरहगीतिः[२३]

कृष्णविरहगीतिः लेखकको नवीनतम रचना हो । प्रस्तुत काव्य **राधाविरहगीतिः** काव्यका शैलीमा मन्दाक्रान्ता छन्दमा १०० पद्यमा रचिएको छ । द्वारकामा बसेका कृष्णले राधिकालाई

२३. *मैले हेर्दा अप्रकाशित र केही पद्य लेख्न नै बाँकी थियो ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्झी चिन्ता गरेको, मातृस्मरण गरेको, त्यसै समयमा उद्धव आएकाले उनीसित श्रीकृष्णको वार्तालाप भएको, कृष्णले उद्धवलाई गोकुल पठाएको, उद्धवको नन्दसँग भेटघाट र वार्तालाप भएको, राधिकालाई भेटी उद्धवले आध्यात्मिक सन्देश सुनाएको र अन्त्यमा राधिकाले प्रेमको महत्त्वगान गरेको प्रसङ्ग यसमा क्रमशः वर्णन गरिएको छ । प्रस्तुत काव्यको आरम्भ यसरी हुन्छ-

सौधं हित्वा जलनिधितटे स्फाटिके शैलखण्डे
दुःखासीनः किसलयनिभे न्यस्य पाणौ कपोलम् ।
बिभ्रद् वासः कनककपिशं राधिकाया वियोगे
स्थायं स्थायं मनसि सततं चिन्तयामास कृष्णः।। (कृ.वि.गी. १)

ज्ञानगुनका कुरा गरी आफूलाई सम्झाउन खोज्ने उद्धवलाई राधिका यस्तो उत्तर दिन्छिन्-

ज्ञानागारं विमलचरितं पुस्तकं त्वत्पुरस्तात् ।
मत्प्रेमाग्निप्रवरशिखया भस्मसात्स्यात् कदाचित् ।। (कृ.वि.गी. ९२)

प्रस्तुत काव्य अध्ययन गर्दा श्रीमद्भागवतका शब्दहरूको प्रयोग गरिएकाले र उद्धवलाई दूतका रूपमा पठाइएकाले श्रीमद्भागवत र मेघदूतको एकै साथ स्मरण हुन्छ । काव्य सलल बगेको छ, तर कतै-कतै यति खट्किन्छ ।

५. प्रकाशित स्फुट शोध, लेखादि

५.१ महाभाष्यकार पतञ्जलि[२४]

महाभाष्यकार पतञ्जलिः लेख सिमराबाट प्रकाशित हुने 'दिव्यज्योति' पत्रिकामा प्रकाशित छ। प्रस्तुत लेखबाहेक चर्चा गरिएका सम्पूर्ण लेख तथा रचनाहरू पञ्जावबाट प्रकाशित हुने 'विश्वसंस्कृतम्' पत्रिकामा प्रकाशित छन् ।

५.२ द्वौ ज्योतिर्विदौ

द्वौ ज्योतिर्विदौ 'विश्वसंस्कृतम्' पत्रिका (फरवरी, १९६४)[२५] मा प्रकाशित कथा हो । यसमा प्रतिद्वन्द्वी दुई जना ज्योतिषीका बीचमा भएका दुईवटा शास्त्रार्थ प्रस्तुत गरिएका छन् । प्रथम शास्त्रार्थमा गाउँको नेतालाई न्यायालयमा जान आइतवार राम्रो हुन्छ भनेर एक जनाले तर्क गर्छन् भने अर्काले सोमवार जान राम्रो हुन्छ भन्ने तर्क प्रस्तुत गर्छन् । दोस्रो विवाद वरको निरीक्षण गर्न आएका कन्यापक्षीय व्यक्तिहरूले ल्याएका जन्मकुण्डलीसित सम्बद्ध छ । मर्यादाका

२४. *प्रकाशन समय निश्चित नभएता पनि अनुमानतः ईस्वी १९६०-६१ तिर प्रकाशित भएको हो । त्यतिखेर पशुपति झाले नागपुरमा रहेको महाविद्यालयमा अध्यापन गरिरहेका थिए ।*
२५. *सम्भवतः 'विश्वसंस्कृतम्' पत्रिकाको प्रथमाङ्कमा प्रकाशित भएको हो ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सीमा नाघ्ने यी दुवैका विवादले साधारण मानिसलाई कुनै एउटा पक्ष ग्रहण गर्न मुस्किल पर्छ । पशुपतिको कथाकारिताको निरीक्षणका निम्ति अन्त्यको स्वल्प कथांश यहाँ प्रस्तुत छ –

'देवरातशर्मा हस्तं विपोथयन् प्रोवाच – यदि भवत्कन्या विधवा दुराचारिणी च न स्यात् तदाहं यज्ञोपवीतं न धारयिष्यामि । सोमराजशर्माऽपि क्रुधा प्रतिवाक्यं दत्तवान् – यदि भवत्कन्या पतिघ्नी, कुलनाशिनी च न स्यात्तर्हि अन्त्यजहस्तेन जलं पास्यामि । (द्वौ ज्योतिर्विदौ, १३४)

५.३ ससेमिरा[२६]

ससेमिरा 'विश्वसंस्कृतम्' पत्रिकामा प्रकाशित संस्कृत कथा हो । राजहंस राजाका सभामा पुगेका निरञ्जनले वार्तालापका प्रसङ्गमा राजालाई उनकी रानी भानुमतीका जघनमा तिलक छ भन्दछन् । व्यभिचारको शङ्का गर्दै मन्त्री सुमतिले जति सम्झाए पनि राजाले ती विद्वान्को वध गर्ने आदेश दिन्छन्। चतुर मन्त्री सुमतिले पुत्रवधूका रूपमा निरञ्जनको संरक्षण गर्छन् । सिकार खेल्न गएका राजपुत्रले आफ्ना सेनाबाट अलग भई व्याधाका भयले वृक्षमा आश्रय लिएका अवस्थामा ऋक्षसित विश्वासघात गर्दछन् र विक्षिप्त भई ससेमिरा मन्त्र उच्चारण गर्न लाग्छन् । आद्याक्षरबाट सम्पूर्ण पद्य पूर्ण गरी तिनै निरञ्जनले राजपुत्रलाई स्वस्थ बनाउँछन्। विद्याको प्रभावले आफूले सबै कुरा जानेको हुँ भन्दै निरञ्जन राजालाई खुसी बनाउँछन् ।

कथा सरल र प्रवाहमय छ । संवादात्मक शैलीको प्रयोग गरिएको छ । उदाहरणका लागि एउटा वाक्य यहाँ प्रस्तुत छ –

कदाचिदकस्मात् स्वीयवैदुष्यं प्रदर्शयितुं सकलाऽनुशासनऽनुशीलनविस्मारितेतरजनो निखिलजनरञ्जनो निरञ्जनो नाम कश्चित् विपश्चित् सर्वतो भ्रामं भ्रामं तदीयराजप्रासादमुपेत्य द्वारि स्थितं द्वारपालं व्याजह्रे – 'सौम्य ! ब्रूहि राजानं – अस्ति कश्चिद् विद्वान् भवद्दर्शना-भिलाषी द्वारि स्थितः' इति । (ससेमिरा)

५.४ शृङ्गारहारावलिः

शृङ्गारहारावलिः 'विश्वसंस्कृतम्' पत्रिकामा प्रकाशित शार्दूलविक्रीडित छन्दमा रचिएका १२ वटा शृङ्गारिक मुक्तकप्रायः पद्यहरूको सङ्ग्रह हो ।[२७] नायिकाको विरहले सन्तप्त भएका नायकको दुरवस्था देखेर खिन्न भएकी दूतीद्वारा नायिकालाई गरिएका अनुनय-विनयसँग सम्बद्ध छन् यी पद्यहरू । एउटा उदाहरण यस प्रकार छ –

---

२६. *प्रस्तुत कथाको पुनर्मुद्रितांशद्वारा समय निर्धारण हुँदैन । लेखकका अनुसार ईस्वी १९६४ नवम्बरमा 'विश्वसंस्कृतम्' पत्रिकाको प्रथमाङ्कमा प्रकाशित भएको हो ।*

२७. क) *प्रस्तुत शृङ्गारहारावली 'द्वौ ज्योतिर्विदौ' र 'ससेमिरा' कथाभन्दा पछि प्रकाशित भएको हो र 'वाताह्वानम्' भन्दा पहिले प्रकाशित भएको हो भन्ने कुरा पत्रिकाको प्रकृतिले स्पष्ट गर्दछ, तर समय निश्चित भएन ।*

ख) *प्रस्तुत शृङ्गारहारावली मनोहरझाको शृङ्गारहारावलीभन्दा भिन्न हो । मनोहर झाको शृङ्गारहारावली अप्रकाशित छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किं ब्रूमो भवतीं विनैष तरुणो नूनं महासुन्दरः
कासारोदकमन्तरा झष इव प्राप्तो न किं मूर्च्छनम् ।
वृत्वैनं कथमप्यहो गुणवति त्वं जीवय स्पर्शनात्
प्राणत्राणपरायणान्न हि बृहद्धर्मान्तरं वर्तते ।। (शृ.हा. ७)

५.५ साहित्यविमर्शः

साहित्यविमर्श 'विश्वसंस्कृतम्' पत्रिकामा वर्ष १९, अङ्क ३ (मई, १९६६, तदनुसार ज्येष्ठ, २०२३) मा प्रकाशित साहित्यसम्बन्धी समालोचनात्मक लेख हो ।

५.६ शब्दशक्तिविवेकः

त्रैमासिक पत्रिका 'विश्वसंस्कृतम्' (मई, १९६७, तदनुसार वि.सं., २०२४) मा प्रकाशित शब्दशक्तिविवेक व्याकरणसित सम्बद्ध लेख हो ।

५.७ उपनिषत्सु भेदाऽभेदोपासना

उपनिषत्सु भेदाऽभेदोपासना भन्ने लेख वेदान्तदर्शनसित सम्बद्ध छ र उपर्युक्त विश्वसंस्कृतम् पत्रिकामा फरवरी, १९६९ ई.सं.मा प्रकाशित छ ।

५.८ चतुर्दशसूत्रीविमर्शः

चतुर्दशसूत्रीविमर्शः व्याकरणसित सम्बद्ध लेख हो र विश्वसंस्कृतम् पत्रिकामा फरवरी, १९७६ मा प्रकाशित छ ।[२८] सात पृष्ठ लामो यस लेखमा 'अ इ उ ण्' आदि चौध सूत्र पाणिनीय हैनन् भन्ने कुरा सुरुमा तर्क र विभिन्न पुराण आदिका प्रमाणका आधारमा सिद्ध गरिएको छ र अन्त्यमा चौध सूत्रका प्रत्येक अक्षरको रुद्रयामल, काशिका आदिका आधारमा अर्थनिर्धारण गरिएको छ । अनुबन्धहरूको रचना पनि पाणिनिद्वारा भएको हैन भन्ने सिद्ध गरिएको छ । 'अइउण्' यस प्रथम सूत्रको व्याख्यासित सम्बद्ध एक सरलांश यस प्रकार छ –

'अकारो निर्गुणः परमेश्वरः, अकारो ब्रह्मरूपः स्यान्निर्गुणः परमेश्वरः, अकारः सर्ववर्ण्याग्र्यः प्रकाशः परमेश्वरः' इति काशिका । आकारो वासुदेवः स्यादित्येकाक्षरश्च । अक्षराणामकारोऽस्मीति गीता । स च परमेश्वर इम् चित्कलां मायामाश्रित्य उः व्यापकः अर्थात् सगुणत्वेन स्थितः । ...... इकारश्चित्कला मता । उकारो विष्णुरित्याहुर्व्यापकत्वान्महेश्वरः इति काशिका । ..... । (च.सू.वि. ६७)

---

२८. *प्राप्त पत्रिकामा समय स्पष्ट नभएको ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.९ स्फोटविमर्शः

स्फोटविमर्श पनि व्याकरणसित सम्बद्ध लेख हो र 'विश्वसंस्कृतम्' पत्रिकाको वर्ष २३, अङ्क १ (मार्च, १९८६, तदनुसार फागुन–चैत, २०४३) मा प्रकाशित छ । नौ पृष्ठ लामो यस लेखमा स्फोटको स्वरूप स्पष्ट गर्दै स्फोटको इतिहास, स्फोटसम्बन्धी विभिन्न आचार्यका मत–मतान्तर पनि देखाइएको छ। वेदमा नै स्फोटको सङ्केत भएको चर्चा गर्दै स्फोटायन नै स्फोटवादका प्रवर्तक हुन् भन्ने आचार्यका भनाइहरू सप्रमाण प्रस्तुत गरिएका छन् । स्फोटवाद स्वयं दर्शन भएकाले विभिन्न दर्शनका पृष्ठभूमिमा यसलाई स्पष्ट्याइएको छ । यहाँ स्फोट र ध्वनिबीचको सम्बन्धलाई दर्साउने एउटा अंश प्रस्तुत गरिन्छ–

ध्वनिस्फोटयोः कार्याकारणभावसम्बन्धाङ्गीकारदशायां ध्वनिः कार्यम्, स्फोटः कारणम्। यतो हि स्फोटादेव ध्वनिरुत्पद्यते । अत एव शब्दार्थयोर्वाच्यवाचकसम्बन्धः प्रतिपाद्यते । अत्र शब्दो वाचकः, अर्थो वाच्यः । किन्तु ध्वनिस्फोटयोर्व्यङ्ग्यव्यञ्जकभावसम्बन्ध एव । अत्र महाभाष्यकृतः कथनमस्ति यश्च श्रोत्रेण ग्राह्यः स ध्वनिः, न तु स्फोटः । यश्च बुद्धिग्राह्यः स स्फोटो न तु ध्वनिः । अतोऽर्थज्ञानाय द्वयोरपेक्षाऽनिवार्या । (स्फोटविमर्शः)

५.१० श्राद्धविमर्शः

श्राद्धविमर्शः धर्मशास्त्रसित सम्बद्ध लामो निबन्ध हो । यो लेख 'विश्वसंस्कृतम्' पत्रिकाको वर्ष २९, अङ्क ३ (सितम्बर, १९९२ तदनुसार आश्विन, २०४९) मा र उक्त पत्रिकाकै वर्ष २९, अङ्क ४ (दिसम्बर, १९९२ तदनुसार पौष, २०४९) मा प्रकाशित छ ।[२९] प्रस्तुत निबन्धमा सुरुमा श्राद्धशब्दको तात्पर्य र त्यसको प्रयोजनवत्ता प्रतिपादन गरिएको छ र विस्तारपूर्वक श्राद्धको वैदिकता सिद्ध गरिएको छ । विभिन्न योनिमा प्राप्त पितृहरूलाई श्राद्धीयान्न भक्ष्यपदार्थका रूपमा प्राप्त हुन्छ भन्ने प्रमाणहरू प्रस्तुत गरिएका छन् । श्राद्धद्वारा तृप्त पितृहरूले आफ्ना सन्ततिका मनःकामनालाई पूर्ण गराउँछन् भन्ने निर्देश गरिएको छ । प्रमाणका रूपमा अनेक वैदिक तथा लौकिक वाक्यांशको उद्धरण र व्याख्या गरिएको छ । झाको गद्यशैली यस्तो छ –

'उपर्युक्तपर्यालोचनया सिद्धं भवति यत् श्रद्धया मन्त्रमुच्चार्य अस्माल्लोकात् परलोकं गतानां पितृणां प्रेतत्वविमुक्त्यर्थं तत्तृप्त्यर्थं शास्त्रविधिमनुसृत्य यत्पिण्डदानादिकर्म क्रियते तन्मृतपितृश्राद्धं कथ्यते । (पृ. ५१)

... एतावता पूर्वोक्तेन श्रौतस्मार्तप्रमाणेन मृतानामेव श्राद्धस्य वैदिकत्वमिति निर्बाधम् । इत्थं च श्राद्धं वेदबाह्यमिति मन्वाना ये श्राद्धकर्मविमुखाः पलायन्ते तेऽपि पूर्वोक्तयुक्तिप्रमाणाभ्यां निर्गन्तुं नार्हन्ति। (पृ. १३)

२९. *डा. माधव भट्टराईले (विद्यावारिधि शोधप्रबन्धमा) बम्बईको भारतीय विद्याभवनबाट प्रकाशित 'सवित्' पत्रिकामा 'श्राद्धविमर्श' प्रकाशित भएको छ भनेका छन्, तर उक्त पत्रिकामा पशुपति झाको श्राद्धविमर्श प्रकाशित भएको बुझिदैन । मनोहरझाद्वारा लिखित 'शौचाशौचविवेचनम्' को केही अंश भने प्रकाशित छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. अप्रकाशित ग्रन्थ

६.१ देवीभागवत-टीका

भावबोधिनी संस्कृत टीका र चन्द्रिका हिन्दी टीका भएको **देवीभागवत** पाण्डुलिपिको १२०० पृष्ठमा लेखिएको छ । प्रस्तुत पुस्तकको टीका-लेखनद्वारा लेखकले आफ्नो **श्रीदुर्गाचरणाम्बुजार्चनरतिः सत्सेवको धीमताम्**[३०] भन्ने कथनलाई प्रमाणित गरेका छन् । प्रस्तुत टीका ग्रन्थ प्रकाशनका क्रममा एक दुई पृष्ठ छापिए तापनि कारणवश नछापिई लेखककै घरमा थन्किएको छ ।

६.२ शौचाऽशौचविवेचनम्

शौचाऽशौचविवेचनम् पशुपति झाद्वारा सम्पादित धर्मशास्त्रीय ग्रन्थ हो । यसका मूल लेखक सम्पादकका पितामह मनोहर झा हुन् । यस ग्रन्थको शीघ्र प्रकाशन हुने आशा छ ।

६.३ सूक्तिसन्दोहः

सूक्तिसन्दोह पशुपति झाद्वारा लिखित मौलिक सूक्तहरूको सङ्ग्रह हो । यसलाई भारत सरकारको 'राष्ट्रिय संस्कृत संस्थान'बाट प्रकाशन गर्ने प्रयास गरिए तापनि सफलता प्राप्त नभएको बुझिएको छ ।

७. उपसंहार

सम्पूर्ण जीवन प्राध्यापन कार्यमा समर्पण गरे तापनि पशुपति झाले फुर्सदका समयमा गरेको वाङ्मय-सेवालाई कम महत्त्वपूर्ण मान्न सकिन्न । वाङ्मय-उपासनामा पनि साहित्यसाधनालाई नै महत्त्वपूर्ण मान्नुपर्ने हुन्छ । प्राध्यापनका क्रममा जीवनका महत्त्वपूर्ण क्षणहरू भारतमै बिताउन विवश भएका लेखकद्वारा मातृभूमिप्रतिको स्नेहले प्रेरित भएर निर्माण गरिएको **नेपालसाम्राज्योदयम्** महाकाव्य आयामका दृष्टिले सबैभन्दा ठूलो काव्य हो । **राधाविरहगीति** र **कृष्णविरहगीतिले** दूतकाव्यको परम्परालाई अगाडि बढाएका छन् । मैथिली र हिन्दी भाषामा व्यवहार गर्ने, अनुपम विद्वत्ताले युक्त भएका र अहङ्कारशून्य सरल स्वभाव भएका झा व्यावहारिक अवस्थामा साधारणजस्ता भएको बुझिन्छ। सहयोगात्मक भावनाले युक्त पशुपति सरलता र सौजन्यका प्रतिमूर्ति थिए भन्ने कुरा अध्ययनबाट थाहा हुन्छ ।

---

३०. *नेपाल साम्राज्योदयम्को ग्रन्थकार परिचयका ३ पद्य ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दार्थ–सम्बन्धबारेका मतहरू

– उपप्रा. हेमनाथ पौडेल

त्रि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ

१. विषय-परिचय

शब्द र अर्थका बीच कस्तो सम्बन्ध रहन्छ भन्नेबारेमा पूर्वीय र पाश्चात्य दुवै क्षेत्रमा गम्भीर चिन्तनहरू भएका छन् । मूलतः शब्द र अर्थका बीच घनिष्ठ सम्बन्ध हुन्छ । शब्द भाषाको बाह्य पक्ष हो भने अर्थ आन्तरिक। शब्द–शरीर र अर्थप्राणको समष्टिगत स्वरूप नै भाषा भएकाले शब्दबेगर अर्थको प्रेषण र ग्रहण नहुने अनि अर्थबेगर शब्दमा ध्वनिमात्र बाँकी रही त्यो निष्प्राण शवमात्र हुने हुँदा यिनका बीचको सम्बन्ध परस्परमा अभिन्न हुन्छ तर यो सम्बन्ध सनातन, नित्य र अविच्छेद्य छ कि आकस्मिक, अनित्य र पृथक् छ भन्नेबारेमा भने दुवैतर्फका विद्वान्हरूका बीच मतभेदहरू रहेका छन् । पाश्चात्य दार्शनिक, मनोवैज्ञानिक र भाषाविद्हरू एवम् पूर्वीय दार्शनिक, संस्कृत वैयाकरण तथा काव्यशास्त्रीहरूले शब्दार्थ–सम्बन्धका बारेमा आ–आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । संस्कृत वैयाकरणहरूको शब्दार्थसम्बन्धी चिन्तन 'स्फोटवाद'का नामले परिचित रहेको छ भने मीमांसकहरूको चिन्तनलाई 'अभिहितान्वयवाद' र 'अन्विताभिधानवाद' का रूपमा चिनिन्छ अनि शब्दार्थसम्बन्धका बारेमा बौद्धदार्शनिकहरूको आफ्नै मत छ; जसलाई 'अपोहवाद' भनिन्छ । पाश्चात्य क्षेत्रमा भने प्लेटोबाट अरस्तु हुँदै आधुनिक भाषावैज्ञानिकहरूसम्मले शब्दार्थ–सम्बन्धका बारेमा आफ्ना चिन्तनहरू प्रस्तुत गरे पनि तिनले कुनै वादको रूप लिएको पाइँदैन ।

यस लेखमा शब्दार्थसम्बन्धबारेका यिनै मतहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गर्ने उद्देश्य राखिएको छ।

२. शब्दार्थचिन्तनको परम्परा

पाश्चात्य विद्वान्हरूले विभिन्न प्रसङ्गमा शब्दार्थसम्बन्धी चिन्तन गरेका छन् । त्यहाँ शब्द र अर्थको सम्बन्धलाई आन्तरिक, अविच्छेद्य र नित्य मान्नेहरू पनि छन् र बाह्य, आरोपित र अनित्य मान्ने पनि छन् । प्लेटोले शब्द र अर्थको सत्ता स्वतन्त्र भएको मानेका छन् भने उनका चेला अरस्तुले पनि शब्द र अर्थको सम्बन्ध तात्त्विक, नित्य र आन्तरिक नभएर व्यावहारिक, सामयिक र बाह्य नै मानेका छन् । उता विट्गिन्स्टाइन भने शब्द र अर्थको सम्बन्ध भाषाबाट व्यक्त गर्न नसकिने ठान्छन् र शब्दार्थसम्बन्ध–स्वरूपलाई नित्य, अनिर्वचनीय र अव्याख्येय मान्छन् । बर्ट्रेन्ड रसेल पनि शब्दार्थसम्बन्धलाई नित्य ठान्दै अर्थभिन्नता भएमा शब्दभिन्नता पनि हुने कुरा बताउँछन् । मनोवैज्ञानिकहरूका दृष्टिमा चाहिँ शब्दबोधका अभावमा पनि वस्तुबोध हुने भएकाले शब्द र अर्थका बीच नित्य सम्बन्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन । यिनीहरूका विचारमा शब्द ध्वनि-तरङ्गको नियत व्यवस्था हो भने अर्थ मानसिक घटना । बाघ शब्द सुन्दा र बाघ वस्तुलाई देख्दा उत्पन्न हुने प्रतिक्रियामा फरक हुन्छ । त्यसकारण वस्तुबोधबाट उत्पन्न प्रतिक्रिया र वस्तुबोधक शब्दका बीच कुनै सम्बन्ध हुँदैन । प्रतीकवादीहरूका अनुसार अर्थबोध हुनु भनेको मानिसका मनमा वस्तुको रूप आउनु हो, वस्तु नै आउनु होइन । शब्द सूचक र अर्थ सूच्य हुने हुनाले यी दुवैमा भिन्नता छ । आधुनिक भाषावैज्ञानिकहरू शब्द र अर्थको सम्बन्ध लौकिक व्यवहारबाट स्थापित हुने मान्दै शब्दार्थ-सम्बन्धलाई अनित्य या सामयिक हुने बताउँछन् । यिनीहरूका दृष्टिमा शब्दार्थसम्बन्ध परम्परागत एवम् यादृच्छिक हुन्छ । यसमा कुनै नैसर्गिक वा नित्य सम्बन्ध नभएर मानिएको सम्बन्धमात्र हुन्छ ।

पूर्वीय क्षेत्रमा शब्दार्थसम्बन्धी चिन्तन गर्ने पहिला विद्वान् वैयाकरणहरू हुन् । यिनीहरूको शब्दार्थचिन्तन **स्फोट सिद्धान्त** का रूपमा प्रस्तुत भएको छ । यिनीहरू शब्द र अर्थका सम्बन्धलाई नित्य मान्दछन् । भारतीय संस्कृत व्याकरणपरम्पराका उद्‌भट विद्वान् पाणिनि हुन् । पाणिनिपूर्व पनि निरुक्तकार यास्कले शब्दार्थ-चिन्तन गरेका छन् । उनी **अर्थ वाचः पुष्पः फलञ्चाह** अर्थात् अर्थ वाणीको पुष्प र फल हो भन्दछन् र शब्द र अर्थमा नित्य सम्बन्ध भएको मान्दछन् । पाणिनिको **अष्टाध्यायी** सूत्रग्रन्थ संसारकै वैज्ञानिक र शक्तिशाली व्याकरण मानिन्छ । यसपछि संस्कृत व्याकरणपरम्परामा पाणिनि सम्प्रदायको विकास भएको छ । पाणिनि सम्प्रदायका त्रिमुनिमध्ये कात्यायनले पाणिनिका सूत्रमा वार्तिक लेखे र सूत्रमा विस्तार गरे भने पतञ्जलिले दुवैका सूत्रमा **महाभाष्य**का नामबाट टीका लेखेर अझै विस्तार गरे । पत्तञ्जलिले महाभाष्यमा गरेको व्याख्या **सिद्धे शब्दार्थसम्बन्धे** अनुसार पाणिनि र कात्यायन दुवैले शब्दार्थ-सम्बन्धलाई नित्य मानेका छन् । पतञ्जलिले आफ्नो **महाभाष्य**मा शब्दार्थसम्बन्धी प्रशस्त चिन्तन गरेका छन् र शब्दार्थ-सम्बन्धलाई स्फोटका रूपमा लिएका छन् । पतञ्जलिपछि संस्कृत व्याकरणपरम्पराका ठूला विद्वान् भर्तृहरिलाई मानिन्छ । यिनले पतञ्जलिको **महाभाष्य**मा टीका लेख्नाका साथै **वाक्यपदीय** नामक ग्रन्थ पनि लेखेका छन् । यो ग्रन्थ भाषाको दार्शनिक व्याख्याका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यसमा उनले पतञ्जलिको **स्फोट सिद्धान्त**को पुनर्व्याख्या गरेर शब्दार्थ-सम्बन्धलाई लगभग टुङ्गो लगाउने काम गरेका छन् । उनका विचारमा शब्दमा अर्थ बुझाउने सामर्थ्य स्वाभाविक रूपमै रहेको हुन्छ । यो सामर्थ्य अनादि पनि छ । भाषामा शब्दद्वारा नै अर्थसम्प्रेषण र ग्रहण गरिन्छ । शब्द र अर्थको सम्बन्ध गाग्रो र माटोमा, कपडा र धागोमा जस्तै रहेको हुन्छ । माटोबेगर गाग्रो र धागोबेगर कपडा बन्दैन । गाग्रोमा माटो र कपडामा धागो हुन्छ । त्यस्तै शब्दविना अर्थको ग्रहण र अभिव्यक्ति दुवै हुँदैन । त्यसकारण शब्द र अर्थका बीच अविच्छेद्य र नित्य सम्बन्ध छ भन्ने यिनको विचार छ । भर्तृहरिपछि नागेश भट्टले **स्फोटवाद** नामक ग्रन्थ नै लेखे । यिनले पूर्वपरम्परालाई नै अनुसरण गर्दै शब्दार्थ-चिन्तनलाई अझै स्पष्ट पारेका छन् । यिनी पनि शब्दार्थसम्बन्ध सृष्टिकालदेखि प्रलयसम्म नै रहने हुनाले शब्दमा अर्थको प्रवाह नित्य रहने मान्दछन् । वैयाकरणहरूपछि शब्दार्थ चिन्तन गर्ने अर्को सम्प्रदाय दार्शनिकहरूको रहेको छ । भारतीय दर्शनका ६ सम्प्रदायमध्ये यस सम्बन्धमा सर्वाधिक चिन्तन मीमांसकहरूले गरेका छन् । यिनीहरूको मूल ग्रन्थ जैमिनिको **मीमांसा-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत्र हो । यसमा शबर स्वामीले भाष्य नै लेखेका छन् । यही भाष्यका निष्कर्षका मतामतका आधारमा कुमारिल भट्ट र प्रभाकरले दुई सम्प्रदायको विकास गरेका हुन्, जसलाई **अभिहितान्वयवाद** र **अन्विताभिधानवाद** भनिन्छ । यिनीहरूमा अर्थ कसरी प्रकट हुन्छ भन्नेसम्बन्धमा पदवादी र वाक्यवादी दृष्टिकोण रहे पनि शब्दार्थसम्बन्ध नित्य र नैसर्गिक हुन्छ भन्नेबारेमा ऐक्यमत छ । मीमांसकहरू शब्दार्थसम्बन्धलाई निर्धारण गर्ने तत्त्वका रूपमा शक्तिलाई मान्दछन् । आगामा उष्णता नित्य धर्मका रूपमा रहेजस्तै शब्दमा अर्थबोधक धर्म पनि सनातन रूपमा रहेको हुन्छ भन्ने यिनीहरूको मान्यता छ । यिनीहरू शब्द र अर्थको सम्बन्धलाई नैसर्गिक मान्दछन् । नैसर्गिक भएकै कारणले शब्दको उत्पत्ति हुँदैन, अभिव्यक्तिमात्र हुन्छ र ध्वन्यात्मक शब्द र अर्थका बीचको सम्बन्ध नित्य र अपरिवर्तनीय हुन्छ भन्ने यिनीहरूको मत छ । वेदान्तीहरू पनि वैयाकरणका मतसँग सहमत छन् । नैयायिक र वैशेषिकहरू भने यस तर्कलाई मान्दैनन् । यिनीहरू मीमांसकको जस्तो शब्दलाई सत्तावान् र अर्थलाई नित्यवान् वा नैसर्गिक सम्बन्ध नमानेर औपचारिक र पारम्परिक मान्छन् । गौतम ऋषि (न्यायसूत्र) का अनुसार शब्द र अर्थमा सोझो सम्बन्ध छैन । शब्दमा अर्थ अन्तर्निहित वा अन्तर्भूत छैन, रीति वा चलनबाट निर्धारित हुन्छ । शब्द र अर्थको सम्बन्ध नैसर्गिक भएको भए सबै भाषामा एउटै वस्तुलाई जनाउने प्रतीक वा शब्द एउटै हुन्थ्यो । तरवार बोल्दा जिब्रो काटिँदैन, मह उच्चारण गर्दा मुख मीठो हुँदैन । यसको अर्थ शब्दमा अर्थ सँगसँगै रहेको हुँदैन, मानिएको मात्र हुन्छ । नैयायिकको यो धारणा आधुनिक भाषावैज्ञानिक सस्युरसँग मिल्दछ । वैशेषिकहरूका अनुसार शब्द अनुमापक र अर्थ अनुमाप्य हुन्छ । धूवाँ देखेर आगाको अनुमान गर्न सकिएझैँ शब्द सुनिएपछि अर्थको अनुमान हुन्छ। त्यसकारण शब्द र अर्थका बीच कुनै स्वाभाविक सम्बन्ध नभएर अनुमान सम्बन्ध हुन्छ ।

बौद्ध दार्शनिकहरूमा नागार्जुन (ई.दोस्रो शदी) र दिङ्नाग (४५० ई.) विशेष रूपमा उल्लेखनीय छन्। शून्यवादमा आधारित यिनीहरूको शब्दार्थचिन्तन **अपोहवाद**का रूपमा आएको छ । यिनीहरू पनि शब्द र अर्थको सम्बन्धलाई प्रत्यक्ष वा नित्य मान्दैनन् । यिनीहरूको चिन्तन आफ्नै किसिमको रहेको छ । पछि धर्मकीर्ति र रत्नकीर्तिले यस चिन्तनलाई अगाडि बढाएका छन् । काव्यशास्त्रीहरूको शब्दार्थसम्बन्धी चिन्तन भने वैयाकरणहरूसँग मिल्दछ । ईसापूर्व छैटौँ शदीका भरत (नाट्यशास्त्र) देखि लिएर भामह (काव्यालङ्कारसूत्रवृत्ति), रुद्रट (काव्यालङ्कार), आनन्दवर्धन (ध्वन्यालोक) र अभिनव गुप्त (ध्वन्यालोकलोचनम्) आदि काव्यशास्त्रीहरूले शब्द र अर्थको सम्बन्धलाई सनातन वा नित्य नै मानेका छन् र यसपछिका धनञ्जय, भोज, विश्वनाथ, नागभट्ट, हेमचन्द्र, जयदेव र जगन्नाथ आदिले पनि यस परम्परालाई स्वीकार गरेका छन् । महाकवि कालिदासले पनि रघुवंश महाकाव्यको पहिलो श्लोकमै **वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये** भनेर शब्द र अर्थका बीच नित्य सम्बन्ध हुने बताएका छन् ।

३. स्फोटवाद

संस्कृत वैयाकरणहरूको शब्दार्थचिन्तनसम्बन्धी मतलाई **स्फोटवाद** भनिन्छ । स्फुटति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थोऽस्मादिति स्फोटः अथवा जसबाट अर्थको प्रस्फुटन हुन्छ, त्यो स्फोट हो । यिनीहरूका मतमा मूल शब्दतत्त्व स्फोटरूप छ, त्यसमा कुनै परिवर्तन हुँदैन, अभिव्यक्तिमात्र हुन्छ । हृदयमा रहेको स्फोटरूपी शब्दतत्त्वको अभिव्यक्ति भने ध्वनिका माध्यमबाट हुन्छ । स्फोट स्वयम्मा अखण्डनीय, अव्यक्त र नित्य हुन्छ । त्यो अखण्ड, अविनाशी अपरिवर्तनीय भए पनि यसलाई ध्वनिको नियत क्रम-व्यवस्थाद्वारा व्यक्त गर्न सकिन्छ । शब्द र अर्थमा अनादि, सहज, अविच्छेद्य र नित्य सम्बन्ध भएकाले यो ब्रह्मस्वरूप छ । जसरी ब्रह्म अखण्ड, व्यापक र नित्य रहेर पनि मायाद्वारा नानारूपमा जगत्मा प्रकट हुन्छ; त्यसरी नै शब्दब्रह्म वा शब्दस्फोट पनि वैखरी ध्वनिका नियत-क्रमद्वारा व्यावहारिक रूपमा अनेक प्रकारमा अभिव्यक्त हुन्छ । यिनीहरू ब्रह्माण्डस्थित शब्दतत्त्व एउटै भए पनि क्रियावृत्तिका कारण अनेक रूपमा व्यक्त भएको मान्छन् । पतञ्जलिका अनुसार शब्दतत्त्व आकाशरूप हुन्छ । जसरी आकाश समग्रमा एउटै भए पनि घटाकाश, पटाकाश, प्रकोष्ठाकाश, देशाकाश आदि विभिन्न खण्डमा दृष्टिगोचर हुन्छ; त्यसरी नै शब्द एक हुँदाहुँदै पनि व्यावहारिक रूपमा अनेक रूपमा अभिव्यक्त हुन्छ।

शब्द र अर्थमा रहेको यो नित्यता वा स्फोटरूपको व्याख्या गर्ने क्रममा **वाक्यपदीय**का टीकाकार पुष्पराजले **अरणि** नामको काठको मन्थन प्रक्रियाको उदाहरण प्रस्तुत गरेका छन् । **अरणि** काठमा आगो अव्यक्त र अप्रकट रूपमा रहेको हुन्छ तर त्यसमा घर्षण गरेपछि मात्र त्यो प्रकट हुन्छ र त्यसले अनेक रूप लिन्छ । घर्षणद्वारा प्रकट गरिए पनि **अरणि**मा रहेको आगो अखण्डनीय र अपरिवर्तनीय नै हुन्छ । बाहिर आउँदा त्यसले नानारूप लिए पनि त्यो एउटै हो र त्यो अविनाशी पनि छ । बाहिर आएपछि आश्रय-भिन्नताले गर्दा अथवा जेमा त्यो सल्क्यो, त्यहीअनुसारको रूप त्यसले लिएको मात्र हो ।

त्यस्तै शब्दतत्त्व पनि मानिसका बुद्धिमा अव्यक्त रूपमा रहेको हुन्छ । जब त्यो विभिन्न ध्वनिका माध्यमबाट व्यक्त हुन्छ; तब त्यसले अनेक रूप लिन्छ । यसरी अरणि र अग्निका बीच जस्तो सम्बन्ध हुन्छ; शब्द र अर्थमा पनि त्यस्तै सम्बन्ध हुन्छ । यसबाट शब्दभन्दा भिन्न अर्थ र अर्थभन्दा भिन्न शब्द नरहने बोध हुन्छ । शब्द र अर्थको ज्ञान पनि एकैपल्ट हुने भएकाले यसमा जाति र व्यक्तिका बीचको सम्बन्ध जस्तै हुन्छ । कुनै व्यक्ति जन्मनासाथ उसमा जातिको प्रकाशकता आएजस्तै ध्वनि-उच्चारणसँगै त्यसमा स्फोटरूप शब्दतत्त्वको पनि प्रकाशन हुन्छ । यसरी शब्द र अर्थको बोध तादात्म्यरूपमा एकैसाथ हुन्छ, भिन्नाभिन्नै हुँदैन र यो स्फोटरूप हुन्छ भन्ने मान्यता संस्कृत वैयाकरणहरूको रहेको छ ।

स्फोटसिद्धान्तका बारेमा सर्वाधिक चर्चा गर्ने व्यक्ति भर्तृहरि (तेस्रो शदी) हुन् । यिनले **वाक्यस्फोट**को स्थापना गरेका छन् । यिनीभन्दा पहिलेका र पछिका विद्वान्हरूले पनि **स्फोटवाद**का बारेमा चर्चा गरेका छन् । यिनीपूर्वका मुनित्रयमध्ये पाणिनिले **अष्टाध्यायी**मा स्फोटायन ऋषिको उल्लेख गरेको पाइन्छ भने पतञ्जलिले **महाभाष्य**मा **स्फोटवाद**को प्रतिपादन नै गरेका छन् । यद्यपि **स्फोटवाद**का रूपमा आएका कुराहरू वेद र उपनिषद्मा पनि पाइन्छन् । भर्तृहरिका उत्तरवर्ती विद्वान्हरूमा भने भट्टोजिदीक्षित (शब्दकौस्तुभ), मण्डनमिश्र (स्फोटसिद्धि), कौण्डभट्ट (वैयाकरणभूषणसार) र नागेशभट्ट (वैयाकरणसिद्धान्त-मञ्जूषा) आदि रहेका छन् । यसपछिको शैवपरम्परा र साहित्यशास्त्रीहरूले पनि **स्फोटवाद**लाई समर्थन गरेका छन् । ध्वनिशास्त्री आनन्दवर्धनले आफ्नो **ध्वन्यालोक** ग्रन्थमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिव्यञ्जना-सिद्धान्तको प्रतिपादन गर्दा यस सिद्धान्तको समर्थन गरेका छन् । उनले **स्फोटवाद** कै आधारमा ध्वनिसिद्धान्तको विकास गरेका हुन् ।

स्फोटवादको चर्चाका क्रममा ऋग्वेदमा भनिएको **चत्वारि वाक् परिमिता पदानि**लाई पतञ्जलिले परा, पश्यन्ती, मध्यमा र वैखरी भनी उल्लेख गरेका छन् । वाणीका यी चार भेदमध्ये व्याकरणशास्त्रमा भर्तृहरि आदिले परा र पश्यन्तीलाई पश्यन्तिभित्रै राखी ३ भेद मात्र गरेका छन् । यी चारमध्ये परा, पश्यन्ती र मध्यमा अनिरुक्ता वा अव्यक्त वाणी हुन् भने वैखरीचाहिँ व्याकृता वा निरुक्ता वाणी हो । ऋग्वेदका अनुसार अघिल्ला तीन वाणी समाधिस्थ योगीजनहरूका लागि मात्र गम्य हुन्छन् भने वैखरी वा चौथो वाणीचाहिँ मनुष्यहरू बोल्दछन् । **परा** चित् वा चैतन्य हो र शब्दब्रह्म भनेको पनि यही हो । मनभन्दा परको योगीद्वारा मात्र गम्य यो वाणी मानिसको मेरुदण्डको तल मूलाधारमा नादका रूपमा रहेको हुन्छ । मूल चेतना वा बीजका रूपमा रहेको यस वाणीले गति लिएपछि कुण्डलिनी वा सुषुम्णा विवरबाट बिस्तारै नाभिमा पुगेपछि मध्य र कण्ठबाट फुटेपछि वैखरी हुन्छ भन्ने पूर्वीय चिन्तन रहेको छ। यसैलाई वैयाकरणहरूले **स्फोटवाद**को आधार बनाएका छन् र मूल चेतना नै शब्दका माध्यमबाट प्रकट हुने हुँदा शब्द नै ब्रह्म हो भन्ने धारणा प्रस्तुत गरेका छन् । भर्तृहरिले **वाक्यपदीय**मा स्फोटवादको मूल सिद्धान्तको सारांशका क्रममा भनेका छन् –

अनादि निधनं ब्रह्म शब्दतत्त्वं यदक्षरम् ।
विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः ।। (वा.प. १, १)

अथवा आदि, अन्तरहित अक्षर नै शब्दब्रह्म हो र यसैको विवर्त भई संसारको कार्य चल्दछ । यही शब्दब्रह्मलाई भर्तृहरिले स्फोटका रूपमा लिएका हुन् भने उनीपछिकाहरूले यसलाई अझ विस्तार गर्दै वर्णस्फोटदेखि वाक्यजाति-स्फोटसम्मका ८ भेद गरी अद्वैतवादी वेदान्त दर्शनसँग समन्वित गरेर प्रस्तुत गरेका छन् । वेदान्ती र काव्यशास्त्रीहरूद्वारा समर्थित स्फोटवादलाई नैयायिक र मीमांसकहरूले खण्डन गरेका छन् भने परवर्ती वैयाकरणहरूले पुनः उच्चता प्रदान गर्ने काम गरेकाले पूर्वीय व्याकरण-परम्परामा **स्फोटवाद** राम्ररी स्थापित भएको छ ।

४. अभिहितान्वयवाद र अन्विताभिधानवाद

संस्कृत वैयाकरणहरूले शब्दार्थ-सम्बन्ध र अर्थबोध-प्रक्रियाका बारेमा प्रस्तुत गरेको स्फोट-सिद्धान्तका विरोधमा यी दुई सिद्धान्त आएका हुन् । मीमांसक जैमिनी (ई.पू. ३००) र उनको मीमांसा-सूत्रमा भाष्य लेख्ने शबर स्वामीका मीमांसाशास्त्रमा आधारित भएर कुमारिल भट्ट (६०० ई.) र उनका चेला प्रभाकर (६०० ई.) ले प्रतिपादन गरेका सिद्धान्तलाई क्रमशः **अभिहितान्वयवाद** र **अन्विताभिधानवाद** भनिन्छ । यिनीहरूका विचारमा पनि शब्द र अर्थको सम्बन्ध अविच्छेद्य, सनातन र अखण्ड नै छ तापनि वैयाकरण र वेदान्तीहरूले भनेझैँ त्यो स्फोट रूपमा नभएर शक्तिका रूपमा रहेको हुन्छ भन्ने यिनको मत छ । अभिहितान्वयवादीहरू भाषिक एकाइको योगद्वारा अर्थबोध हुने कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बताउँछन् भने अन्विताभिधानवादीहरू वाक्यसमष्टिबाट मात्र पूर्ण समन्वित विचार वा अर्थको बोध हुन्छ भन्ने मान्दछन् । यस सन्दर्भमा पहिलोलाई पदवादी र दोस्रोलाई वाक्यवादी सिद्धान्त भनिन्छ ।

अभिहितान्वयवादका प्रवर्तक कुमारिल भट्ट हुन् । यिनी पदको अर्थ प्रयोगद्वारा निर्धारित हुन्छ, पदहरूको समष्टि नै वाक्य हो; त्यसैले वाक्यको छुट्टै अर्थ हुँदैन भन्दै भाषामा पदको अर्थ नै मुख्य हुन्छ भन्ने मान्दछन्। पदको स्वतन्त्र अर्थ नहुने भए शब्दकोशमा पदको अर्थ दिइरहनुपर्ने थिएन । कुमारिल भट्टले शबर स्वामीका धारणाहरूलाई लिएर शब्दशक्तिको व्याख्या गर्दै आफ्ना मतको पुष्टि गरेका छन्। यिनका विचारमा वाक्यमा प्रयुक्त पदले पहिले अभिधाशक्तिद्वारा आफ्नो छुट्टै स्वतन्त्र अर्थबोध गराउँछन् र त्यसपछि आफूमा अन्तर्निहित तात्पर्य- शक्तिद्वारा पारस्परिक सम्बन्धको ज्ञान गराउँदै पूर्ण वाक्यार्थबोध गराउँछन् । यिनको यस भनाइमा वाक्यार्थबोध गराउने शक्ति पदका अर्थमा रहन्छ भन्ने देखिन्छ । यिनले पदद्वारा सङ्केतित अर्थमा वाक्यका अरू पदसँग अन्वित हुने शक्ति रहने हुनाले वाक्य-क्रमित पदले वाक्यार्थबोध गराउँछन् भनेका छन् । परस्परमा सम्बन्ध हुनका लागि वाक्यमा आएका पदहरू आकाङ्क्षा, योग्यता र आसत्तिअनुसारका हुनुपर्छ । यसरी नआउने पदहरूले भने अर्थबोध गराउन सक्दैनन् । कुमारिल भट्टले अर्थबोधका सन्दर्भमा उच्चरित शब्दबाट पहिले अभिधा-शक्तिको बोध हुन्छ अनि त्यो लक्षणाशक्तिसँग गाँसिन्छ र त्यसपछि यी दुवैद्वारा तात्पर्य नामक तेस्रो शक्तिसँग अन्वय स्थापित भएपछि विचार-समष्टिको बोध हुन्छ भनेका छन् । यिनको यो विचार शब्दशक्ति चिन्तनअनुसार अभिधाशक्तिद्वारा सङ्केतित अर्थ बाधित भएमा मात्र लक्षणाशक्तिको आवश्यकता पर्ने कुराका विपरीत रहेको छ । जे भए पनि कुमारिल भट्ट वाक्यबाट भिन्न पदको स्वतन्त्र अर्थ हुने कुरा मान्दछन् । पछि यस मतको पनि स्फोटवादीहरूले खण्डन गरेका छन् ।

अन्विताभिधानवादका प्रवर्तक कुमारिल भट्टका शिष्य प्रभाकर हुन् । यिनले गुरुका मतको खण्डन गर्दै वाक्य नै भाषाको सार्थक एकाइ भएकाले पदहरूको स्वतन्त्र सत्ता वाक्यमा हुँदैन, वाक्य-समष्टिबाट मात्र भाषिक बोध हुन्छ भनेका छन् । वक्ताले एउटा समन्वित विचार व्यक्त गर्न वाक्यको प्रयोग गर्नुपर्छ र श्रोताले पनि त्यस अभिव्यक्तिलाई समष्टिरूपमै ग्रहण गर्छ भन्ने यिनको मान्यता छ । जसरी झरी वा धाराको पानीमा प्रत्येक थोपाको स्वतन्त्र अस्तित्व हुँदैन, समष्टिगत अस्तित्वमात्र हुन्छ, जसरी शरीरमा आँखा, कान, नाक, हात आदिको छुट्टै अस्तित्व हुँदैन, अखण्ड र अविच्छेद्य रहँदा मात्र तिनको अस्तित्व हुन्छ; त्यस्तै पदको वाक्यमा छुट्टाछुट्टै अस्तित्व हुँदैन, समष्टिगत मात्र हुन्छ । मानिसका मनका भाव वा विचारहरू नाम, सर्वनाम, विशेषण, क्रिया आदि पदका रूपमा मात्र छुट्टै प्रकट हुन सक्दैनन्, वाक्यसमष्टिमा मात्र प्रकट हुन्छन् । पदहरूमा भाव वा विचारको प्रवाह सीमितमात्र हुन्छ, समष्टिमा हुँदैन । यसरी अन्विताभिधानवादले भाषिकबोध प्रक्रियाका क्रममा वाक्यको अर्थ अखण्ड र स्वयम् पूर्ण एक विशिष्ट विचारका रूपमा लिएको पाइन्छ । प्रभाकरको यो विचार वाक्यस्फोटवादसँग पनि मिल्दोजुल्दो देखिन्छ र आधुनिक भाषाविज्ञानसँग पनि निकट रहेको पाइन्छ ।

समष्टिमा भन्दा मीमांसकहरूका यी दुई दृष्टिकोणमध्ये पदहरूलाई मिलाएर वाक्य बन्दछ र पदसमन्वित रूप वाक्यबाट भाषिक बोध हुन्छ भन्ने **अभिहितान्वयवाद** हो भने पदहरूको छुट्टै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्तित्व छैन, यी वाक्यका अङ्गमात्र हुन्, अखण्डरूप वाक्यसमष्टिले मात्र विचार प्रवाह गर्न सक्छ वा भाषिक बोध हुन्छ भन्ने **अन्विताभिधानवाद** हो ।

५. अपोहवाद

बौद्धचिन्तकहरूद्वारा स्थापित शब्दार्थसम्बन्धी चिन्तनलाई **अपोहवाद** भनिन्छ । पूर्वीय शब्दार्थ-चिन्तन-परम्परामा यो भिन्नै र मौलिक चिन्तनका रूपमा देखा परेको छ । यस वादका प्रवर्तक बौद्धचिन्तक दिङ्नाग हुन्। उनको यो सिद्धान्त बौद्धदार्शनिक नागार्जुनको शून्यवादमा आधारित छ । शून्य या शून्यता बौद्धमतको आधारभूत सिद्धान्त हो । यिनीहरूका विचारमा सत्यको मूल सिद्धान्त या तत्त्व नै शून्य हो । शून्य नै सम्पूर्ण सार्वभौम सत्य हो । यसका आधारमा दिङ्नागले शब्दार्थचिन्तन गरेका छन् । दिङ्नागका अनुसार शब्दार्थ भनेको **तद्भिन्ने भिन्नत्वम्** अथवा त्यस वस्तुभन्दा भिन्न अरू जति पनि वस्तु छन्; ती सबैको निषेध वा परिहार हो । **अपोह** को अर्थ अन्यको निवृत्ति, परिहार वा वर्जन हो र यही नै शून्यता पनि हो । **गाई** शब्दले घोडा, हात्ती, बाघ आदिको अपोह गर्छ वा निषेध गर्छ। कुनै शब्दले दिने अर्थमा अन्यको निषेध/नकार वा अभावात्मक स्थितिको बोध हुनु शून्यता हो । शून्यता वा निषेधबाटै त्यस वस्तुको अस्तित्व पनि स्थापित हुन्छ । **गाई** शब्दमा अन्य वस्तुको निषेध वा परिहार हुनुबाटै त्यो अगाई होइन, **गाई** नै हो भन्ने बोध हुन्छ । अपोहवादको यस मतले शब्द र वस्तुका बीच प्रत्यक्ष सम्बन्ध हुँदैन, शब्दमा रहेको अर्थ पनि निषेधात्मक वा विभेदात्मकताबाट मात्र प्रकट हुन्छ भन्ने देखिन्छ । यिनीहरू शब्द र अर्थका बीचको सम्बन्धलाई नित्य मान्दैनन् । बौद्धदार्शनिकहरूको शब्दार्थ-चिन्तनसम्बन्धी यो अपोहवाद पनि आलोचनाबाट बच्न सकेको छैन । मीमांसक कुमारिल भट्टले त यसको खण्डन नै पनि गरेका छन् । यसका बारेमा खण्डन-मण्डन वा विरोध र समर्थन प्रशस्तै भएका छन् । स्फोटवादी र शब्दार्थसम्बन्धलाई नित्य मान्नेहरू यस वादलाई मान्दैनन् । यसलाई पछिकाहरूले डेरिडाको **विनिर्माणवाद**सँग समान रहेको पनि भनेका छन् । जे भए पनि शब्दार्थसम्बन्धी चिन्तनका परम्परामा अपोहवाद निश्चय नै मौलिक चिन्तन हो ।

मुख्य सन्दर्भसूची

१. देवकोटा, विष्णुप्रसाद 'संस्कृतमा वाक्यविज्ञान' मिमिरे (पृ. १७७, अंश २०५७) पृ. १२३।

२. नारङ्ग, गोपीचन्द, **संरचनावाद उत्तर-संरचनावाद एवं प्राच्य काव्यशास्त्र**, नयाँदिल्ली : साहित्य अकादेमी, ई. २००० ।

३. न्यौपाने, टङ्कप्रसाद, **भाषाविज्ञानको रूपरेखा**, धरान : नेपाल बुक डिपो, २०५१ ।

४. बन्धु, चूडामणि, **भाषाविज्ञानका सम्प्रदाय**, दो.सं., काठमाडौँ, एकता बुक्स, २०५७ ।

५. सांकृत्यायन, राहुल, **दर्शन दिग्दर्शन**, इलाहावाद : किताब महल, २००२ ।

६. सूर्यकान्त, **संस्कृत वाङ्मयका विवेचनात्मक इतिहास**, नई दिल्ली : ओरियन्ट लाँगमैन लिमिटेड, १९९७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत सन्धि र लिम्बू सन्धिमा समानता

– उपप्रा. मतिप्रसाद ढकाल
भानु संस्कृत विद्यापीठ, तनहुँ

भाषा वा व्याकरणका सन्दर्भमा कुनै दुई ध्वनि एक–आपसमा जोडिनुलाई सन्धि भनिन्छ । विशेष गरी आधार र आधेय तत्त्वका बीच योग हुँदा वा समास हुँदा सन्धि हुने गर्दछ । संस्कृत भाषाका सन्धि नियमहरू व्यवस्थित छन्, तर सन्धिका दृष्टिले नेपाली भाषाको अध्ययन नभइसकेकोले नेपाली सन्धिका नियमहरू व्यवस्थित हुन सकेका छैनन् । त्यसैले हिन्दी, मैथिली, भोजपुरी, लिम्बू, मगराँती, तमाङ्गी आदि राष्ट्रिय भाषाका व्याकरणहरूकै संरक्षण–सम्बर्द्धनका लागि अध्ययन–अनुसन्धानको कार्य निकै कठिन कुरो हो, तापनि प्रस्तुत लेखमा लिम्बू भाषाका नेपालीमा उपलब्ध सीमित अध्ययन–सामग्रीका आधारमा संस्कृत सन्धिसँग लिम्बू सन्धिको तुलनात्मक सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

१. गुण सन्धि

संस्कृतमा अ वा आ देखि पछाडि इ, उ, ऋ, ऌ भएमा अघिपछि रहेका दुवै वर्ण मिलेर ए वा ओ का रूपमा परिवर्तित हुने प्रक्रियालाई 'गुणसन्धि' भनिन्छ । **''आद् गुणः''** भन्ने सूत्रले संस्कृतमा गुणसन्धि गर्दछ । लिम्बू भाषामा चाहिँ संस्कृतमा झैँ 'आ + इ' को अवस्थामा मात्र 'ए' गुण भएका वैकल्पिक उदाहरणहरू सीमित मात्रामा पाइन्छन् । जस्तै –

संस्कृत सन्धि	लिम्बू सन्धि
रमा + ईशः = रमेशः	केवात्तुबा + इन् = केवात्तुबेन् / केवात्तुबान्
महा + ईशः = महेशः	केमेत्तुबा + इन् = केमेत्तुबेन् / केमेत्तुबान् ।

२. वृद्धि सन्धि

संस्कृतमा 'आ, ऐ र औ' लाई वृद्धि भनिन्छ । अ वा आ सँग ए, ओ, ऐ, औ मध्ये कुनै एक ध्वनि मिलेर सन्धि हुँदा वृद्धि सन्धि हुन्छ । **'वृद्धिरेचि'** भन्ने सूत्रले संस्कृतमा वृद्धि सन्धि गर्दछ । यसका साथै अ, इ, उ को वृद्धि हुँदा पनि आ, ऐ, औ को उपस्थिति संस्कृत व्याकरणमा भएको पाइन्छ, तर यसलाई पारम्परिक संस्कृतमा सन्धिको रूपमा अध्ययन गरिएको पाइँदैन । संस्कृतमा 'अ/आ+ए/ओ/ऐ/औ' को अवस्थामा वृद्धि हुन्छ भने लिम्बू भाषामा 'आ + ए' को अवस्थामा मात्र वृद्धि सन्धि भई 'ऐ' भएको पाइन्छ । जस्तै –

संस्कृत सन्धि	लिम्बू सन्धि
तथा + एव (आ+ए=ऐ) = तथैव	चोक्मा + ए (आ+ए=ऐ) = चोक्मै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदा + एव (") + सदैव	सेप्मा + ए (") = सेप्मै
वसुधा + एव (") = वसुधैव	पोङ्मा + ए (") = पौङ्मै आदि ।

३. जश्त्व सन्धि

संस्कृतमा शब्दको अन्तमा आउने क्, च्, ट्, त्, प् का ठाउँमा क्रमशः ग्, ज्, ड्, द्, ब आदेश हुनुलाई जश्त्व सन्धि भनिन्छ । साथै शब्दको बीचमा आउने घ्, ध्, भ् को ठाउँमा क्रमशः ग्, द्, ब् हुनुलाई पनि जश्त्व सन्धि नै भनिन्छ । संस्कृतमा 'झलां जशोऽन्ते' र 'झलां जश् झशि' दुई सूत्रले जश्त्व सन्धि गर्दछन् । लिम्बु भाषामा चाहिँ स्वरका बीचमा वा अनुनासिक वर्ण ङ् न् म् पछि आउने क् च् त् प् का ठाउँमा क्रमशः ग् ज् द् ब् आदेश भई जश्त्व सन्धि भएको पाइन्छ । तर लिम्बू भाषामा संस्कृतमा झैँ घ्, ध्, भ् का ठाउँमा ग् द् ब् भएको पाइँदैन । बरू ख् थ् फ् का ठाउँमा क्रमशः घ् ध् भ् चाहि भएको पाइन्छ । यसरी वर्णबाट सन्धि हुँदा संवर्णमा परिवर्तित घ् ध् भ् जश्त्व नहुनु वा पुनः परिवर्तित नहुनु लिम्बू सन्धिको मौलिक विशेषता हो । जस्तै –

	संस्कृत सन्धि		लिम्बू सन्धि
३.१	दिक् + गजः = दिग्गजः (क् = ग्)	–	आ + कक् = आगक् (क् = ग्)
३.२	अच् + अन्तः = अजन्त (च् = ज्)	–	आ + चात् = आजात् (च् = ज्)
३.३	षट् + आनन = षडाननः (ट् = ड्)	–	(लिम्बू भाषामै टवर्गको अभाव छ)
३.४	जगत् + ईशः = जगदीशः (त् = द्)	–	आ + तुमुम् = आदुमुम् (त् = द्)
३.५	सुप् + अन्तः = सुबन्तः (प् = ब्)	–	आ + पो = आबो (प् = ब्)
३.६	दुघ् + धम् = दुग्धम् (घ् = ग्)	–	आ + खाप्सुम् = आघाप्सुम् (ख् = घ्)
३.७	वृध् + धिः = वृद्धिः (ध् = द्)	–	कु + थिम् = कुधिम् (थ् = ध्)
३.८	लभ् + धः = लब्धः (भ् = ब्)	–	साइ + फेरा = साइभेरा (फ् = भ्)

क, च, त, प का ठाउँमा क्रमशः ग, ज, द, ब भई सन्धि भएका लिम्बू भाषाका अन्य शब्दहरू निम्नलिखित छन् –

(क) क् = ग् आदेश

आ + कान् = आगान्	तेन् + क्र = तेङ्ग्र	लुङ् + काम् + पा = लुङ्गाम्पा
ओ + काप् = ओगाप्	एन् + क्र = एङ्ग्र	मेन् + किमा = मेङ्गिमा
आ + केरे = आगेरे	खेन् + क्र = खेङ्ग्र	के + कप्पा = केगप्पा
नो + कप् = नोगप्	येन् + क्र = येङ्ग्र	इ + केः सुबा = इगेसुबा
सिङ् + कक् = सिङ्गक्	मेन् + क्र = मेङ्ग्र	मे + किरु = मेगिरु
कन् + क्र = कङ्ग्र	सेन् + क्र = सेङ्ग्र	इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) च् = ज् आदेश

आ + चान् = आजान्	लेन् + बा = लेन्जा	थुम् + चिक् = थुम्जिक्
आ + चुप्साङ् = आजुप्साङ्	मेन् + चो = मेन्जो	साम = चिक् = साम्जिक्
आ + चिक्खुम् = आजिक्खुम्	नाङ् + चङ् = नाङ्जङ्	इङ् + चाङ् = इङ्जाङ्
कु + चक् = कुजक्	माङ् + चा = माङ्जा	पान् + चाङ् = पान्जाङ्
इ + चाङ्मा = इजाङ्मा	सेन् + चुक्पा = सेन्जुक्पा	
सिङ् + चाङ् + को = सिङ्जाङ्गो	सेन् + चोलो = सेन्जोलो इत्यादि ।	

(ग) त् = द् आदेश

आ + ताङ् + पे = आदाङ्बे	सिङ् + ताङ् = सिङ्दाङ्	खा + तुम् = खादुम्
आ + ताङ् + मे = आदाङ्मे	लाम् + ताक्मा = लाम्दाक्मा	चाङ् + तेन् = खाङ्देन
आ + तेरुम् = आदेरुम्	माङ् + तक् = माङ्दक्	आ + ताङ् + पा = आदाङ्बा
कु + तिम् = कुदिम्	सेन् + तोमा = सेन्दोमा इत्यादि ।	

(घ) प् = ब् आदेश

आ + पेम् + पा = आबेम्बा	सिङ् + पुङ् = सिङ्बुङ्	पिन् + बुङ् = पिम्बुङ्
इ + पु = इबु	मेन् + पाप्मा = मेम्बाप्मा	नु + पुन् = नुबुन्
आ + पाः न् = आबाःन्	फेन् + पान् = फेम्बान्	कु + पुङ् = कुबुङ्
आ + पिन् = आबिन्	खन् + पान् = खम्बान्	कु + पे = कुबे इत्यादि ।

४. पञ्चमवर्ण सन्धि

संस्कृतमा न् वा म् को अनुस्वार हुन्छ र त्यही अनुसार परवर्ती 'क'देखि 'म' सम्मका क च ट त प पाँच वर्गका पञ्चमवर्ण ङ, ञ, ण, न, म मा परिवर्तित हुने प्रक्रियालाई पञ्चमवर्ण सन्धि भनिन्छ । 'अनुस्वारस्य ययि परसवर्णः' भन्ने सूत्रले संस्कृतमा पञ्चमवर्ण सन्धि (परसवर्ण) गर्दछ । अतत्सम नेपाली शब्दमा पञ्चमवर्णको प्रयोग हुँदैन भने लिम्बू भाषाको 'न्' संस्कृतमा झैँ परवर्ती क वर्गको योगमा 'ङ' र पवर्गको योगमा 'म्' को रूपमा परिवर्तित भएको पाइन्छ । लिम्बू भाषामा 'ञ' र 'ण' नहुने भएकाले र 'न्' तवर्गकै पञ्चमवर्ण भएकोले चवर्ग र तवर्गको योगमा सन्धि हुँदा 'न्' चाहिँ अपरिवर्तित रूपमै रहन्छ । साथै लिम्बू भाषाको 'म्' ले सन्धिका क्रममा संस्कृतमा झैँ पञ्चमवर्णको सम्भावना खोज्दैन । केवल 'न्' ले ङ् वा म् को सम्भावना खोजेको पाइन्छ। जस्तै –

संस्कृत सन्धि	लिम्बू सन्धि
४.१ अंक > अङ्क (ं = ङ् + कवर्ग)	तेन् + कप् + तेङ्गप् (न् = ङ् + कवर्ग)
४.२ मंच > मञ्च (ं = ञ् + चवर्ग)	सेन् + चोलो = सेन्जोलो (न् = न् + तवर्ग)
४.३ खंडन > खण्डन (ं = ण् + टवर्ग)	(लिम्बू भाषामा टवर्गको अभाव छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४.४ सन्त (ॱ = न् + तवर्ग) फेन् + थक्पा = फेन्धक्पा (न् = न् + तवर्ग)
४.५ सपत्ति > सम्पत्ति (ॱ = म् + पवर्ग) तेन् + पे = तेम्बे (न् = म् + पवर्ग)

लिम्बू भाषाका 'न् = ङ् / म्' मा परिवर्तित अन्य उदाहरणहरू निम्नानुसर छन् –

न् + ङ् –	कन् + क्या + कङ्ग्या	मेन् + किमा = मेङ्गिमा	खेन् + क्र = खेङ्ग्र
	मेन् + खो = मेङ्खो	कन् + क्र = कङ्ग्र	मेन् + क्र = मेङ्ग्र
	मेन् + खाप = मेङ्घाप	तेन् + क्र + तेङ्ग्र	सेन् + क्र = सेङ्ग्र
	केन् + क्त्वा = केङ्ग्वा	एन् + क्र = एङ्ग्र इत्यादि ।	
न् = म् –	खेन् + पान् = खेम्बाःन्	खन् + पान् = खम्बान्	
	सेन् + मिक् = सेम्मिक्	सेन् + फुङ् = सेम्भुङ्	
	मेन् + पाप्मा = मेम्बाप्मा	कन् + फा = कम्भा	
	मेन् + फेक्क = मेम्फेम्क	पिन् + बुङ् = पिम्बुङ्	
	फेन् + पान् = फेम्बान्	पान् + फो = पाम्भो	

यसका साथै 'न्' पछि 'म्' आएमा पनि न् = म् भएका प्रशस्त उदाहरणहरू भेटिन्छन् । जस्तै –

दान् + मा = दाम्मा	सान् + मा = साम्मा	कन् + मा = कम्मा
नान् + मा = नाम्मा	चान् + मा = चाम्मा	चेन् + मा = चेम्मा
यान् + मा = याम्मा	तन् + मा = तम्मा	हेन् + मा = हेम्मा
कान् + मा = काम्मा	फिन् + मा = फिम्मा	येन् + मा = येम्मा
		किन् + मा = किम्मा आदि।

५. छत्व सन्धि

संस्कृतमा झ, भ, घ, ढ, ध, ज, ब, ग, ड, द, ख, फ, छ, ठ, थ, च, ट, त, क, प वर्णहरूदेखि पछाडि रहेको 'श' का ठाउँमा 'छ' हुनुलाई छत्व सन्धि भनिन्छ । यो सन्धि 'श' भन्दा पछाडि संस्कृत स्वर एवं ह, य, व, र वर्ण रहेको अवस्थामा मात्र हुन्छ । "शश्छोऽटि" भन्ने सूत्रले संस्कृतमा छत्व सन्धि गर्दछ । लिम्बू भाषामा चाहिँ संस्कृतमा झैँ 'श' वर्ण भेटिंदैन र त्यसको काम 'स' बाट नै चलाइएको हुन्छ । लिम्बू भाषामा संस्कृतमा झैँ 'त्' वा 'न्' देखि पछाडि रहेको 'स' का ठाउँमा 'छ' अर्थात् छत्व सन्धि भएको पाइन्छ । संस्कृतमा झैँ लिम्बू भाषामा पनि यो सन्धि 'स' भन्दा पछाडि आ, उ, इ, ए स्वरवर्ण रहँदा मात्र भएको भेटिन्छ । जस्तै –

	संस्कृत सन्धि	लिम्बू सन्धि
५.१	तत् + शिवः = तच्छिवः (श्चुत्व समेत)	पित् + सि = पिच्छि (श्चुत्व समेत)
५.२	सन् + शम्भुः = सञ्छम्भुः (श्चुत्व समेत)	आन्+सुमा = आन्छुमा (लिम्बु भाषामा 'ञ' छैन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'त्' वा 'न्' पछि रहेको 'स' को छत्व भएका अन्य लिम्बू शब्दहरु निम्नानुसर रहेका छन् –

त् – स् = छ – नेत् + सि = नेच्छि पेत् + सा + पेच्छा पात् + सिङ्मा = पाच्छिङ्मा
येत् + सि = येच्छि मेत् + सिङ्मा = मेच्छिङ्मा पित् + सा = पिच्छा
न् – स् = छ – पान् + साप्मा = पान्छाप्मा मेन् + साप्तेन्ने = मेन्छाप्तेन्ने मेन् + सा = मेन्छा
तेन् + साबा = तेन्छाबा मेन् + सुक्मा = मेन्छुक्मा कुन्+ सङ्बा=कुन्छङ्बा
मेन् + सातेन्ने = मेन्छातेन्नेआन् + सी = आन्छी इत्यादि ।

६. लत्व सन्धि

संस्कृतमा तवर्गमा पर्ने त, थ, द, ध, न, वर्णदेखि 'ल' पछाडि रहेमा अघिल्ला त, थ, द, ध, न वर्णहरू 'ल' मा परिवर्तन हुन्छन् । यसरी परिवर्तित हुने प्रक्रियालाई संस्कृतमा लत्व सन्धि भनिन्छ । संस्कृत व्याकरणको हल् सन्धमा पढिएको **तोर्लि** भन्ने सूत्रले संस्कृतमा लत्व सन्धि गर्दछ । विशेष गरी संस्कृत र लिम्बू दुवै भाषामा 'त्' वा 'न' को लत्व सन्धि भएका उदाहरणहरू बढी मात्रामा भेटिन्छन् । संस्कृतमा न् = ल् आदेश हुँदा 'ल्' अनुनासिक पनि हुने भएकोले 'ल' सँग चन्द्रविन्दु (ँ) पनि थपिन्छ भने लिम्बू भाषामा अनुनासिकको व्यवस्था नभएकोले चन्द्रबिन्दु थपिदैन, केवल 'ल्' मात्र रहन्छ । जस्तै –

	संस्कृत सन्धि	लिम्बू सन्धि
६.१	तत् + लयः = तल्लयः	तेत् + ला = तेल्ला
६.२	विद्वान् + लिखति = विद्वाँल्लिखति	मेन् + लुङ् = मेल्लुङ्

लिम्बू भाषामा 'त्' वा 'न्' को लत्व सन्धि भएका अन्य शब्दहरू निम्नानुसार छन् –

त् = ल् आदेश फेत् + ला = फेल्ला, थेत् + ला = थेल्ला, हेत् + ला = हेल्ला आदि ।
न् = ल् आदेश सेन् + लेङ् = सेल्लेङ् खन् + ले = खल्ले मेन् + लो = मेल्लो
हेन् + ले = हेल्ले मुन् + लो = मुल्लो सान् + लो = साल्लो
तेन् + लक् = तेल्लक् पिन् + लो = पिल्लो पन् + लो = पल्लो
यान् + ल = याल्ल पान् + ल = पाल्ल इत्यादि ।

७. श्चुत्व सन्धि

संस्कृतमा सन्धि गरिने शब्दको अगाडि वा पछाडि शकार र चवर्गमा पर्ने च, छ, ज, झ, ञ वर्णहरूले योग भएमा अगाडि वा पछाडि रहेका सकार र तवर्गमा पर्ने त, थ, द, ध, न का ठाउँमा क्रमशः श, च, छ, ज, झ, ञ वर्णहरू परिवर्तित हुन्छन् । यसरी परिवर्तित हुने प्रक्रियालाई संस्कृतमा श्चुत्व सन्धि भनिन्छ । **स्तो श्चुना श्चुः** भन्ने सूत्रले संस्कृतमा श्चुत्व सन्धि गर्दछ । लिम्बू भाषामा पनि शकारको अभावमा 'स' ले योग हुँदा 'त्' का ठाउँमा 'च' भएका धेरै उदाहरणहरू पाइन्छन् । जस्तै –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत सन्धि	लिम्बू सन्धि
सत् + चित् = सच्चित् (त् = च्)	नेत् + सि = नेच्छि (त् + च्)

त् = च् आदेश भई निर्मित भएका माथि छत्व सन्धिमा समेत उल्लेख गरिएका शब्दहरू यस प्रकार छन्– पिच्छि, येच्छि, मेच्छिङ्मा, पाच्छिङ्मा ।

८. ङमुट् सन्धि

संस्कृत शब्दमा ह्रस्व स्वरदेखि पछि ङ, ण, न अन्तमा आउँछन् भने त्यस्ता शब्ददेखि क्रमशः ङुट् (ङ्), णुट् (ण्) र नुट् (न्) आगम हुन्छ । यसरी ङ, ण, म आगम भई सन्धि हुने प्रक्रियालाई संस्कृतमा ङमुट् सन्धि भनिन्छ । यस्तो सन्धि ङ्, ण्, न् पछि स्वरवर्ण विद्यमान रहेको अवस्थामा मात्र हुन्छ । **ङमो ह्रस्वादचि ङमुण् नित्यम्** भन्ने सूत्रले संस्कृतमा ङमुट् सन्धि गर्दछ । लिम्बू भाषामा भने ह्रस्व वा दीर्घ दुवै स्वरदेखि पछि 'ङ' रहेमा ङुट् अर्थात् 'ङ्' आगम हुन्छ र 'न्' रहेमा नुट् अर्थात् 'न्' आगम भएको पाइन्छ । 'तर लिम्बू वर्णमालामै 'ण' को व्यवस्था नभएकोले 'णुट्' आगम चाहिँ भएको पाइँदैन । संस्कृतमा झैँ लिम्बू भाषामा पनि ङ् वा न् पछि आ, इ, उ, ए, ओ जस्ता स्वरवर्ण विद्यमान रहेकै अवस्थामा मात्र ङमुट् सन्धि भएको पाइन्छ । लिम्बू भाषामा 'ङ्' वा 'न्' को यस्तो आगमलाई सन्धि नभनेर द्वित्व भन्नु उपयुक्त भए पनि संस्कृत सन्धिसँग तुलना गर्ने सन्दर्भमा ङमुट् सन्धिअन्तर्गत राख्न सकिन्छ । जस्तै –.

	संस्कृत सन्धि	लिम्बू सन्धि
८.१	प्रत्यङ् + आत्मा = प्रत्यङ्ङात्मा (ङुट् आगम)	– पिराङ् + आङ् = पिराङ्ङाङ् (ङ् आगम)
८.२	सुगण् + ईशः = सुगण्णीशः (णुट् आगम)	– × × ×
८.३	सन् + अच्युतः = सन्नच्युतः (नुट् आगम)	– मेन् + उखुम् = मेन्नुखुन् (न् आगम)

'ङ' एवम् 'न्' आगम भएका लिम्बू भाषाका अन्य शब्दहरू निम्नलिखित छन् –

'ङ्' आगम–	नागुङ् + आङ् = नागुङ्ङाङ्	केङ् + आङ् = केङ्ङाङ्	माङ् + इन् = माङ्ङिन्
	निरुङ् + आङ् = निरुङ्ङाङ्	ताङ् + ओ = ताङ्ङो	तुङ् + आ = तुङ्ङा
	केङ् + आ = केङ्ङा	केङ् + इला = केङ्ङिला	पुङ् + ओ = पुङ्ङो
	लेङ् + आ = लेङ्ङा	लाङ् + इन् = लाङ्ङिन्	चेगुङ्+आङ्= चेगुङ्ङाङ्
'न्' आगम –	मेन् + आ = मेन्ना	हेन् + आङ् = हेन्नाङ्	मेन् + इखुन् = मेन्निखुन्
	हेन् + आ = हेन्ना	मेन् + आङ् = मेन्नाङ्	मेन् + इसुन् = मेन्निसुन्
	थेन् + इ = थेन्नि	केन् + इरान् + केन्नेरान्	केन् + उतुन् = केन्नुतुन्
	येन् + इ = येन्नि	केन् + एप्तान् = केन्नेप्तान्	मेन् + ओ = मेन्नो ।

यसका साथै लिम्बू भाषाका शब्दमा 'ङ्' र 'न्' आगमकै साहचर्यमा 'स्वर + म् + स्वर' को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्थामा 'म्' को र 'स्वर + ल् + स्वर' को अवस्थामा 'ल्' को पनि आगम भएको पाइन्छ । जस्तै –

'म्' आगम –	तुम् + आ = तुम्मा	पातुम् + आङ् = पातुम्माङ्	साम् + इन् = साम्मिन्
	सुम् + आ = सुम्मा	सेम् + आङ् = सेम्माङ्	हिम् + इन् = हिम्मिन्
	लुम् + इ = लुम्मि	लेम् + आङ् = लेम्माङ्	नाम् + इन् = नाम्मिन्
	चुम् + इ = चुम्मि	साम् + इला = साम्मिला इत्यादि ।	
'ल्' आगम –	हेल् + ए = हेल्ले	हेल् + ओसाङ् = हेल्लोसाङ्	
	आल् + ओ = आल्लो	आल् + ओसाङ् = आल्लोसाङ् इत्यादि ।	

यस प्रकार संस्कृत व्याकरणमा प्रचलित गुण, वृद्धि, श्चुत्व, जश्त्व, छत्व, लत्व, पञ्चमवर्ण, ङमुट् गरी आठ प्रकारका सन्धि प्रक्रियाका नियमहरू लिम्बू भाषामा आंशिक रूपमा भए पनि प्रचलनमा रहेका छन् । यसका साथै 'चा आ + आङ् = चाः आः ङ्' जस्ता केही उदाहरणले संस्कृतको सवर्णदीर्घ सन्धिसँग समेत समानता राख्दछन् । लिम्बू भाषाका मूल व्यञ्जन वर्णहरूमध्ये क, ख, च, त, थ, प, फ, ल, स गरी नौवटा वर्णहरू पदादिमा प्रयुक्त भई सन्धि हुँदा क्रमशः ग, घ, ज, द, ध, ब, भ, र छ मा परिवर्तित भएर पदमध्यमा मात्र प्रयुक्त हुन्छन् र यिनलाई लिम्बू भाषामा मूलव्यञ्जनवर्ण नमानी सहायक वा संवर्ण मानिएको छ । संस्कृत र नेपालीमा चाहिँ यी सबैलाई संवर्ण नमानी वर्ण नै स्वीकारिएको छ । लिम्बू भाषाका यी संवर्णहरूमध्ये ग, ज, द, ब, छ को परिवर्तन प्रक्रिया संस्कृतसँग मिल्दोजुल्दो छ भने अन्य संवर्णहरू संस्कृतभन्दा भिन्न मौलिक विशेषता राख्दै परिवर्तित भएका देखिन्छन् ।

पारम्परिक संस्कृतमा अच्, हल्, प्रकृतिभाव, विसर्ग र स्वादि गरी पाँच प्रकारमा वर्गीकृत सन्धिहरूमध्ये अच् अर्थात् स्वर र हल् अर्थात् व्यञ्जन सन्धिको मात्र व्यवस्था लिम्बू भाषामा पनि पाइन्छ । उपर्युक्त गुणसन्धि र वृद्धिसन्धिमा दिइएका उदाहरणका साथै पाप्मा+ इल्ले = पाम्माले, फत्र+ इन् = फत्रन् जस्ता इल्ले र इन् प्रत्ययान्त शब्दहरूमा स्वरसन्धि हुन्छ । त्यस्तै माथि उल्लेखित श्चुत्व, जश्त्व, छत्व, लत्व, पञ्चमवर्ण, ङमुट् सन्धिमा दिइएका उदाहरणहरूका साथै आ+चुम् = आन्जुम्, कु+ नेबो = कुन्बो, मेन् + थामा = मेन्धामा, आ+ लक् = आरक्, पात् + मा = पाप्मा, पत् + कर् + पक्कर आदिमा व्यञ्जनसन्धि भएको पाइन्छ ।

सन् १९७३ मा आएर आधुनिक भाषाशास्त्री सानफोर्ड स्क्यान (Sanford Schane) द्वारा लोप, आगम, वर्णविकार र प्रकृतिभाव गरी चार प्रकारमा वर्गीकरण गरिएका सन्धिहरूमध्ये लिम्बू भाषामा यी सबै प्रकारका सन्धिहरूको स्वरूप भेटिन्छ । जसअनुसार लिम्बू भाषामा लोप सन्धिअन्तर्गत इन्नाङ्, इल्ले, इन् सँग सन्धि हुँदा 'इ' लोप भएका प्रशस्त उदाहरणहरू भेटिन्छन् । जस्तै – कुन्सा + इनाङ् = कुन्सान्नाङ्, केम्भु + इल्ले = केम्भुल्ले, आम्बा + इन् = आम्बान् आदि । त्यसैगरी 'उ' वा 'ए' देखि पछाडि रहेको 'ए' वा 'उ' को पनि लोप हुन्छ भने 'एन्' देखि पछाडि 'च' वा 'ष' रहेमा वैकल्पिक रूपमा 'एन्' का 'न्' को पनि लोप भएको पाइन्छ। जस्तै – के + नेबो = केन्बो, कु + नुसा=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुन्सा, केन् + चनेन् = केजनेन्/केन्जनेन्, केन् + पेनेन् = केबेनेन्/केम्बेनेन् आदि । यसरी लिम्बू भाषामा इ, उ, ए र न् गरी चार वर्णको मात्र लोप भएको पाइन्छ । अनियमित यस्ता लोप-प्रक्रियाहरूले संस्कृतसँग चाहिँ समानता राख्दैनन् ।

लिम्बू भाषामा उपर्युक्त ङमुट् सन्धि प्रक्रियामा देखाइए अनुसार 'ङ' वा 'न्' को आगम सन्धि संस्कृतसँग मिल्दछ । यसका अतिरिक्त 'स्वर + ल्/म् + स्वर' को अवस्थामा आगम हुने 'ल्' वा 'म्' को आगम सन्धिप्रक्रियाले 'ङमुट् सन्धि' प्रक्रियासँग साहचर्य सम्बन्ध राख्दछ । तर 'स्वर+ व्यञ्जन'को अवस्थामा बीचमा आगम भएका आ + तेङ् = आन्देङ्, के + चुम् = केन्जुम्, कु + फु = कुम्भु आदि उदाहरणका 'न्' वा 'म्' चाहिँ लिम्बू सन्धिका मौलिक विशेषता भएर देखा पर्दछन् । यी आन्देङ्, केन्जुम्, कुम्भु मा 'न्' वा 'म्' को आगम कसरी भयो भन्न गाह्रो छ । सम्भवतः आङ्, केन्, कुम् मा रहेका अनुनासिक वर्णको लोप भएको स्मरण स्वरूप सन्धि हुने क्रममा उपर्युक्त उदाहरणमा स्वतः 'न्' वा 'म्' पञ्चमवर्ण अनुरूप आएका हुन सक्छन् ।

आधुनिक वर्गीकरण अनुसार लिम्बू भाषामा वर्णविकार सन्धिअन्तर्गत उपर्युक्त गुण, वृद्धि, जश्त्व, पञ्चमवर्ण, श्चुत्व, छत्व, लत्व सन्धिप्रक्रियामा आ+इ=ए, आ+ए=ऐ; क, च, त, प को क्रमशः ग, ज, द, ब, परवर्ती वर्गीय वर्णअनुसार ङ, न, म, त = च्; त्/न् = ल्; स = छ जस्ता वर्णविकारहरू संस्कृतसँग समानता राख्दछन् भने त् = क् वा प्, र् = ल्, ख = घ, थ = ध, फ = भ ले संस्कृतसँग समानता नराखे पनि लिम्बू भाषाको मौलिक विशेषतालाई कायम राख्ने वर्णविकास सन्धिका प्रक्रिया हुन पुगेका छन् ।

लिम्बू भाषामा कुनै पनि वर्णविकार, आगम वा लोप नभईकन सन्धि भएका प्रकृतिभाव सन्धिका उदाहरणहरू प्रशस्त छन् । जस्तै - साम् + सामा = साम्सामा, चेप् + मा = चेप्मा, कु + लाप= कुलाप आदि। आधुनिक वर्गीकरणअनुसारको यो प्रकृतिभाव सन्धिसँग पारम्परिक संस्कृतको प्रकृतिभाव सन्धिले पूर्णतः समानता राख्दैन । किनभने संस्कृतमा 'स्वर + स्वर' का बीचमा प्रकृतिभाव सन्धि हुन्छ भने लिम्बू भाषामा 'व्यञ्जन + व्यञ्जन' का बीचमा मात्र प्रकृतिभाव सन्धिका उदाहरणहरू भेटिन्छन् ।

यसरी पारम्परिक संस्कृत सन्धि वर्गीकरणका आधारसँग लिम्बू सन्धिको तुलना गर्दा पाँच सन्धिमध्ये अच्सन्धि र हल्सन्धिका केही सन्धिप्रक्रियासँग संस्कृत सन्धिले समानता राखेको देखिन्छ भने आधुनिक वर्गीकरणका आधारहरूसँग लिम्बू सन्धिको तुलना गर्दा वर्णविकार सन्धि र आगम सन्धि प्रक्रियासँग संस्कृत सन्धिले आंशिक समानता राख्न खोजेको पाइन्छ । यसका साथै एकवचन, द्विवचन र बहुवचन गरी तीन वचनको व्यवस्था, कथ्य एवम् लेख्य दुवैमा स्वरदीर्घता पाइनु र शब्दनिर्वचन प्रक्रियाले गर्दा पनि लिम्बू भाषा बेग्लै भाषा-परिवारका सदस्य भएर पनि संस्कृत र लिम्बू भाषाको समानताको साइनो कसरी र कहिलेदेखि रहन गए होला ? भन्ने विषयमा यथासमयमै भाषाविद् एवं इतिहासविद्हरूको ध्यान जानु जरुरी भइसकेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ कृति सूची

१. भट्टोजिदीक्षित : **वैयाकरणसिद्धान्तकौमुदी**, मोतीलाल बनारसीदास, दिल्ली, सन् १९८६।

२. काइला, विरही : **लिम्बू भाषा र साहित्यको सङ्क्षिप्त परिचय**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, वि.सं. २०४९ ।

३. काइला, वैरागी : (संयोजक) **लिम्बू भाषा तथा साहित्य विचार गोष्ठी**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, वि.सं. २०५० ।

४. ढकाल, मतिप्रसाद : **प्रारम्भिक संस्कृत व्याकरण र रचना**, लेखक स्वयम्, भानु संस्कृत विद्यापीठ (क्याम्पस), तनहुँ, वि.सं. २०५६ ।

५. पोखरेल, माधवप्रसाद : **ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनि-परिचय**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, वि.सं. २०५७ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौरस्त्य दर्शनका आलोकमा भानुभक्तीय रामायण

– उपप्रा. मेघराज गौतम

हरिहर संस्कृत विद्यापीठ, अर्घाखाँची

सामान्यतया दर्शन भन्नाले जागतिक दृश्यमान पदार्थहरूलाई चक्षुरिन्द्रियद्वारा हेर्ने काम, देवदेवीका प्रतिमा वा मान्यजनलाई भक्तिपूर्वक गरिने ढोग, साक्षात्कार वा नमस्कार भन्ने बुझिन्छ । यो शब्द आँखा, ऐना आदि अर्थमा पनि प्रयुक्त भएको पाइन्छ, तर दर्शनपरम्परामा दर्शन शब्दले विचार, तत्त्वज्ञान, दृष्टिकोण आदिलाई जनाउँछ । विशेषत: दर्शन भन्नाले ब्रह्म, जगत्, जगत्कारण, जीव आदिका बारेमा गरिएको चिन्तन भन्ने बुझिन्छ। सृष्टि कहिले भयो ? कसरी भयो ? आदि प्रश्नहरूको समाधानमै प्राय: दर्शनहरू केन्द्रित रहेका पाइन्छन् । पूर्वीय दर्शनपरम्परामा सम्पूर्ण दर्शनहरूलाई नास्तिक र आस्तिक गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ । नास्तिक दर्शन भन्नाले वेदविरोधी र ईश्वरको अस्तित्वलाई अस्वीकार गर्ने विधारधारा भन्ने बुझिन्छ । नास्तिक दर्शनलाई पनि दुई भेदमा विभाजित गरिएको छ – प्रत्यक्ष र तार्किक । प्रत्यक्ष प्रमाण मात्रे दर्शन चार्वाक हो । तर्क-प्रमाण मात्रे दर्शन हुन् – बौद्ध र जैन । आस्तिक दर्शनले प्रत्यक्ष, अनुमान र वेदलाई प्रमाणका रूपमा स्वीकार गरेका छन् । तर्कलाई प्रमाण मात्रे दर्शनलाई तार्किक र श्रुति (वेद)लाई प्रमाण मात्रे दर्शनलाई श्रौतदर्शन भनिन्छ ।

उपर्युक्त सबै पूर्वीय दर्शनहरूका मूलस्रोत वेद, उपनिषद्, गीता र ब्रह्मसूत्र हुन् । उपनिषद् नै मुख्यत: परवर्ती गीता तथा ब्रह्मसूत्रका आधार स्रोत हुन् । वेदको अन्तिम भाग उपनिषद्हरूको आधारमा पूर्वमा दार्शनिक परम्पराको उत्थान र विकास भएको देखिन्छ । पूर्वमा विकसित दर्शनहरूलाई दुई वर्गमा विभाजन गरी हेर्ने परम्परा छ – नास्तिक र आस्तिक । चार्वाक, बौद्ध दर्शनका चार सम्प्रदाय – वैभाषिक, सौत्रान्तिक, माध्यमिक र योगाचार एवं जैन दर्शन नास्तिक मानिन्छन् भने सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त यी ६ वटा दर्शनहरू आस्तिक मानिन्छन् । वेदलाई प्रमाण मात्रे र नमात्रे आधारमा दर्शनलाई आस्तिक र नास्तिक भनी छुट्ट्याइएको देखिन्छ । वेदप्रति आस्था-विश्वास नभएकाले परलोक, पुनर्जन्मजस्ता कुरामा विश्वास गरे पनि बौद्ध र जैनलाई नास्तिकको श्रेणीमा राखिएको छ भने ईश्वरीय सत्तालाई नमाने पनि वेद प्रामाण्यलाई स्वीकार गरेकै कारण सांख्य र मीमांसालाई आस्तिकको श्रेणीमा राखिएको छ । वेदको प्रमाण मात्रे दर्शनलाई वैदिक दर्शन भन्ने चलन छ । यी सम्पूर्ण आस्तिक दर्शनको चरम लक्ष्य मोक्षप्राप्ति वा परमात्माको अपरोक्ष साक्षात्कार हो । यहाँ यी दुवै दर्शन (नास्तिक तथा आस्तिक) को सामान्य दिग्दर्शन गराइन्छ ।

चार्वाक दर्शनलाई भौतिकवादी वा प्रत्यक्षवादी दर्शन पनि भनिन्छ । चार्वाक दर्शनमा आगो, पानी, हावा र माटो यी चार भौतिक तत्त्वको मात्र अस्तित्व स्वीकारिएको पाइन्छ । यो वेद, परलोक, ईश्वर, धर्म आदि कुरालाई आडम्बर मात्र मान्दछ र ऐहिक सुखलाई नै जीवनको परम लक्ष्य ठान्दछ । जैन दर्शन इन्द्रियअनुभूत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्त्वलाई मात्र सत्य मान्दछ । त्यसैले यसलाई वास्तववाद पनि भनिन्छ । यसमा परलोक तथा आत्मामा विश्वास गरिए पनि ईश्वरको अस्तित्व र वेदको प्रामाण्य दुवैलाई स्वीकार गरिँदैन । त्यस्तै बौद्ध दर्शनमा परलोकमा आस्था व्यक्त गरिए तापनि वेदको प्रामाण्यलाई अस्वीकार गरेकैले नास्तिक मानिन्छ । यसरी पूर्वमा वेदको प्रामाण्य मान्नेलाई आस्तिक र नमान्नेलाई नास्तिक भन्ने गरिएको पाइन्छ । ईश्वरीय सत्तालाई अस्वीकार गरेर पनि वेदको प्रामाण्यलाई अङ्गीकार गरेकाले सांख्य र मीमांसा दर्शनहरू आस्तिकको पङ्क्तिमा दरिए । वेदको प्रामाणिकतालाई स्वीकार गर्ने आस्तिक दर्शन (न्याय, वैशेषिक, सांख्य, योग, मीमांसा र वेदान्त)लाई षड्दर्शन पनि भनिन्छ । पूर्वीय दर्शन भन्नासाथ नास्तिक दर्शन होइन, आस्तिक दर्शन नै सम्झिन्छ र पूर्वमा दर्शन शब्द आस्तिक दर्शनकै लागि रूढ भइसकेको प्रतीत हुन्छ । यहाँ यी ६ आस्तिक दर्शनको सामान्य परिचय दिइन्छ।

न्यायदर्शनमा प्रत्यक्ष, अनुमान, उपमान र शब्दलाई प्रमाणका रूपमा स्वीकार गरिएको छ । प्रमेयका रूपमा आत्मा, देह, इन्द्रिय, विषय, बुद्धि, मन, प्रवृत्ति, दोष, दुःख, अपवर्ग आदि मानिन्छन् । यसलाई तर्कशास्त्रका रूपमा पनि हेरिन्छ । यसमा प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, तर्क, निर्णय, वितण्डा, हेत्वाभास आदिको ज्ञानबाट सिद्धि प्राप्त हुनेमा विश्वास गरिन्छ । वैशेषिक दर्शन पनि धेरै कुरामा न्यायदर्शनसँग समभाव राख्दछ। तत्त्वज्ञानबाट मोक्षप्राप्ति हुनेमा यसले विश्वास राख्दछ । न्यायले प्रत्यक्ष, अनुमान, उपमान र शब्दलाई प्रमाण मान्दछ भने वैशेषिकले प्रत्यक्ष र अनुमानलाई मात्र मान्दछ ।

सांख्यदर्शन प्रकृति र पुरुषको संयोगबाट नै सृष्टि हुने बताउँछ, जगत्कारणका रूपमा ईश्वरलाई स्वीकार गर्दैन । प्रकृतिमा सत्त्वगुणको प्रधानता भएपछि महत्तत्त्वको उत्पत्ति हुन्छ । यसै महत्तत्त्वको रूपान्तर अहम्मा हुन्छ । अहम्मा सत्त्वको बाहुल्यबाट पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र मनको सृष्टि हुन्छ । अहम्मा तमको बाहुल्यबाट पञ्चतन्मात्राको उत्पत्ति हुन्छ । यी पाँच तन्मात्राबाट पाँच महाभूतहरू पैदा हुन्छन् र जगत्को सृष्टि हुन्छ भन्ने मान्यता सांख्यदर्शनको रहेको पाइन्छ।

मीमांसा दर्शनमा कर्मकाण्डको व्याख्या छ । स्वर्गप्राप्तिको कामना वेदोक्त कर्मकाण्डको प्रयोजन हो । आत्मा मृत्युपछि पनि विद्यमान रहन्छ जसले स्वर्गादिमा कर्मफल भोग गर्दछ । जगत् सत्य छ, हाम्रो जीवन पनि भ्रम नभएर वास्तविक नै हो । मीमांसकका मतमा जगत् नित्य विद्यमान छ । कर्मबाट इहलोकमा र परलोकमा क्रमशः प्रेय र श्रेयको प्राप्ति हुन्छ भन्ने सिद्धान्त यसै दर्शनले प्रतिपादन गर्दछ । मीमांसकहरू शब्दलाई नै नित्य मान्दछन् । कर्मबाट नै सबै प्रकारको अभीष्ट प्राप्त हुनेमा उनीहरू विश्वस्त छन् । मीमांसालाई पूर्वमीमांसा पनि भन्ने चलन छ ।

योगदर्शनका प्रणेता पतञ्जलि हुन् । चित्तवृत्तिनिरोधलाई उनी योगका संज्ञा दिन्छन् । योगसाधनाका लागि आठ कुराहरू बताइएका छन्, यसलाई अष्टाङ्ग योग पनि भनिन्छ । ती हुन् – यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि । योगदर्शनले सांख्यदर्शनकै तत्त्वहरू (सांख्यदर्शन–अस्वीकृत ईश्वरीय सत्तालाई पनि) लाई स्वीकार गरेकाले यसलाई सेश्वर सांख्य पनि भनिएको पाइन्छ ।

पूर्वीय दर्शनपरम्परामा वेदान्तदर्शन नै सर्वाधिक चर्चित र प्रसिद्ध रहेको छ । वेदान्तले वेदको अन्तिम भाग अथवा सार भन्ने बुझाउँछ । वेदका संहिता, ब्राह्मण र उपनिषद् भागमध्ये अन्तिम भाग उपनिषद्लाई नै वेदान्त दर्शनका रूपमा लिइन्छ । नेपाली भक्तिसाहित्य यही दर्शनबाट सर्वाधिक प्रेरित–प्रभावित रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ। विशेष गरी उत्तर प्राथमिककालीन नेपाली काव्य यसै दर्शनबाट अनुप्राणित रहेको छ । यसैले शीर्षक–सङ्केतित विषयवस्तुको दार्शनिक मूलाधार पनि वेदान्त दर्शन नै रहेकाले यस दर्शनका प्रमुख मान्यता–सिद्धान्तको दिग्दर्शन अपेक्षित देखिन्छ । यहाँ यही वेदान्तदर्शनसम्बन्धी सामान्य चर्चा गर्नु प्रासङ्गिक नै होला

वेदको अन्तिम भाग उपनिषद्को विवेचना गरिएकोले यस दर्शनलाई वेदान्त भनिएको हो । यस अर्थमा उपनिषद्हरू नै वेदान्त हुन् । हिन्दुपरम्परामा उपनिषद्, गीता र ब्रह्मसूत्रलाई प्रस्थानत्रयी भन्ने चलन छ। ब्रह्मज्ञान नै वेदान्त दर्शनको प्रमुख प्रतिपाद्य विषय हो । उपनिषद्हरूको निचोडलाई वादरायण (वेदव्यास) ले सूत्रात्मक रूपमा प्रस्तुत गरेपछि यस दर्शनले धेरै पूर्वीय आचार्यहरूको ध्यानाकर्षण गराएको देखिन्छ । उपनिषद्हरूमै पनि वेदान्त शब्दको उल्लेख पाइन्छ ।[१] श्रीमद्भगवद्गीतामा पनि ब्रह्मसूत्रको उल्लेख[२] पाइएबाट ब्रह्मसूत्र गीताभन्दा जेठो भएको स्पष्ट हुन्छ । वादरायणकृत ब्रह्मसूत्र (वेदान्त शास्त्र) मा ४ अध्याय, १९२ अधिकरण र ५५६ सूत्र रहेका छन् ।[३] यसका प्रत्येक अध्यायमा छुट्टाछुट्टै प्रतिपाद्य विषय रहेका छन् । प्रथम अध्यायलाई समन्वयाध्याय भनिन्छ । यसमा ब्रह्म ज्ञान नै वेदान्तको लक्ष्य भएको प्रस्ट गरिएको छ । दोस्रो अध्यायलाई अविरोधाध्याय भनिन्छ । यसमा सांख्य आदि दर्शनको तर्कसङ्गत खण्डन गरिएको छ । तेस्रो अध्यायलाई साधनाध्याय भनिन्छ । यसमा ब्रह्मविद्याको चर्चा छ । चौथो अध्यायलाई फलाध्याय भनिन्छ, जसमा ब्रह्मविद्याको फल निर्दिष्ट गरिएको छ ।

ब्रह्मसूत्र या वेदान्तशास्त्रको उत्पत्ति स्रोत माया र ब्रह्मका सम्बन्धमा ऋग्वेदमा गरिएको चर्चालाई मात्र सकिन्छ, तर जीवन र ब्रह्मका विषयमा विशिष्ट कल्पना गरी रचित उपनिषद् नै वेदान्त दर्शनका आधार स्रोत हुन् ।[४] वादरायणले उपनिषद्हरूमा देखिएका अनेक मतहरूको समन्वय गर्ने उद्देश्यले उपनिषद्कै साररूप वेदान्त सूत्रको रचना गरेको देखिन्छ तापनि त्यसमा उनको अभिप्राय स्पष्ट नभएकाले कालान्तरमा उनको ब्रह्मसूत्रको व्याख्या विभिन्न आचार्यहरूले आ–आफ्नो रुचि र दृष्टिकोणअनुसार गरेको पाइन्छ । ती प्रमुख आचार्य र भाष्य निम्नलिखित देखिन्छन् –

क्र.सं.	आचार्यनाम	भाष्यनाम	मत
१.	शङ्कराचार्य (इ. आठौँ शताब्दी)	शारीरक भाष्य	अद्वैतवाद
२.	भास्कर (इ. दसौँ, शताब्दी)	भास्कर भाष्य	भेदाभेद
३.	रामानुज (इ. बाह्रौँ शताब्दी)	श्रीभाष्य	विशिष्टाद्वैत
४.	मध्वाचार्य (इ. तेह्रौँ शताब्दी)	पूर्णप्रज्ञभाष्य	द्वैतवाद
५.	निम्बार्क (इ. तेह्रौँ शताब्दी)	वेदान्तपारिजात	द्वैताद्वैत

१. *वेदान्तविज्ञानज्ञानसुनिश्चितार्थाः, मुण्डकोपनिषद् ३/२/६ ।*
२. *ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः, गीता १३/४ ।*
३. *माधवाचार्य, सर्वदर्शन सङ्ग्रह, पाँ.सं., डा. उमाशङ्कर शर्मा 'ऋषि' द्वारा सम्पादित–व्याख्यात, वाराणसीः चौखम्बा विद्याभवन, १९९७ इ., पृ. ६४३–४४ ।*
४. *माधवाचार्य, पूर्ववत्, पृ. ६४४ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६.	श्रीकण्ठ (इ. तेह्रौँ शताब्दी)	शैवभाष्य	शैवविशिष्टाद्वैत
७.	श्रीपति (इ. चौधौँ शताब्दी)	श्रीकरभाष्य	वीरशैव विशिष्टाद्वैत
८.	वल्लभ (इ. पन्ध्रौँ शताब्दी)	अणुभाष्य	शुद्धाद्वैत
९.	विज्ञानभिक्षु (इ. सोह्रौँ शताब्दी)	विज्ञानामृत	अविभागाद्वैत
१०.	बलदेव (इ. अठारौँ शताब्दी)	गोविन्दभाष्य	अचिन्त्य भेदाभेद ।[५]

ब्रह्म, जीव, जगत्, आत्मा आदिका विषयमा उपनिषद्हरूमा विवेचित अनेक मतलाई समन्वयात्मक ढङ्गले एकत्व प्रदान गर्ने उद्देश्यले मीमांसक वादरायणले वेदान्तसूत्रको रचना गरे पनि एकता कायम हुन सकेको पाइँदैन । उपर्युक्त विभिन्न आचार्यहरूले आ–आफ्नो रुचिअनुसार ब्रह्मसूत्रको व्याख्या गरेबाट यो स्पष्ट हुन्छ । शाङ्कर दर्शन (अद्वैतवाद)ले ब्रह्मलाई निर्गुण र अद्वितीय सत्ताका रूपमा स्वीकार गरेको छ । विशिष्टाद्वैत (रामानुज'दर्शन)ले ब्रह्मझैँ जगत्लाई समेत सत्य मान्दछ । बहुत्वमा पनि अद्वय ब्रह्मको विशिष्टता मानेकाले उनको दर्शनलाई विशिष्टद्वैत भनिएको हो । यिनले नै सर्वप्रथम भक्तिलाई पनि मोक्षप्राप्तिको मार्ग स्वीकार गरेका छन् । मध्वाचार्यले रामानुजले झैँ ईश्वरको शरीर मान्दैनन्, तर स्वतः उपस्थित मान्दछन् । उनका विचारमा ईश्वर केवल नियन्त्रण गर्दछन् । आचार्य निम्बार्कका अनुसार ईश्वर र जगत्मा समुद्र र त्यसमा उठेको लहरजस्तै भेद र अभेद दुवै छ । ब्रह्म विश्वको उपादान र निमित्त दुवैको कारण हो । जीवन, जगत् र ईश्वर एक भएर पनि त्यो ईश्वरले दुःखभोग गर्नुपर्दछ । भिन्न भए पनि त्यो सर्वव्यापक र सर्वान्तरात्मा भनिँदैन । यही नै निम्बार्कको द्वैताद्वैतको प्रमुख मान्यता वा मत हो । आचार्य बल्लभाचार्य जीवन र जगत् कृष्णकै अंश हुन् भन्दछन् । उनी एक–अनेक दुवै हुन् । माया उनको शक्ति हो, जो उनलाई अनेक बनाउँदछ । यो अनेक पनि मिथ्या होइन । यही नै बल्लभाचार्यको शुद्धाद्वैत हो । आचार्य चैतन्यले ब्रह्मलाई भेदातीत मान्दछन् । उनी जीवलाई अनन्त र अणुरूप मान्दछन् । उनका अनुसार संसारझैँ ऊ पनि ईश्वरबाट प्रकाशित हुन्छ र सत्य पनि छ । यस मतमा ईश्वरका अचिन्त्य गुण र शक्ति नै जीव र जगत्का कारण मानिन्छन् । यही नै उनको भेदाभेद दर्शनको सार हो । ब्रह्मसूत्रभाष्यमा देखिएका प्रमुख मत यिनै हुन् । शाङ्कर वेदान्तबाहेकका अन्य वेदान्त दर्शनले भक्ति र यसको माध्यमबाट मोक्ष वा ईश्वर सान्निध्य प्राप्त हुनेमा विश्वास गर्दछन् । जगत् र जीवनका बारेमा पृथक् व्याख्या देखिए तापनि ब्रह्म अजर, अमर, अनन्त, अनिर्वचनीय, सर्वव्यापक, सर्वशक्तिमान् छ भन्नेमा भने सबै वेदान्तीहरूबीच मतैक्य देखापर्दछ ।

वेदान्तमा ब्रह्म शब्द परमतत्त्व वा मूल सत्ताका रूपमा प्रयुक्त छ । वादरायण सूत्रको प्रमुख प्रतिपाद्य विषय ब्रह्म भएकाले नै उनको सूत्रग्रन्थलाई ब्रह्मसूत्र भनिएको हो । वेदान्त दर्शनका अनेक व्याख्या भई अनेक वाद एवं सम्प्रदायको जन्म भए पनि शङ्कराचार्यद्वारा प्रतिपादित अद्वैतवाद 'वेदान्त' कै पर्याय बनेको छ । यो नै पूर्वीय दर्शनमा सर्वाधिक चर्चित र प्रसिद्ध रहेको छ । वेद र उपनिषद्का अभिप्रायको प्रतिनिधित्व अद्वैतवादले नै गरेको छ । विशेष गरी उत्तर प्राथमिककालीन भक्तिकाव्य अद्वैतवादबाट नै सर्वाधिक प्रभावित रहेको छ। यस सन्दर्भमा अद्वैतवादको पूर्ण समर्थनमा रचिएको भानुभक्तीय रामायणभित्र प्रवेश गर्नुपूर्व अद्वैतवादी दर्शनको

५. *डा. राजवंश सहाय, 'हीरा' संस्कृत साहित्यकोश, वाराणसी: चौखम्बा विद्याभवन, १९९६ इ., पृ. ४३५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सैद्धान्तिक मान्यताको सङ्क्षिप्त चर्चा यहाँ अपेक्षित देखिन्छ ।

अद्वैतवादले ब्रह्म मात्र सत्य छ, जगत् मिथ्या हो, जीव नै ब्रह्म हो, ब्रह्म नै जीव हो[६] भन्ने मूल मान्यता अगाडि सारेको छ । आचार्य शङ्कर यस सृष्टिलाई स्वप्न या भ्रम भन्दछन् । मिथ्या ज्ञानका कारणले नै यो सत्य प्रतीत भएको हो । तत्त्वज्ञानपश्चात् जगन्मिथ्याको ज्ञान प्राप्त हुन्छ । उनका अनुसार जसरी सपनामा देखिएका सबै घटनाहरू स्वप्नावस्थामा सत्य नै हुन्छन्, त्यसरी नै यो सृष्टि (जगत्) पनि सत्य प्रतीत भएको हो ।

शङ्कराचार्यले मायालाई नै ब्रह्मको शक्ति स्वीकार गरेका छन् । उनी मायाको सहायताबाट नै ब्रह्मले सृष्टि गर्ने ठान्दछन् । उनका अनुसार मायाले मुख्य दुई काम गर्दछ – जगत्को कारण ब्रह्मको वास्तविक रूप लुकाएर साकार रूपमा प्रकट गर्नु र दोस्रो संसारलाई सत्याभासित गराउनु । शङ्करले मायालाई ब्रह्मको नित्यस्वरूप नमानेर इच्छानुसार त्याग पनि गर्न सकिने तत्त्व मानेका छन् । ब्रह्मलाई मात्र सत्य मानेकै कारणले शाङ्कर वेदान्तलाई अद्वैतवेदान्त भनिएको हो । शाङ्कर वेदान्तमा ब्रह्म, आत्मा, जीव र जगत्का बारेमा विशद व्याख्या गरिएको छ ।

शङ्कराचार्य व्यावहारिक, प्रातिभासिक र पारमार्थिक गरी तीन सत्ता मान्दछन् । व्यावहारिक दृष्टिमा जगत् सत्य छ, ब्रह्म यसको मूलकारण हो, ऊ नै सृष्टि, स्थिति र प्रलयको कारण हो । यस अवस्थामा ऊ सगुण-साकार रूपमा उपस्थित हुन्छ र यसको नै भक्ति-उपासना गरिन्छ । पारमार्थिक दृष्टिमा ब्रह्ममा गुणारोपित गरिँदैन । ब्रह्म निर्गुण निराकार हुन्छ । शङ्करले ब्रह्मलाई निर्गुण नै मानेका छन् । डोरीमा सर्पको आभास (भ्रम) प्रातिभासिक सत्य मानिन्छ । उनका मतमा केवल ब्रह्मले मायाशक्तिद्वारा जगत्को सृष्टि गर्दछ, सगुण एवं निर्गुण ब्रह्म एउटै हो, दुईमा कुनै प्रकारको भेद छैन, दुवैको एउटै सत्ता छ, केवल व्यवहार (उपासना)का लागि सगुण ब्रह्मको अस्तित्व स्वीकारिएको हो, वास्तवमा निर्गुण-निराकार ब्रह्म मात्र सत्य हो, मायाका कारणले नै जीव, ब्रह्म र ईश्वरमा भेद देखिएको हो ।[७] उनी वास्तवमा ब्रह्म र ईश्वरमा कुनै भेद देख्दैनन् । ब्रह्मज्ञानद्वारा नै मोक्षप्राप्ति हुन्छ भन्दछन् । शाङ्करवेदान्तको मूल मान्यता यही नै हो ।

माथि उल्लेख भइसकेको छ, भानुभक्तीय रामायणको दर्शन अद्वैतवादी वेदान्त हो । यसको आधार संस्कृतको अध्यात्मरामायण हो । अध्यात्मरामायण एउटा साम्प्रदायिक धर्मग्रन्थ पनि हो, तर कवि भानुभक्तले रामभक्ति सम्प्रदायको अध्यात्मरामायणको आधार लिएर पनि अध्यात्म रामायण बनाएनन्, नेपाली जातीय महाकाव्य बनाए ।

भानुभक्तले आफ्ना काव्यनायक रामलाई 'विष्णु'को अवतारका रूपमा स्थापित गराएका छन् । साधुहरूको रक्षा गर्न, दुष्टहरूको संहार गर्न र धर्मको संस्थापन गर्न भगवान् बेलाबेलामा सगुण-साकार रूपमा व्यक्त हुने

---

६. *ब्रह्म सत्यं जगन्मिथ्या, जीवो ब्रह्मैव नापरः ।*

७. *अद्वैत वेदान्तले मायावच्छिन्न ब्रह्मलाई ईश्वर मान्दछ । ईश्वरलाई ब्रह्मको सगुण रूप मानिएको छ । निर्गुण ब्रह्म प्रवृत्तिविहीन हुने भएकाले उसबाट जगत् सृष्टिको कल्पना गर्न नसकिने हुनाले नै सगुण ब्रह्म (ईश्वर) को कल्पना गरिएको हो । वेदान्तमा ईश्वर नै सृष्टि, स्थिति र प्रलयको कारण मानिन्छ। ब्रह्मले मायाकै शक्तिबाट जगत्को सृष्टि गर्ने र स्रष्टा ब्रह्म निर्गुण नभएर ईश्वरका रूपमा व्यक्त हुने मानिन्छ। यसरी ईश्वर ब्रह्मबाट भिन्न भएर पनि अभिन्न नै मानिन्छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दार्शनिक मान्यता रहिआएको छ ।[८] भानुले रामलाई दार्शनिक–धार्मिक आस्था र विश्वासको कदर गर्दै साक्षात् परब्रह्मकै साकार रूपमा लिएका छन् ।[९] उनले ब्रह्म, आत्मा, जीव र जगत्का बारेमा अगाडि सारेका दृष्टिकोण अद्वैतवेदान्तका अनुकूल रहेका छन् । रामायणको दर्शन अद्वैतवाद अनुकूल रहेकाले रामायणको दार्शनिक पक्षको व्याख्या विवेचना गर्न अद्वैतवादी वेदान्तकै आधार लिनुपर्ने हुन्छ । अद्वैतवेदान्तमा ब्रह्मलाई मायारहित मानिएकोमा सर्वप्रथम शङ्कराचार्यले नै मायावादको प्रवेश गराएका हुन् । परब्रह्म आफ्नो मायाशक्तिले राम, कृष्णका रूपमा व्यक्त भएका हुन् र वाग्नवमा राम, कृष्ण आदि जगत्का कारण नभएर परात्पर ब्रह्म नै यसका कारण हुन् भन्ने अद्वैतवादी मतको सीता–हनुमान–संवादका माध्यमबाट भानुभक्तले यसरी समर्थन गरेका छन्–

राम् हुन् ब्रह्म इनै कि शक्ति बलिई माया भनेकी म हुँ । (बालकाण्ड श्लो. ३४)

अन्तर्यामी अनादि साक्षि त ति हुन् कर्ता कहाँ ती थिया ।
मेरा गुण लिँदा त लोकहरूले कर्ता भनी पो दिया । (बालकाण्ड श्लो. ३७)

ब्रह्मको दुई प्रकारको लक्षण बताइएको छ– स्वरूप लक्षण र तटस्थ लक्षण । स्वरूप लक्षणले सत्यको परिचय दिन्छ भने तटस्थलक्षणले आगन्तुक गुणको निर्देश गर्दछ ।[१०] सत् (सत्ता), चित् (ज्ञान), आनन्दरूप (सच्चिदानन्द) नै ब्रह्मको स्वरूपलक्षण हो । यही ब्रह्म मायावच्छिन्न हुँदा सगुण ब्रह्म (अपरब्रह्म–ईश्व) हुन्छ। अपर ब्रह्म व्यावहारिक सत्ता हो । शङ्कराचार्य सगुणब्रह्म (राम) अर्थात् व्यावहारिक सत्तालाई मिथ्या र पारमार्थिक सत्ता (निर्गुण ब्रह्म)लाई सत्य मान्दछन् । यहाँ यही शाङ्कर मान्यतानुसार सगुण ब्रह्मरूप रामलाई जगत्कारण नमानी वास्तविक ब्रह्म (निर्गुणब्रह्म)लाई नै जगत्कार्य वा कारणका रूपमा भानुभक्तले व्यक्त गरेका छन् । ब्रह्मकै मायारूप सगुण ब्रह्म भ्रम हो र निर्गुण ब्रह्म नै सत्य हो भन्ने दार्शनिक मान्यता यहाँ अभिव्यञ्जित भएको छ ।

ब्रह्मा, विष्णु, राम, शिव आदिका रूपमा व्यक्त निर्गुण, निराकार, निरञ्जन, परब्रह्म परमात्मा हुन् । यी परमात्मा चिन्मय र अद्वितीय हुँदाहुँदै पनि यिनमा विविध नामरूप (राम, कृष्ण)को आरोप–कल्पना गरिएको हो। नाना जीवहरू र परमात्मामा कुनै भेद छैन । मूल तत्त्व एक मात्र छ । यो सम्पूर्ण जगत् आत्मवान् छ, त्यो (आत्मा) नै सत्य हो । त्यो (आत्मा) तिमी नै हौ[११] भन्ने दार्शनिक मान्यताको समर्थनमा भानुभक्त भन्छन् –

आत्माको र परात्मको छ कति फेर् त्यो एक जानी लिनू
जुन् जुन् चीज अनात्म हुन् उ त भुटा जानेर छाडी दिनू ।
आत्माको र परात्मको गरि विचार् एक् तत्त्व जान्यो तसै
अज्ञान् सब् छुटि जान्छ ती पुरुषको मै तुल्य हुन्छन् तसै ।। (बालकाण्ड श्लो. ३९)

---

८. *यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत । अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ।। परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् । धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ।। – गीता ४/७–८ ।*

९. *भानुभक्तीय रामायण, बालकाण्ड, श्लो. ३४ ।*

१०. *स्वरूपं सद्व्यावर्तकं स्वरूपलक्षणं कादाचित्कत्वे सति व्यावर्तकं तटस्थलक्षणम् ।*

११. *छान्दोग्योपनिषद् ६/८/७ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वैत वेदान्तोत्तर द्वैतवादी वेदान्तमा भक्तिलाई पनि मोक्षप्राप्तिको प्रमुख साधन मानिएको छ । भानुभक्तले पनि भक्तिलाई महत्वपूर्ण स्थान दिएको देखिन्छ । अध्यात्म रामायणमा भक्तिका साधन नौ मानिएका छन् –

१. सत्सङ्ग २. रामकथा अलाप ३. रामको गुणगान ४. रामवचन व्याख्या ५. यम, दम, नियम आदि धर्मपालन ६. नित्य रामपूजन ७. रामनामजप ८. रामभक्तपूजा ९. रामतत्त्वविचार[१२] । तर भानुभक्त अध्यात्मरामायणका भक्तिका नौ साधनमध्ये सत्सङ्गले मात्र पनि अन्य आठ साधन पूर्ण हुने बताउँछन् –

नौ साधन् कि त भक्ति छन् ति नवमा पैह्ले त सत्सङ्ग हो
पैह्ले साधन पो भयो पनि भन्या बाँकी रह्याका ति जो ।
आठ् साधन्हरू हुन् ति ता क्रमसितै मिल्छन् असल् सङ्गले
सत्का सङ्ग भया सबै बनि गयो क्या हुन्छ कुन् सङ्गले ।। (अरण्यकाण्ड श्लो. ११५)

बालिको मृत्युपछि शोकविह्वल बालिपत्नी तारालाई राम स्वयं देहको नश्वरता र आत्माको शाश्वतताका विषयमा दार्शनिक व्याख्या गरी सम्झाउँछन् । श्रीमद्भगवद्गीतामा आत्माको अमरता र देहको नश्वरताका सम्बन्धमा विशेष व्याख्या पाइन्छ । सम्पूर्ण सांसारिक पदार्थ अनित्य छन्, सबै देहधारी प्राणी अनित्य छन्, आत्मामात्र अनन्त छ, स्थायी छ, सत्य छ, शरीरस्थ आत्माको कदापि नाश हुँदैन । देहको नाशसँगै आत्माको पनि नाश हुन्छ भन्नु मूर्खतासिवाय केही होइन, आत्मालाई आगोले जलाउन सक्दैन, पानीले गलाउन सक्दैन[१३] भन्ने गीताको दार्शनिक व्याख्याकै आडमा स्फटिक लाहाको दृष्टान्त दिँदै भानुका रामले बालिपत्नी तारालाई यसरी सम्झाउँछन् –

अहो ! अज्ञान् मेरो भनिकन जहाँ तक् त मनमा
लिँदैनन् ताहाँ तक् फिजिति पनि छन् यै जनमहाँ ।।
स्फटिक् जस्तो जीव् हो शरिरहरू लाहा बुझि लिनू
स्फटिक् लाहाका सङ्धरि कन त दृष्टान्त छ दिनू ।
लहाको सङ्बस्ता स्फटिक म छु लाल् भन्छ जसरी
शरिर् मर्दा मर्छू म पनि भनि जिव् भन्छ तसरी ।। (किष्किन्धाकाण्ड, श्लो. ६६–६७)

यो जगत् सपना देखेको वस्तु जाग्रत अवस्थामा सबै हराएजस्तै हो, जगत्को प्रतीति सपनामा देखिएका सारा वस्तुहरू सत्य नै भएजस्तै हो । एक परमात्मामात्र सत्य छ, तसर्थ ज्ञानप्राप्त भएपछि परमात्माबाहेक अन्य केही पनि देखिँदैन भन्ने अद्वैतवादको आडमा मतिभ्रष्ट रावणलाई रामभक्त हनुमान्ले यसरी सम्झाउँछन् –

जो यो लोक विषे प्रपञ्च छ सबै जान् स्वप्न जस्तो भनी
सूतुञ्ज्याल् सपना छ सत्य उठि ता लाग्दैन साँचो पनि ।

---

१२. अध्यात्मरामायण, अरण्यकाण्ड, १०/२२–२७ ।

१३. (क) न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूय । अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे। – गीता २/२० ।

(ख) नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः । नं चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।। – गीता २/२३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्तै ज्ञान् त भयो भन्या त्रिभुवनै एक् देख्छ आत्मा फगत्
अज्ञान् रूप निदमा पऱ्यो पनि भन्या देखिन्छ नाना जगत् ।। (सुन्दरकाण्ड श्लो. ११३)

वेदान्तले सृष्टि (जगत्)को ज्ञानका लागि मुख्य तीन सिद्धान्त मान्दछ – विवर्तवाद, दृष्टिसृष्टिवाद र अवच्छेदवाद । जगत् ब्रह्मको विवर्त वा कल्पित रूप हो । जस्तो अँध्यारोमा हामी डोरीलाई सर्पझैँ देखी त्यस डोरीलाई नै सर्प ठान्दछौं, त्यसै गरी यस जगत्लाई पनि सत्य ठान्दछौं । वास्तवमा डोरीलाई सर्प ठान्नु र जगत्लाई सत्य भन्नु एउटै कुरा हो । यसलाई दृष्टि-सृष्टिवादले अझ स्पष्ट गराउँछ । मायाशक्तिको आडमा यो सृष्टि मायावच्छिन्न परमात्माले गरेका हुन् । ब्रह्मअतिरिक्त जगत्को जुन प्रतीति हुन्छ, त्यो सबै अज्ञानताको कारणले भएको हो । वेदान्तको यही सिद्धान्तका भाकामा भानुभक्तका राम भाइ लक्ष्मणलाई आत्मज्ञानको शिक्षा दिन्छन् –

आत्मा हो सुखरूप दुःखरुपको, संसार् छ उस्मा कहाँ
अज्ञान्ले गरि मात्र सत्य रुपले झल्कन्छ आत्मामहाँ,
ज्ञान्ले लीन् पनि हुन्छ डोरिकन साँप् बुझ्नू छ जस्तो फगत्
तस्तै ईश्वरमा अनेक् तरहको देखिन्छ यस्तो जगत् ।।
अध्यास् हुन्छ चिदात्ममा इ सबको जो छन् अहङ्कारका
इच्छादी पनि बुद्धि धर्म बुझ्नू छैनन् कुनै सारका ।
आत्मा साक्षि छ यो पृथक् इ सबमा सब्मा घुस्याको पनी
जस्तै घुस्तछ अग्नि लोहहरूमा तस्तै प्रकार्को बनी ।। (उत्तरकाण्ड श्लो. १३८– १३९)

आत्मा सुखरूप हो, दुःख रहने ठाउँ आत्मामा हुँदैन । आत्मामा दुःख देख्नु मिथ्या ज्ञानबाहेक अरू केही होइन । आत्माज्ञानीले आत्ममा कदापि दुःख देख्दैन । जसमा जुन धर्म छैन, त्यसमा उसको भान हुनु अविद्या वा अज्ञानता हो । अनित्यमा नित्य, दुःखमा सुख, अनात्मामा आत्माको ज्ञान हुनु अध्यास हो, भ्रान्ति ज्ञान हो। बुद्धि, चित्त, ज्ञानेन्द्रिय बाह्य जगत्लाई मात्र हेर्न सक्दछन् । यिनीहरूलाई आत्मासँग अपृथक् ठान्नु अविद्या वा मिथ्याज्ञान हो । सृष्टि ब्रह्मको माया हो, माया ब्रह्मदेखि कदापि भिन्न हुँदैन, जल्नेशक्ति र आगोजस्तै अभिन्न हुन्छ। भ्रान्तिज्ञानले नै जगत्लाई ब्रह्मदेखि भिन्न देखी सत्य र नित्य ठानिएको हो । जसरी लोहमा अग्निको प्रवेश हुन्छ, त्यसरी नै अज्ञानीमा अहङ्कारको प्रवेश हुन्छ । यो अद्वैतवादी मान्यताले उपर्युक्त भानुभक्तीय श्लोकमा सशक्ति अभिव्यक्ति पाएको छ ।

वेदान्तले संसारमा २ किसिमका पदार्थ मान्दछ – विषयी (अस्मत्प्रत्यय) र विषय (युष्मत्प्रत्यय) । आत्मा विषयी हो । विषयी आत्मामा अध्यास हुँदैन । यो सारा चराचर जगत् अध्यास मात्र हो । यो अध्यास हटाउनु नै वेदान्तको परम लक्ष्य पनि हो । दृष्टिगोचर वस्तुमा अन्य वस्तुको आरोप (अध्यास) हुन सक्दछ तर आत्मामा त्यो धर्म नहुने हुँदा अध्यास हुँदैन, तर कहिलेकाहीँ आत्मा पनि 'म हुँ' को विषय बन्ने हुँदा चिदात्मामा पनि अध्यास हुन्छ ।

आत्माको सुखरूपलाई उपनिषद्दर्शनमा एक व्यावहारिक उदाहरण दिएर पुष्टि गर्ने प्रयास गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसरी प्रेमिकासँग आलिङ्गन गर्दा पुरुष (प्रेमी) ले न कुनै बाहिरी वस्तु सम्झन्छ, न आन्तरिक वस्तुलाई जान्दछ, त्यसरी नै आत्मा (परमात्मा) सँगै आलिङ्गनरत जीवले न बाह्य यथार्थ जान्दछ, न अन्तर्वस्तु नै । त्यस समय जीवका सम्पूर्ण इच्छाहरू पूर्ण भएका हुन्छन् । आत्मसाक्षात्कारबाट कुनै पनि इच्छा अवशिष्ट रहँदैनन्।[१४] परमात्मतत्त्व (आत्मा)लाई सम्झाउँन सकिँदैन । आत्मावेत्ता नै उसलाई चिन्दछ-जान्दछ, तर जब जीव आत्मसाक्षात्कार गर्दछ, त्यस बेला उसको वाणी नै बन्द हुन्छ, निरतिशय आनन्दको अनुभूति गर्दछ ।[१५]

वेदान्त दर्शनमा ब्रह्मज्ञान वा आत्मज्ञान प्रदान गर्ने विद्या जान्नेलाई ज्ञानी र आत्मा-अनात्मामा कुनै पार्थक्य नदेख्नेलाई अज्ञानी संज्ञा दिइएको पाइन्छ । यो सृष्टि वा संसारको आधार माया हो । यसलाई सत्य ठान्नु भ्रम हो, मिथ्या ज्ञान हो । ब्रह्मज्ञान प्राप्त गरेपछि सम्पूर्ण अज्ञान नष्ट हुन्छ र अज्ञाननाश भएपछि परमात्मा साक्षात्कार गर्ने ढोका खुल्दछ । भानुभक्त सगुणोपासक भएर पनि भक्तिलाई भन्दा अद्वैतवेदान्तको ज्ञानमा यसरी जोड दिएका छन् -

> अज्ञानै छ घुमाउन्या सकलको शत्रु सरीको यहाँ,
> ज्ञानैले गरी नष्ट हुन्छ पनि सो लिनू यही मन् महाँ ।। (उत्तरकाण्ड श्लो. १८ ।

भानुभक्त आचार्य शङ्कराचार्यले झैं विद्याले नै सम्पूर्ण अज्ञान र भ्रान्तिलाई पन्छाउँछ र यसका अगाडि कर्मको कुनै प्रयोजन नै हुँदैन भन्छन् । परमात्माप्राप्तिका लागि वेदले कर्मको आवश्यकता देखाए पनि विद्यालाई कर्मादि कुनैको पनि सहायता नचाहिने बताउँदै ब्रह्मज्ञानकै सर्वोच्चतालाई उनी यसरी महत्त्व दिन्छन्-

> विद्यालाइ सहाय कर्म छ ठुलो भन्छन् इ वेद्ले पनि
> तस्मात् कर्म अवश्य गर्नु जनले साहाय होला भनी ।
> क्वै यस्सो पनि भन्दछन् तति भनुन् साहाय कोही रती
> विद्यालाई त चाहिँदैन बुझ यो विस्तार् बताऊँ कती ।। (उत्तरकाण्ड श्लो. १२९)

परमात्मास्वरूपलाई जानिसकेपछि समस्त कर्म त्याज्य हुन्छन् । सम्पूर्ण अनात्म वस्तुहरूको अनित्यता र असत्यताबोध गरिसकेपछि अन्तिम पुरुषार्थ प्राप्त गर्न कर्मको आवश्यकता पर्दैन । वाजसेनीय श्रुतिमा पनि मोक्षको साधन ज्ञान नै भनिएकोले मोक्षप्राप्तिका लागि विद्यालाई अन्य साधनको आवश्यकता नपर्ने र परमात्मा र जीवात्माको अभिन्नता बुझिसकेपछि अज्ञान नजन्मने बताइएको छ। ज्ञानमार्गद्वारा प्राप्त गरिने मोक्ष सर्वश्रेष्ठ मुक्ति हुन्छ । परमार्थतत्त्वज्ञान नै मुक्तिका लागि सर्वोत्तम मार्ग हो भनी स्वीकार्ने अद्वैतवादी वेदान्तकै स्वरको पक्षपोषण रामायण (रामगीता)ले यसरी गरेको छ -

> हुन्छन् कर्म त देह देहहरूमा पूरा अभिमान् भई
> विद्या हुन्छ त जो छ तेही अभिमान् देहादिमाको गई ।
> विद्याको र इ कर्मको छ छ विरोध् साहाय हुन्थ्यो कहाँ ।
> विद्यै एक् छ समर्थ मुक्ति दिनमा यै जान्नु सब्ले यहाँ ।।

---

१४. *बृहदारण्यकोपनिषद् ४/३/२१ ।*

१५. *बलदेव उपाध्याय, भारतीय दर्शन, वराणसी : शारदा मन्दिर, सन् १९९७, पृ. ४८ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाजीका श्रुति तैत्तिरीय कहिन्या श्रुतिहरूले पनि ।।
भन्छन् येहि कुरा सहाय अरूको खोज्दैन विद्या भनी ।
तस्मात् कर्मविरोधि जान जनले सब्कर्म छाडी दिनू
विद्यै मात्र ठुलो बुझेर यसमा यो मन् लगाई लिनू ।। (उत्तरकाण्ड श्लो. (१३०-१३१)

पूर्वीय दर्शनमा ब्रह्मविद्यालाई नै सर्वोत्तम विद्याका रूपमा लिइएको छ । यसलाई सबै विद्याहरूको विद्या भनिएको छ ।[१६] श्रीमद्भगवद्गीतामा पनि अध्यात्म विद्यालाई नै सर्वश्रेष्ठ विद्याका रूपमा लिइएको छ।[१७] कुनै पनि अविद्यमान वस्तुको उत्पादनका लागि कर्म गरिन्छ । आफैमा अन्तर्निहित आत्माको साक्षात्कारका लागि कर्म व्यर्थ छ । कर्मद्वारा आत्मसाक्षात्कार असम्भव छ । कुनै पदार्थमा विकार उत्पन्न गर्ने इच्छाले तथा मन र अन्य वस्तुको संस्कार उत्पादनको इच्छाले कर्म गरिन्छ, परन्तु आत्मामा विकास तथा संस्कारको अभाव हुन्छ । आत्मा अनुत्पाद्य, अनाप्य, अविकार्य तथा असंस्कार्य हुनाले कारण कर्मद्वारा उसको निष्पत्ति हुन सक्दैन।[१८] अतः ब्रह्मप्राप्तिका लागि कर्मसाधन हुन सक्दैन तर कामनाहीन नित्यकर्मको अनुष्ठानबाट चित्तशुद्धि हुन्छ र जीवात्मा आत्मस्वरूपको ज्ञान गर्दछ । आत्मज्ञानोत्पत्तिमा सहायक हुनाले नित्यकर्मलाई मोक्षसाधन मानिन्छ, तर सकाम कर्मले असुरत्व (पशुत्व) प्राप्त हुन्छ । अन्तःकरण शुद्धिका लागि कर्म व्यर्थ नभएर मोक्षप्राप्त गर्न चाहने जीवका लागि सहायक हुन्छ । प्रारब्ध कर्मबाट मुक्त गर्न नसके पनि सञ्चित र सञ्चीयमान कर्मनाश गर्न ज्ञानको आवश्यकता पर्दछ । ब्रह्मज्ञानद्वारा नै कर्मनाश हुन्छ र मोक्षप्राप्ति हुन्छ भन्ने वेदान्ती मान्यता उपर्युक्त भानुभक्तीय श्लोकहरूमा व्यक्तिएको पाइन्छ । वेदान्तमा मानवजीवनका दुई उद्देश्य मानिएका छन् - सांसारिक सुखप्राप्ति र आत्मपरमात्माको ज्ञान । सांसारिक सुख-सुविधाप्राप्त गर्न कर्मको विधान गरिएको छ । परमात्मा साक्षात्कारका लागि विद्या (ब्रह्मविद्या) को नै आवश्यकता पर्ने मानिन्छ। शङ्कराचार्यले ज्ञान र कर्मलाई विरोधी मानेका छन् । यसको पुष्टि व्यावहारिक दृष्टान्तद्वारा यसरी गरिएको छ - पूर्व समुद्र जाने व्यक्ति पूर्वकै बाटो हिंड्नु पर्दछ । पश्चिमको बाटो हिँडेर पूर्वको समुद्र पुग्न नसकिएझैँ ब्रह्मसाक्षात्कार गर्न चाहने व्यक्ति ज्ञानमार्गबाट नै हिँड्नुपर्छ, कर्ममार्गबाट होइन । ज्ञान र कर्म पहाड र समुद्रजस्तै एक-अर्काका विरोधी हुन् ।[१९] ब्रह्मज्ञानप्राप्तिका लागि श्रवण, मनन र निदिध्यासनलाई आवश्यक साधन वा मार्ग मानिन्छ ।[२०] वैराग्य (सांसारिक तथा पारलौकिक फलभोगको कामना नगर्नु), शम (मनको एकाग्रता), दम (इन्द्रियलाई वशमा राख्नु), उपरति (बाह्यविषयको आश्रय नलिनु), तितिक्षा (चिन्ताशोकदेखि रहित हुनु, दुःखलाई सहनु), समाधान (श्रवणादिमा चित्तको एकाग्रता), श्रद्धा (गुरु र वेदान्त विद्यामा अटुट विश्वास) तथा मुमुक्षुत्व (मोक्ष प्राप्त गर्ने इच्छा), यी सम्पूर्ण गुणहरूले युक्त व्यक्ति नै वेदान्त श्रवणका लागि योग्य ठानिन्छ । श्रवणपछि त्यसलाई मनन गर्नुपर्दछ र मननपछि निदिध्यासन (ध्यान) को मार्गबाट ब्रह्मसाक्षात्कार हुने विश्वास गरिन्छ । यही शाङ्कर वेदान्ती मान्यताले उपर्युक्त भानुभक्तीय श्लोकमा अभिव्यक्ति पाएको छ । **क्रमशः .....**

१६. *स ब्रह्मविद्यां सर्वविद्याप्रतिष्ठामथर्वाय ज्येष्ठपुत्राय आह । - मुण्डकोपनिषद् १/१ ।*
१७. *अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् । - गीता १०/३० ।*
१८. *उत्पाद्यमाप्य संस्कार्य विकार्यं च क्रियाफलम् । नैव मुक्तिर्यतस्तस्मात् कर्म तस्या न साधनम् ।। - नैष्कर्मसिद्धिः १/५३ ।*
१९. *न हि पूर्वसमुद्रं जिगमिषोः प्रतिलोम्येन ... गीता शाङ्करभाष्यम् १८/५५ ।*
२०. *आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यः मन्तव्यः निदिध्यासितव्यः । आत्मनो वा अरे दर्शनेन, श्रवणेन मत्या विज्ञानेनेदं सर्वं विज्ञातं भवति । बृहदारण्यकोपनिषद् २/४/८ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साइत सबैका लागि : यात्रामुहूर्त्त विमर्श

सहा. प्रा. हरिप्रसाद पौडेल

वाल्मीकि विद्यापीठ, काठमाडौँ

'या' प्रापणे धातुबाट यात्रा शब्द निष्पन्न हुन्छ, जसको अर्थ कुनै ठाउँमा पुग्नु भन्ने हुन्छ । अंग्रेजीमा Journey शब्दले यस कुरालाई जनाउँछ । ज्योतिषशास्त्रअनुसार कुनै कार्यप्रयोजनविशेषले अथवा मित्रादिको सहयोगको अपेक्षाले या निमन्त्रणा स्वीकार गर्न सधैं जसो गइरहने स्थानबाहेक विशेष स्थान, नगर, तीर्थ, देश आदिमा जानुलाई यात्रा गर्नु भनिन्छ । संसारका विविध ठाउँमा कुनै पनि धर्मावलम्बीले यात्रा साइतलाई आ-आफ्नै सिद्धान्त तथा परम्पराअनुसार अङ्गीकार गरेको पाइन्छ । हिन्दु तथा बौद्ध धर्ममा यात्रा या अन्य कुनै पनि शुभ कार्यमा साइत विचार गरी कार्यारम्भ गर्ने प्रचलन रहिआएको छ । 'कस्तो साइत पारेर हिंडेछु, साह्रै दुःख पाइयो' यस्तो लोकोक्ति प्रायशः सुनिन्छ । वास्तवमा समयभन्दा बलियो अरू केही छैन । समयभन्दा पहिले र भाग्यभन्दा बढी केही पनि पाइँदैन । समयले नै कुनै कार्य सफल या विफल गराउँछ, जसरी उचित समयमा रोपेको बिउमात्र काम आउँछ । कार्यारम्भ समयको साइत यदि ठिक छ भने त्यो काम अत्यन्त सरल तरिकाले राम्रोसँग सफल हुन्छ । यदि कार्यारम्भ समय राम्रो छैन भने त्यो काम अत्यन्त झन्झटिलो र दुःसाध्य पनि बन्दछ । यही कुरालाई विचार गरी हाम्रा त्रिकालदर्शी ऋषिमुनिहरूले विविध काम गर्न विविध मुहूर्त्तहरू बताएका छन् । ती मुहूर्त्तको राम्ररी मनन गर्नाले त्यो व्यक्ति विश्वपूज्य हुनुका साथै दीर्घायु, सुखी, धनी तथा मित्रादिले र नोकर वाहन आदिले परिपूर्ण हुन्छ भनेर शास्त्रमा वर्णन गरिएको छ ।[१] ती मुहूर्त्तहरू के कति प्रभावकारी, सत्य या असत्य छन् भन्ने कुरा त सबैले आफै अनुभव गरी तिनलाई स्वीकार गरेकोबाट नै पुष्टि हुन्छ । यदि त्यसमा सत्यता नभएको भए यति ठूलो विश्वासका साथ सबैले स्वीकार गर्दैनथे होला ।

ज्योतिषका व्यावहारिक विषयहरूको अध्ययन-अनुसन्धानमा संलग्न भएको हुनाले यस विषयमा केही अनुसन्धान गर्दैछु जसअनुसार यात्रामा दिक्शूल र योगिनी नमिलेको दिन मैले यात्रा गर्दा कि त यात्रा कष्टप्रद हुन्छ या त कुनै न कुनै दुर्घटना देखिएको पाएको छु । त्यस्तै प्रकारले सञ्चारका माध्यमबाट जुन दुर्घटनाहरू सुन्दछु, त्यो दुर्घटनाग्रस्त यान या साधन दिक्शूल या योगिनी नमिलेको विपरीत दिशातर्फ गइरहेको हुन्छ या त कुनै न कुनै गलत साइतमा हिंडेको पाएको छु ।

यात्रामा शकुन अझ शीघ्रफलदायी हुन्छ भने लग्नबल पनि उत्तिकै प्रभावकारी हुन्छ । त्यसपछि दिक्शूल र योगिनीको फल लाग्दछ र चन्द्रवर्ण, चन्द्रदिशा र कालराहुलाई पनि ७५% ले अङ्गीकार गरेको

---

१. *यः षष्ट्यायुतशतवृत्तबद्धमेनं मार्तण्डं पठति नरः स विश्वपूज्यः ।*
बह्वायुः सुखधनपुत्रमित्रभृत्यान् सम्प्राप्नोत्यविकलधीश्च तीर्थसिद्धिम् ।। (मुहूर्त्तमार्तण्ड)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाएको छु । यात्रामा कसले कुन विषयलाई बढी जोड दिएका छन् भन्ने विषयमा यो प्रमाण छ –

उषः प्रशंसते गर्गः शकुनञ्च बृहस्पतिः ।

अङ्गिरा मन उत्साहो विप्रवाक्यं जनार्दनः ।।

अर्थात् उषाकालको साइतलाई गर्गले, शुभाशुभ शकुनलाई वृहस्पतिले र प्रसन्न मनले गरेको साइतलाई अङ्गिराले प्रशंसा गरेका छन् ।

यात्रामा शकुनविचार

पूर्वीय संस्कृतिमा मात्र नभई पाश्चात्य संस्कृतिमा पनि शुभाशुभ शकुनहरूको विचार गर्ने चलन पाइन्छ। हाम्रो पूर्वीय संस्कृतिमा निम्नलिखित पदार्थहरूको दर्शन यात्रामा शुभकारक मानिएको छ :

शभु शकुनहरू – सेता वस्त्र, आभूषण, जलपूर्ण कलश, बाजा, शङ्ख, पुत्रले युक्त पुरुष, सवारी, ऐना, हात्ती, घोडा, गाई, सौभाग्यवती स्त्री, सेतो फूल, झूला, दीयो, धुँवारहित आगो, सुगन्धित द्रव्य, सेतो साँढे, वेश्या, छाता, चमर, कुमारी, माछा, भुइँको गोबर माटो उठाउँदै गरेको, धोबी, दुबो, कुश, रथ, रगत, मांस, मदिरा, ब्रह्मचारी, गुरु, ज्योतिषी, ब्राह्मण जोडी, ब्राह्मण मित्र, मृग, रोदनरहित शवयात्रा, दूध, दही, घ्यू तथा आफूलाई नितान्त मनपर्ने वस्तुहरूको दर्शन पनि यात्रा शुभ सूचित गराउँदछन् ।[३] उपर्युक्त शुभ शकुन देखिएमा तिनलाई दायाँ पारी यात्रा गर्नु पर्दछ ।

दशदीप्तशकुनहरू : बृहत्संहिता-शकुनाध्यायमा

क्षणतिथ्युडुवातार्कैर्देवदीप्तो यथोत्तरम् ।

क्रियादीप्तो गतिस्थानभावस्वरविचेष्टितैः ।।

अर्थात् क्षणदीप्त, तिथिदीप्त, नक्षत्रदीप्त, वायुदीप्त, सूर्यदीप्त, गतिदीप्त, स्थानदीप्त, भावदीप्त, स्वरदीप्त

---

२. *कालराहुवासज्ञान (मुहूर्तचिन्तामणि, यात्राप्रकरणमा)*
कौबेरीतो वैपरीत्येन कालो वारेऽर्कार्धे सम्मुखे तस्य पाशः ।
रात्रावेतौ वैपरीत्येन गण्यौ यात्रायुद्धे सम्मुखे वर्जनीयौ ।।

३. *शुभ शकुनहरू (मुहूर्त्तमार्तण्ड, यात्राप्रकरणमा)*
वस्त्रालङ्करणातिपूर्णकलशस्तौर्यध्वनिः पुत्रवान्
शङ्खादर्शनृपाश्वदन्तिसुरभिस्त्रीपुष्पधान्यादि च ।
दोलादीपविधूमवह्निसुरभिद्रव्याणि शुभ्रो वृषो
वेश्याच्छत्रवितानचामरकुमार्यो मीनगोरोचने ।।

त्यस्तै

यद्यत्स्वान्तनितान्ततोषकरणं कोरुद्धतं गोमयं
मृच्चाम्भोऽर्थघटान्वितः सहचरो धौताम्वरो मौत्रकः ।
दूर्वादर्भरथाः पलास्रमदिरा वर्णी गुरुर्दैवविद्-
विप्रौ मित्रमृगावरोदनशवं सिद्धार्थदुग्धादि च ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र चेष्टादीप्त यी दश दीप्त (तीव्र अशुभ) शकुनहरू उत्तरोत्तर बलिया हुन्छन् । दारुण या उग्रसंज्ञक नक्षत्रहरूको मुहूर्त्तलाई क्षणदीप्त भनिएको छ । चतुर्थी–षष्ठी–अष्टमी–चतुर्दशी तिथिहरूको मुहूर्त्तलाई तिथिदीप्त बताइएको छ । मूल–ज्येष्ठा–अश्लेषा–आर्द्रा–कृत्तिका–भरणी–मघा–विशाखा र ३ पूर्वालाई नक्षत्रदीप्त मुहूर्त्त मानिन्छ । अत्यन्त छोटो सयमका लागि देखिएको शकुन भावदीप्त हो । छिन्नभिन्न तथा ढलेका रूखहरू भएको ठाउँ, भत्केको, डढेको तथा पहिरो गएको आदि ठाउँहरू स्थानदीप्त मानिएका छन् । जुन शकुनहरू आगो भएतिर, युद्धतर्फ, झगडा भएतर्फ, बिजुली चम्केतर्फ या उल्कापात भएतिर उन्मुख हुन्छन्, ती गतिदीप्तशकुनहरू मानिन्छन् । पक्षी तथा अन्य जनावहरूको युद्ध चेष्टादीप्त हो । वातचक्र र आँधीबेहरी वातदीप्त कहिन्छ भने सूर्याभिमुख गरी यदि पशुपक्षीहरू कराउँछन् भने त्यसलाई सूर्यदीप्त भनिन्छ । यी दशप्रकारका शकुनहरू अशुभ बताइएका छन् ।

अन्य केही अपशकुनहरू

खरानी, हड्डी, काठको थुप्रो, फोहर, भुस, गिट्टी, बालुवा, नुन, उल्टो जुत्ता चप्पल, रित्तो भाँडो, पराल, औषधी, रोदन शब्द, मोही, धुँवा, कपास, रातो फूल, छाला, तेल, सख्खर, पागल, मत्त मान्छे, उल्टी गर्दै गरेको, तेल घस्दै गरेको, भोको, नाङ्गो, रोगी, अङ्गहीन, सन्यासी, शत्रु, गेरुवस्त्रधारी, चोर, दुःखी, पतित, हिंस्रक, डोरी लिएको मान्छे, गर्भिणी स्त्री, वन्ध्या स्त्री, कालो साँढे, भैंसी, सर्प, भ्यागुतो, छेपारो, सुँगुर, खरायो, जुका, बिरालो, गधा, ऊँट, महिषारूढ व्यक्ति, रित्तो भाँडो, हाच्छिउँ, चौपाया जनावरको अङ्गकम्प, बाटो छेक्नु, गेट लगाउनु, कुवचन श्रवण, शरीरमा लगाएको वस्त्र खस्नु, वाहन भाग्नु, कुकुरको युद्ध देखिनु, नपुंसक व्यक्ति, जल्दै गरेको घर आदि अशुभ शकुनहरू यात्रामा अत्यन्त अनिष्ट–फलदायी हुन्छन् । विचारणीय कुरा यो छ कि यी अपशकुनहरू पनि युद्धमा, नदी तर्दा, जुवा खेल्दा, हराएको वस्तुको खोजी गर्दा र रोगको उपचार गर्दा राम्रा मानिन्छन् ।[४]

पूर्व दिशाको यात्रामा घोडा र सेतो पदार्थ, दक्षिण दिशाको यात्रामा शव र मांस, पश्चिम दिशामा कन्या र दही, उत्तर दिशामा गाई, ब्राह्मण र साधुहरूको दर्शन अत्यन्त शुभ मानिएको छ ।[५]

अपशकुन दोष-परिहार

यात्रारम्भमा अशुभ शकुनहरू देखिएमा केही कदम (करिब ८ मि.) फर्केर आठपटक प्राणायाम गरी वा सो समय विश्राम गरी यात्रा गर्दा दोष नाश हुन्छ भनिएको छ । पुनः दोस्रो पटक पनि अशुभ शकुन देखिएमा सोह्रपटक प्राणायाम वा सो समय बिताई यात्रा गर्नुपर्दछ । यदि तेस्रो पटक पनि अपशकुनहरू देखिएमा यात्रा

४. *बृहत्संहिता, शाकुनाध्याय ४७*
कर्मसङ्गमयुद्धेषु प्रवेशे नष्टमार्गणे ।
यानव्यस्तगता ग्राह्या विशेषश्चात्र वक्ष्यते ।।

५. *बृहत्संहिता, शाकुनाध्याय ४६*
श्रेष्ठे हयसिते प्राच्यां शवमांसे च दक्षिणे ।
कन्यकादधिनी पश्चादुदग्गोविप्रसाधवः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रद्द गर्नु राम्रो हुन्छ भने यात्रा गर्नैपर्ने भएमा गणेशको पूजा गरी स्वस्तिवाचनपूर्वक यात्रा गर्नु पर्दछ । यो धर्मशास्त्रीय मान्यतामा आधारित कुरा हो र यसमा केही वैज्ञानिक कारण पनि हुन सक्छ ।

यात्रीले यात्रापूर्व पालना गर्नुपर्ने नियमहरू

यात्रारम्भमा मुण्डन, मैथुन, अत्यधिक परिश्रम, मांसभोजन, जुवातास, आँसु झार्नु, दुग्धपान, मद्यपान, भय, मलिन अनुहार, मलिनवस्त्र, क्रोध, टर्रो भोजन, उल्टी गर्नु, तेल लगाउनु, पीरो भोजन त्याग गर्नुपर्दछ । त्यसमा पनि बिरामी भएमा निको नहुञ्जेल पर्खनु पर्दछ भने साइत गर्दा रातो वस्त्र या अन्य वस्त्र धारण गर्नुभन्दा सेतो वस्त्र धारण गर्नु राम्रो हुन्छ ।

यात्रामा कालविचार

पूर्व दिशाबाहेक अन्य सबै दिशाको यात्रा उषाकालमा शुभ हुन्छ । गोधूलि बेलामा पश्चिमबाहेक अन्य दिशाको, मध्यरात्रिमा उत्तरबाहेक अन्य दिशाको र अभिजित्कालमा दक्षिणबाहेक अन्य दिशाको यात्रा शुभ हुन्छ ।[६]

यात्रामा वार, नक्षत्र, शूल र योगिनी विचार

बताइएका तिथि, नक्षत्र, वारहरूलाई तर्काउनुपर्दछ ।

पूर्वमा	–	सोमवार, शनिवार, ज्येष्ठानक्षत्र, प्रतिपदा र नवमी तिथि ।
आग्नेयमा	–	तृतीया र एकादशी तिथि ।
दक्षिणमा	–	बिहीवार, धनिष्ठा, शतभिषा, पू.भा., उ.भा., रेवती, नक्षत्र, त्रयोदशी र पञ्चमी तिथि
नैऋत्यमा	–	द्वादशी र चतुर्थी तिथि ।
पश्चिममा	–	आइतवार, शुक्रवार, रोहिणी नक्षत्र, षष्ठी र चतुर्दशी तिथि ।
वायव्यमा	–	सप्तमी र पूर्णिमा तिथि ।
उत्तरमा	–	मङ्गलवार, बुधवार, उ.फा. नक्षत्र, दशमी र द्वितीया तिथि ।
ईशानमा	–	अष्टमी र औंसी तिथि ।

यात्रामा लग्नबल विचार

ब्रुवेऽथ हरिजं तिथ्यादिलक्षादिकम् अर्थात् यात्रामा माथि वर्णन गरिएका तिथि, वार आदिभन्दा यात्रारम्भ समयको लग्न लाख गुणा बलियो हुन्छ भन्ने मुहूर्त्तशास्त्रको प्रमाणअनुसार उचित लग्न पहिचान गरी त्यस लग्नमा यात्रा साइत गरिन्छ भने पूर्वोक्त शूल योगिनी आदि विचार गरी दिन पर्खेर बसिरहनु पर्दैन । प्रत्येक दिन उपयुक्त एउटा लग्न अवश्य निस्कन्छ । त्यसकारण चतुर व्यक्तिले अन्य विषय नमिलेता पनि लग्न मिलाई

६. *यात्रामा कालविचार (मुहूर्तचिन्तामणि, यात्राप्रकरण)*
उषःकालो विना पूर्वां गोधूलिः पश्चिमां विना ।
विनोत्तरां निशीथः सन् याने याम्यां विनाऽभिजित् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यात्रा गर्नुपर्दछ । यात्रा लग्नमा लग्नदेखि केन्द्र (१, ४, ७, १०) स्थानमा वक्रीग्रह पार्नु हुँदैन र ललाटीयोग पनि पार्नु हुँदैन । लग्नबाट ३, ६, ११ स्थानबाहेक अन्य स्थानमा पापग्रह, दशममा शनि, १, ६, ८, १२ स्थानमा क्षीणचन्द्र, ४, ५, ७, १० स्थानमा शुक्र, सातौंमा गुरु, द्वादश स्थानमा अस्त बुध र ग्रहयुक्त चन्द्र यस्तो ग्रहस्थितिरहित लग्न संयोगले यात्रीलाई सुखमय यात्रा गराउँदछ ।[७]

यात्रामा चन्द्र विचार

यात्रामा चन्द्रदिशा र वर्ण पनि मिलाउनु पर्दछ । मेष, सिंह, धनुराशिको चन्द्र पूर्वमा, वृष, कन्या, मकरमा दक्षिण, मिथुन, तुला र कुम्भराशिमा पश्चिम र कर्कट, वृश्चिक, मीन राशिमा उत्तर दिशामा चन्द्रवास हुन्छ । यात्रा गर्नुपर्ने दिन उपर्युक्त राशिअनुसार चन्द्रको दिशाबोध गरी त्यसअनुसार सम्मुख या दायाँ चन्द्र पारी यात्रा गर्नाले शुभ हुन्छ । त्यस्तै प्रकारले मेष, सिंह, वृश्चिक राशिको चन्द्र रक्तवर्णको हुन्छ । त्यस दिनको यात्राले झगडा गराउँछ । वृष, कर्कट, तुला राशिको चन्द्र सेतो हुन्छ र त्यो यात्रा सिद्धिको कारक बन्दछ । धनु, मीन, मिथुनको चन्द्र पीतवर्ण हुन्छ, जुन चन्द्रले यात्रामा लक्ष्मीप्राप्ति गराउँछ । कन्या, मकर, कुम्भको चन्द्र कालो वर्णको हुन्छ र त्यसमा यात्रा गर्नाले कष्ट गराउँछ ।

यात्रामा शुभ नक्षत्रहरू

श्रवण, धनिष्ठा, रेवती, अश्विनी, पुनर्वसु, तिष्य, मृगशिरा, अनुराधा र हस्त यी नक्षत्रहरू यात्रामा शुभ हुन्छन् । यीमध्ये जन्मनक्षत्र छ भने त्यो नक्षत्रलाई छल्नुपर्दछ ।

यात्रामा त्याज्य तिथिहरू

चतुर्थी, नवमी, चतुर्दशी, पूर्णिमा, औंसी, षष्ठी, अष्टमी, द्वादशी तथा शुक्लप्रतिपदा अशुभ हुन्छन् । त्यस्तै प्रकार बुध र शुक्र जुन दिशामा उदित हुन्छन् त्यस दिशातर्फको यात्रा पनि शुभ हुँदैन ।

कुनै पनि व्यक्तिका लागि यात्रा एक महत्त्वपूर्ण विषय हो । केही व्यक्तिको त यात्रा गर्नु नै जीवनको सबैभन्दा ठूलो रुचिको विषय पनि हुन्छ तर यात्राको साइत नराम्रो भएमा त्यो यात्रा अत्यन्त कष्टप्रद हुन्छ । अन्तः माथि बताएअनुसार साइत विचार गरी यात्रा गर्नाले यात्रा सुखमय र सहज बन्दछ ।

---

७. *त्र्यायार्यन्यगताः खलाः ख इनजोऽब्जोन्त्याद्यषष्ठाष्टगो*
भूयः सोपचितोऽस्तखाम्बुसुतगः शुक्रोऽस्त ईज्यो मृतौ ।
नष्टज्ञो व्ययगो ग्रहान्वितशशी यातुर्महाविघ्नदा
अन्यस्थानगता जयार्थसुखदास्त्याज्यं पुरोक्तं न चेत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत बौद्ध धर्म : संस्कृत भाषा र बौद्ध धर्म

- सहा.प्रा. वेदराज ज्ञवाली

सर्वदर्शन तथा बौद्धदर्शन विभाग

वाल्मीकि विद्यापीठ

१. भूमिका

ईसापूर्व ५६३ मा नेपालको लुम्बिनीमा जन्मेका सिद्धार्थ गौतमले २९ वर्षका उमेरमा घरबार त्यागी करिब ६ वर्षसम्म कठोर तप तथा अन्त्यमा ध्यानको साधना गरी ज्ञान प्राप्त गरे । उनले प्राप्त गरेको ज्ञानलाई बोधिज्ञान भनिन्छ । यसपछि उनलाई सिद्धार्थ गौतमको सट्टा बुद्धका नामले पुकार्न थालियो । बुद्धले आफ्नो करिब ४५ वर्षको बाँकी जीवन मानवकल्याणका खातिर आफूले प्राप्त गरेको ज्ञानको प्रचार-प्रसार गरेर बिताए । उनको परिनिर्वाण (मृत्यु) ई.पू. ४८३ मा भारतको कुशीनगरमा भएको थियो ।

गौतम बुद्धले जुन सिद्धान्त वा विचारको प्रचार-प्रसार गरे, त्यो ज्ञान तत्कालीन सामाजिक परिवेशका सापेक्षतामा निकै नै प्रगतिशील चरित्रको थियो । यस ज्ञानको चरित्र र सारलाई हेरेर कैयौँ मानिसहरू उनका मान्यतालाई शिक्षाका रूपमा लिन्छन् भने धेरै मानिसहरू धर्मका रूपमा स्वीकार गर्दछन् । यहाँ बुद्धले प्रतिपादन गरेको धर्म तथा उनका अनुयायीहरूले कालान्तरमा विकसित गरेका शास्त्रहरूको माध्यम भाषा, त्यसमा पनि संस्कृत भाषा र बौद्ध धर्मका सम्बन्धका बारेमा चर्चा गर्न खोजिएको छ ।

बुद्धले बुद्धत्वलाभ गरिसकेपछि करिब ४५ वर्षसम्म कोशी-कुरुक्षेत्र तथा हिमाचल-विन्ध्यको बीचका क्षेत्रमा घुमेर आफ्नो धर्म वा सिद्धान्तको प्रचार-प्रसार गरेका थिए । माथि उल्लिखित चौदहभित्रको क्षेत्रलाई मध्यदेश वा मध्यमण्डल भनिन्थ्यो । यस मध्यमण्डलमा सामान्यतया जुन भाषा बोल्ने गरिन्थ्यो, त्यसै भाषामा बुद्धले उपदेश दिएका थिए ।[१] अब प्रश्न उठ्दछ, त्यतिन्जेल मध्यदेशमा जनसाधारणले बोल्ने र बुझ्ने भाषा के थियो ? जसलाई बुद्धले पनि आफ्नो धर्म अभियानमा अपनाएका थिए । विद्वान्हरूका अनुसार बुद्धले आफ्नो धर्मप्रचारका अभियानमा यस क्षेत्रमा प्रचलित अनेक बोलीहरूको समवाय[२]का रूपमा रहेको पालि भाषालाई अपनाएका थिए । त्यसैले बुद्धका समयमा पालि भाषा नै बुद्ध धर्मको देशनाको आधार वा बौद्ध काव्य तथा शास्त्रको माध्यम-भाषाका रूपमा रहेको मानिन्छ ।

१. *भिक्षु जगदीश काश्यप, पालि-महाव्याकरण, वाराणसी, मोतीलाल बनारसीदास, पुनर्मुद्रण ई.सं. २०००, पृ. X.*
२. *डा. रामायणप्रसाद द्विवेदी, बौद्ध संस्कृत काव्य-समीक्षा, वाराणसी, काशी हिन्दू विश्वविद्यालय शोध-प्रकाशन, ई.सं. १९७६, पृ. ६४ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्यदेश वा मध्यक्षेत्रमा असङ्ख्य नगर, निगम तथा गाउँ अवस्थित थिए । मगध र कोशलजस्ता राज्यहरू, अङ्ग, काशी, चेदि र कुरुजस्ता जनपद साथै शाक्य, कोलिय र लिच्छविजस्ता गणतन्त्र[३] पनि यसै मध्यमण्डलमा अवस्थित थिए । सम्पूर्ण मध्यमण्डलको अन्तःप्रान्तीय जीवित भाषाका रूपमा रहेको पालि भाषालाई विशेष गरी विस्तारित हुँदै गएको मगध राज्यले अपनाएको हुनाले यस भाषाको अर्को नाम मागधी पनि रहन गयो ।[४] यो मागधी भाषा मगधको खास आफ्नो भाषा भने थिएन । किन्तु सम्पूर्ण मध्यमण्डलमा बोलिने भएको हुनाले त्यस भाषालाई मगधका सम्राट्हरूले अधिक उपयोगी हुने देखेर आफ्नो राजभाषा बनाएका थिए । यस भाषालाई मगधले राजभाषाका रूपमा प्रयोग गर्न थालेपछि यस भाषामाथि मगधको आफ्नो बोलीको निकै प्रभाव पर्न गएको कुरा अनुमान गर्न सकिन्छ।

बुद्धकालीन मध्यदेश र खास गरी मगधमा प्रचलित भाषा जसलाई हामी पालि भाषाका नामले पुकार्दछौँ, त्यसका बारेमा चर्चा गरौँ । भाषाका रूपमा पालि शब्दको प्रयोग ईसाको करिब चौधौँ शताब्दीदेखि मात्र हुन थालेको हो । पालिको प्रारम्भिक अर्थ बुद्धवचन (मूल त्रिपिटक) अथवा पाठ (मूल त्रिपिटकको पाठ) नै हो । यस प्रारम्भिक अर्थमा पालिको प्रयोग पालिका मान्य आचार्य बुद्धघोष (चौथो शताब्दी)देखि लिएर धम्मकीर्ति महासम्मि (चौधौँ शताब्दी)सम्म हुँदै रह्यो । पालि शब्दको आधार वा उत्पत्तिबारे विद्वान्हरूका बीचमा मतभिन्नता रहेको पाइन्छ । भिक्षु सिद्धार्थका अनुसार पालि शब्दको आधार संस्कृत पाठ (वेद-पाठ) हो । यही पाठ शब्द परिवर्तित भएर क्रमशः पाठ = पाल = पालि, बुद्धवचन बन्यो ।[५] यस मतका आधारमा के भन्न सकिन्छ भने जब ब्राह्मणवर्ग बौद्ध धर्ममा दीक्षित हुन थाले र वेदपाठको प्रयोग बुद्धवचनका लागि गर्न थाले । त्यस बेला उनीहरूका लागि वेदसदृश महत्त्वपूर्ण आश्रयका रूपमा बुद्धवचन प्राप्त भयो । यिनै ब्राह्मणकुलबाट बौद्ध धर्ममा दीक्षित भएकाहरूले नै पालि भाषाका स्थानमा संस्कृत भाषालाई अपनाउन प्रारम्भ गरे । भिक्षु जगदीश काश्यपका अनुसार पालि शब्दको आधार परियाय (बुद्धोपदेश) हो र परियाय शब्द क्रमशः पारियाय = पालियाय = पालि (बुद्धवचन) बन्यो ।[६] पालि शब्दको उत्पत्ति र विकासका बारेमा अन्य मत पनि रहेका छन् । पालि भाषा बुद्धवाणी (त्रिपिटक)को माध्यम हो, जसलाई पा रक्खने, लि = पाति रक्खतीति पालि अर्थात् बुद्धवचनको रक्षक भन्न सकिन्छ ।[७] यसरी बौद्ध काव्यको प्रारम्भिक माध्यम पालि भाषा थियो भन्ने कुरा स्पष्ट हुन आउँछ । पालि भाषाको स्थान संस्कृत भाषाले किन र कुन परिस्थितिमा ग्रहण गऱ्यो, जसमा पछिल्लो अवधिमा अधिकांश बौद्धकाव्य तथा शास्त्रको रचना हुन गयो भन्ने बारेमा चर्चा गरौँ ।

---

३. *भरतसिंह, उपाध्याय, बुद्धकालीन भारतीय भूगोल, प्रयाग, हिन्दी साहित्य सम्मेलन, शक संवत् १८८३, पृ. ८ ।*

४. *भिक्षु जगदीश काश्यप, पूर्ववत्, (पाद टिप्पणी नं. २), पृ. ६४ ।*

५. *डा. नारायणप्रसाद द्विवेदी, (पूर्ववत्, पादटिप्पणी नं. २), पृ. ६४ ।*

६. *भिक्षु जगदीश काश्यप, (पूर्ववत्, पादटिप्पणी नं. १), पृ. Xiv-xviii.*

७. *डा. नारायणप्रसाद द्विवेदी, पालिभाषा-विनिच्छयो, सारस्वती सुषमा, वाराणसेय संस्कृत विश्वविद्याय, वि.सं. २०२६, पृ. १८२-१८८ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. बौद्धहरूका बीचमा संस्कृत भाषाप्रवेशको प्रसङ्ग

तत्कालीन आर्यसमाज संस्कृत भाषामा पल्लवित वैदिक धर्म तथा संस्कृतिबाट प्रभावित थियो। वैदिक धर्म तथा संस्कृति आफ्नो विकासको एक चरणमा पुगेर पशुबलिलगायत अनेकन् रूढिजन्य खराबीबाट ग्रस्त हुँदै गएपछि त्यसैको प्रतिक्रियास्वरूप गौतम बुद्धले आफ्ना प्रगतिशील मान्यताहरू अगाडि सारेका हुनाले बौद्ध धर्मलाई वैदिक धर्मभन्दा सर्वथा पृथक् भन्दा पनि त्यसैको संशोधित रूप मान्नुपर्दछ भन्ने विद्वान्हरूको राय पाइन्छ ।[८] यतिञ्जेल संस्कृत भाषा एकातर्फ आर्यवैदिक संस्कृतिको माध्यम वा आधार थियो भने अर्कातर्फ समाजका आभिजात्य-वर्गले पनि संस्कृत अँगालेका हुनाले उनीहरूको समस्त धर्म, साहित्य, दर्शन वा प्रायः सबै प्रकारका साहित्यिक रचनाहरू यसै भाषामा विद्यमान छन् ।

संस्कृतभाषा आर्यहरूको मान्य भाषा रहिआएको छ । आर्यहरू आफ्नो भाषा, संस्कृति र धर्मप्रति कट्टर रहँदै आएका छन् । धार्मिक, सांस्कृतिक तथा शैक्षिक क्रियाकलापमा प्रवृत्त ब्राह्मणहरू आफ्नो भाषा, संस्कृति तथा धर्मप्रति जतिसुकै कट्टर भए तापनि तत्कालीन समयमा देखापरेका खराबीको विरोध गर्दै बुद्धले प्रतिपादन गरेको नयाँ विचारधाराप्रति आकर्षित हुन जानाले कैयौँ ब्राह्मण कुलपुत्रहरू बुद्धधर्मका अनुयायी बन्न थाले । उनीहरूलाई बौद्धधर्म त स्वीकार्य भयो तर आभिजात्य संस्कारबाट संस्कारित भएका हुनाले बुद्धधर्म स्वीकार्ग भए तापनि संस्कृतभन्दा निम्नस्तरको (कम विकसित) पालि भाषा स्वीकार्य भएन । सुरुमा बुद्धको व्यक्तित्वका प्रभावले कैयौँ ब्राह्मणहरूले पालि भाषा अँगालेको देखिए पनि समयक्रममा ब्राह्मण भिक्षुहरूले बौद्ध धार्मिक, सांस्कृतिक, साहित्यिक क्रियाकलापमा संस्कृतलाई माध्यम-भाषाका रूपमा प्रयोग गर्न थाले । मध्यकालीन पालि एवं प्राकृतजस्ता आर्यभाषाहरू प्रायः परिवर्तित वा विकसित हुँदै गएका देखिन्छन्, तर संस्कृतभाषामा यस्तो परिवर्तन कमै मात्रामा भएको देखिन्छ अर्थात् संस्कृत सापेक्षरूपमा स्थिर भाषाका रूपमा देखिन्छ । ब्राह्मण-कुलपुत्रहरू बौद्धधर्ममा दीक्षित भइसकेपछि पनि उनीहरूमा संस्कृत भाषाप्रतिको मोह नछुटेको प्रसङ्ग र बुद्धको भाषासम्बन्धी विचार **विनयपिटक**को चुल्लवग्गमा उल्लेख गरिएको छ । प्रसङ्गअनुसार त्यस समयमा यमेलु र तेकुल नामक ब्राह्मण जातिका सुन्दर (कल्याण) वचन भएका दुई भाइ भिक्षुहरू थिए । उनीहरूले एक दिन बुद्ध भएका ठाउँमा गएर बुद्धलाई अनुरोधपूर्वक भने – "भन्ते ! अहिले विभिन्न नाम, गोत्र, जाति र कुलका (पुरुष) प्रव्रजित हुन्छन् । उनीहरूले आफ्ना भाषामा बुद्धवचनलाई उच्चारण गरेर दूषित गर्दछन् । तसर्थ बुद्धवचनलाई छन्दस् (वेदको जस्तै संस्कृतभाषा) मा राख्दा राम्रो हुने थियो ।" उनीहरूका कुरा सुनेर बुद्धले उनीहरूलाई फट्कार्दै बुद्धवचनलाई छन्दस्मा राख्ने होइन, बरु आफ्नै भाषामा सिक्नुपर्दछ भन्ने अनुमति दिए ।[९] विनयपिटकको यस दृष्टान्तबाट थाहा हुन्छ कि ब्राह्मण भिक्षुहरूलाई संस्कृत भाषामा पवित्रताको गन्ध आउँदथ्यो । आफ्नो वाणी (सका निरुक्ति), जुन

---

८. *डा. रामायणप्रसाद द्विवेदी, (पूर्ववत्, नं. २), पृ. ६५ ।*

९. *राहुल सांकृत्यायन, विनयपिटकम्, (हिन्दी अनुवाद), ताइवान, द कर्पोरेट बडी अफ द बुद्ध एजुकेसनल फाउन्डेसनल, (मुद्रण मिति अनुल्लिखित), पृ. ४५ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषामा सबै सामान्य भिक्षुहरू बुद्धवचन सिक्ने गर्दथे, उनीहरूलाई (ब्राह्मण भिक्षुहरूलाई) वैदिक भाषाका तुलनामा निम्नकोटिको लाग्ने गर्दथ्यो । अतएव त्यसमा बुद्धवचन सिक्नु उनीहरू आफ्नो अपमान ठान्दथे । त्यसैले उनीहरूले बुद्धवचनलाई वेदको पवित्र भाषामा राख्ने प्रस्ताव गरेका थिए । बुद्धकै समयमा उनीहरू यस कुरामा असफल भए तापनि कालान्तरमा उनीहरू त्यसो गर्न सफल पनि भए । यसलाई बुद्धवचन संस्कृत भाषामा राख्न सुरु गरिनाको प्रथम कारण मान्न सकिन्छ ।[१०]

बुद्धकालीन र त्यसपछिको लामो समयलाई विचारधाराको सङ्घर्ष र प्रतिस्पर्धाको समय मानिन्छ। ब्राह्मण–वैदिक विचारधारा र बौद्ध विचारधारा पनि सयौँ वर्षसम्म वैचारिक सङ्घर्ष र प्रतिस्पर्धाबाट गुज्रिएका थिए । यस क्रममा ब्राह्मण–वैदिक विचारधाराविरुद्धको सङ्घर्षका दौरानमा ब्राह्मण भिक्षु तथा अन्य भिक्षुसमेतले ब्राह्मणहरूलाई बौद्धधर्मप्रति आकर्षित गर्न सजिलो हुने ठानेर संस्कृतलाई अपनाउँदै जाँदा बौद्धधर्ममा पनि संस्कृत भाषाको प्रचलन बढ्दै गयो । पालि भाषाजस्तो कम विकसित भाषाभन्दा संस्कृतभाषामा काव्य तथा शास्त्ररचना गर्नाले सशक्त रूपमा अभिव्यक्त गर्न सकिने हुनाले यो प्रचलन बढ्दै गयो अथवा ब्राह्मणहरूको बौद्धधर्ममा प्रवेश र ब्राह्मणहरूको वैदिक विचारधाराविरुद्ध सङ्घर्षका क्रममा उनीहरूको भाषालाई नै बौद्धहरूले पनि अँगाल्दै गए । यसलाई बौद्धधर्ममा संस्कृतभाषाको प्रचलनको दोस्रो कारण मान्न सकिन्छ । बौद्धहरूका लागि माध्यम–भाषाभन्दा बौद्ध धर्म वा बौद्ध विचारको प्रचार–प्रसार बढी महत्त्वको विषय थियो । त्यसैले तत्कालीन समाजका आभिजात्य–वर्ग र सुशिक्षित ब्राह्मणहरूको माध्यम–भाषा बनेको संस्कृतलाई अँगाल्दै गए । यसलाई तेस्रो कारण मान्न सकिन्छ । अन्य जनसमुदाय बौद्धधर्म अँगाल्नुका साथै आफ्नो पहिलाको भाषालाई पनि उदारतापूर्वक परिवर्तन गर्न तयार भए । तर संस्कृत भाषामा संस्कारित ब्राह्मणहरूले बौद्धधर्म स्वीकारे पनि आफ्नो संस्कृत भाषा त्याग्न सकेनन् वा चाहेनन्, जसका कारणले गर्दा बौद्धधर्ममा ब्राह्मण–कुलपुत्रहरूको प्रभाव बढ्दै जाँदा संस्कृत भाषाको पनि प्रचलन बढ्दै गयो । यो बौद्ध धर्ममा संस्कृतको प्रभाव बढ्नाको चौथो कारण हो । बौद्ध धर्मका विकासमा पनि हिन्दूधर्मका विकासमा जस्तै राजा–महाराजाको संरक्षण वा प्रोत्साहन रहेको पाइन्छ । प्रायः राजाहरूका दरबारमा संस्कृत जानेका प्रकाण्ड विद्वान्हरू रहने गर्दथे । उनीहरूले अन्य धार्मिक तथा सांस्कृतिक क्रियाकलापका अतिरिक्त विभिन्न साहित्यिक विधाको प्रयोगबाट शासकहरूलाई मनोरञ्जन समेत प्रदान गर्ने गर्दथे । यसै कुराको अनुसरण गर्दै बौद्ध पण्डितहरूले पनि शासकहरूका आश्रयमा गएर सुललित संस्कृत भाषामा बौद्ध धर्मका धार्मिक तथा दार्शनिक सिद्धान्त सरलतापूर्वक बताएर उनीहरूलाई बौद्ध बनाए । बौद्ध संस्कृत काव्य–रचनामा राजाहरूको ठूलो योगदान रहेको छ । यो बौद्ध धर्ममा संस्कृत भाषाको प्रचलनको पाँचौँ कारण हो । माथि ब्राह्मण भिक्षु र बुद्धका बीचमा भाषाप्रयोगका सम्बन्धमा भएको परिचर्चाबाट बुद्धले भाषामा होइन कि शब्द वा उपदेशमा अन्तर्निहित ज्ञानमा जोड दिँदै हरेक मानिसले आफ्नो बोली वा भाषामा बुद्धवचन सिक्ने अनुमति दिएको बुझिन्छ । यसबाट संस्कृत वा अन्य कुनै जीवित भाषालाई आफ्नो सुविधाअनुसार अपनाउन बुद्धले अनुमति दिएका थिए । यस क्षेत्रमा विकसित आर्यभाषाहरू प्रायः सबै

१०. *डा. रामायणप्रसाद द्विवेदी, (पूर्ववत्, पादटिप्पणी नं. २), पृ. ६७ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै संस्कृत भाषाबाट विकसित भएका वा उनीहरूको जननी संस्कृत भाषा भएको हुनाले विभिन्न भाषाका बीचमा संस्कृत भाषा सेतुका रूपमा रहेको थियो र छ पनि । यसका साथै ईसाको प्रथम शताब्दीसम्ममा अनार्य भाषा पनि आर्यकरण हुँदै गएका परिप्रेक्ष्यमा संस्कृत भाषालाई प्रयोग गर्नु विविध भाषा–समूहका जनसमुदायबीच बौद्धधर्म प्रचार गर्ने सन्दर्भमा बुद्धिमत्ताको परिचायक नै हो । बौद्ध धर्ममा संस्कृत भाषा प्रचलित हुनाको कथावस्तु यही नै हो ।

३. बौद्धधर्म र शास्त्रीय भाषाहरू

बुद्धवचन वा बौद्ध धर्म तथा दर्शनसित सम्बन्धित काव्य वा साहित्य कुनै खास एउटा मात्र भाषामा रचना गरिएका छैनन् । आफ्नो अस्तित्वको करिब २६०० वर्षको ऐतिहासिक कालक्रममा अहिले मुख्यरूपले संस्कृत र पालि भाषामा रचना गरिएका बौद्ध काव्य तथा शास्त्र र यिनीहरूका अनुयायीको अस्तित्व बाँकी रहन जाँदा केही मानिसहरू पालि भाषामा मात्र बौद्धशास्त्र छन् भन्ने धारणा राख्दछन् भने अर्का थरी संस्कृत भाषामा मात्र बौद्धशास्त्र छन् भन्ने एकाङ्गी धारणा राख्दछन् । तर ऐतिहासिक तथ्यले के देखाउँछन् भने बौद्ध धर्म तथा दर्शनका विकासक्रममा जम्मा चारवटा भाषालाई शास्त्रीय भाषाका रूपमा स्विकारिएको वा प्रयोग गरिएको पाइन्छ । बौद्धधर्मका चारवटा शास्त्रीय भाषाहरू हुन् – पैशाची, संस्कृत, अपभ्रंश र प्राकृत ।[११] पालि भाषा र पैशाची भाषालाई एकै किसिमको वा एउटै भाषा मानिन्छ ।[१२] बौद्ध धर्ममा पालि भाषालाई शास्त्रीय भाषाका रूपमा प्रयोगको सुरुवातका सन्दर्भका बारेमा माथि नै उल्लेख गरिसकिएको छ । बुद्धधर्मका सर्वाधिक आधिकारिक ग्रन्थ मानिएका त्रिपिटकहरू अहिले पनि पालि भाषामा रहेका छन् । बौद्ध धर्मका विभिन्न सम्प्रदायमध्ये स्थविरवादी सम्प्रदायको प्रभाव भएका बर्मा, श्रीलङ्का, थाइल्यान्ड आदि देशमा अहिलेसम्म पनि पालि भाषाको प्रयोग अविच्छिन्न रूपमा भइरहेको छ ।

प्राकृत भाषा धम्मपदको भाषा हो । यसको रचना खरोष्ट्री लिपिमा गरिएकाले प्राकृत भाषाको धम्मपदलाई खरोष्ट्री धम्मपद पनि भनिन्छ । यस भाषाको पश्चिमोत्तर–मध्य भारतीय आर्यभाषासित सामीप्य रहेको छ ।[१३] अपभ्रंश भाषा विशेष गरी बौद्ध सिद्ध–साहित्यको भाषा हो । बौद्ध धर्म, दर्शन तथा साधनाका परम्परामा बौद्ध सिद्धहरूद्वारा रचित साहित्यलाई नै बौद्ध अपभ्रंश साहित्य भनिन्छ । यसलाई तान्त्रिक बौद्ध सिद्ध–साहित्य पनि भनिन्छ ।[१४]

---

११. *नोर्बु शास्त्री, विचार–विनिमय, सम्पादन के सिद्धान्त और उत्पादन, वाराणसी, दुर्लभ बौद्ध ग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, ई.सं. १९९०, पृ. ८४ ।*

१२. *प्राचार्य रिंपोछे, पूर्ववत्, पृ. ८९ ।*

१३. *डा. रामायणप्रसाद द्विवेदी, (पूर्ववत्, पादटिप्पणी नं. २), पृ. ६४ ।*

१४. *डा. नागेन्द्रनाथ उपाध्याय, बौद्ध अपभ्रंश साहित्य, वाराणसी, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, सारनाथ, ई.सं. २००१, पृ. ११ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. संस्कृत भाषा र बौद्ध धर्म

संस्कृत भाषामा आधारित अथवा संस्कृत भाषालाई शास्त्रीय भाषाका रूपमा अँगालेका बौद्धहरूका बारेमा वा संस्कृत भाषा र बौद्धधर्मको समग्र सम्बन्धका बारेमा चर्चा गर्नु कठिन कार्य हो । सामान्यतया बौद्ध धर्म भन्नाले नेपालको लुम्बिनीमा जन्मेका गौतम बुद्धले आजभन्दा करिब २६०० वर्ष पहिला स्थापना गरेको धर्मविशेष भन्ने बुझिन्छ । यस दौरानमा बौद्धहरूका बीचमा दार्शनिकरूपमा मात्र नभई धार्मिकरूपमा समेत अनेकौँ सम्प्रदायको उदय भएको छ । बुद्धको परिनिर्वाणको करिब एक सय वर्षपछि सबैभन्दा पहिला बौद्धधर्म स्थविरवादी र महासाङ्घिक गरी दुई खेमामा विभक्त भयो । त्यसपछिको करिब एक सय वर्षभित्र बौद्धहरू दार्शनिक रूपले १८ वटा सम्प्रदायमा विभक्त भएका थिए । ईसाको प्रथम शताब्दीसम्ममा बौद्ध धर्म फेरि हीनयान र महायानमा विभक्त हुन गयो भने कालक्रममा महायान बौद्ध धर्म पनि वज्रयान, सहजयान र कालचक्रयानका रूपमा तान्त्रिक साधनामा अगाडि बढ्यो । साथै अहिले प्राप्त शास्त्रका आधारमा बौद्ध दर्शनका मुख्य रूपमा चार सम्प्रदाय- सर्वास्तिवाद, सौत्रान्तिक, योगाचार र माध्यमिक रहेका छन् । बौद्ध धर्म तथा दर्शनका विभिन्न सम्प्रदाय-विशेषसित संस्कृत भाषाको सम्बन्धबारेमा चर्चा गर्नुपूर्व बौद्ध धर्म-दर्शनका सम्प्रदायहरूका बारेमा ख्याल गर्नु उपयुक्त हुन्छ ।

बौद्ध धर्म तथा दर्शनका विभिन्न सम्प्रदायहरूका बीचमा प्रचलित संस्कृत भाषा मुख्य रूपले दुई प्रकृतिको छ । संस्कृत भाषा भनिसकेपछि पुनः यस भाषालाई दुई भागमा विभक्त गर्नु अनौठोजस्तो लाग्न सक्छ, तर यस सन्दर्भमा यो कुरा टड्कारो सत्यको रूपमा रहेको छ । अब बौद्धहरूका बीचमा प्रचलित दुई किसिमका संस्कृत भाषाका बारेमा चर्चा गरौँ ।

४.१ शुद्ध संस्कृत भाषा र बौद्ध धर्म

बौद्ध धर्म तथा दर्शनसित सम्बन्धित शास्त्र, साहित्य वा काव्यमा प्रयोग भएको संस्कृत भाषा जसले पाणिनीय व्याकरणको नियमलाई अनुवर्तन वा अनुसरण गर्दछ, त्यस्तो संस्कृत भाषालाई यस सन्दर्भमा शुद्ध संस्कृत भनिएको हो । यस प्रकृतिको संस्कृत भाषालाई बौद्ध विद्वान्हरूले शुद्ध संस्कृत वा निर्दोष संस्कृत भन्ने नामकरण गरेका छन् ।[१५] शुद्ध संस्कृत भाषाको प्रयोग वा व्यवहार विशेषरूपले अश्वघोष ता अन्य महायान कवि तथा दार्शनिकहरूका रचनामा भएको छ ।

४.२ मिश्र संस्कृत भाषा र बौद्ध धर्म

बौद्ध शास्त्र तथा काव्यहरूमा प्रयोग भएको त्यो विशिष्ट भाषा जुन मध्य भारतीय आर्य भाषाहरू र संस्कृतको सम्मिश्रणबाट बनेको छ, त्यसलाई मिश्रसंस्कृत भनिन्छ ।[१६] अन्य केही विद्वान्हरू यसलाई गाथा संस्कृत, बौद्ध संस्कृत आदिका नामले पनि पुकार्दछन् । मध्य भारतीय

---

१५. *डा. रामायणप्रसाद द्विवेदी, (पूर्ववत्, पादटिप्पणी नं. २), ६१ ।*

१६. *Maurice Winternitz, History Of Indian Literrature Vol. II, Delhi: Motilal Banarsidass, Publishers Private Limited, AD 1999, P. 217.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्यभाषामाथि संस्कृतको आरोपण तथा तिनीहरूमा संस्कृतका विशेषताहरूको समावेशबाट नै यस नवीन भाषाको उदय भएको हो । यसको मूलमा बौद्ध ब्राह्मणहरूद्वारा प्राकृतको प्रयोगको परित्याग तथा प्रतिष्ठित आर्यभाषाहरू नै हुन् । प्रारम्भमा यसको कुनै पृथक् सत्ता देखिँदैन । बरु यसका अनेक मध्य भारतीय आर्यभाषाहरूको सम्मिश्रित स्वरूपको सत्ता देखिन्छ । मिश्र संस्कृत भाषा एकातर्फ संस्कृत एवं अर्कातर्फ मध्यभारतीय आञ्चलिक भाषाबाट प्रभावित रहेको थियो । यस भाषालाई पृथक् सत्ताको प्रतिष्ठा एजर्टनले दिलाए र अन्य आर्यभाषालाई जस्तै यसलाई पनि मह त्व दिए । अतः साहित्यिक एवं सांस्कृतिक विशालताका दृष्टिले हेर्दा पनि यसलाई एक स्वतन्त्र भाषाको मान्यता दिनु उचित नै देखिन्छ । बौद्ध धार्मिक जगत्मा दक्षिणमा जुन गौरव पालिभाषालाई प्राप्त छ, त्यही महत्त्व उत्तरमा यस भाषालाई प्राप्त छ ।

अब प्रश्न उठ्दछ, यस मिश्र संस्कृत भाषाको उदय कहिले भएको हो ? डा. ए.बी. कीथ यस भाषाको उत्पत्ति वा सुरुवात ईसापूर्व तेस्रो शताब्दीदेखि भएको मान्दछन् ।[१७] तर यस भाषामा उपलब्ध कतिपय रचनाहरूका आधारमा यस भाषाको उदयको समय ईसाको प्रथम शताब्दीभन्दा पूर्व मात्र सकिन्छ ।[१८]

मिश्रसंस्कृत भाषाको सबैभन्दा महत्त्वपूर्ण विशेषता के हो भने यो भाषा आफ्नो प्रारम्भिक परम्परादेखि नै परिष्कृत हुँदै शुद्ध संस्कृत भाषातर्फ क्रमशः अधिक उन्मुख हुँदै जान्छ । यसका साथै मिश्र संस्कृतभाषाले आफ्नो मध्य भारतीय आर्य भाषागत मौलिक भाषाको पनि साक्षी दिन्छ । यस भाषामा लेखिएका सबै ग्रन्थमा मिश्र संस्कृत, मध्य भारतीय भाषाहरू र शुद्ध संस्कृत भाषाका रूपहरू पर्याप्त मात्रामा उपलब्ध हुन्छन् ।

यस भाषामा रचना गरिएका ग्रन्थहरूमा महावस्तु, ललितविस्तर, सद्धर्मपुण्डरीक, जातकमाला, अवदानशतक, दिव्यावदान आदि विशेष रूपले उल्लेखनीय ग्रन्थ हुन् ।

बुद्धको जीवनीसित सम्बन्धित ललितविस्तर नामक ग्रन्थका हिन्दी अनुवादक शान्तिभिक्षु शास्त्रीले यस ग्रन्थको प्रस्तावनामा यसमा प्रयुक्त भाषाका बारेमा प्रकाश पारेका छन् । एक संस्कृतज्ञ जब यस (ललितविस्तरमा प्रयोग भएको मिश्र संस्कृतभाषा) भाषाको अध्ययन एवं अध्यापन गर्न बस्दछ, तब ऊ संस्कृतसित तुलना नगरी रहन सक्दैन । संस्कृतको पाणिनीय स्वरूपलाई स्थिर मानक मानेर उसले पूर्ववर्ती तथा परवर्ती भाषालाई हेर्दछ । यस दृष्टिले यस भाषाको अध्ययन गर्दा निम्न कुरा देख्न सकिन्छ–

क) पदहरूमा कहीँ–कहीँ शुद्ध संस्कृतको छाप रहेको छ, जस्तै : कतम् कुलम् । यस्ता पदमा प्रकृति पनि संस्कृतका छन् तथा प्रत्यय पनि संस्कृतकै छन् ।

ख) पदहरूमा कहीँ–कहीँ प्रकृतिहरू त संस्कृतकै पाइन्छन् तर प्रत्यय संस्कृतभिन्न हुन्छन् ।

---

१७. *डा. ए.बी. कीथ, संस्कृत साहित्यका इतिहास (हिन्दी भाषानुवाद डा. मङ्गलदेव शास्त्री), नई दिल्ली, मोतीलाल बनारसीदास, ई.सं. २००२, पृ. ६२० ।*

१८. *Maurice Winternitz, (Op. Cit, F.N.N. 16), P. 237.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतभिन्नको अभिप्राय पालि, प्राकृत तथा अपभ्रंश भाषासित तथा ती बोलीसित पनि हो, जसको लिखित साहित्य छैन, यस बारेमा कल्पनामात्र गर्न सकिन्छ । जस्तै - अभूषि । यहाँ प्रकृति भू त संस्कृतकै हो, तर प्रत्यय षि संस्कृतको होइन ।

ग) पदहरूमा कहीँ-कहीँ संस्कृतका प्रत्यय हुँदाहुँदै पनि प्रकृति सर्वथा संस्कृतका हुँदैनन् ।

घ) पदहरूमा कहीँ-कहीँ प्रकृति तथा प्रत्यय दुवै संस्कृतभिन्न हुन्छन् ।

ङ) कतै-कतै अविभक्तिक पदहरू देखिन्छन् ।

च) पदमा नाना प्रकारका विपर्यास दृष्टिगत हुन्छन् । कतै-कतै वचन-विपर्यास देखा पर्छ । जस्तै - मातापिता पुत्र च शुद्धभावाः । यस पाठमा **'मातापितरौ च पुत्रः शुद्धभावौ'** यसरी विन्यास हुनुपर्दथ्यो ।[१९] यस उदाहरणबाट ललितविस्तर नामक ग्रन्थमा प्रयुक्त मिश्र संस्कृतका केही विशेषता थाहा पाउन सकिन्छ ।

४.२.१ मिश्र संस्कृत भाषाका व्याकरणगत विशेषताहरू

मिश्रसंस्कृत भाषाका बारेमा सम्यक् दृष्टि राख्नका लागि यसका व्याकरणसम्बन्धी विशेषताहरू अन्य आर्यभाषाका सन्दर्भमा उल्लेख गर्नु उपयुक्त हुन्छ । जुन यसप्रकार छन्-

१) संस्कृतका संयुक्त व्यञ्जन मध्य भारतीय आर्यभाषाहरूमा समीभूत भएर युग्म व्यञ्जन हुन जान्छन्, तर मिश्रसंस्कृतमा कतै-कतै मध्य भारतीय आर्य भाषाका समीभूत रूपका साथै संस्कृतसदृश संयुक्ताक्षर पनि पाइन्छन् । जस्तै - संस्कृतको उच्यते तथा मध्य भारतीय आर्य भाषाको वुच्चति (या उच्चति) यी दुवै रूप मिश्र संस्कृतमा पाइन्छन् । त्यसै गरी यसमा संस्कृत वर्ततिका लागि वर्तति तथा वत्तति यी दुवै रूप पाइन्छ ।

२) अनुस्वारलाई छोडेर समस्तपदान्त व्यञ्जन मध्य भारतीय आर्यभाषाहरूमा लुप्त हुन जान्छन् तर मिश्र संस्कृतमा पदान्त व्यञ्जन धेरैजसो उपलब्ध नै हुन्छन् । जस्तै - मध्य भारतीय आर्यभाषाहरूमा पतितिट्ठे तथा परिनिन्दिताका रूप मिश्र संस्कृतमा प्रतितिष्ठत् तथा परिनिन्दिताः उपलब्ध हुन्छन् ।

३) मिश्र संस्कृतमा कहीँ-कहीँ मध्य भारतीय आर्यभाषामा झैँ ऋ को अ, इ, उ तथा रि रूप पनि पाइन्छ । जस्तै - संस्कृत पद अमृत मिश्र संस्कृत (पालिमा पनि) अमत हुन जान्छ । त्यसै गरी संस्कृत ऋषि पद यसमा इषि एवं रिसि तथा ऋतु पद उतु हुन जान्छ ।

४) मिश्र संस्कृतमा संस्कृतमा जस्तै कहीँ-कहीँ ऋ पनि लेखिन्छ तथा कतै-कतै संस्कृतका अ, इ, उ का लागि पनि यसमा लेखनप्रमादका कारण ऋ लेखिएको पाइन्छ । जस्तै-

---

१९. *शान्ति भिक्षु शास्त्री, ललितविस्तरः (हिन्दी अनुवाद), लखनउ, उत्तरप्रदेश हिन्दी संस्थान, हिन्दी ग्रन्थ अकादमी प्रभाग, ई.सं. १९९२, पृ. १६-१८ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतको मृत मिश्रसंस्कृतमा मित हुन जान्छ ।

५) मध्य भारतीय आर्यभाषाहरूमा संस्कृतको अय् तथा अव् ए तथा ओ हुन जान्छन्, तर मिश्र संस्कृतमा कहीँ-कहीँ यी अय् तथा अव् पनि लिखित रूपमा पाइन्छन् । यद्यपि छन्दका दृष्टिले यस्ता ठाउँमा यिनलाई ए तथा ओका रूपमा पढ्नु नै ठीक लाग्दछ । जस्तै - ध्यायति (धेति) तथा भवति (भोति) आदि ।

६) संस्कृतको श्, ष्, स्का स्थानमा मध्य भारतीय आर्यभाषाहरूमा स (मागधीमा श) पाइन्छ, मिश्र संस्कृतमा उक्त तीनै किसिमका सका रूप पाइन्छन् । तर यसको व्यवहार संस्कृतको जस्तै नभएर केही विशृङ्खलित देखिन्छ । जस्तै - संस्कृतको निःसरण मिश्र संस्कृतमा निःशरण भएको पाइन्छ ।

७) मध्य भारतीय आर्यभाषाहरूमा सन्धिमा द्वितीय पदको आदि स्वरको लोप हुन्छ । यो विशेषता मिश्र संस्कृतमा पनि पाइन्छ । जस्तै - संस्कृतमा अहम् + इति = अहमिति, मिश्र संस्कृतमा अहंति हुन जान्छ ।

८) संस्कृतको ऐ का लागि मध्य भारतीय आर्यभाषाहरूमा ए रूप पाइन्छ । मिश्र संस्कृतमा संस्कृतको पदान्त मकारको वैकल्पिक रूपमा अनुस्वार हुन जान्छ । जस्तै- संस्कृत- जीवितम् यसमा जीवितं हुन्छ आदि ।[२०]

यसरी विभिन्न व्याकरणगत विशेषताले गर्दा मिश्र संस्कृत भाषा अन्य मध्य भारतीय आर्यभाषाहरू र शुद्ध संस्कृत भाषाभन्दा पृथक् अस्तित्वका साथ बौद्ध ग्रन्थहरूमा प्रयोग भएको पाइन्छ । यो त्यही कारण हो, जसले गर्दा केही विद्वान्हरूले यसको नाम बौद्ध संस्कृत भाषा राखेका छन् ।

५. बौद्ध सम्प्रदायहरू र संस्कृत भाषा

अब धार्मिक र दार्शनिक रूपमा विभिन्न सम्प्रदायहरू जसले पूर्णरूपमा वा केही हदसम्म संस्कृत भाषालाई आफ्नो शास्त्रीय भाषाका रूपमा प्रयोग गरेका छन् । तिनीहरूका बारेमा चर्चा गरौँ । यहाँ संस्कृत भाषा भन्नाले शुद्ध संस्कृत तथा मिश्र संस्कृत दुवैलाई लिइएको छ ।

५.१ बौद्धधर्मसित सम्बन्धित सम्प्रदायहरू र संस्कृतभाषा

धार्मिक रूपमा बौद्धधर्म मुख्य रूपमा हीनयान र महायान गरी दुईवटा शिविर या सम्प्रदायमा विभक्त भएको पाइन्छ । तर बौद्धधर्मको इतिहासमा यी दुई प्रमुख सम्प्रदाय देखापर्नुभन्दा पहिला महासाङ्घिक र स्थविरवादी बौद्ध सम्प्रदायको उदय भइसकेको थियो । स्थविरवाद धार्मिक रूपले हीनयान भए तापनि यसको शास्त्रीय भाषा पालि हो । त्यसै गरी महायान बौद्ध धर्मभित्रैबाट तान्त्रिक सम्प्रदायको उदय भएको पाइन्छ । यी तान्त्रिक बौद्ध सम्प्रदायमा वज्रयान,

२०. *डा. रामायणप्रसाद द्विवेदी, (पूर्ववत्, पादटिप्पणी नं. २) ७१*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहजयान र कालचक्रयान प्रमुख हुन् । यिनीहरूका बारेमा छोटकरीमा चर्चा गरौँ ।

५.१.१ महासाङ्घिक सम्प्रदाय र संस्कृत भाषा

बौद्धधर्मको महासाङ्घिक सम्प्रदायको उदय बुद्धको परिनिर्वाण भएको करिब एक सय वर्षपछि सम्पन्न द्वितीय बौद्ध सङ्गीतिका समयमा भएको हो । यस सम्प्रदायको अस्तित्व ईसाको प्रथम शताब्दीको सेरोफेरोसम्म रहेको मानिन्छ । यस सम्प्रदायले नै महायान बौद्धधर्मको विकासका लागि मार्ग प्रशस्त गरेको थियो भन्ने विश्वास गरिन्छ । यस सम्प्रदायसित सम्बन्धित एउटा प्रमुख ग्रन्थ **महावस्तु** हो । **महावस्तु** बौद्ध संस्कृत साहित्यको एक अमूल्य निधि हो। यसको नाम **महावस्तु**बाट के स्पष्ट हुन्छ भने यस महनीय वस्तु वा महत्त्वपूर्ण कथामा बौद्ध विनय, उपसम्पदादिबारे वर्णन गरिएको छ । यो ग्रन्थ विनयपिटक हो भन्ने पनि मान्यता रहेको छ । यो ग्रन्थ संस्कृत भाषामा रचना गरिएका आधारमा महासाङ्घिकहरूको शास्त्रीय भाषा संस्कृत थियो भन्न सकिन्छ ।

५.१.२ हीनयान बौद्ध सम्प्रदाय र संस्कृत भाषा

सामान्यतया हीनयान भन्नाले श्रावकयानसित सम्बन्धित बौद्धहरू बुझिन्छन् । श्रावकयानीहरूमा स्थविरवाद तथा सर्वास्तिवादलाई लिइन्छ । यी दुईमध्ये सर्वास्तिवादीहरू नै मुख्य रूपले हीनयानीका रूपमा प्रख्यात भए । यसका साथै सौत्रान्तिकहरू पनि धार्मिक रूपले हीनयानसित सम्बन्धित छन् । यस सम्प्रदायले आफ्नो शास्त्रीय भाषाका रूपमा संस्कृत भाषालाई अँगालेको छ । यस सम्प्रदायका त्रिपिटकहरू संस्कृत भाषामै थिए । **अभिधर्मकोश** लगायतका केही साहित्य अहिले पनि मूल संस्कृतमा उपलब्ध छन् भने धेरैजसो ग्रन्थ मूल संस्कृतमा उपलब्ध छैनन् । तिनीहरूको तिब्बती तथा चिनिया भाषानुवाद उपलब्ध छ ।

५.१.३ महायान बौद्ध सम्प्रदाय र संस्कृत भाषा

धार्मिक रूपमा महायान बौद्ध सम्प्रदायको उत्पत्ति वा महायानको परम्परा बुद्धले आफ्नो जीवनकालमा सम्पन्न गरेका तीनवटा धर्मचक्र-प्रवर्तनमध्ये बोधिज्ञान प्राप्त गरेको तेह्रौँ वर्षमा गृध्रकूट पर्वतमा सम्पन्न दोस्रो धर्मचक्र-प्रवर्तनबाट सुरु भएको मानिन्छ ।[२१] तर ऐतिहासिक तथ्यका आधारमा विचार गर्दा महायान बुद्धधर्मको उत्पत्ति गौतम बुद्धको परिनिर्वाण भएको सयौँ वर्षपछि ईसाको प्रथम शताब्दीको आसपासमा भएको हो भन्ने महापण्डित राहुल साङ्कृत्यायनको राय रहेको छ ।[२२]

२१. *डा. बाङ्छुग दोर्जे नेगी, वज्रयान दर्शन एवं साधना, सारनाथ, केन्द्रीय उच्च तिब्बती भाषा शिक्षा संस्थान, ई.सं. १९९८, पृ. २ ।*

२२. *राहुल साङ्कृत्यायन, पुरातत्त्व-निबन्धावली, इलाहावाद, किताब महल, ई.सं. १९५८, पृ. ९८-१०८ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महायानको उत्पत्तिसम्बन्धी विवादको विषय हाम्रो अध्ययनको प्रमुख विषय होइन। हामीले अध्ययन गर्न खोजेको विषय महायान बुद्धधर्म र संस्कृत भाषा हो । यस सम्बन्धमा निर्विवाद तथ्य के हो भने महायान पूर्ण रूपेण संस्कृत भाषालाई शास्त्रीय भाषाका रूपमा मान्यता दिने बुद्ध धर्म हो । यत्तिमात्र होइन, महायान धर्मका विकासमा पूर्वाधार वा महायानको प्रष्ट रूपमा विकास वा उत्पत्ति हुनुभन्दा पहिला बीजरूपमा महायानसम्बन्धी अवधारणाहरू देखापरेका सङ्क्रमणकालीन ग्रन्थहरू पनि संस्कृत भाषामै रहेका पाइन्छन् । यस्ता ग्रन्थहरूमा **ललितविस्तर, जातकमाला, अवदानशतक, दिव्यावदान** आदि पर्दछन्।

वास्तवमा भन्ने हो भने महायान बुद्धधर्म हीनयान-इतर अनेक बौद्ध सम्प्रदायहरूको सङ्घटन हो ।[२३] तर महायान बुद्धधर्मको साहित्य मुख्य रूपमा संस्कृतमा रहेको छ । महायान-संस्कृत-साहित्यको क्षेत्र विस्तृत छ । क्रमिक अध्ययनका दृष्टिले महायान साहित्यलाई तीन भागमा विभाजन गर्न सकिन्छ - सूत्रग्रन्थ, अवदान-साहित्य र दार्शनिक साहित्य ।

महायानी सूत्र-साहित्यको परम्परा ज्यादै लामो छ । नान्जियोका सूचीमा सूत्रकाण्ड-अन्तर्गत ५४१ महायान-सूत्रहरूको उल्लेख भएको पाइन्छ । शिक्षा-समुच्चयमा ९८ सूत्र-ग्रन्थको सूची परेको छ। महाव्युत्पत्तिमा १०५ सूत्रहरूको नाम उद्धरण गरिएको पाइन्छ ।[२४] यस्ता महायान-सूत्रग्रन्थहरूमध्ये नेपालका बौद्धहरूका बीचमा विशेष गरी ९ वटा ग्रन्थ बढी लोकप्रिय छन् । यिनीहरूलाई नव-धर्म, नव-ग्रन्थ, नव-सूत्र, नव-वैपुल्य-सूत्र पनि भनिन्छ, जसमा **ललितविस्तर, अष्टसाहस्रिका प्रज्ञापारमिता, समाधिराज, लङ्कावतार, गण्डव्यूह, सद्धर्मपुण्डरीक, दशभूमिक, सुवर्णप्रभास** र **तथागतगुह्यक** पर्दछन् ।[२५]

अवदान-साहित्यमा लोककथाका माध्यमबाट धार्मिक सिद्धान्त अभिव्यक्त गरिएको हुन्छ । यस्ता साहित्यमा विशेष गरी कर्म तथा त्यसको फलका बारेमा व्याख्या गरिएको छ। **अवदानशतक, दिव्यावदान, कल्पद्रुमावदान, अशोकावदान, द्वाविंशत्यवदान, बोधिसत्त्वावदान, भद्रकल्पावदान, विचित्रकर्णिकावदान, अवदानकल्पलता** आदि प्रमुख हुन् ।

त्यसै गरी महायान संस्कृत साहित्यमा बुनियो नान्जियोका अनुसार अनेक विनय-सूत्रहरू पनि छन्, जसमा **बोधिचर्यानिर्देश, बोधिसत्त्व-प्रतिमोक्ष-सूत्र, भिक्षु-विनय, आकाश-गर्भसूत्र, रत्नराशिसूत्र** पर्दछन् ।[२६]

---

२३. *नागेन्द्रनाथ उपाध्याय, तान्त्रिक बौद्ध साधना और साहित्य, काशी, नागरी प्रचारिणी सभा, वि.सं. २०१५, पृ. ३८ ।*

२४. *आचार्य आर्यदेव, चतुःशतकम् (सम्पादक - अनुवादक डा. भागचन्द्र जैन भास्कर), नागपुर, आलोक प्रकाशन, ई.सं. १९७१, पृ. १२-१३ ।*

२५. *पं. दिव्यवज्र वज्राचार्य, नवसूत्रसङ्ग्रहः, (ताइवान : द कर्पोरेट बडी अफ् द बुद्ध एजुकेसन फाउन्डेसन, ई.सं. १९९९, पृ. ८ ।*

२६. *आचार्य आर्यदेव, पूर्ववत्, (पादटिप्पणी नं. २४) पृ. ८ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महायान दार्शनिक साहित्यमा अनेकौँ ग्रन्थहरू रहेका छन् । महायान सम्प्रदाय दार्शनिक रूपमा माध्यमिक र योगाचार गरी दुई खेमामा विभक्त भएको हुनाले महायानी दार्शनिक साहित्य पनि दुई खेमामा मै विभक्त रहेको छ ।

५.१.४ वज्रयान बौद्ध सम्प्रदाय र संस्कृत भाषा

तिब्बती परम्पराअनुसार बोधिप्राप्त गरेको सोह्रौँ वर्षमा धान्यकटक पर्वतमा गौतम बुद्धले मन्त्रयान (वज्रयान) सम्बन्धी धर्मचक्र-प्रवर्तन गरेका थिए ।[२७] यसबाट मन्त्रयान वा वज्रयान बौद्धधर्म बुद्धका मूलशिक्षामा आधारित हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । तर ऐतिहासिक विकासक्रमका आधारमा हेर्ने हो भने आधुनिक विद्वान्हरू तन्त्रहरूको प्रारम्भ नै सातौँ शताब्दीबाट भएको मान्दछन् ।[२८] वास्तवमा भन्ने हो भने मन्त्रयान र वज्रयानमा पार्थक्य स्थापित गर्नाका लागि कुनै स्पष्ट रेखा खिच्न सकिँदैन । मन्त्रयान त्यो यान वा मार्ग हो, जसमा मन्त्र तथा धारणीहरूका सहायताबाट निर्वाण प्राप्त गर्न सकिन्छ । वज्रयानमा केवल यन्त्र र धारणी मात्र होइन, अपितु वज्र शब्दबाट व्यक्त हुने सबै वस्तुलाई साधनका रूपमा स्वीकार गरिन्छ ।[२९] यस मतलाई स्थापना गर्ने ग्रन्थहरूलाई चार कोटिमा विभाजन गरिन्छ - **क्रियातन्त्र, चर्यातन्त्र, योगतन्त्र र अनुत्तरयोगतन्त्र** । क्रियातन्त्रमा मन्दिर-निर्माण, देवमूर्ति-स्थापन आदि धार्मिक विधिको विवेचना पाइन्छ । चर्यातन्त्रमा व्यावहारिक आचारसम्बन्धी नियमहरूको विवेचना छ । योगतन्त्रले योगाभ्यासको विवेचना गर्दछ तथा अनुत्तरयोगतन्त्रमा उच्चतर रहस्यको विवेचना गरिएको छ । क्रियातन्त्रमा आदिक्रमप्रदीप, अष्टमीव्रतविधान, साधनामाला र साधनसमुच्चयको गणना गरिन्छ । पञ्चक्रम, मञ्जुश्रीमूलकल्प अनुत्तरयोगतन्त्र हो । वज्रयानअन्तर्गतका प्रायः सबैजसो ग्रन्थहरू संस्कृत भाषामा लेखिएका छन् ।

५.१.५ कालचक्रयान र संस्कृतभाषा

वज्रयानी बौद्ध सम्प्रदाय आफ्नो ऐतिहासिक विकासक्रममा अन्य दुईवटा धारामा विकास हुन गएको देखिन्छ । वास्तवमा कालचक्रयान र सहजयान वज्रयानबाट विकसित भएका सम्प्रदायहरू हुन् । यसै कारणले गर्दा उत्तरवर्ती बुद्धधर्मलाई केही विद्वान्हरूले तीनवटा सम्प्रदायहरू - वज्रयान, सहजयान र कालचक्रयानमा विभक्त गरेको देखिन्छ, तर उत्तरवर्ती बौद्धधर्मलाई यसरी तीनवटा यानमा विभाजन गरेको कुरा प्रस्ट बुझ्न सकिँदैन । सहजयानको साहित्यमध्ये सहजयानी कवि र सिद्धाचार्यका दोहा तथा गीतहरूबाहेक अन्य छुट्टै साहित्य भेटिँदैन । यी दोहा तथा गीतहरू अपभ्रंश भाषामा लेखिएका हुनाले सहजयानी साहित्यबारे चर्चा गरिएको छैन ।

२७. *डा. बनारसीलाल, आर्यमञ्जुश्रीनामसङ्गीतिः, सारनाथ, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, ई.सं. १९९४, पृ. XV*

२८. *ऐजन्, पृ. XIV.*

२९. *नगेन्द्रनाथ उपाध्याय, पूर्ववत् (पादटिप्पणी, नं. २३), पृ. ११०-१११ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहजयानले वज्रयानको वज्र (कठोर, कठिन)का स्थानमा सहज (सरल, नैसर्गिक) लाई प्रतिष्ठित गरायो । यस तत्त्वलाई प्रमुखता दिने हुनाले नै सहजयानी बौद्ध सिद्धहरूको लोकभाषा (अपभ्रंश भाषा)को साहित्यमा वज्र, वज्रसत्त्व, वज्रधर, वज्रगुरु आदि शब्दको प्रयोग कमै मात्रामा भएको पाइन्छ।[३०] विद्वान्‌हरूका अनुसार सहजयानी सिद्धहरूको युग ईसा ८०० देखि १२०० का बीचमा पर्दछ ।

परम्परागत रूपमा कालचक्रतन्त्रको सुरुआत धान्यकटक पर्वतबाट (बुद्धकै समयमा) नै भएको मानिन्छ।[३१] ऐतिहासिक विवरणानुसार कालचक्रयानको सुरुआत ईसाको दसौँ शताब्दीतिर सम्भल नामक देशको राजधानी कल्पमा भएको थियो। कालचक्रयान ईसाको दसौँ शताब्दीको उत्तरार्धमा मध्य भारतमा र पछि काश्मीर हुँदै तिब्बतमा प्रचारित हुन गएको थियो। कालचक्रयानका बारेमा चौधौँ, पन्धौँ र सोह्रौँ शताब्दीमा अनेकौँ विद्वान्‌ले भाष्य तथा टीकाहरू लेखेका थिए।

कालचक्रतन्त्र वा कालचक्रयानका सबैजसो मूल साहित्य संस्कृत भाषामा लेखिएका छन्। कालचक्रयानका मुख्य ग्रन्थमा **श्रीलघुकालचक्रतन्त्रराज, विमलप्रभा टीका, सोकोद्देश्य टीका** आदि हुन् ।

६. उपसंहार

सामान्यतया समग्र बौद्धधर्मको विकासक्रम र यस धर्मका शास्त्रीय वा साहित्यिक रचनाहरूलाई हेर्दा मुख्यरूपले चारवटा भाषा – पालि, संस्कृत, प्राकृत र अपभ्रंशलाई शास्त्रीय भाषाका रूपमा प्रयोग गरिएको पाइन्छ, तर साहित्य-सिर्जनाको परिमाण, यानगत वा सम्प्रदायगत प्रभाव तथा प्रयोग र जनतामा त्यसको प्रभावका दृष्टिले संस्कृत भाषा नै त्यो भाषा हो, जसलाई बौद्धहरूले व्यापक रूपमा माध्यम-भाषाका रूपमा प्रयोग गरेका छन् । बौद्धहरूका बीचमा वा बौद्ध साहित्यमा प्रयोग भएको संस्कृत मुख्यतः दुई प्रकृतिको छ । एउटा पाणिनिको संस्कृत व्याकरणलाई अक्षरशः अनुसरण गरेको शुद्ध संस्कृत हो । अर्को मध्यदेशीय अन्य आर्यभाषाबाट प्रभावित संस्कृत हो, जसका भिन्नै विशेषता छन् । यसलाई सङ्कर संस्कृत वा मिश्र संस्कृत पनि भनिन्छ । यस संस्कृत भाषालाई एजर्टनले Buddhist Hybrid Sanskrit (BHS)[३२] नाम दिएका छन् । त्यसैले बौद्ध अध्ययन त्यसमा पनि शास्त्रीय रूपमा बौद्ध अध्ययनका लागि शुद्ध संस्कृतमात्र होइन अपितु बौद्ध संस्कृत भाषाका ज्ञानको पनि आवश्यकता पर्ने देखिन्छ ।

---

३०. *ऐजन, पृ. १८४ ।*

३१. *प्रो. जगन्नाथ उपाध्याय, विमलप्रभा प्रथमो भागः (सम्पादक), सारनाथ, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, ई.सं. १९८३ ।*

३२. *Franklin Edgerton, Buddhist Hybrid Sanskrit Grammer And Dictonary Volume I, (New Delhi, Motilal Banarasidass, (Reprint), AD 1998), P.1.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भग्रन्थ-सूची

१. आर्यदेव, आचार्य, **चतुःशतकम्**, (सम्पादक-अनुवादक डा. भागचन्द्र जैन भास्कर), नागपुर, आलोक प्रकाशन, ईसं. १९७१।

२. उपाध्याय, जगन्नाथ, **विमलप्रभा प्रथमो भागः** (सम्पादक), सारनाथ, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, ईसं. १९८३।

३. उपाध्याय, नागेन्द्रनाथ, **बौद्ध अपभ्रंश साहित्य**, वाराणसी, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, सारनाथ, ईसं. २००१।

४. उपाध्याय, नागेन्द्रनाथ, **तान्त्रिक बौद्ध साधना और साहित्य**, काशी, नागरी प्रचारिणी सभा, वि.सं. २०१५।

५. उपाध्याय, भरतसिंह, **बुद्धकालीन भारतीय भूगोल**, प्रयाग, हिन्दी साहित्य सम्मेलन, शक संवत् १८८३।

६. काश्यप, भिक्षु जगदीश, **पालि-महाकाव्याकरण**, वाराणसी, मोतीलाल बनारसीदास, पुनर्मुद्रण ई.सं. २०००।

७. कीथ, ए.बी., **संस्कृत साहित्यका इतिहास** (हिन्दी भाषानुवाद डा. मङ्गलदेव शास्त्री), नई दिल्ली, मोतीलाल बनारसीदास, ई.सं. २००२।

८. द्विवेदी, नारायणप्रसाद, 'पालिभाषा-विनिच्छयो', **सारस्वती सुषमा**, वाराणसेय संस्कृत विश्वविद्यालय, वि.सं. २०२६।

९. द्विवेदी, रामायणप्रसाद, **बौद्ध संस्कृत काव्य-समीक्षा**, वाराणसी, काशी हिन्दू विश्वविद्यालय शोध-प्रकाशन, ई.सं. १७७६।

१०. नेगी, बाङ्छुगदोर्जे, **वज्रयान दर्शन एवं साधना**, सारनाथ, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, ई.सं. १९९८।

११. वज्राचार्य, दिव्यवज्र, **नवसूत्रसङ्ग्रह**, ताइवान, द कर्पोरेट बडी अफ द बुद्ध एजुकेसन फाउन्डेसन, ई.सं. १९९९।

१२. बनारसीलाल, **आर्यमञ्जुश्रीनामसङ्गीतिः**, सारनाथ, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, ई.सं. १९९४।

१३. शास्त्री, नोर्बु, **विचार-विनिमय**, वाराणसी, दुर्लभ बौद्ध ग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, ईसं. १९९०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३. शास्त्री, नोर्बु, **सम्पादन के सिद्धान्त और उपादान**, वाराणसी, दुर्लभ बौद्ध ग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, ईसं. १९९०।

१४. शास्त्री, शान्ति भिक्षु, **ललितविस्तर:** (हिन्दी अनुवाद), लखनउ, उत्तर प्रदेश हिन्दी संस्थान, हिन्दी ग्रन्थ अकादमी प्रभाग, ई.सं. १९९२।

१५. साङ्कृत्यायन, राहुल, **पुरातत्त्व-निबन्धावली**, इलाहावाद, किताब महल, ई.सं. १९५८ ।

१६. साङ्कृत्यायन, राहुल, **विनयपिटकम्**, (हिन्दी अनुवाद), ताइवान, द कर्पोरेट बडी अफ द बुद्ध एजुकेसनल फाउन्डेसन, (मुद्रण मिति अनुल्लिखित)

१७. Winternitz, Maurice, **History Of Indian Literature Vol. II,** Delhi, Motilal Banarsidass Publishers Private Limited, AD 1999.

१८. Edgerton, Franklin, **Buddhist Hybrid Sanskrit Grammer And Dictonary Volume I**, New Delhi, Motilal Banarsidass, (Reprint), AD 1998.



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ENGLISH SECTION

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Sanskrit was the mother of European languages. She was the mother of our philosophy, mother through the Arabs of much of mathematics, Mother through the Buddha of the ideals embodied in Christianity.

- Will Durant

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

NEPAL AND JAPAN: SOME GLIMPES OF CULTURAL SIMILARITIES

- Dr. Tika Ram Panthi

Veda is the ancient literature available to mankind. Nepali culture is Vedic Culture or Aryan Culture. The Vedic saints have described the earth as comprising of seven oceans. They have put the world situation in front of us through the medium of Vedic literatre -epitaphs, Mahabharat (world's longest epic) and Mahapuran (Epic of Epics). A few topics, which are commonly approved and honored by both the Japanese and the Nepali people are presented in a concise manner below.

1. SHIVA'S POWER (shiva-shakti) -ISHAN-ISHANI, IJANA-IJANAMI

According to the ancient myth related with prehistoric Japan, Japan is a God-created (Devarachit) country. The divine couple (Devadampati) God and Goddess viewed the ocean below from a bridge in the space above and dipped their bejeweled spear in the ocean. When salt water dripped down the tip of the spear and reached the ocean surface, and island came into existence. The heavenly couple descended to the island and erected a column and jumped and danced joyously. After they did this, eight islands were born as their offsprings. In this manner, God-created Japan was born. Ijana and Ijanami are the names of the heavenly couple.

The divine couple (God and Goddess) of the Japanese myth mtntioned above are Shiva and his power (wife) Parvati. Shiva's Vedic name is Ishan and Parvati's Ishani. Ijana and Ijanami are the synonyms for Ishan and Ishani in Japanese language. Among five faces of Shiva, the face, which faces the heaven (above) is Ishan. Lord Shiva has names like Ishan, Ishwor, Pashupati etc. His wife Parvati is called by names like Shakti, Durga, Ishani etc. Ishan and Ishani are the dancing deities. Ishan is the foundr of dramaturgy, expert in art of stagecraft and master of all artists, Nataraj. Pachali Bhairav dances (nritya)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Sanskrit was the mother of European languages. She was the mother of our philosophy, mother through the Arabs of much of mathematics, Mother through the Buddha of the ideals embodied in Christianity.

- Will Durant

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

NEPAL AND JAPAN: SOME GLIMPES OF CULTURAL SIMILARITIES

- Dr. Tika Ram Panthi

Veda is the ancient literature available to mankind. Nepali culture is Vedic Culture or Aryan Culture. The Vedic saints have described the earth as comprising of seven oceans. They have put the world situation in front of us through the medium of Vedic literatre -epitaphs, Mahabharat (world's longest epic) and Mahapuran (Epic of Epics). A few topics, which are commonly approved and honored by both the Japanese and the Nepali people are presented in a concise manner below.

1. SHIVA'S POWER (shiva-shakti) -ISHAN-ISHANI, IJANA-IJANAMI

According to the ancient myth related with prehistoric Japan, Japan is a God-created (Devarachit) country. The divine couple (Devadampati) God and Goddess viewed the ocean below from a bridge in the space above and dipped their bejeweled spear in the ocean. When salt water dripped down the tip of the spear and reached the ocean surface, and island came into existence. The heavenly couple descended to the island and erected a column and jumped and danced joyously. After they did this, eight islands were born as their offsprings. In this manner, God-created Japan was born. Ijana and Ijanami are the names of the heavenly couple.

The divine couple (God and Goddess) of the Japanese myth mtntioned above are Shiva and his power (wife) Parvati. Shiva's Vedic name is Ishan and Parvati's Ishani. Ijana and Ijanami are the synonyms for Ishan and Ishani in Japanese language. Among five faces of Shiva, the face, which faces the heaven (above) is Ishan. Lord Shiva has names like Ishan, Ishwor, Pashupati etc. His wife Parvati is called by names like Shakti, Durga, Ishani etc. Ishan and Ishani are the dancing deities. Ishan is the foundr of dramaturgy, expert in art of stagecraft and master of all artists, Nataraj. Pachali Bhairav dances (nritya)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

and all dances are relevant to Lord Ishan. Thus, Ishan-Ishani are Ijana-Ijanami.

2. VEDIC CULURE AND JAPANESE YAYOI-CULTURE

During 3rd BC, The immigrants who entered Japan through Asian islands started rice cultivation in western Japan. Through collective efforts. They developed agricultural methods, made metal utensils. Their culture, which was tied to social civilization, came to be called Yayoi civilization. This civilization had total resemblance to the Vedic culture. People were ethical and of immaculate character. Both men and women dressed respectably. When family members (Uncle, aunt, their son, and daughter-in - law) passed away, they mourned and abstained from impure things like meat and alcohal. On the tenth day, they bathed in river or similar water sources during daytime to purify themselves. This custom falls under Vedic culture. Appointed seafarers were given slaves along with other gifts after successful voyage. This custom is also that of Vedic civilization. Looking at Yayoi civilization, it can be said that those who immigrated to this land followed Vedic culture.

3. TRADITIONAL (Sanatan) RELIGION AND SHINTO RELIGION

Our Vedic traditional (Sanatan) religion and Japanese Shinto religion are of similar kind. Path of devotion in Shinto religion is called "Kamino Michi". A self-motivated enthusiast follows "Kamino Michi". The Japanese people embraced Shinto religion for purity of soul, speech, and body and to free themselves from diseases and wash their signs. Similar are the objectives of Vedic religion. The word 'Kami" in Japanese language encompasses and honors divinities in heaven and earth, spirts, animals, monarchs and colossus with supematural powers. Vedic religion also honors them. In Shinto religion, Goddess Surya, earth, air, water and the Gods which rule them are worshipped. Similar form for worship is carried out in Vedic religion also. There are similarites between our Sanatan (traditional) Vedic religion and Japanese Shinto religion.

4. SURYA-SURYAA, SURYA DYNASTY-SURYAA DYNASTY

Similar to the Vedic cult people worship the sun, the Japanese people

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

slso worship the sun Goddess Suryaa; the Sun God in the Veda is Goddess Suryaa of Japanese people. In Vedic scripture/literature, sun is the creator, provider and protector of the wold during Solar Dynasty. The Japanese cult says that Goddess Suryaa has those powers. Emperor Jimmuteno, The first emperor of Suryaa dynasty who ruled during 660 BC is considered to be the son of sun or he is considered to be the son of Suryaa. The present emperor Akihito, who is a descendent of this dynasty, is the 125th emperor of this lineage. The kings of Suryaa dynasty ruled this land. In the Indian subcontient, kings of Solar (Surya) dynasty ruled. Ramchandra is one of the famous Solar dynasty kings. There is no distinction between devotion and honor shown to Surya and Suryaa, and status of Surya and Suryaa dynasty.

5. POLITY

Both Nepal and Japan have Monarchs. In both countries people honor their monarchs and the monarchs love their citizens. Counting from the first emperor of Japan, Jimmuteno, the present emperor is the 125th monarch of Japan. Japanese people consider their emperor a divine gift who is large hearted and venerable. Similarly Nepalese slso honor their king eqully. Japanese consider their emperor a divine self born in Goddess Suryaa dynasty where as Nepalese consider their king a divine self born in Surya (solar) dynasty.. School children are taught about the charcacter of Japanese emperor Ninotoku. In Nepal the character of Ram Shah who is of the same lineage as the present king is famous in Nepal. At present, in both Japan and Nepal there is constitutional monarchy. In both countries people have great faith and respect towards monarchy.

6. SOCIAL STRUCTURE

In ancient time (Satyayug) the Aryans were divided into four sects- Brahmin, Kshatriya, Vaisya and Sudra. During the end of Tretayug......people of caste (orign) were seen in abundant numbers in the Indian subcontient. In Nepal also during the reign of king Prithvi Narayan Shah (250 years ago), people of four caste groups and thirty-six ethnic groups inhabted in Nepal. In

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

prehistoric times also farmers and craftsmen dwelled in Japan. Aristocracy of various kinds existed during that time also. During Tokugawa era (AD 1600-1840) Jananese society was divided into four factions- farmers, craftsman, merchants and warriors (Samurai). The two caste groups, Henin and Eta were at the bottom of social ladder during that age. The Henins made their living by performing various dances. Parallel can be drawn between their social status and the social status of Nepali caste groups like Gaine (singer), Sunar (goldsmith) and Kami (blacksmit). Eta people lived by trading leather goods. Their social status is similar to that of Sarki caste group of Nepal. These two caste groups (Eta and Henin) were considered untouchables and were made to live in a diferent settlement. In Aryan context, during Smritikal (Smriti Era) The untouchables were made to inhabit a different settlement. At present such practice no longer exist in Nepal and India.

7. TEMPLE BUILDING, IDOL WORSHIP

In Japan during prehistoric age temporary temples were built for festivities which lasted for two, four days. Holy shrines were built in great numbers after the prehistoric age. Just as Nepal is called a land of temples, Japan too could be called by similar name. In Japan, Goddess Suryaa's temple was built in the place called "Esae" complying with the Shinto religion. Along with Suryaa, earth, wind, water, trees and their ruling gods were worhipped. In the Indian subcontinent (Nepal-India) temples of Shiva, Vishnu, Surya, Durga and Ganesha are built following the Vedic custom. In Japan emperor "Saumu" built a Buddhist temple named "Taudaiji." This temple was commemorated during 752 AD. After this buddhist temples were built in various districts and villages. Temples of Vedic Gods and Goddesses exist in Japan. Vedic Gods like Idra, Saraswati, Varuna and Laxmi are worhipped here. Such practice are never sudden, they do not emerge without historic background. When we Nepalese visit the temples of Shinto Gods, Buddha and the Vedic Gods, we find them familiar; they do not appear as foreign Gods.

